संग्रह-४

बुद्धकालीन महिलाहरू

[भाग-१]

भिक्षु अमृतानन्द

संग्रह–४

बुद्धकालीन महिलाहरू

[भाग १]

भिक्षु अमृतानन्द

★पालि साहित्यद्वारा संचालित बुद्ध समकालीन विशिष्ठ दश महिला-हरूका विभिन्न प्रकारका चारित्रिक वर्णन यहाँ भएको छ । जसलाई बुद्धका अमूल्य उपदेशहरूले साकार गराएका छन् । साथै तत्कालीन महिला-जगतको मनोभावना र श्रद्धाले अलौकिक चमत्कार देखाउँदै सरलता-पूर्वक बुद्ध-धर्म सम्बन्धी विभिन्न विषयहरूको जानकारी गराएको छ । त्यस्तै आदर्शको पृष्ठभूमिमा सामाजिक तथा गार्हस्थ्य जीवन सम्बन्धी उन्नतिलाई विशेष हौसला दिएको छ र इहलौकिक तथा पारलौकिक सम्बन्धी कुराहरूको दृश्यावलोकन पनि गराएको छ ।★

ने. रु. ८/-

भा. रु. ६।-

संग्रह-४

बुद्धकालीन महिलाहरू

[भाग-१]

आचार्य

भिक्षु अमृतानन्द

भा. रु. ६/-   ने. रु. ८/-

प्रकाशक:

"आनन्दकुटी विहार गुठी"

आनन्दकुटी, स्वयम्भु,

काठमाडौं, नेपाल।

बुद्धाब्द : २५१७

प्रथमावृत्ति : १५००

मुद्रक :

नेपाल प्रेस

काठमाडौं नेपाल।

फोन : ११०३२

Collection No. 4

Buddhakalin Mahilaharu

[Part I]

Bhikshu Amritananda

Published by
ANANDA KUTI VIHAR TRUST
Ananda Kuti, Kathmandu,
NEPAL
1973

यसमा--

श्री ५ बडामहारानी ऐश्वर्य
राज्यलक्ष्मी देवी शाहका
जुनाफमा सादर
समर्पित

प्रकाशकीय

पूज्य अमृतानन्द महास्थविरज्यूको अथक प्रयासद्वारा खोजगरी संकलित भएको यो "बुद्धकालीन महिलाहरू" पहिलोभाग, संग्रह–४ पनि यस "आनन्द कुटी विहार गुठी" लाई प्रकाशगर्ने अधिकार दिनु भएकोमा वहाँ प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शान्तिनायक भगवान् बुद्धका पालाका महिलाहरू, को-कस्ता रहेछन् भन्ने र उनीहरूले कसरी बुद्ध-धर्ममा आस्था राखेकारहेछन् भन्ने आदि कुराको चित्रणभएको यो अमूल्य ग्रन्थ पाठकहरूका अगाडि प्रस्तुत गरेका छौं ।

यस अमूल्य ग्रन्थद्वारा तपाइ हामी सबै अवश्यनै लाभान्वित हुनेछौं भन्ने विश्वास लिएका छौं । आशा छ कि भविष्यमा अरू पनि यस्ता संग्रह ग्रन्थहरू पाठकवर्गका समक्ष प्रस्तुतगर्न सक्ने छौं ।

तीर्थनारायण मानन्धर

अवैतनिक सदस्य-सचिव

"आनन्द कुटी विहार गुठी"

स्वयम्भू ।

भाद्रशुक्ल बुढाष्टमी

बुधबार २०३०

Namo Tassa Bhagavato Arahato Smmasambuddhassa.

Preface

This is the Compilation in an attempt to cull characters of Buddha's time from original Pali Tripitaka. The present Volume, "Lay-Women of Buddha's Time" as a sequel to "Kings of Buddha's Time" is placed before the readers now.

Names of lay-women in Pali literature have been found collected in Etadagra division of Anguttaranikaya and Samanna division (page 428) of Atthakanipata. Mention has been made of ten lay-women in Etadara division and of twenty-six in Samanna division. They are as follows:

1. Bojjha Upasika, 2. Sirima Upasika, 3. Paduma Upasika, 4. Sutana[1] Upasika, 5. Manuja[2]

---

1. 'Sudhana' in Ceylonese and Roman; 'Sudhamma' in Siamese.

2. 'Manuja' in Siamese.

Upasika, 6. Uttara Upasika, 7. Mutta Upasika, 8. Khema[3] Upasika. 9.Ruci Upasika,[4] 10. Cundi Upasika. 11. Bimbi Upasika, 12. Sumana Upasika, 13. Mallika Upasika, 14. Tissa Upasika, 15. Tissamata Upasika, 16. Sona Upasika, 17. Sonayamata Upasika, 18. Kana Upasika. 19. Kanamata Upasika, 20. Uttaranandamata, 21. Visakha Migaramata, 22. Khujjuttara Upasika, 23. Syamavati Upasika 24. Suppavasa Upasika 25. Suppiya Upasika and 26. Nakulamata Grihapatni.

Information about ten lay-women mentioned in Etadagra of Anguttaranikaya is given in the present volume. Information culled together from main discourses, Collection of discourses and Commentaries on relevant characters is presented as introduction to them.

These women are given pre-eminence by the Buddha. They are endowed with special qualities of their own. These women are as follows:

1. Sujata Upasika 2. Visakha Mahaupasika, 3. Khujjuttara, 4. Samavati, 5. [5]Uttaranandamata,

---

3. *'Khema–Soma' in Ceylonese and Roman.*

4. *'Rupi' in Roman.*

6. Suppavasa, 7. Suppiya 8. Katiyani, 9. Nakulamata, and 10 Kali Upasika of Kuraragharika.

Perusal of original Pali works with a view to gathering information about them, has revealed that there are thirty-seven discourses: twenty-seven in Sutrapitaka and ten in Vinayapitaka. Of them twenty-one discourses are in Anguttaranikaya of Sutrapitaka, one in Samyuttanikaya, one in Vimanvatthu, four in Udanapali, five in Mahavaggapali of Vinayapitaka, two in Cullavaggapali, two in Parajikapali and one in Pacittiyapali, which comes to the total of thirty-seven.

As the discourses in Ayacanavarga and Ayacana Sutra are one and the same, only one of them is translated and included in the volume. This volume, therefore, contains only the translation of thirty-six discourses.

1. One mention is made of Sujata Upasika: in Anguttaranikaya of Sutrapitaka.

2. Sixteen mentions have been made of Vishakha Mahaupasika: five in Anguttaranikaya of Sutrapitaka, two in Udanapali, four in Mahavaggapali of Vinayapitaka, two in Cullavaggapali, two in Parajikapali and one in Pacittiyapali.

3. Four mentions have been made of Khujjuttra: one in Samyuttanikaya of Sutrapitaka, and three in Anguttaranikaya.

4. Mention has been made of Shyamavati: one each in Anguttaranikaya and Udanapali.

5. Mention has been made of Uttaranandamata: one each in Anguttaranikaya and Vimanavatthu of Sutrapitaka.

6. Three mentions have been made of Suppavasa: two in Anguttaranikaya of Sutrapitaka and one in Udanapali.

7. Two mentions have been made of Supriya: one each in Anguttaranikaya of Sutrapitaka and in Mahavaggapali of Vinayapitaka.

8. Only one mention has been made in Anguttaranikaya of Sutrapitaka about Katiyani.

9. Four mentions have been made of Nakulamata in Anguttaranikaya of Sutrapitaka.

10. Two mentions have been made of Kali Upasika of Kuraragharika in Anguttaranikaya of Sutrapitaka.

The names of these discourses are as follows:

(References given here are to the pages of Pali Text, Nagari Edition of Nalanda, India, and R. refers to pages of the Pali Text Society, Roman Editiona, London.)

1. SUJATA UPASIKA

	page		page
1. A. I.	16	Etadaggasuttam	R. 290

2. VISHAKHA MAHAUPASIKA

1. Mh.	306	Visakhavatthu, Civarakkhandam	R. 290
2. Cu.	218	Ghata-kataka, Khuddakavatthukkhandhakam	R. 329
3. Mh.	311	Nisidanadianujanana, Civarakkhandhakam	R. 296
4. Pa.	214	Caturasitimapacittiyam, Pacittiyakandam	R. 161
5. Cu.	265	Sanghikavatthu, Senasanakkhandhakam	R. 169
6. Mh.	387	Attharasavatthukatha, Kosambakakkhandhakam	R. 356
7. A. Vol. I.	27	Etadaggasuttam	R. Vol. I. 2[illegible]

	page		page
8. „ Vol. III.	362	Dutiyavisakhasuttam	R. ,, IV.267
9. „ „ III.	352	Visakhasuttam	R. „ IV. 255
10. „ „ III.	364	Pathmaidhalokikasuttam	R.„ „ 269
11. U.	83	Visakhasuttam	R. 18
12. P.	278	Pathama aniyato, Aniyatakandam	R. 187
13. P.	282	Dutiya aniyato, Aniyatakandam	R. 191
14. Mh.	159	Adhammika Katika, Vassupanayikakkhandhakam	R. 153
15. A. Vol. I.	190	Uposathasuttam	R. Vol. I. 205
16. U.	174	Visakhasuttam	R. 19

3. KHUJJUTTARA UPASIKA

1. S. Vol. II.	196	Ekadhitusuttam	R. Vol. II. 236
2. A. Vol. I.	27	Etadaggasuttam	R. Vol. I. 26
3. A. Vol. I.	81	Ayacanavaggo	R. Vol. I. 88
A. Vol. II.	174	Ayacanasuttam	R. Vol. II. 164

4. SHYAMAVATI MAHARANI

1. A. Vol. I.	27	Etadaggasuttam	R. Vol. I. 26
2. U.	160	Udenasuṭtam	R. 79

			page
page			page

5. UTTARANANDAMATA UPASIKA

1. A. Vol. I.	27	Etadaggasuttam	R. Vol. I. 26
2. Vv.	18	Uttaravimanavatthu	R. 11

6. SUPPAVASA UPASIKA

1. A. Vol. II.	66	Suppavasasuttam	R. Vol. II. 62
2. A. Vol. I.	27	Etadaggasuttam	R. Vol. I. 26
3. U.	79	Suppavasasuttam	R. 15

7. SUPPIYA UPASIKA

1. Mh.	233	Manussamansapatikkhepakatha, Bhesajjakkhandhakam	R. 216
2. A. Vol. I.	27	Etadaggasuttam	R. Vol. I. 26

8. KATIYANI UPASIKA

1. A. Vol. I.	27	Etadaggasuttam	R. Vol, I. 26

9. NAKULAMATA GRIHAPATNI

1. A. Vol. III.	362	Nakulamatasuttam	R. Vol. IV.268
2. A. Vol. II.	65	Pathamasamajivisuttam	R.Vol.II. 61
3. A. Vol. II.	17	Nakulapitusuttam	R. Vol. III.295
4. A. Vol. I.	27	Etadaggasuttam	R. Vol. I. 26

Ananda Kuti,
Kathmandu,
Nepal.

Bhikshu Amritananda
15th. Sep. 1973.

List of abbreviations:

A.= Anguttaranikaya.
Cu.= Cullavaggapali
Mh.= Mahavaggapaii.
P.= Parajikapali.
Pa.= Pacittiyapali.
S.= Samyuttanikaya.
U.= Udanapali.
Vv.= Vimanavatthupali.

भूमिका

भौतिक संस्कारको आधारमा मात्र मानिस सुखी बन्न सक्तैन। उसलाई मानसिक संस्कारको पनि आवश्यकता पर्छ। किन कि मानसिक संस्कारले नै उसको हृदय पटललाई पवित्रपार्न सक्तछ। यसबाट सुकार्यको चिन्तन, सत्य, अहिंसा दया तथा न्यायको अनुयायीबन्न विशेष प्रेरणा दिन्छ। त्यसैले भनिन्छ—सभ्यता र संस्कृतिमै जातिको अस्तित्व अडेको हो र यसैको मनन र चिन्तनबाटै देश र समाजले टेवा पाउँछ। अनि मात्र उन्नयनको दिशातिर पाइला सार्न सक्तछ। यसैको सिद्धान्तमा प्रस्तुत "बुद्धकालीन महिलाहरू" भाग–१, संग्रह–४ संग्रहित भएको परिलक्षित हुन्छ। जसको सभ्यता र संस्कृतिमा मानवजातिको अस्तित्वलाई अज फस्टाइदिने काममा होस्टेहैंसे गर्ने विभिन्न ग्रन्थहरूमध्येमा यो पनि सामेल भएको अनुभव हुन्छ र ग्रन्थकर्ता (अनुवादक) को विचारधारा पनि यतैतिर बगेको देखिन्छ भन्ने कुरालाई, वहाँका "बुद्धकालीन ब्राह्मण" (भाग-१), "बुद्धकालीन गृहस्थीहरू" (भाग-१), "बुद्धकालीन राजपरिवार" (भाग-१), र प्रस्तुत "बुद्धकालीन महिलाहरू" (भाग-१) ले परिपुष्टि गरेका छन्।

अनेक तत्वको संमिश्रणको सरल अनुभूति नै विशेष साहित्यबाट हुने हुनाले यस्ता साहित्यको खाँचोलाई भाषा विशेषज्ञ, शिक्षा तथा

साहित्यप्रेमी र लगनशील पूज्य भिक्षु अमृतानन्द महास्थविरज्यूद्वारा पाली (मागधि) साहित्यले अपूरो भएको नेपाली साहित्य-भण्डार क्रमशः परिपूर्ति हुँदै जानेछ भन्ने कुरालाई वहाँका उक्त ग्रन्थहरूले साकार गरिसकेका छन् र नेपाली वाङ्मय वाटिकामा सुन्दर तथा सुवासित फूल फूल्ने बिरुवाहरू वहाँबाट धमाधम रोपिँदैछन् । आशा छ एकदिन, साहित्य वाटिकाका बिरुवाहरूमध्ये एकचल बिरुवा वहाँकै हुनेछ । वहाँ जस्तै देश र समाजको मर्म बुझ्ने प्रतिभाशालीबाटै यस-प्रकारका कामहरू सम्भव छन् भन्ने खदिलो आशालिदैं प्रस्तुत संग्रह सम्बन्धी भूमिकातिर आफ्नो मन्द बुद्धिलाई लगाउने प्रयास गरेको छु ।

× × ×

संस्कृति, साहित्य, कला र धर्म अनि राजनीति अन्योन्याश्रित हुन् । यी सबैको जननी संस्कार हो । यसैको आधारमा पूर्वीयदर्शन तथा मनोवैज्ञानिक साहित्य, कला, विज्ञान तथा धर्म आधारित भएका छन् भन्ने कुरालाई प्रस्तुत अनुदित तथा संग्रहित ग्रन्थले परिपोषण गरेको मात्र होइन बुद्धिको प्रयोगशालामा ल्याएर सबैलाई राखिदिएको र प्रयोगात्मक कार्य कुशलतामा हौसला दिएको छ । अझ साँच्चै भन्ने हो भने बुद्धिजीवीहरूलाई भन्दा गृहस्थी जीवन बिताइरहेका स्त्री पुरुषहरूको इच्छा, आत्मविश्वासिता, त्याग परायणता, उदारता, पवित्र चिन्तनमा उत्सुकता, दया दाक्षिण्यमा कुशलता, इहलौकिक तथा पार-लौकिक सुधारकोनिमित्त विशिष्ट सक्रिय भएको कुरा प्रस्तुत ग्रन्थबाट प्रतिध्वनित भएको अनुभव हुन्छ ।

बुद्ध धर्मको आधारशीलामा बस्ने प्रस्तुत ग्रन्थका स्त्री पात्र-हरूले विशेष गरेर दानादिकार्यबाट विशेष स्थान पाएका छन् । हुन त प्रस्तुत ग्रन्थमा नकुलपिता, सुप्रिय, राजा उदेन···आदि जस्ता कर्म-योगी पुरुष पात्रहरू नभएका होइनन् तैपनि प्रस्तुत ग्रन्थले महिला जगत्‌लाई विशेष मान्यता दिएको छ । जसलाई शीर्षकले पनि सार्थक पारिदिएको छ । हुन त देवीको रूपमा पुज्ने हाम्रो संस्कार र संस्कृतिले पनि नारीलाई विशिष्ट स्थान त नदिएको होइन तैपनि यहाँ खास गरेर बुद्धका अनुशरण गर्ने पुरुषहरू झैं नारीहरू पनि कम छैनन् भन्ने कुरालाई संकेत गर्दछ तथा नारीलाई सबै कुराको जननीको रूपमा उभ्याइएको छ र 'नारी विना समाज बन्न सक्तैन, न त गृहस्थाश्रमनै चल्न सक्तछ' भन्ने कुरालाई पनि परिपोषण गरेको छ । पुनः विभिन्न दर्शनको मत-मतान्तरमा लाग्दा पनि सारांशमा यही नै पाइन्छ ।

प्रस्तुत ग्रन्थमा बुद्ध-धर्मको अनुशरण गर्ने महिलाहरूमध्ये प्रतिनिधि महिलाहरूको रूपमा विभिन्न विषयमा अग्रस्थान प्राप्तगर्ने बुद्ध समकालीन सूत्रपिटक तथा विनयपिटक अन्तरगतका ३६ सूत्र हरूद्वारा संग्रहित, रोचकतापूर्ण दश महिलाहरूको चरित्रको अभिनय गर्ने रङ्गमञ्च यहाँ तयार भएको छ । त्यस रङ्गमञ्चबाट—सर्वप्रथम बुद्ध, धर्म तथा सङ्घको शरण जाने सुजाता, दानगर्नेमा अग्रस्थान प्राप्त गर्ने विशाखा, बहुश्रुता उपासिकाहरूमध्ये खुज्जुत्तरा, मैत्री भावनामा विशेषता प्राप्तगर्ने श्यामावती, ध्यानी श्राविकाहरूमध्येमा उत्तरानन्दमाता, प्रणीत दायिकाहरूमध्येमा सुप्पवासा, रोगीको सेवा गर्नेहरूमध्येमा सुप्रिया, अटल रूपमा प्रसन्न हुने श्राविकाहरूमध्येमा

कात्यायनी, विश्वासिनी श्राविकाहरूमध्ये नकुलमाता, तथा अनुश्रवणद्वारा प्रसन्न हुनेमा काली उपासिकाहरूको धार्मिक, सामाजिक, गृहस्थी तथा आर्थिक सम्बन्धी चरित्र चित्रणको अभिनय राम्रै सँग हेर्न पाइन्छ। यी महिलाहरूको चरित्रले अन्य महिला समाजलाई मात्र होइन पुरुषहरूलाई पनि विशेष प्रेरणा दिएको छ। जसको उदाहरणकोनिमित्त प्रस्तुत ग्रन्थका राजादेखि रङ्कसम्मका पुरुष पात्रहरू नै पर्याप्त छन्। यसकोनिमित्त अन्यत्र भगज खियाइरहनु पर्दैन। हुन त प्रस्तुत ग्रन्थले धार्मिकताको आधार स्तम्भलाई मुख्य मानेको छ। यसैले बुद्ध-धर्म र दर्शनरूपी आभूषणले सुभूषित भएका स्त्रीहरूको चारित्रिक विशेषताले विशिष्टस्थान पाएको छ र यसका प्रमुख निर्देशक महापुरुष गौतमबुद्धनै हुन आउनु भएको छ। मनोविज्ञानको आधारमा बुद्धका उपदेशहरू हेर्ने हो भने – सामाजिक, आर्थिक, धार्मिक तथा नैतिकताको दृष्टिकोणले बेजोड छ भन्ने पनि हुन्छ। यतिमात्र होइन सबैकोनिमित्त उदात्तशील छ, अनुकरणीय छ, आस्वादनीय छ, अपरिवर्तनीय छ। अज अर्को शब्दमा भन्ने हो भने—तत्कालीन समाजको पूर्वरूपलाई मनोवैज्ञानिक दृष्टिकोणले संशोधन गरी नयाँ समाजको सृष्टिमा सक्रिय भएको देखिन्छ। यसकोनिमित्त प्रस्तुत ग्रन्थ भित्र भएका एकाङ्गीपन, अन्याय, षड्यन्त्र, चोरी तथा अन्य अनैतिकतापूर्ण कुकार्यहरूले समाजको उछित्तो खेलाउन खोजेको अनुभव हुन्छ। यिनीहरूकै निराकरणमा बुद्धका उपदेशहरू मुखरित भएका हुनुपर्छ भन्ने कुराको अनुभव संग्रहले गराएको छ। जे होस्, गीताको "धर्मसंस्थापनार्थाय संभवामि युगे युगे" भने फैं यहाँ बुद्ध र बुद्धधर्मको प्रादुर्भाव पनि समाजकै हितको

निमित्त नै भएको छ भन्ने कुरा चरितार्थ हुन आएको छ। अन्यथा, मनोवैज्ञानिक दृष्टिकोणले हेर्दा जैन सम्प्रदायको जस्तो एकाङ्गिपनले सामाजिक जीवनको उन्नयनमा नराम्रो असर पार्न लागेको कुराको आभासको संकेत "सबैको धर्म सुन, अनि जसमा मनलाग्छ त्यसमा जाऊ" भन्ने बुद्धको उपदेशद्वारा पाइएको छ। अन्यथा निगण्ठ उपोसथको उदाहरण दिनुपर्ने कुनै आवश्यकता थिएन।

परम्परानुकूल धार्मिकताजन्य विश्वासमा विश्वसित हुने संस्कार नयाँ होइन, पुरानै हो भन्ने कुरालाई सुजाता उपासिकाले आफ्नो इच्छानुरूप वर र छोरो पाएमा बरको रूखलाई खीर चढाउने जस्तो भाकल गराइले प्रतिध्वनित भएकोमा आफूभन्दा ठूलालाई पनि आशिर्वाद दिन सकिने कुराको परम्परालाई यहाँ सार्थक गराएकोछ। तदपि आफ्नो भाकल पूरा गर्न जाँदा बुद्धकोरूपमा ईश्वर नै प्रत्यक्षीकरण भएको कुरामा विश्वस्त भएकी सुजाताद्वारा समर्पण गरिएको क्षीरभोजनबाट बुद्धले बोधिलाभ गर्नुभएको घटनाबाट पनि अन्योन्याश्रय सम्बन्धद्वारा फाइदा हुने कुराको संकेत सँगसँगै स्त्री जातिको बाहुल्यतालाई अझ बढी विश्लेषण गरेर देखाइदिएको अनुमान हुन्छ। तर साधारण दृष्टिकोणले मात्र हेर्ने हो भने बुद्धको दर्शनबाटै आफ्नो भविष्य जीवनलाई सफलताको बाटोतिर डोऱ्याउन सुजाता जस्ता स्त्री चरित्रहरू सफल भएका छन् भन्ने कुराको सार पनि निस्कन्छ। जेहोस् यहाँ रोँचिरादर्शनसँग मतलब छैन, छ भने – दार्शनिक अन्तर प्रवाहको संयोगमा व्यावहारिक दर्शनसँग छ। त्यसैले यहाँ विशेषगरेर

व्यवहारानुकूल विषय वस्तुहरूले नै प्रमुखता देखाएका छन् भन्ने कुराको अभिव्यक्ति हुन्छ । यस कुरालाई —

"सब्बं परवसं दुक्खं, सब्बं इस्सरियसुखं ।
साधारणे विहञ्ञन्ति, योगाहि दुरतिक्कमा"—

ले परिपुष्टि गर्दछ ।

हुन त उक्त गाथा कोशलराजाको हातमा परेको सम्पत्ती सम्बन्धी उदाहरण दिदै "मानिसमा जति लोभ लालचा तथा प्रेम पैदा हुन्छ त्यति नै दुःख हुन्छ" भन्ने कुरालाई दार्शनिक जलप लगाई रोचक-ढंगले प्रस्तुत गर्दै —"यदि दुःख अनुभवको इच्छा नगर्नेले प्रेम पनि गर्नु हुन्न" भन्ने कुरा पनि त्यत्तिकै सशक्तरूपमा आविर्भाव भएको छ, न भएको होइन । तर यसरी सर्सर्ती हेर्दा सबैमा मित्रता राख्नु पर्दछ भन्ने शिक्षा दिने बुद्धले यस प्रकारका उपदेशदिदा विरोधाभासको आभास परेता पनि "जसले कसैलाई प्रेम गर्दैन उसलाई शोक, सन्तप्त वेदना आइपर्दैन, जसले प्रेम गर्दछ उसले दुःख पनि भोग्नु पर्दछ" भन्ने कुरालाई स्वाभाविक बताउँदै, 'दुःखको अनुभव गर्न नचाहनेले गार्हस्थ्य सम्बन्धी मायाजालमा न पर" भन्ने कुराद्वारा परिहार गर्न सकिन्छ ।

यहाँ अझ गहिरिएर संक्षिप्तरूपमा विचारगर्ने हो भने— दार्शनिक महत्वले भन्दा धर्मपुट्टित सामाजिक महत्वले नै विशेष स्थान पाएको छ—धर्म त्यस्तो हुनुपर्दछ जसले ठूला साना सबैलाई एकै

सूत्रमा बाँध्न सकोस् र जस्तोसुकै क्रूरहृदयीलाई पनि सुहृदयी बनाई अर्काको सुखलाई पनि आफैंले अनुभव गरेको सुखभन्दा पनि बढी सुख ठानोस्—भन्ने आदर्शमय भावनाहरू प्रस्फुरित गराउने चेष्टामात्र गरेको होइन प्रशस्त प्रयास समेत भएकोछ भन्ने कुरालाई प्रकारान्तरले दर्शाइएको छ र मानिसहरूलाई यसमा सरीक गराउन सरल साधन देखाइएको छ। यस्तै यस्ता कुराहरूको क्रमभा जीवनभर उपोसथ व्रत पालन गर्ने अष्टशील व्रतलाई कमसेकम एक दिन मात्र पनि सबै प्राणीहरू प्रति दयागर्ने, अदिन्नादानत्याग्ने, पवित्रहृदयीबन्ने, ब्रम्हचर्यमा रहने, सत्य तथा स्थोरबाची हुने; नृत्य, वाद्य, आभूषण, र श्रृङ्गार त्याग्ने जस्ता अष्टाङ्ग सम्पन्न व्रतबाट हुने फाइदाले तत्कालीन समाजमा मात्र नयाँ प्रकारको चेतना दिलाउने प्रयास गरेको होइन आजको समाजको मस्तिकमा समेत नयाँ प्रकारको चेतना भर्ने सरल साधन जुटाइएको छ र यसरी बस्ने व्यक्तिले १६ राज्य (तत्कालीन समयका १६ राज्य भन्नाले—काशी, कोशल मगध, मथुरा, बृजी आदि आउँछन्) को राजालेभन्दा पनि १६ खण्ड बढी सुख लुट्न पाउँछ भन्ने कुराको विश्लेषण गर्दै, यस्तो व्रतगर्ने मानिस देवलोकको साथै स्वर्ग जानसक्ने आश्वासन दिइएको छ र नैतिकता पालनगर्ने मूलबाटो देखाइदिएको छ। जसबाट अशान्ति, अन्याय, अत्याचार, चोरी, षड्यन्त्र जस्ता अवाञ्छित तत्वरूपी वृक्षको जरै समेत उखेलिदिने योजना सिर्जेको छ। यसैको परिपूर्तिमा प्रस्तुत संग्रहले विभिन्न साधन बटुलने योजना तयार पारेको छ। यस्तै कुराहरूको सन्दर्भमा आफूले पालनगर्ने अष्टांगिक उपोसथशील अरूलाई पनि पालन गराउनाले देवलोकमा पुग्न सकिन्छ तर स्वार्थ-

पूर्ण शीलले भने अन्य सम्प्रदायको भलो नहुने कुरालाई गोपालक-शील, निगण्ठ शील जस्ता उपमाहरूले पुष्टचाइ गरिएको छ। अर्थात् निगण्ठ धर्म (जैन धर्म) केवल आफ्नो सम्प्रदायको उन्नयनकोलागि मात्रै छ भने–बुद्ध धर्म "बहुजन हिताय तथा बहुजन सुखायकोलागि मात्र प्रादुर्भाव भएको हो" भन्ने कुरालाई सामाजिक हितको आधार-शीलद्वारा परिपुष्टि गरिएको छ।

एकातिर बुद्ध, धर्म, सङ्घ, शील, देवता तथा अर्हन्तानुस्मरणले जस्तोसुकै कठोर हृदयी मानिसलाई पनि पवित्र, स्वच्छ, निस्वार्थको बाटोतिर पाइलासार्न सिकाइदिएको छ भने अर्कोतिर नियम केवल नियमकोलागि मात्र नभई, नियम व्यावहारिक हुनुपर्ने कुरामा उत्तिकै सरलतालाई अँगाली विस्तृतरूपले व्याख्या गरिएको छ।

विशेष गरेर प्रस्तुत पुस्तकले महिलाहरूकै प्रतिनिधित्व गरेको छ। तथापि नारी गुण सम्बन्धी पृष्ठभूमिको आधारमा राजनीति-दर्शन, संस्कृति, सभ्यता र मानवीय धर्ममाथि विशेष जोड दिंदै विभिन्न प्रकारले विभिन्न प्रकारका स्वभाव भएका मानिसहरूको फोटो खिच्न सफल भएको छ र यो यस्तो प्राङ्गण बनेको छ—जहाँ एकक्षण बसेर सिंहावलोकन गर्दा पनि तत्कालीन अवस्थाको मापदण्डको आधारमा भूत, भविष्य र वर्तमान कालका मानवीय विचारहरूको आदान प्रदानको साथै अती मानवीय कुराहरूतिर पनि विश्वस्त हुनुपर्ने कुराका रमाइला तथा अपूर्व दृश्यहरू क्रमशः देखापर्दछन्। जसको तुलनामा कतै कतै परम्परागतको दर्शनको परिप्रेक्षमा बुद्धदर्शनको

भावनाले पनि प्रकारान्तरले सामञ्जस्य स्थापना गरेको प्रतिध्वनि सुनिएता पनि आफ्नैपनको तटस्थमार्ग तयार भएको अनुभव गर्न पाइन्छ, त्यस्तै पाइन्छ भने अर्को मानिसमा भएको कुटिलनीति र क्रूर–व्यवहारको संक्षिप्त अनुभव पनि । हुन त यस्ता कुराहरूमा भन्दा स्त्री र पुरुष एक अर्काको पूरक हो र दुवैको संयोगमा मात्र शरीर–खडा हुन्छ, अन्यथा एक हातले मात्र ताली नबज्ने कुरातिर लक्षित गरिएको छ । त्यसैले गृहस्थी जीवनकोनिमित्त महिला नै सबै कुरामा योग्य हुनुपर्छ भन्ने कुरालाई सारमान्नु पर्ने आवश्यकतातिर समाजको ध्यानलाई आकृष्ट गरिएको छ ।

विशेष गरेर बुद्ध धर्म सम्बन्धी विषयद्वारा आभूषित प्रस्तुत पुस्तक संग्रहले स्त्री विवेकी नभएमा अर्थको अनर्थ हुन सक्तछ भन्ने कुरालाई पनि व्यक्त्याइएको छ । त्यस्तै नोकरचाकरहरूको स्वभावलाई रोचक ढंगले समावेश गराइएको छ र जीवनलाई शुद्ध आचरणमा लैजाने उपदेशहरू जोसुकैबाट पनि ग्रहण गर्न सकिनेछ भन्ने कुरातिर पनि मानिसको विचारलाई मोडिदिएको छ । त्यस्तै एकातिर मानिसको हातको औंला बराबर नभएजस्तै सबै स्त्रीको हृदय कोमल मात्र हुन्छ भन्ने कुरातिर भने यसले विरोध जनाउँदै ढुङ्गाको जस्तो हृदय भएकी श्यामावतीकी सौता मागन्दीय जस्ता स्त्रीहरूको परिचय पनि पाठकहरूलाई गराइदिएको छ भने अर्कोतिर सत्यवादी तथा अरूको अभिलाषा परिपूर्तिकोनिमित्त सहर्ष आफ्नो मासु काटेर दिने जस्ती स्त्री–स्वरूपको पनि दर्शन गराई दिएको छ ।

प्रस्तुत संग्रहमा बुद्ध-धर्मको सम्बर्धनकोनिमित्त प्रयासगर्ने नारी-हरूमध्येका दश नारीहरूको चारित्रिक विशेषता हेर्दा सबैमा भिन्नाभिन्नै विशेषताहरू नपाइने होइनन्, तँ पनि अलौकिक विशेषता सम्पन्न नारीहरूलाई पनि देखन पाइन्छ । जस्तै—आफूले दिएको क्षीरभोजन-द्वारा सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त गराउने श्रेयलिने सुजाता, बिरामी भिक्षुलाई आफ्नो मासु काटेर दिने सुप्रिया. ७ वर्षसम्म गर्भ-धारण गरी बालक जन्माउने सुप्पवासा, बुद्ध धर्मकै उन्नयनमालाग्नाको कारणले घरभित्रै डढेर मर्ने श्यामावती जस्ता चरित्रहरूको चारित्रिक विशेषताले गर्दा मानिसहरूलाई विभिन्न प्रकारका ज्ञानको ढोका खोलिदिएको छ र सुप्रिया जस्ताको चरित्रले त दधिचि, शिबी र दशरथ जस्तालाई बिर्साइदिएको छ । पुनः बुद्धका वास्तविक सिद्धान्त-हरूलाई कौशम्बिक भिक्षुहरू सम्बन्धी कुराले छर्लङ्ग्याइ दिएको छ । किन कि – बुद्ध कहिल्यै पनि आफ्नो सिद्धान्तलाई आफैले राम्रो भन्नु हुन्नथ्यो र यसको परीक्षा उपासकहरूबाटै गराउनु हुन्थ्यो । यसलेगर्दा बुद्धमा कुनै व्यक्ति, समाज तथा धर्मप्रति ईर्ष्या थिएन भन्ने कुराको अभिव्यक्ति—"जुन् भिक्षुहरू धर्मवादीहरू हुन् उसैको कुरालाई धारण गर" ले गरेको छ। यसबाट स्वयं बुद्धले धर्मादि विषयमा पक्षपात गरेको अनुभव हुँदैन । तर मनोवैज्ञानिक दृष्टिकोणले विचार गर्दा भने संशोधनतिर लागेको अनुमान हुन्छ र यसरी प्रस्तुत संग्रह-माथि सिंहावलोकन गर्दा—"निर्वाण नै साँच्चैको सुख हो जहाँ दुःख हुँदैन" भन्ने सिद्धान्तमा आधारित मनको शान्तिकोनिमित्त पृथ्वी, अप्, तेज, वायु आकाश, नील, पीत. लोहित, श्वेत र विज्ञान

आदि दश कसिणको मार्गामार्ग ज्ञानदर्शन हेतुद्वारा हुने अर्थ प्राप्तिलाई काळी उपासिकाको कार्यकलापले पाठकहरूलाई अरू आदर्शोन्मुख साँस्कारिक र उपदेशात्मक प्रवृत्तिको प्रसस्त परिदर्शन गर्ने सच्चा बाटो देखाई दिएको छ र स्वर्ग र नरक सम्बन्धी विवेचना गर्नमा पनि प्रस्तुत ग्रन्थले नारी वर्गको आँखा खोलिदिएकोछ । जसले गर्दा गृहस्थी जीवन सुखमय बन्न सक्तछ । यस्तै यस्ता कुराहरूको पृष्ट भूमिमा बुद्धका अलौकिक चमत्कारहरूलाई अँगाल्दै अचेतन मनलाई मनोवैज्ञानिकताद्वारा चेतना दिलाउने प्रयासमा लागेको यस संग्रह आफ्नो सच्चा स्वरूप लिएर पाठकहरूको सम्मुख खडा भएको छ ।

× × ×

समस्या समाधान प्रति तल्लीन हुनु मुख्यतया चेतनशील व्यक्तिको काम हो, उ समस्यालाई देखेर चूप लाग्दैन, बरु विभिन्न उपायहरूद्वारा त्यसको समाधानको बाटो खोज्दछ र मनोवैज्ञानिक ढंगले समाजलाई सही बाटोको संकेत गर्दछ—भन्ने कुरालाई चरितार्थ गर्दै बौद्ध ग्रन्थहरूद्वारा संग्रह तथा नेपालीमा रूपान्तर गरी धमाधम नेपालीहरूको पोल्टोमा हालिदिने अथक प्रयास गर्दैआउनु भएका पूज्य अमृतानन्द महास्थविरज्यूको संग्रहमध्येको यो चौथो वरीष्ट संग्रह हो ।

हुन त आधुनिक भाषामा साहित्यको दृष्टिकोणले ई० पू० छैटौं शताब्दीको पालि (मागधि) भाषामा तुलना गर्न खोज्नु अज्ञानता

शिवाय केही हुँदैन। पुनः तत्कालीन भाषा बुझ्नकोनिमित्त भाषारूपी समुद्रमा केवल डुबुल्की मारेर मात्र पुग्दैन, गोता लगाउनै पर्दछ अनि मात्र त्यस समयको भाषाको माधुर्यता पाइन्छ। अझ प्रष्ट शब्दमा भन्ने हो भने त्यस समयमा बोलिने (यस संग्रहभित्र प्रयोग भएको) जुन भाषा हो, त्यो मनोवैज्ञानिकता पूर्ण छ भन्ने कुरालाई जुन बेला जसरी मानिसहरूलाई भन्नुपर्ने हो त्यसै बेला त्यसरी नै कोमल भाषाको प्रयोग बुद्धबाट र अन्य पात्रहरूबाट भएको पाइन्छ।

यो शब्दानु वादित संग्रह भएकोले—भाषा शैली, वचनको प्रयोग, वाक्य योजना, क्रियाका काल आदि सकभर तत्कालीन भाषा अनुसार नै प्रयोग भएकोले आधुनिक भाषासँग मेल नखाने कुरा संग्रहकर्तालि पनि अनुभव नगर्नु भएको होइन र उल्लेख नगर्नु भएको पनि होइन। तैपनि प्रस्तुत संग्रहको भाषालाई आधुनिक शैलीकोपन दिनेबित्तिकै उतिखेरको भाषा शैलीमै आघात पर्ने हुनाले सकभर जस्ताको तस्तै शब्दानुवाद गर्नु भएको हो भन्ने कुरा यसभन्दा अघिल्ला अरू तीन ग्रन्थद्वारा पुष्टयाइ गर्न सकिन्छ र प्रस्तुत संग्रह पढ्दा पनि अनुभव हुन्छ। यदि आजको प्रचलित व्याकरण अनुसार अनुवाद गरि दिने हो भने त्यो भावानुवाद हुन जाने सम्भावना आइपर्छ। यसो हुन गएमा त्यस बेलाको भाषाको आफ्नो स्वत्वको अनुभव पाठकहरूले कसरी गर्ने ? यसै कुराहरूलाई मूर्त्याउन त्यसै बेलाको शैली अंगालेको हुनुपर्छ। आज साँच्चै भन्ने हो भने बोली व्यवहारको ताच्छिल्यतालाई सिक्ने हो भने तत्कालीन पालि (मागधि) भाषाबाट धेरै कुराहरू हामीले सिक्नै बाँकीरहेको अनुभव हुन्छ।

हुन त टाइ र सूट लगाउने मानिसहरूलाई दौरा सुरुवाल पुरानो लाग्छ, नराम्रो लाग्छ र केही केही त असभ्य मान्ने खालका पनि होलान्—यस्तै तालको विचारमा विचरण तथा अर्काको अनुकरणमात्र गर्नेहरूले प्रस्तुत संग्रहको भाषालाई खल्लो मान्लान् तर गुणलिन चाहनेले भने अवश्यमेव रसास्वादन गर्ने छ। यसको अर्को विशेषता हो—प्रत्येक पात्रको खोजपूर्ण परिचय जसलेगर्दा पाठकहरूलाई सूत्रमा अलमलिई रहनु पर्दैन र विशेष खोजी गर्नेहरूलाई त सुनमाथि सुगन्ध भएको छ।

—वटुकृष्ण 'भूषण' एम० ए०
२०३०।५।२८

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

त्रिपिटक मूलपालिबाट बुद्धसमकालका पात्रहरूको संग्रहगर्ने कार्यक्रम अन्तरगतको यो चौथो संग्रह हो । "बुद्धकालीन राज-परिवारहरू" पछि "बुद्धकालीन महिलाहरू" पहिलोभाग प्रस्तुत ग्रन्थ पाठक वर्गका सामुन्ने चतुर्थ संग्रहको रूपमा राखिदिएको छु ।

पालिवाङ्मयमा दुइ ठाउँमा उपासिकाहरूका नामहरू संग्रहित भएका पाइन्छन् । एक अङ्गुत्तरनिकायको एतद्अग्रवर्गमा अर्को अङ्गुत्तरनिकायको, अष्टकनिपातको सामञ्ञवर्गमा (पृ. ४२८) । एतद्अग्रवर्गमा दशजना उपासिकाहरूका नामहरू र सामञ्ञ वर्गमा छब्बीस जना उपासिकाहरूका नामहरू समुल्लेख भएकाछन् । ती यी हुन्—

(१) बोज्भा उपासिका, (२) सिरीमा उपासिका, (३) पद्मा (पदुमा) उपासिका, (४) सुतना[1] उपासिका, (५) मनुजा[2]

१. सिहल र रोमनमा: 'सुधना', स्याममा: 'सुधम्मा' ।

२. स्याममा: 'मणुजा' ।

उपासिका, (६) उत्तरा उपासिका, (७) मुत्ता (मुक्ता) उपासिका, (८) खेमा[1] (क्षेमा) उपासिका, (९) रुची[2] उपासिका, (१०) चुन्दी उपासिका, (११) बिम्बी उपासिका, (१२) सुमना उपासिका, (१३) मल्लिका उपासिका (महारानी), (१४) तिस्सा (तिश्या) उपासिका, (१५) तिस्समाता (तिश्यमाता) उपासिका, (१६) सोणा[3] उपासिका, (१७) सोणायमाता उपासिका, (१८) काणा उपासिका, (१९) काणमाता उपासिका, (२०) उत्तरानन्दमाता[4], (२१) विशाखा मृगारमाता, (२२) खुज्जुत्तरा उपासिका, (२३) श्यामावती उपासिका, (२४) सुप्पवासा (सुप्रवासा) कोलियधीता, (२५) सुप्रिया उपासिका र (२६) नकुलमाता गृहपत्नी ।

उपरोक्त दुइ वर्गहरूमध्ये मैले अङ्गुत्तरनिकायको एतदग्रका दश उपासिकाहरूका कुराहरू प्रस्तुत ग्रन्थमा समुल्लेख गरिदिएको छु । यिनीहरू सम्बन्धी मूलपालिमा भेट्टिएका मूलसूत्रहरू, सूत्रहरूका संग्रहमा र अरू त्यस त्यस पात्र सम्बन्धी अर्थकथाहरूमा भेट्टिएका कारणहरूलाई समेत एकत्रितपारी परिचयकोरूपमा उल्लेख गरिदिएको छु ।

---

१. सिंहल र रोमनमा 'खेमा सोमा' ।

२. रोमनमा 'रूपी' ।

३. स्याममा: 'सोण माता' ।

४. स्याममा: 'उत्तरमाता'

यी सबै उपासिकाहरू बुद्धद्वारा अग्रस्थान प्राप्त भएका हुन् । यिनीहरू आ-आफ्ना विशेष गुणले युक्त भएका छन् । यसरी विशेष गुणले सम्पन्न भएका महिलाहरू यसप्रकार छन्—

(१) सुजाता उपासिका, (२) विशाखा महाउपासिका, (३) खुज्जुत्तरा उपासिका, (४) श्यामावती उपासिका, (५) उत्तरानन्दमाता उपासिका, (६) सुप्रवासा उपासिका, (७) सुप्रिया उपासिका, (८) कात्यायनी उपासिका, (९) नकुलमाता गृहपत्नी तथा (१०) काली उपासिका ।

यिनीहरूको सम्बन्धलाई लिएर मूल पालि ग्रन्थहरूमा खोजी-गर्दा सूत्रपिटकमा २७ सूत्रहरू र विनयपिटकमा १० गरी जम्मा सैंतीस (३७) सूत्रहरू भेटिएका छन् । यिनीहरूमध्ये—

सूत्रपिटकको अङ्गुत्तरनिकायमा २१, संयुक्त निकायमा १, विमानवत्थुपालीमा १ र उदानपालिमा ४; विनयपिटकको महावर्ग-पालिमा ५, चुल्लवर्गपालिमा २, पाराजिकपालिमा २, पाचित्तिय पालिमा १ गरी सैंतीस (३७) पुगेका हुन् ।

आयाचनावर्ग र आयाचन सूत्रको कुरा एउटै भएकोले दुइमध्ये एकको मात्र अनुदित भएको हुँदा उपलब्ध सैंतीस सूत्रहरूमध्ये छत्तीस सूत्रहरूको मात्र अनुवाद प्रस्तुत गरिएको छ ।

(१) सुजाताकोबारेमा—सूत्रपिटकको अङ्गुत्तरनिकायमा

एकै ठाउँमा मात्र समुल्लेख भएको पाइन्छ ।

(२) विशाखाकोबारेमा— सूत्रपिटकको अङ्गुत्तरनिकायमा पाँच ठाउँमा र उदानपालिमा दुइ ठाउँमा; विनयपिटकको महावग्गपालिमा चार ठाउँमा, चुल्लवग्गपालिमा दुइ ठाउँमा, पाराजिकपालिमा दुइ ठाउँमा र पाचित्तियपालिमा एक ठाउँमा गरी जम्मा सोन्ह ठाउँमा समुल्लेख भएका पाइन्छन् ।

(३) खुज्जुत्तराकोबारेमा— सूत्रपिटकको सयुक्तनिकायमा एक ठाउँमा, अङ्गुत्तरनिकायमा तीन ठाउँमा गरी जम्मा चार ठाउँमा समुल्लेख भएका छन् ।

(४) श्यामावतीकोबारेमा— सूत्रपिटकको अङ्गुत्तरनिकाय र उदान पालिमा एक एक ठाउँमा समुल्लेख भएको छ ।

(५) उत्तरानन्दमाताकोबारेमा— सूत्रपिटकको अङ्गुत्तरनिकायमा र विमानवत्थुपालिमा गरी दुइ ठाउँमा छन् ।

(६) सुप्रवासाकोबारेमा— सूत्रपिटकको अङ्गुत्तरनिकायमा दुइ ठाउँमा र उदानपालिमा एक ठाउँमा गरी जम्मा तीन ठाउँमा समुल्लेख भएका पाइन्छन् ।

(७) सुप्रियाकोबारेमा— सूत्रपिटकको अङ्गुत्तरनिकायमा एक ठाउँमा र विनयपिटकको महावग्गपालिमा एक ठाउँमा गरी जम्मा दुइ ठाउँमा समुल्लेख भएका पाइएका छन् ।

(८) कात्यायनीकोबारेमा— सूत्रपिटकको अङ्गुत्तरनिकायमा एकै ठाउँमा मात्र उल्लेख भएको पाइएको छ ।

(९) नकुलमाताकोबारेमा — सूत्रपिटकको अङ्गुत्तरनिकायमा चार ठाउँमा समुल्लेख भएका पाइन्छन् ।

(१०) काली उपासिकाकोबारेमा — सूत्रपिटकको अङ्गुत्तरनिकायमा दुइ ठाउँमा समुल्लेख भएका पाइएका छन् ।

यी सूत्रहरूका नामहरू निम्न प्रकार हुन् —

१. सुजाता उपासिका:

पृष्ठ:[१]		पृष्ठ:[२]
१. अं. नि–१	२६: एतदग्गसुत्तं	१८

२. विशाखा महाउपासिका:

१. महा. व.	३०६: विसाखावत्थु, चीवरक्खन्धकं	१००
२. चुल्ल. व.	२१८: घट-कतक, खुद्दकवत्थुक्खन्धकं	११२

१. नालन्दा पालि ग्रन्थको पृष्ठ ।
२. प्रस्तुत ग्रन्थको पृष्ठ ।

३. खुज्जुत्तरा उपासिका

\+ \+ \+

प्रस्तुत ग्रन्थमा, शायद कहीं कहीं संज्ञानामहरू र अरुशब्दहरूमा 'श' वा 'ष'हुनुपर्ने ठाउँमा 'स'; 'औ' हुनुपर्ने ठाउँमा 'ओ'; 'ऐ' हुनुपर्ने ठाउँमा 'ए' वा 'ओ' आदि भएको जस्तो पाठकहरूलाई लाग्नसक्छ। त्यस्ता ठाउँहरूमा पालि शब्दकै प्रयोग भएकोहुँदा त्यसो हुनगएको हो। पालि मागधि भाषामा प्रचलित संस्कृत भाषामा झैं 'ऐ, औ, ऋ, रेफ्, श, ष, ज्ञ तथा क्ष' अक्षरहरू छैनन्। पालि मागधि भाषामा निम्नप्रकारका स्वर तथा व्यञ्जनहरू छन्—

स्वरः— अ, आ, इ, ई, उ, ऊ, ए, ओ, अं।

व्यञ्जनः— क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ,
ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न,
प, फ, ब, भ, म, य, र, ल, व, स, ह, ळ ।
क, का, कि, की, कु, कू, के, को, कं ।

यस अनुसार केही पालि शब्दहरूको संस्कृत रूपान्तरका उदाहरण यसप्रकार छन्—

पालिः		संस्कृतः	पालिः		संस्कृतः
अप्पमाद	=	अप्रमाद	उपेक्खा	=	उपेक्षा
अरियसच्चं	=	आर्यसत्य	उतु	=	ऋतु
अक्खर	=	अक्षर	उद्ध	=	उर्ध्व
अग्गि	=	अग्नि	उण्णाभ	=	ऊर्णाभ
अमत	=	अमृत	एतरिय	=	ऐतरीय
अक्कोसक	=	आक्रोशक	ओकास	=	अवकाश
आकास	=	आकाश	ओपपातिक	=	औपपातिक
आचरिय	=	आचार्य	ओरसपुत्तो	=	औरसपुत्र
इण	=	ऋण	कच्चायन	=	कात्यायन
इस्सर	=	ईश्वर	कम्म	=	कर्म
इसि	=	ऋषी	कस्सक	=	कृषक
इस्सरनिम्मित	=	ईश्वरनिर्मित	कोसल	=	कोशल

पालि:		संस्कृत:	पालि:		संस्कृत:
खमा	=	क्षमा	ति-पिटक	=	त्रि-पिटक
खन्ध	=	स्कन्ध	तण्हा	=	तृष्णा
खग्ग	=	खड्ग	तपस्सि	=	तपस्वी
खन्ति	=	क्षान्ति	तपचरियं	=	तपश्चर्या
गब्भ	=	गर्भ	थद्धभाव	=	स्तब्धभाव
गज्जनं	=	गर्जनम्	थिर	=	स्थिर
गिज्झ	=	गृद्ध	दक्ख	=	दक्ष
गोतम	=	गौतम	दस्सन	=	दर्शन
गोतमि	=	गौतमी	दिब्बचक्खु	=	दिव्यचक्षु
चक्खु	=	चक्षु	दीघनिकाय	=	दीर्घनिकाय
चरिया	=	चर्या	धम्म	=	धर्म
चेतिय	=	चैत्य	धञ्ञं	=	धान्य
छेज्ज	=	छेद्य	नग्ग	=	नग्न
जच्चन्धो	=	जात्यान्ध	निब्बान	=	निर्वाण
झान	=	ध्यान	निगण्ठ	=	निर्ग्रन्थ
ञानबल	=	ज्ञानबल	निच्चल	=	निश्चल
ञायधम्म	=	न्यायधर्म	पमाद	=	प्रमाद
ञायमग्गो	=	न्यायमार्ग	पच्चक्खं	=	प्रत्यक्ष
ञेय्य	=	ज्ञेय	पणित	=	प्रणीत

पालिः		संस्कृतः	पालिः		संस्कृतः
पक्ख	=	पक्ष	यक्ख	=	यक्ष
पुत्त	=	पुत्र	यसपुत्त	=	यशपुत्र
पोक्खर	=	पुष्कर	यट्ठि	=	यष्ठी
फस्स	=	स्पर्श	यसोधरा	=	यशोधरा
बोधिसत्त	=	बोधिसत्व	रटठ्पाल	=	राष्ट्रपाल
बोज्झङ्ग	=	बोध्यङ्ग	रञ्ञो	=	राजा
भग्ग	=	भर्ग	रक्खपाल	=	रक्षपाल
भद्दावति	=	भद्रावती	लक्खण	=	लक्षण
भद्दिय	=	भद्रीय	लवन	=	लवण
भिक्खु	=	भिक्षु	वसिटठ्	=	वशिष्ठ
भेसज्ज	=	भैषज्यं	विसाखा	=	विशाखा
मग्गो	=	मार्ग	विसुद्धिमग्ग	=	विशुद्धिमार्ग
मज्झिमनिकाय	=	मध्यमनिकाय	वोहार	=	व्यवहार
महावग्ग	=	महावर्ग	संयुत्तनिकाय	=	संयुक्तनिकाय
मनुस्स	=	मनुष्य	सस्सतं	=	शाश्वत
मच्चु	=	मृत्यु	समण	=	श्रमण
मातिपोसक	=	मातृपोषक	सब्बञ्ञु	=	सर्वज्ञ
मोक्ख	=	मोक्ष	सद्धा	=	श्रद्धा

पालिः		संस्कृतः	पालिः		संस्कृतः
सामावति	=	श्यामावती	ततिय	=	तृतीय
सील	=	शील	चतुट्ठं	=	चतुर्थ
सामणेर	=	श्रामणेर	पञ्चम	=	पञ्चम
सुप्पवासा	=	सुप्रवासा	छट्ठि	=	षष्ठी
सुप्पिया	=	सुप्रिया	सत्तमि	=	सप्तमी
सुत्तं	=	सूत्र	अट्ठमि	=	अष्टमी
पठम	=	प्रथम	नवमि	=	नवमी
दुतिय	=	द्वितीय	दसमि	=	दशमी

× × ×

नेपाली साहित्यमा पनि बुद्धधर्मका ग्रन्थहरू उपलब्ध हुन सकुन् तथा बुद्धका समयमा घटेका घटनाहरूसंग पाठकहरू परिचित हुन सकुन् भन्ने आदि उद्देश्यले यी संकलनहरू तयारपार्ने प्रयास गरेकोहुँ । अरू भन्नुपर्ने कुराहरू यसभन्दा अघिल्ला ग्रन्थहरूका प्राक्कथनहरूमा उल्लेख गरिनैसकेको छ ।

प्रस्तुत ग्रन्थको लेखाइको काम १८।४।२०२९मा शुरुगरी ८।४।२०३०मा सिद्धिएको थियो । अनुवादको काम सिद्धिएपछि परिचयहरू लेख्नेकाम पाल्पा तान्सेनमा सम्पन्न गरेको थिएँ । तान्सेनमा बसुञ्जेलसम्म श्री रणबहादुर शाक्यपरिवारहरू तथा श्री बाबुकाजी शाक्यपरिवारहरूबाट पाएको उपस्थानकोनिम्ति

वहाँहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । ग्रन्थ संशोधन कार्यमा र प्रूफहेर्ने काममा समेत अत्यन्त मैत्रीपूर्ण सहयोग पाएकोमा श्री वटुकृष्ण 'भूषण' एम. ए. प्रति सारै नै आभारी छु । साँच्चै भन्ने हो भने प्रस्तुत ग्रन्थ पाठकवर्गहरूका समक्ष राख्न सकेको नै वहाँबाट पाएको सौहार्द्रपूर्ण सहयोगकै फल हो । वहाँबाट निरन्तर सहयोग पाउन सकेकोमा नै मेरोनिम्ति ठूलो सौभाग्यको कुरा हुन गएको छ । आनन्द कुटीवासी श्री चन्द्र उपासकले दिनहुँजसो निरालसतापूर्वक प्रेसबाट प्रूफ ल्याउने र लैजाने कामको सहयोग न पाएको भए पनि पाठकहरूका सामुन्ने यो ग्रन्थ प्रस्तुतगर्न गाह्रो पर्थ्यो होला, अतएव उनी प्रति पनि मैत्रीपूर्वक धन्यवाद ज्ञापन गरेकोछु । त्यस्तैगरी यदि "आनन्दकुटी विहार गुठी"ले यस्तो महंगीको समयमा यो ग्रन्थ प्रकाशन गर्ने जस्तो गहन जिम्मेवार नलिएको भए पनि पाठकहरूले प्रस्तुत ग्रन्थ हेर्न पाउनु थिएन होला । अतएव गृही उपासक-कर्तव्य पालनगर्दै ग्रन्थ प्रकाशन गरेकोमा गुठीका सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर लगायत सबै सदस्यहरू प्रति कृतज्ञता-भाव ज्ञापन गरेको छु ।

अन्तमा संज्ञा नामावली र शब्दावलीकोनिमित्त प्रारम्भिक शब्दहरू लेखिदिने कार्य गरिदिएकोमा आयुष्मान् कुमार काश्यप स्थविर र अंग्रेजीमा प्रिफेस तयारपार्ने काममा श्री प्रा० कृष्णबहादुर मानन्धरबाट मैत्रीपूर्ण सहयोग पाएकोमा वहाँहरू प्रति पनि कृतज्ञता ज्ञापन नगरी बस्न सक्दिन ।

पाठकहरूको सुविधाकोनिम्ति ग्रन्थको पादटिप्पणिमा सूत्रहरू तथा अर्थकथाहरूका नामहरू उल्लेख गरिदिएको छु, त्यस्तै यथासम्भव

शीर्षकहरू, ग्रन्थको अन्तमा संज्ञानामहरूको शब्दावली, विशेष शब्दहरूका शब्दावली तथा गाथाहरू (श्लोक)का पद·सूचि समेत राखिदिएको छु ।

भवतु सब्बमङ्गलं

आनन्दकुटी,   —भिक्षु अमृतानन्द
स्वयम्भू, काठमाडौं,   २७।५।२०३०
नेपाल ।

संक्षिप्त शब्दको अर्थ—

अं. नि-१ = अंगुत्तरनिकाय एककनिपातो ।

अं. नि. = अंगुत्तरनिकाय ।

अं. नि. अ. क.
अं. अ. क. } = अंगुत्तरनिकाय अर्थकथा ।

अ. क. = अर्थकथा ।

अप. पा. = अपदानपालि ।

अप. अ. क. = अपदान अर्थकथा ।

अभि. प. = अभिधानप्पदीपिका ।

गा. = गाथा ।

अना. वं. = अनागतवंसो ।

इति. वु. = इतिवुत्तकपालि ।

इति. वु. अ. क. = इतिवुत्तक अर्थकथा ।

उदा. पा. = उदान पालि ।

उदा. अ. क. = उदान अर्थकथा ।

चुल्ल. व. = चुल्लवग्गपालि ।

चुल्ल. व. अ. क. = चुल्लवग्ग अर्थकथा ।

जा. पा. = जातकपालि ।

जा. अ. क. = जातक अर्थकथा ।

थेर. गा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथा अर्थकथा ।

थेर. अप. = थेरगाथाअपदान ।

थेर. अप. अ. क. = थेरअपदान अर्थकथा ।

थेरी. गा. = थेरीगाथापालि ।

थेरी. गा. अ. क. = थेरीगाथा अर्थकथा ।

थेरी. अप. = थेरी अपदान ।

थेरी. अप. अ. क. = थेरी अपदान अर्थकथा ।

दी. नि. = दीर्घनिकाय

दी. नि. अ. क.
दी. अ. क. } = दीर्घनिकाय अर्थकथा ।

धम्म. प. = धम्मपद ।

धम्म. अ. क.
ध. अ. क. } = धम्मपद अर्थकथा ।

पपं. = पपञ्चसूदनी ।

पारा. पा. = पाराजिकपालि ।

पारा. अ. क. = पाराजिक अर्थकथा ।

पाचि. पा. = पाचित्तियपालि ।

पाचि. अ. क. = पाचित्तिय अर्थकथा ।

पटि. म. = पटिसम्भिदामग्गो ।

पटि. म. अ. क. = पटिसम्भिदामार्ग अर्थकथा ।

पेत. व. = पेतवत्थु ।

पेत. व. अ. क. = पेतवत्थु अर्थकथा ।

बु. वं = बुद्धवंसो ।

बु. वं. अ. क.=बुद्धवंस अर्थकथा।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मण ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु. रा. = बुद्धकालीन राजपरिवार ।

म. नि.=मज्झिमनिकाय ।

म. नि. अ. क.
म. अ. क. } —मज्झिमनिकाय अर्थकथा।

महा. व.—महावग्गो ।

महा. व. अ. क. = महावग्ग अर्थकथा ।

विमा. व. = विमानवत्थु ।

विमा. व. अ. क. = विमानवत्थु अर्थकथा ।

विसु. म. = विसुद्धिमग्गो ।

सम. पा. = समन्त पासादिका ।

सं. नि. = संयुक्तनिकाय ।

सं. नि. अ. क.
सं. अ. क. } = संयुक्तनिकाय अर्थकथा ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

सुत्त. नि. = सुत्तनिपात ।

सुत्त. नि. अ. क.
सु. नि. अ. क. } = सुत्तनिपात अर्थकथा ।

हि. बु. च. = हिन्दी बुद्धचर्या ।

हि. सं. नि. = हिन्दी संयुत्तनिकाय ।

हि. मि. प्र. = हिन्दी मिलिन्द-प्रश्न

D. P. P. = Dictionary of Pali-Proper Names.

G. D. = The Geographical Dictionary of Ancient and mediaeval India

मूल पालि ग्रन्थहरू—

महावग्गपालि (महावर्गपालि)

चुल्लवग्गपालि (चूलवर्गपालि)

पाराजिकपालि (पाराजिकपालि)

पाचित्तियपालि (पाचित्तियपालि)

संयुत्तनिकाय (संयुक्तनिकाय)

अङ्गुत्तरनिकाय (अङ्गोत्तरनिकाय)

दीघनिकाय (दीर्घनिकाय)

मज्झिमनिकाय (मध्यमनिकाय)

उदानपालि (उदानपालि)

सहायक गन्थहरू—

धम्मपद ।

जातकपालि ।

इतिवुत्तकपालि ।

विमानवत्थु ।

पेतवत्थु ।

बुद्धवंसो ।

थेरगाथापालि ।

थेरीगाथापालि ।

थेरापदान ।

थेरी अपदान ।

विसुद्धिमग्गो ।

पटिसम्भिदामग्गो ।

सुत्तनिपात ।

समन्तपासादिका नामक विनयपिटक अर्थकथा ।

मनोरथपूरणी नामक अङ्गुनिकाय अर्थकथा ।

सुमङ्गलविलासिनी नामक दीर्घनिकायार्थकथा ।

सारत्थप्पकासिनी नामक संयुक्तनिकायार्थकथा ।

पपञ्चसूदनी नामक मज्झिमनिकायार्थकथा ।

परमत्थदीपनी नामक थेर-थेरीगाथा अर्थकथा ।

परमत्थदीपनी नामक उदान अर्थकथा।

परमत्थदीपनी नामक इतिवुत्तक अर्थकथा।

परमत्थदीपनी नामक विमानवत्थु-पेतवत्थु अर्थकथा।

परमत्थजोतिका नामक सुत्तनिपात अर्थकथा।

सद्धम्मपकासनी नामक पटिसम्भिदामार्ग अर्थकथा।

मधुरट्ठविलासिनी नामक बुद्धवंस अर्थकथा।

विसुद्धजनविलासनी नामक अपदान अर्थकथा।

धम्मपदट्ठकथा।

जातकट्ठकथा।

संख्या धम्मदीपनी।

अभिधानप्पदीपिका।

अमरकोष–श्री अमरसिंह सम्पादित–श्री मन्नालाल 'अभिमन्यु'।

शब्दार्थ-कौस्तुभ–चतुर्वेदी द्वारकाप्रसाद।

पद्मचन्द्रकोष—पण्डित गणेशदत्त शास्त्री।

नेपाली शब्द-कोष— बालचन्द्रशर्मा।

सिंहल बुद्धचर्या – आनन्दमैत्रेय्य महास्थविर।

हिन्दी बुद्धचर्या–राहुल सांकृत्यायन।

" मज्झिमनिकाय— " "

" दीघनिकाय— " " भिक्षु जगदीश काश्यप।

" विनय-पिटक— " "

" अंगुत्तरनिकाय— भदन्त आनन्द कौशल्यायन।

" संयुत्तनिकाय— भिक्षु जगदीश काश्यप, भिक्षु धर्मरक्षित।

हिन्दी विशुद्धि मार्ग— भिक्षु धर्मरक्षित ।

" मिलिन्द-प्रश्न — भिक्षु जगदीश काश्यप ।

बुद्धकालीन ब्राह्मण— लेखक

बुद्धकालीन गृहस्थीहरू—"

बुद्धकालीन राजपरिवार–"

Pali-English Dictionary- T. W. Rhys Davids and william Stede.

The Geographyical Dictionary of Ancient and Mediaeval India—Nundo Lal Dey.

Dictionary of Pali-Proper Names—Dr. G. P. Malalasekara.

त्रि-पिटक

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकायय
४–अंगुत्तरनिकाय
५–खुद्दकनिकाय

- (१) खुद्दकपाठ
- (२) धम्मपद
- (३) उदान
- (४) इतिवुत्तक
- (५) सुत्तनिपात
- (६) विमानवत्थु
- (७) पेतवत्थु
- (८) थेरगाथा
- (९) थेरीगाथा
- (१०) जातक
- (११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
- (१२) पटिसम्भिदामग्ग
- (१३) अपदान
- (१४) बुद्धवंस
- (१५) चरियापिटक

विनयपिटक :

१–पाराजिकपालि } सुत्तविभङ्ग
२–पाचित्तियपाली } सुत्तविभङ्ग
३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि } खन्धक
५–परिवारपालि

अभिधम्मपिटकः

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

विषय-सूची

संग्रह–४

बुद्धकालीन महिलाहरू

[भाग-१]

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

१. सुजाता उपासिका

परिचय

सिद्धार्थ बोधिसत्व जन्म हुनुभन्दा अगाडिनै उरुवेलस्थित सेनानी निगमको, सेनानी कुलमा सुजाता भन्ने कन्याको जन्म भएको थियो । तन्नेरी भएपछि उनले एकदिन, उरुवेल नजिकको एक न्यग्रोध (=बर) वृक्षमा गई "यदि समान जातीय कुलमा गई पहिलो पटकमै छोरा पाउन सकेंभने तपाइ न्यग्रोध वृक्षदेवतालाई मैले सालिन्दा[१] भव्यरूपले पूजा चढाउनेछु" भनी भाकल गरेकी थिइन् । उनको कौमारी अवस्थाको प्रार्थना उनले चिताएझैं परिपूर्ण भयो ।

वाराणसी देशको एक धनाढ्य कुलमा गई पहिलो गर्भमै उनले पुत्र जन्माइन् । त्यो वालकलाई "यश" भन्ने नाम राखेको थियो[२] । वालक जन्माइ सकेपछि सुजाता उपासिका आफ्नो माइती घर,

---

१. अं. नि. अ. क. I. पृ. २१८ एतदग्ग, एककनिपातवण्णना; जा. अ. क. I. पृ. ५७: अविदूरेनिदानं ।

२. अं. नि. अ. क. I. पृ. २१८; जा. अ. क. I. पृ. ५७

उरुवेलस्थित सेनानी निगममा आइन् । सेनानी निगमको न्यग्रोधवृक्ष-देवतासँग आफूले गरेको प्रतिज्ञालाई पालन गर्दै उनले प्रत्येक वर्ष भव्य-रूपले न्यग्रोधवृक्षमा पूजा गर्थिन् । उनको यो पूजा गर्ने तिथी वैशाख-पूर्णिमा पर्दथ्यो ।

त्यस न्यग्रोधवृक्षमा देवता बास गर्छन् भन्ने विश्वास त्यस समय-का स्थानीय नरनारीहरूमा थियो । यश कुलपुत्रको पनि यथा समयमै विवाह मङ्गल सुसम्पन्न भयो ।

क्षीर भोजन

सिद्धार्थ गौतम बोधिसत्वले उरुवेल वनमा तपस्या गर्न थाल्नु भएको छ वर्ष पुगेपछि वैशाखपूर्णिमाको दिन आइपुग्नु भन्दा केही दिन अघिनै सुजाता उपासिका वाराणशीबाट आफ्नो माइती घर उरुवेल-स्थित सेनानी निगममा आइन् । वैशाखपूर्णिमाको दिनमा न्यग्रोध-वृक्षदेवतालाई पूजा गर्ने विचारले उनले केही दिन अघिनै शयकडौं गाई-हरूलाई मुलेठीको वनमा चराउन पठाइन् । दूध बाक्लो तथा मीठो पारी भोज सम्पन्न गर्ने विचारले उनले ती गाईहरूको दूध अरू आठ गाईहरू-लाई क्रमशः पिलाइन् । अनि वैशाखपूर्णिमाको[1] दिन बिहानै सोह्रो आठ गाईहरूको दूध दुहाइन्[2] । दूध दुहाउन गोठमा गई बाछाहरूलाई

---

१. जा. अ. क. I. पृ. ५७: अविदूरेनिदानं ।

२. जा. अ. क. I. पृ. ५७; अं. नि. अ. क. I. पृ. २१८; ध. अ. क. पृ. ४२; बु. वं. अ. क. पृ. ६

दूध ख्वाउन फोईदिंदा बाछाहरू दूध पिउन गएनन् । गाईको थुनमनी गवुआ राख्दा स्वतः थुनबाट दूधको धारा बही गवुआ भरियो । यस्तो आश्चर्य देखी सुजाता उपासिकाले नयाँ भाँडामा (=कुडे) दूध खन्याई आफूले नै चूलोमा आगो बाली दूध तताउन थालिन् । चूलोबाट अलिकता पनि धुँआ न आएको[१] मात्र होइन, दूध तताइरहेको बेलामा दूधमा ठूला ठूला फोकाहरू उठी दाहिनेतिरबाट घुम्ती लगाउँदथे । जत्तिकै उम्लेर आएतापनि एक थोपो दूध पनि बाहिर पोखिन्नथ्यो ।

सम्बोधिप्राप्त हुने दिनको भोजनमा र भगवान् बुद्ध महापरिनिर्वाण हुने दिनको भोजनमा देवताहरूले पनि दिव्यओजधातु प्रक्षेपण गर्छन् भनी अर्थकथाहरूले[१] उल्लेख गरेका छन् ।

एकै दिनमा यस्तो आश्चर्य घटनाहरू घटेको देखी सुजाता उपासिकाले आफ्नी पूर्णा भन्ने दाशीलाई बोलाई अऱ्हाइन् —

"हे पूर्णे ! यतिका वर्षभित्र, आज जस्तो आश्चर्य लाग्दा घटनाहरू मैले अघि कहिले पनि देखेकी थिइन । लाग्छ कि आज न्यग्रोध-वृक्षदेवता अत्यन्त प्रसन्न हुनु भएको छ । तिमी चाँडै जाऊ र न्यग्रोध-वृक्षको चौतारीमा लिप पोत गरी, सफासुघर गर ।"

सुजाताको आज्ञा सुनी पूर्णादाशी पनि शीघ्रातिशीघ्र गई ।

त्यसै दिन सिद्धार्थ गौतम बोधिसत्व[२] पनि छ वर्षको घोर

---

१. जा. अ. क. I. पृ. ५७; अविदूरेनिदान; अं. नि. अ. क. I. पृ. २१८

२. बुद्धत्व प्राप्त नगरून्जेलसम्म बुद्धहुने सत्वलाई 'बोधिसत्व' भन्दछन् ।

तपस्या पछि उरुवेल बनबाट निस्कनु भई, सेनानी निगममा भिक्षाटन जान लाग्नुहुँदा, त्यसबेलासम्म निगमका घरहरूबाट धुँवा निस्केको न देखनु भएकोले धुँवा निस्कनुञ्जेलसम्म सोही न्यग्रोधवृक्षमनी पूर्वाभिमुख-गरी बस्नु भयो[१] ।

वृक्षमनी लिप पोत गर्न गएकी पूर्णा दाशीले टाढैबाट, प्रसन्न तथा प्रफुल्ल मुद्रामा गम्भीररूप लिई रूखमनी पूर्वदिशातिर हेरी बस्नु भएको बोधिसत्वलाई देखी । बाल सूर्यको तेज र बोधिसत्वको शरीरबाट निस्केको तेजले न्यग्रोधवृक्ष सुवर्ण वर्ण जस्तै देखिन्थ्यो । यस्तो तेजिलो तथा रमणीय दृश्य देखी पूर्णाको मनमा "अहो आश्चर्य, आज हाम्रा देवता वृक्षबाट ओर्ली स्वयं आफ्नो हातले क्षीर पूजा ग्रहण गर्न तल बसिरहनु भएको छ[२]" भन्ने लागि त्यहींबाटै तुरन्तै फर्केर गई आफ्नी मालिक्नी सुजाता उपासिकालाई निवेदन गरी—

"भो स्वामिनी ! साँच्चैनै आज त वृक्षदेवता अति प्रसन्न हुनु भएको जस्तो लाग्छ। देवता स्वयं आफ्नो दिव्यरश्मि फैलाई रूखमनी बस्नु भएकोछ ।"

"हे पूर्णे ! यदि यो कुरा साँचो हो भने, तिमीलाई आजदेखि दासत्वबाट मुक्तगरी मेरी जेठी छोरीको स्थानमा राख्ने छु" भन्दै सुजा-ताले उसलाई सबै अलंकारहरू दिइन्[२] ।

---

१. अं. नि. अ. क. I. पृ. २१८; जा. अ. क. I. पृ. ५७; बु. वं अ. क. पृ. ६ : निदानवण्णना ।

२. जा. अ. क. I पृ. ५८; बु वं. अ. क. पृ. ६

अनि सुजाता उपासिका हत्तरपत्त अमूल्य वस्त्रहरू लगाई, एक थोपो पनि पानी न भएको क्षीर, बहुमूल्य सुवर्णको भाँडोमा हाली ढकनीले ढाकी, सेतो कपडामा पोकोपारी, चारैतिर, सुगन्धित फूलहरूले सजाई क्षीरको भाँडा भएको थाली आफ्नो टाउकोमा राखी न्यग्रोधवृक्ष मनी गइन् । रुखमनी बसिरहन भएको कारुणिक महापुरुष-लाई देखी "वृक्षदेवता" ठानी, देख्ने बित्तिक अति प्रसन्न भई टाढैबाट पूर्णभक्तिकासाथ नतमस्तक हुँदै रूखमनी पुगेपछि शीरबाट थाली झिकी, बोधिसत्वलाई कलसको सुगन्धित पानीले हात धुन लगाई सुवर्णको भाजन बोधिसत्वको करकमलमा समर्पण गरिन् ।

बोधिसत्वले सुवर्णको भाजन सहित क्षीर ग्रहण गर्नु हुँदै सुजाताको मुख ताक्दा सुजाताले "आर्य ! मैले यो सुवर्णको भाजन क्षीर-भोजन सहित तपाइलाई समर्पण गरिसकेकी छु । तपाइ जस्तो चाहनु हुन्छ उस्तो गर्नुहोस्" भन्दै वन्दना गरी उनले "जस्तो मेरो मनो-रथ पूर्ण भयो उस्तै तपाइको पनि मनोरथ पूर्ण होस्" भनी शुभकामना व्यक्त गरी फर्केर गइन्[१] ।

सिद्धार्थ गौतम पनि सुजाताले अर्पित गरेको क्षीर भोजन ग्रहण गरी, नजिकैको नेरञ्जरानदीमा गई, नुहाइ धुवाइ गरी क्षीर भोजन गर्नुभयो । यो क्षीर भोजन जम्मा उनन्चास गाँस[२] भएको थियो ।

---

१ जा अ. क. I. पृ. ५८; अं. नि. अ. क. I. पृ. २१८

२. बु. वं. अ क. पृ. ७; अं. नि. अ. क. I. पृ. २१८; जा. अ. क. पृ. ५८

त्यसपछि गौतम बोधिसत्वले एक पीपलको रूखमनी बसी बुद्धत्व प्राप्तगरी सात हप्तासम्म कुनै आहार ग्रहण नगरी विमुक्तिसुख अनुभव गर्नुभयो[१] ।

सुजाता र चुन्दको भोजन

सुजाताको यो क्षीर भोजनलाई अति उत्तम भोजन हो भनी पालिसाहित्यले मानेको छ । किनभने यही क्षीर भोजन गरी सिद्धार्थ गौतमले बुद्धत्व-ज्ञान प्राप्त गर्नु भएको हो[२] । यस्तैगरी भगवान् बुद्ध महापरिनिर्वाण हुने दिनमै पावावासी[३] चुन्द कर्मारपुत्रले भगवान्-लाई सुगुरको मासु पकाई भोजन दान दिएको थियो । यो भोजन पनि उत्तिकै महत्वपूर्ण मानिएको छ जति सुजाताको क्षीर भोजनलाई मानिए-को छ । किन भने ? —

(१) सुजाताको क्षीर भोजन गरेपछि सिद्धार्थ गौतमले स-उपादिशेष[४] निर्वाणधातु प्राप्त गर्नुभयो तथा (२) चुन्द कर्मारपुत्रले दिएको भोजन गरेपछि अनुपादिशेष[५] निर्वाणधातु प्राप्त गर्नुभयो ।

---

१. हेर बु गृ पृ ४

२. दी नि. अ. क I. पृ ३९८ : महापरिनिब्बानसुत्तं ।

३ प्राचीन 'पावा' लाई कनिंगहामले वर्तमान भारतको गोरख-पुर जिल्लाको कुशीनगरबाट १२ माइल उत्तर-पूर्वी भागको पडरौना भन्ने शहरलाई ठहऱ्याएको छ । G.D. पृ १५५

४. क्लेशहरू जम्मै निरोधहुनेलाई 'स-उपादिशेष निर्वाण' भन्दछन् ।

५. पञ्चस्कन्ध सहित निरोधहुनेलाई 'अनुपादिशेष निर्वाण' भन्दछन् ।

(३) सुजाताद्वारा प्रदत्त भोजन पछि सिद्धार्थ गौतम, वीतरागी, वीतद्वेषी तथा वीतमोही हुनु भए झैं (४) चुन्द कर्मार पुत्रद्वारा प्रदत्त भोजन पछि रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञानको पुञ्ज समेत निरोध गरी महापरिनिर्वाण हुनुभयो। उनीहरू दुवैको भोजनहरूमा (१) परिनिर्वाण-समानता, (२) समापत्ति-समानता तथा (३) अनुस्मरण- समानता भन्ने तीन गुणहरूले युक्त भएकोले समान-फलदायी तथा अति उत्तम मानिएका हुन्।

१— सुजाताको क्षीर भोजनद्वारा क्लेशनिरोध (=निर्वाण) भयो र चुन्दको भोजनद्वारा स्कन्धनिरोध (=निर्वाण) भयो। यही कारणलाई ध्यानमा राखी 'परिनिर्वाण-समानता' भनेको हो।

२ — अभिसम्बुद्धत्व प्राप्तिगर्नु भएको दिनमा भगवान् बुद्धले चौबीस कोटी एक लाख (२४,०१,००,०००) जति समापत्ति ध्यानहरू गर्नु भएको थियो र महापरिनिर्वाण हुने दिनमा पनि उत्तिनै समापत्ति ध्यानहरू गर्नु भएको थियो। यही कारणलाई ध्यानमा राखी 'समापत्ति- समानता' भनेको हो।

३— सुजाताले क्षीर दान दिइसकेपछि भगवान् बुद्धले बुद्धत्व प्राप्त गरी, त्यसैको प्रभावले भगवान् बुद्धको सातहप्तासम्म यापन भएका थियो। "वहाँ त देवता हुनुहुँदो रहेनछ, बुद्ध भगवान् पो हुनुहुँदो रहेछ" भन्ने कुरो थाहा पाएपछि सुजाता उपासिकालाई अपार हर्ष र आनन्द लागेको थियो। यसरी आफूले प्रदान गरेको क्षीर भोजनको अनुस्मरण गर्दा उनको मनमा अपार प्रीति तथा सौमनस्य उत्पन्न भएको

थियो । त्यस्तैगरी जब चुन्द कर्मारपुत्रले आफूले दिएको अन्तिम भोजन ग्रहण गरेपछि तथागत महापरिनिर्वाण हुनु भयो भन्ने खबर सुने तब उनको मनमा पनि "अहो भाग्य ! भगवान् बुद्धलाई मैले अन्तिम भोजन गराउन पाएँ, मेरो भोजन ग्रहण गर्नुभएपछि तथागत सम्यक् सम्बुद्धले अनुपादिशेष निर्वाणधातु प्राप्त गर्नु भयो" भनी प्रसन्न हुँदै आफूले प्रदान गरेको अन्तिम भोजनको अनुस्मरण गर्दा उनका मनमा अपार प्रीति तथा सौमनस्य उत्पन्न भएको थियो । यही कारणलाई ध्यानमा राखी 'अनुस्मरण - समानता' भनेको हो ।

यी दुवैजनाले दिएको प्रथम र अन्तिम भोजनहरू कति महत्वपूर्ण तथा कति उत्तम थिए भन्ने कुराको अनुमान सर्वज्ञबुद्ध स्वयंने महापरिनिर्वाण हुनुभन्दा अगाडि आनन्द महास्थविरलाई भन्नु भएको निम्न कुराहरूबाट प्रष्ट हुन्छ ।

चुन्द कर्मारपुत्रद्वारा प्रदत्त भोजन गरेपछि भगवान् बुद्ध महापरिनिर्वाण हुनुभयो भनी भविष्यमा चुन्द कर्मारपुत्रलाई कसैले दोषारोपण गर्न नपाओस् भन्ने हेतुले आनन्द महास्थविरलाई बोलाउनु भई भगवान् बुद्धले आज्ञा दिनुभयो—

"आनन्द ! मेरो परिनिर्वाण भइसकेपछि 'तिम्रो भोजनद्वारा भगवान्को परिनिर्वाण भयो' भनी तिमीहरूले शायद चुन्द कर्मारपुत्रलाई दोषारोपण गर्न सक्छौ, तर आनन्द ! त्यसरी दोष लगाउन हुन्न । जुन भोजन गर्नाले तथागतलाई बोधिज्ञान प्राप्त भयो र जुन

---

१. दी. नि . अ. क. I. पृ. ३९८ : महापरिनिब्बानसुत्तं ।

भोजन गर्नाले तथागतको परिनिर्वाण हुनेछ— यी दुवै भोजनहरू एक समान तथा महत्वपूर्ण छन् र महत्वफलदायी पनि छन्[1] ।"

शरणागमन

भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नु भइसकेपछि वहाँ बुद्धगयाबाट सीधा वाराणशी नजिकको ऋषिपतन मृगदावनमा[2] जानुभएको थियो । त्यहाँ भगवान् बुद्धले सर्वप्रथम पञ्चभद्रवर्गीय[3] भिक्षुहरूलाई धर्मावबोध गराई सकेपछि वहाँ सोही वनमै वस्नु भएको थियो ।

त्यसबेला, एकदिन, सुजाताको छोरा[4] यशपुत्र विरक्त भई एक्लै रात्रिको समयमा घरबाट निस्की वाराणशीबाट मृगदावनमा गई बुद्धको उपदेश सुनी भिक्षु भए[5] ।

यशपुत्रकी आमाले प्रासादमा यशपुत्रलाई न देखेपछि उनले आफ्नो पतिलाई "गृहपति ! तपाइको पुत्र 'यश' प्रासादमा देखिदैन" भनी भनिन् । अनि यशको पिता गृहपतिले चारै दिशातिर अश्व-दूतहरू पठाई आफू पनि स्वयं पुत्रलाई खोज्दै क्रमशः मृगदावनतिर लागे ।

---

१. दी. नि. II. पृ. १०५ : महापरिनिब्बानसुत्तं ।

२. वर्तमान भारतमा वाराणशी जिल्लाको सारनाथ ।

३. कौण्डन्य, भद्रिय, वप्प, महानाम तथा अश्वजित् ।

४. अं. नि. अ. क. I. पृ. २१८

५. महा. व. पृ. २१ : यसपब्बज्जा, महाखन्धकं ।

गृहपतिले यशपुत्रको सुनको खराऊ देखी "यहीं कतै हुनुपर्छ" भन्दै भगवान् बुद्ध बस्नु भएको ठाउँमा पुगी भगवान्सँग "भन्ते ! के तपाइले मेरो पुत्र यशपुत्रलाई देख्नु भएको छ कि ?" भनी सोधे। भगवान्ले "हे गृहपति ! यहाँ बस। तिम्रो छोरा यशपुत्रलाई तिमीले यहीं नै देख्ने छौ" भनी भन्नु भएपछि यशको पिता 'यहीं बस्दा बस्दै मेरो छोरा देख्ने छु" भनी मनमा हर्षित भई भगवान्लाई अभिवादन गरी त्यहीं एक छेउमा बसे। अनि भगवान्ले उनलाई आनुपूर्विकथा सुनाउनु भयो। जस्तै — दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दोषकथा, कामविषयको तुच्छकथा, कामविषयको संक्लिष्टकथा तथा नैष्क्रम्यको गुणकथा। जब भगवान्ले श्रेष्ठी गृहपतिको चित्त, "उपयुक्त छ, मृदु छ, नीवरण (=आवरण) रहित छ, उत्साहपूर्ण छ तथा प्रसन्न छ" भनी जान्नु भयो तब वहाँले स्वयं प्राप्तगरेको धर्मोपदेश सुनाउनु भयो। जस्तै— "यो दुःख हो, यो दुःखको समुदय हो, यो दुःखको निरोध हो तथा यो दुःख निरोध हुने आर्यअष्टाङ्गिक मार्ग हो।" जसरी सुकिलो वस्त्रमा रँग रँगाउँदा राम्ररी समात्छ त्यसरी नै श्रेष्ठी गृहपतिलाई उसै आसनमै विरज, वीतमल धर्मचक्षु प्राप्त भयो र उनलाई "जे जति समुदय-धर्म हुन् ती जम्मै निरोध-धर्म हुन्" भन्ने ज्ञानको पनि अवबोध भयो। अनि श्रेष्ठी गृहपतिले धर्मलाई देखिसकेपछि, धर्म प्राप्त गरीसकेपछि, धर्मविबोध गरिसकेपछि धर्मको गम्भीरतामा पुगिसकेपछि— सन्देह रहित निश्चिन्त भई, वैशारदयतामा प्रतिष्ठित भई तथा शास्ताको धर्मलाई अवबोधगर्न कसैको सहायता न चाहिने भएपछि उनले भगवान्सँग यस्तो प्रार्थना गरे—

"धन्यहो भन्ते ! धन्यहो भन्ते !! जस्तो घोप्टेकोलाई उत्तानो पारिदिदा, ढाकेकोलाई उघारिदिदा, बाटो भुलेकोलाई बाटो देखाइदिदा तथा अन्धकारमा तेलको बत्ती राखिदिदा आँखा हुने मानिसहरूले रूप देखे झैं भगवान्ले मलाई अनेक किसिमले धर्म प्रकाश पारिदिनु भयो । अब म भगवान्को शरण पर्छु, धर्म तथा भिक्षुसङ्घको पनि । आजदेखि भगवान्ले मलाई आजीवन शरणमा आएको उपासकहो भनी विश्वास गर्नु होस् ।"

यशपुत्रको पिता श्रेष्ठी गृहपति नै भगवान् बुद्धको धर्ममा त्रैवाचिक[1] शरणजाने उपासकहरू मध्येमा सर्वप्रथम शरणजाने उपासक थिए[2] । उनले स्रोतापन्नफल पनि साक्षात्कार गरे[3] ।

× × ×

बुद्ध भगवान्ले यश कुलपुत्रको पितालाई धर्मोपदेश गरिरहनु भएको बेलामा यशपुत्र उहीं नै भएता पनि भगवान्को ऋद्धिको प्रभावले गर्दा यशको पिताले उनलाई देख्न सकेका थिएनन् । पितालाई सुनाइ

---

१. "बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि तथा सङ्घं सरणं गच्छामि" भनी तीन वचनद्वारा शरण जानेलाई "त्रैवाचिक" भन्दछन् ।

२. महा. व. पृ. १९–२० : महाखन्धकं ।

३. अं. नि. अ. क. I. पृ. २१९

रहेको धर्मको उपदेश सुन्दा सुन्दै यशपुत्रले अरहत्त्व प्राप्त गरे[१]। त्यसपछि भगवान्ले ऋद्धिको प्रभाव हटाइदिनुभएपछि श्रेष्ठी गृहपतिले आफ्नो पुत्र यशलाई उहीं बसिरहेको देखी— "प्रिय यश ! तिम्रो आमा शोकाकुलमा परेकीछन् । तिम्रो आमाको प्राण बचाइदेऊ[२]" भनी भने ।

आफ्नो बाबुको कुरा सुनी यशपुत्रले भगवान्को मुख ताके । भगवान्ले यशपुत्रको पितासँग "गृहपति ! जो कुलपुत्रको चित्त आस्रवबाट मुक्त हुन्छ, के त्यस्तो पुरुषले फेरि घर गृहस्थीमा वसी विषय भोग गर्न सक्ला ?" भनी सोध्दा यशको पिताले बुद्धको कुरा बुझी "भन्ते ! मेरो पुत्रको लाभहो, मेरो पुत्रको सुलाभ हो ! जहाँ कि उनको चित्त आस्रवबाट विमुक्त भयो" भनी बिन्ति गर्दै उनले भगवान्लाई यशपुत्र सहित निम्तो गरे । भगवान्ले पनि उनको निम्तो तूष्णिभावद्वारा स्वीकार गर्नु भयो ।

त्यसपछि यशपुत्रको प्रार्थनानुसार भगवान् बुद्धले उनलाई प्रव्रजित गर्नु भयो ।

त्यसबेलासम्म[३] लोकमा सात जना अरहन्तहरू पुगेकाथिए ।

---

१. अं. नि. अ. क. I. पृ. २१९; बु. व. अ क. पृ. १७ : निदानवण्णना; धम्म अ. क. I. पृ. ४२ : अग्गसावकवत्थु ।

२. महा. व. पृ. २०

३ महा. व. पृ २१ : यसपब्बज्जा, महाखन्धकं ।

भगवान् पूर्वाण्ह समयमा पात्रचीवर ग्रहण गरी यशपुत्र भिक्षु सहित उनको पिता श्रेष्ठी गृहपतिको घरमा भोजनार्थ जानु भयो ।

यशपुत्रकी माता— सुजाता उपासिका— तथा उनकी अघिकी पत्नी (पुराण दुतीयिका) भगवान्को अगाडि आई भगवान्लाई अभिवादनगरी एक छेउमा बसिन् । उनीहरूलाई आनुपूर्विकथा[1] सुनाई उनीहरूको चित्त परिशुद्ध भएपछि भगवान् बुद्धले चतुरार्यसत्यको[2] कुरा सुनाउनु भयो । अनि यश पुत्रकी आमा सुजाता उपासिका र उनकी बुहारी यशकी पत्नीलाई पनि बुद्धले स्रोतापन्न फलमा प्रतिष्ठित गराउनु भयो । त्यसपछि सुजाता उपासिकाले बुद्ध भगवान् प्रति कृतज्ञता ज्ञापन गर्दै प्रसन्नता व्यक्त गरिन् । अनि उनले पनि आजीवन् बुद्धको शरणमा आएकी उपासिकाहुँ भनी भगवान्लाई विश्वास दिलाउँदै बुहारी सहित आफू बुद्ध, धर्म तथा सङ्घको शरणमा गइन् ।

बुद्ध धर्ममा तीन वचनद्वारा प्रथमत शरण पर्ने त्रैवाचिक उपासिकाहरू मध्ये सुजाता र उनकी बुहारी नै हुन्[3] ।

एकदिन भगवान् बुद्धले सुजाता उपासिका प्रथमत त्रिशरण जाने उपासिकाहरू मध्ये अग्र हुन् भन्ने घोषणा गर्नु भएको कुरा तत्र मूल सूत्रमै प्रष्ट भएको छ ।

× × ×

---

१. हेर माथि पृ. १० मा ।

२. अं. नि. अ. क. I. पृ. २१९

३. महा. व. पृ. २१ : महाखन्धकं ।

भिन्नाभिन्नै सुजाताहरू

पालि वाङ्मयमा भेटिएका विभिन्न सुजाताका नामहरू तथा उनीहरूका परिचय यसप्रकार छन्—

(१) सुजाता — भगवान् बुद्ध, वृजी देशको[1] ञातिक[2] भन्ने गाउँको गिञ्जकावसथ विहारमा बसिरहनु भएको बेलामा आनन्द महास्थविरले परलोक गएका विभिन्न व्यक्तिहरूका गति सम्बन्धी प्रश्न सोध्दै सुजाता उपासिकाको बारे पनि सोध्नु भएको थियो र भगवान् बुद्धले सुजाता उपासिका स्रोतापन्न भएको कुरा बताउनु भएको थियो[3]। यो हुन् ञातिक गाउँकी सुजाता उपासिका।

(२) सुजाता — यिनी विशाखा महाउपासिकाकी कान्छी बहिनी हुन्। पछि अनाथपिण्डिक महाजनको काल भन्ने पुत्रसंग यिनको विवाह भयो। अत यिनी चाँही अनाथपिण्डिक महाजनकी बुहारी हुन्[4]॥

(३) सुजाता (थेरी) — यिनी साकेत नगरकी कन्या हुन्।

---

१. म. नि. अ. क. II. पृ. १९६ : चूलगोसिङ्गसुत्तं।

२. 'नादिक' 'नातिक' आदि पनि उल्लेख भएको पाइन्छ। हेर. बु. रा. पृ. ९५

३. सं. नि. IV. पृ. ३०३ : पठमगिञ्जकावसथसुत्तं, अ. क. III. पृ. २१७; दी. नि. II. पृ. ७३ : महापरिनिब्बानसुत्तं, अ. क. I. पृ. ३७५

४. अ. नि. ७. पृ, २२३ : भरियासुत्तं, अ. क. II. पृ. ७२३; हेर बु. गृ. पृ. २६

पतिकुलमा गइसकेपछि एकदिन यिनले भगवानसँग साकेत नगरस्थित अञ्जन वनमा भेट गरी वहाँको उपदेश सुनी भिक्षुणी भएकी थिइन्[1] ।

(४) सुजाता— यिनी कोण्डञ्ञ (कौण्डन्य) बुद्ध भगवानकी माता थिइन्[2] ।

(५) सुजाता— यिनी सोभित बुद्ध भगवान्का दुइ अग्र-श्राविकाहरू मध्येकी एक हुन्[3] ।

(६) सुजाता— यिनी पदुमुत्तर (=पद्मोत्तर) बुद्ध भगवान्की माता हुन्[4] ।

(७) सुजाता— यिनी पियदस्सी (=प्रियदर्शी) बुद्ध भगवान्-का दुइ अग्रश्राविकाहरू मध्ये की एक हुन्[5] ।

(८) सुजाता— यिनी मणिचोर जातक अर्थकथा की हुन् । देव-

---

१. थेरी. गा. पृ. ४२४ : सुजाता थेरीगाथा, अ. क. पृ. १०८

२. बु. वं. पृ. ३२४ : कोण्डञ्ञबुद्धवंसो, अ. क. पृ. १०७

३. बु. वं. पृ. ३३४ : सोभितबुद्धवंसो, अ. क. पृ. १४०, अर्की अग्रश्राविका हुन् 'नकुला' ।

४. बु. वं. पृ. ३४४ : पदुमुत्तरबुद्धवंसो, अ. क. पृ. १५७

५. अर्की अग्रश्राविका धम्मदिन्ना थिइन् । बु. वं. पृ. ३५१ : पियदस्सीबुद्धवंसो, अ. क. पृ. १७७

दत्तको कारणले यो जातक भगवान् बुद्धले राजगृहस्थित वेणुवन विहारमा भन्नु भएको हो ।

यस जातकमा बोधिसत्व वाराणशी नजिकको एक गाउँमा एक गृहपतिकुलमा जन्मनु भएको थियो । वहाँकी पत्नीको नाम सुजाता थियो । मार्न लागेको आफ्नो पतिलाई सुजाताले आफ्नो पतिभक्तिको शील तेजले बचाएकी थिइन्[१] ।

(९) सुजाता-- मघ माणवकी पत्नी[२] ।

(१०) सुजाता— शक्रदेवेन्द्रकी पत्नी[३] ।

(११) सुजाता— यिनी उरुवेलस्थित सेनानी निगमको सेनीय भन्ने कुटुम्बकी छोरी हुन्[४] । यिनकै कथा यहाँ प्रस्तुत भएको छ ।

---

१. जा. अ. क. I. पृ. ४६१ : मणिचोरजातकं, नं. १९४

२. दी. नि. अ. क. II. पृ. ५१० : सक्कपञ्हसुत्तं; धम्म. अ. क. पृ. १३७ : महालिपञ्हवत्थु ।

३. धम्म. अ. क. पृ. १३२ : महालिपञ्हवत्थु । सं. नि. I. पृ. २३१ : महालिसुत्तंमा 'सुजा' भनिएकोछ । हेर. बु. रा. पृ. ३८७

४. अं. नि-१, पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. २१७; जा. अ. क. पृ. ५७ : अविदूरेनिदानं; धम्म. अ. क. पृ. ४२ : अग्गसावकवत्थु; बु. व. अ. क. पृ. ६ : निदान-कथा ।

(१२) सुजाता (जातक)--यो जातकको कुरा अनाथपिण्डिक महाजनकी बुहारी सुजाताको कारणले बताउनु भएको हो। यस जातकमा बोधिसत्व वाराणशीको राजकुलमा जन्मनु भएको थियो र वहाँकी आमा महारानीको नाम सुजाता थियो। यस जातकमा बोधिसत्वले कठोर भाषिणी आफ्नी आमालाई चराको दृष्टान्त देखाई संझाउनु भएको थियो[1]।

(१३) सुजाता (जातक)—यो जातकको कुरा मल्लिकादेवीलाई प्रसेनजित कोशल राजासँग श्रीशयनको बारे झगडा भएको कारणमा बताउनु भएको हो। यस जातकमा वाराणशीको राजा र रानीमा झगडा पर्दा बोधिसत्वले सँझाइ मिलाईदिनु भएको थियो। त्यस बखत वाराणशीका राजा प्रसेनजित नै थिए। मल्लिका देवी पनि वाराणशी राजाकी महारानी थिइन्। उनको नाम सुजाता थियो[2]।

× × ×

---

१. जा. पा. I. पृ. ७३: सुजाताजातकं, नं. २६९, अ. क. I. पृ. ३१०

२. जा. पा. I. पृ. ८८: सुजाताजातकं, नं. ३०६, अ. क. III. पृ. १४

मूल सूत्र—

१—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं पठमं सरणं गच्छन्तीनं यदिदं सुजाता सेनीय धीता[१]।"

अर्थ—

"भिक्षुहो ! मेरी श्राविका उपासिकाहरूमध्येमा प्रथम शरण जानेमा सेनीयकी छोरी सुजाता उपासिका अग्रगण्य छन्[२]।"

---

१. सिंहलमा 'सेनानी धिता', रोमनमा 'सेनानि धीता'।

२. अं. नि–१, पृ. २६: एतदग्गसुत्तं, अ. क. I. पृ. २१७

२. विशाखा महाउपासिका

परिचय

बुद्धधर्मको स्थापना कार्यमा उपासकहरूमध्ये जसरी अनाथपिण्डिक महाजनले ठुलो परित्याग गरे त्यसरीनै उपासिकाहरूमध्येमा विशाखा महाउपासिकाले पनि परित्याग गरिन् ।

अनाथपिण्डिक महाजनले ५४ कोटी[1] धन खर्च गरी जेतवन महाविहार बनाएकैं विशाखा महाउपासिकाले २७ कोटी धन खर्च गरी पूर्वाराम महाविहार बनाइन् ।

अनाथपिण्डिक महाजनले १८ कोटी असर्फी बिछ्याई जेत राजकुमारको बगैंचा खरीद गरेकैं विशाखा महाउपासिकाले ९ कोटी जाने आफनो 'महालता-पसाधन' भन्ने आभरण बिक्री गरी जग्गा खरीद गरिन् ।

---

१. हेर बु. गृ पृ. २५

बुद्धसँग प्रथम भेट्

बिम्बिसार राजाको मगध राज्यमा भएका पाँच अमृतभोगी[१] कुबेरपतिहरूमध्ये मेण्डकश्रेष्ठी सर्वश्रेष्ठ थिए र यिनकै घरमा विशाखाको जन्म भएको थियो। यिनको बाबुको नाम धनञ्जय, आमाको नाम सुमनादेवी, बाजेको नाम मेण्डकश्रेष्ठी र बज्यैको नाम चन्द्रपद्मा (चन्दपदुमा)[२] हो। धनञ्जय सेठ, मेण्डक श्रेष्ठीको जेष्ठ पुत्र हुन्। यिनीहरू अङ्ग देशको भद्रवती नगरमा बस्दथे[३]।

एक दिन, भगवान् बुद्ध सेलादि[४] ब्राह्मणहरूलाई विनीतगर्ने उद्देश्यले चारिकागर्दै अङ्ग देशको भद्रवती नगरमा पुग्नु भयो[५]। भगवान् बुद्ध भद्रवती नगरमा आइपुग्नु भएको खबर सुनी मेण्डक श्रेष्ठीले आफ्नी नातिनी विशाखा बालिकालाई अह्राए—

"विशाखे! हाम्रो नगरमा तथागत सम्यक् सम्बुद्ध पाल्नु भएको छ। तिम्रोनिम्ति पनि मङ्गलै छ, हाम्रोनिम्ति पनि मङ्गलै छ। तिमी आफ्ना ५०० बालिका परिवारका साथ, ५०० रथहरूमा बसी,

---

१. हेर. बु. रा. पृ. ११

२. ध. अ. क. पृ. १९०. विसाखायवत्थु।

३. बु.रा. पृ. ६३

४. म. नि. II. पृ. ३९७: सेलसुत्तं; अं. अ. क. I. पृ. २१९; ध. अ. क. पृ. १९०

५. ध. अ. क. पृ. १९०: अं. अ. क. I. पृ. २२०

५०० दासीहरू सहित भगवान्को स्वागतार्थ जाऊ [१] ।"

"हुने विरुवाको चिल्लो पात" भने झैं बुद्धिवती तथा विवेकी, सातवर्षीया[२] विशाखा वालिका, बाजे मेण्डक श्रेष्ठीको आज्ञा सुनी आफ्ना परिवारहरूका साथ भगवान्को स्वागतार्थ बाटोहेर्न गइन् । रथबाट जानहुने बाटोसम्म रथमै गई पछि रथबाट ओर्ली पैदलनै भगवान्कहाँ पुगिन् ।

विशाखाको शारिरीक उमेरलाई भन्दा, उनले अतीत कालमा पद्मोत्तर बुद्धको पालादेखि पालनगरी आएको पारमि धर्मानुकूल प्रौढ भइसकेको ज्ञान र बुद्धिलाई महत्व दिई, उनको चरित्रानुकूल, भगवान् बुद्धले उपदेश गर्नु भयो र जुन उपदेशद्वारा उनको हृदयस्थलमा तयार भइरहेको ज्ञानरूपी दियोको बत्तीलाई शलाइले छुवाइदिने जस्तो काम भयो । विशाखा वालिका, वहींनै आफू मात्र नभई आफ्ना पाँचशय परिवारहरूका साथ निर्वाणको स्रोतमा पुगिन् । कहीले पनि दुर्गतिगामी हुन नपर्ने निर्वाणगामिनी स्रोतापन्नफल उनले साक्षात्कार गरिन्[३] ।

पछि मेण्डक श्रेष्ठी पनि भगवान्कहाँ गए । उनलाईपनि

---

१. ध. अ. क. पृ. १९१: विसाखायवत्थु; अं. नि. अ. क. I. पृ. २२०

२. ध. अ. क. पृ. १९०

३. अं. अ. क. I. पृ. २२०; ध. अ. क. पृ.१९१; म. नि. अ. क. II पृ. २४७: चूलतण्हासङ्खयसुत्तं; स. नि. अ. क. I. पृ.११६: जटिलसुत्तं ।

भगवान्‌ले उनको चरित्रानुकूल धर्मोपदेश गर्नुभयो र उनले पनि स्रोतापन्नमार्गफल साक्षात्कार गरे। त्यसपछि उनले बुद्ध सहित भिक्षुसङ्घलाई भोलिकोनिम्ति निम्तो गरे। दुइ हप्तासम्म उनले महादान दिए[१]।

मगधराज्यमा पाँचजना अमृतभोगीहरू जस्ता कुबेरपतिहरू भएको र कोशलराज्यमा त्यस्ता एउटा पनि अमृतभोगी कुबेरपतिहरू नभएकोले, प्रसेनजित कोशल राजाले, बिम्बिसार राजासँग एक अमृतभोगी कुबेरपतिकुललाई श्रावस्तीमा पठाउने अनुरोध[२] गरे। त्यसपछि बिम्बिसार राजाले मेण्डक श्रेष्ठीको छोरा धनञ्जयश्रेष्ठीलाई श्रावस्तीमा पठाउने व्यवस्था गरिदिए। विशाल परिवारहरू भएको हुँदा धनञ्जय श्रेष्ठीले श्रावस्ती नगर बाहिरै बस्ने मनसाय व्यक्त गरेकोहुँदा — प्रसेनजित कोशल राजाले उनीहरू सबैलाई श्रावस्तीबाट छ योजन[३] अगाडिनै नगर बसाली बसोबास गराए। सन्ध्यासमयमा बसोबास गरेकोहुँदा पालिसाहित्यमा यस नगरलाई "साकेत" भनिएकोहो[४]। यो साकेत नगर, पछि गएर त्यसताकाका छ प्रमुख महानगरहरूमध्येको एक भयो[५]।

---

१. अं. नि. अ. क. I. पृ. २२०; ध. अ. क. पृ. १९१

२. हेर. बु. रा. पृ. ११.

३. महा. व.पृ. २६६ : कठिनक्खन्धकं; ध. अ. क. पृ. १९२ मा. ७ योजन उल्लेख छ।

४. अं. नि. अ क. I. पृ. २२०; ध. अ. क. पृ. १९२; बु. रा. पृ. ११

५. हेर. बु. रा. पृ. १५० को पादटिप्पणीमा।

श्रावस्तीको मृगारकुल

श्रावस्तीमा मृगार भन्ने एक श्रेष्ठी थिए। मृगार श्रेष्ठीको पूर्णवर्धन भन्ने एक पुत्र थिए। उनको उमेर पुगिसकेपछि, एकदिन उनको पिताले उनलाई भने—

"हे पुत्र ! तिम्रो उमेर पुगिसकेको छ। विवाह गर्ने बेला ठीक भइसकेको छ। त्यसैले तिमीले आफूलाई मनपर्ने कुनै एक कन्या खोज।"

"भो पिता ! मलाई यस्तो जटा (बन्धन) चाहिन्न।"

"हे पुत्र ! त्यसो न भन। सन्तान परम्परा न रहेमा हाम्रो कुलवंश कसरी अडनेछ" भनी बारम्बार भने पछि कुमार पूर्णवर्धनले यसो भने—

"भो पिता ! त्यसोभए पञ्चकल्याण गुणयुक्त भएकी कन्या पाएमा तपाइको वचन शिरोपर गर्नेछु।"

पञ्चकल्याण-गुण

निम्न लिखित गुणहरूलाई पञ्चकल्याण-गुण भन्दछन—

"(१) केश-कल्याण, (२) मंस-कल्याण, (३) अष्ठि-कल्याण (४) छवि-कल्याण र (५) वैँश-कल्याण।"

१–" जुन स्त्रीको केश मयूरको प्वाँख जस्तो र चुल्ठो फुकाउँदा भुइमा छोई माथितिर फर्केर आउने केश हुने स्त्रीलाई केश-कल्याण भन्दछन्।

२–" जसको गिजाहरूको वर्ण बिम्बफल[१] समान हुन्छ, गिजाको मासुले राम्ररी दाँतहरू समातेको हुन्छ—त्यस्ती स्त्रीलाई मांस-कल्याण भन्दछन् ।

३ " जसको दाँतहरू सेता शँखवर्ण जस्ता हुन्छन्, टम्म मिलेका हुन्छन्, मानो बनाइराखेका दांतहरू झैं कुनै छिद्र नभएका हुन्छन्—त्यस्ती स्त्रीलाई अष्ठि-कल्याण भन्दछन् ।

४–" कालो आदि वर्णले विनिर्मुक्त छविवर्ण, नीलोत्पल फूलको सूत जस्तै स्निग्ध, सेतो कर्णिका पुष्पवर्ण झैं कोमल गोरो वर्ण भएकी स्त्रीलाई छवि-कल्याण भन्दछन् ।

५–" दश पटकसम्म सुत्केरी भएकी भए पनि स्तन न झोलिएकी एकै बार मात्र वालक जन्माएकी स्त्रीको स्वरूप जस्तै, बुढी नदेखिने स्त्रीलाई वैंश-कल्याण भन्दछन्[२] ।"

कुमार पूर्णवर्धनको यति कुरा सुनिसकेपछि उनको आमा बाबुले १०८ ब्राह्मणहरूलाई निम्त्याई पञ्चकल्याण सम्पन्न कन्या पाउन सकिन्छ कि सकिँदैन भनी सोध्दा ब्राह्मणहरूले 'पाउन सकिन्छ' भनी जवाफ दिएपछि उनीहरूमध्येबाट कारणाकारण जान्न सक्ने आठ जना ब्राह्मणहरूलाई धेरै पैसा दिई, उपरोक्त गुणयुक्त कन्या खोज्न पठाए । साथै सो

१. संस्कृत अमरकोषमा 'बिम्बिका' भनिएकोछ । पृ. १००

२. ध. अ. क. पृ. १९२: उदा. अ. क. पृ. ११८: दुतियवर्ग; जा. अ. क. पृ. I. ९६: तेलपत्तजातकं, नं२९१

कन्याकोनिम्ति बहुमूल्य सुवर्णमाला पनि दिएर पठाए[१]।

विशाखाको विवाह

तिनिहरू श्रावस्तीनगर तथा अन्य नगरहरूमा पञ्चकल्याण-गुणले सुसम्पन्न कन्या खोज्दै क्रमशः साकेत नगरमा आइपुगे। त्यसबखत साकेत नगरमा प्रत्येक बर्षको नवबर्षमा एकपटकहुने उत्सव थियो। त्यस उत्सवको दिनमा घरबाट कहिल्यै बाहिर ननिस्कने कन्याहरू पनि आ-आपना वस्त्राभूषणहरूले अलंकृत भई घरबाट निस्की, पैदलनै नदीमा नुहाउन जान्थे। धनीमानी कुलका क्षत्रियादि कुमारहरू हातमा माला लिई आफूलाई मनपर्ने कुमारीलाई स्वयम्बर गर्ने विचारले ठाउँ ठाउँमा बसिरहन्थे।

ती ब्राह्मणहरू पनि यस उत्सवको मौका छोप्ने विचारले नदीको किनारको एक सत्तलमा बसी, आवत जावत गर्ने कन्याहरू प्रति आँखा गाडन थाले।

पन्द्र सोन्ह वर्षको विशाखा कुमारी पनि नदीमा स्नान गरी नववर्षको नक्षत्र-क्रीडाको उत्सवमा सरीक हुन, वस्त्राभूषणले अलंकृत भई आफ्ना पाँचशय सहेलीहरूसँग घरबाट निस्की नदीमा पुगिन्। त्यसबेला अचानक मूसलधारे पानीपर्न थाल्यो। विशाखासँग गएका सबै जसो कन्याहरू लुगा भिज्ला भन्ने डरले दगुर्दै सोही सत्तलभित्र पसे। विशाखा एक्लै मात्र पानीले भिजेता पनि, लज्जालु स्वभाव न छाडी,

---

१. ध. अ. क. पृ. १९२

आफ्नो स्त्री-लीलाले नै विस्तारैसँग आई सोही सत्तलमा पसिन् । त्यस-बखत सत्तलमा र अरू आसपासमा जम्मा भइरहेका सबैको ध्यान विशाखातिर पर्न गएको थियो। विशाखाको यस प्रक्रियादेखी मानिसहरूले विभिन्न विचार गर्नथाले । ब्राह्मणहरू यिनको स्वभाव तथा सौन्दर्य आदि देखी अत्यन्त प्रसन्न भए र कुन उपायद्वारा यिनका दाँतहरू देख्न सकिएला भन्ने विचारमा मग्न भए । जब त्यही सत्तलभित्र विशाखा पनि पसिन् तब तिनीहरूले विशाखालाई कुरा गराउने निहु गरी उन्ले सुन्नेगरी निम्न कुराहरू आपसमा गर्न थाले––

" कस्ती केटी रहिछन् यी, त्यत्रो पानी पर्दा पनि लुगा नभिज्नेगरी दौडेर आउन नसकेकी ! जस्तै रूप सुन्दरछ त्यस्तै यिनी छिटो छरितो रहिनछन् । दगुर्न नसक्ने बुढी जस्तै रहिछन् । यस्ती कन्या पाउने पतिले त धनिकाको खोलेसम्म पनि पाउन सक्ने छैन । कस्ती अल्छिनी रहिछन् यी ! " इत्यादि । ब्राह्मणहरू आपसमा आफ्नोबारे गलत धारणा लिई कुरागरिरहेको सुनी, उनीहरूलाई कारण प्रष्ट पारिदिने विचारले, विशाखाले ब्राह्मणहरूलाई यसो भनिन् –

" भो ब्राह्मणहो ! तपाइहरू के कुरा गर्दै हुनुहुन्छ ? "

" हे नानी ! हामी तिम्रै बारेमा कुरागरिरहेका छौं । "

" के कुरा गरिरहनु भएको त ? " भन्दै अलिकता पनि खिन्न न भई, काँसको स्वरजस्तै कानलाई नै आनन्दित पार्ने मधुरस्वरले ब्राह्मणहरूसँग सोधे पछि उनीहरूले यसो भने—

"हे नानी! तिमी कस्ती रहिछ्यौ ? तिम्रा सबै जसो साथीहरू पानीले भिजिएला भनेर दगुर्दै आए। किन्तु तिमी सबै लुगा भिज्दा पनि दगुर्न सकिनौ ।"

ब्राह्मणहरूका यी कुराहरू सुनी विशाखाले आफू न दगुर्नाको कारणहरू सुनाउँदै यसो भनिन् —

"भो ब्राह्मणहो ! यदि दगुर्न चाहेको खण्डमा म दगुर्न नसक्ने होइन । मसँग पाँच हात्तीको बलछ । किन्तु यसरी दगुर्दा केही भएर लोटी हात खुट्टा भाँचियो अथवा आँखा फुट्यो भने अङ्ग विकृत हुन्छ । विकृत अङ्ग हुने हामीलाई कसले लैजाला र ? हामी कन्याकेटीहरू भनेका पसलेहरूका बिक्रीगर्ने भाँडा जस्तै हौं । जस्तै फुटेका भाँडाहरू कसैले किन्दैन र पसलमा त्यसै थाती परिरहन्छन् त्यस्तै हामीहरू पनि घरमा थाती परिरहनेछौं । लुगा भिजेत के भयो ? अर्को लुगा फेर्न सकिन्छ । आमाबाबुहरूले हामीहरूको अङ्ग प्रत्यङ्ग रक्षाहुनेगरी पालन पोषण गर्छन् । केही भएर अङ्ग विकृत भयो भने आमाबाबुकै भार भएर घरमै बस्न पर्ने हुन्छ । हामीलाई कसले लैजाला र ! बरु सबैले थूथू गर्दै छाडी जानेछन्।" इत्यादि कारणहरू मनमा सोची न दगुरेकी हुँ ।

का को दगुर्दा राम्रो देखिँदैन?

यति भनिसकेपछि विशाखाले पुनः यसो भनिन् —

"भो ब्राह्मणहो ! चार व्यक्तिहरू दगुर्दा सोभादिदैन, लोकको अपवाद पनि सुन्नुपर्ने हुन्छ । कुन चार भने ? —

१–" सबै प्रकारका आभूषणहरूले प्रतिमण्डित भएका अभिषिक्त प्राप्त राजा, धोती तानी, कम्मरकसी आँगनमा दगुर्न लाग्दा शोभा दिदैन र लोकमा पनि 'कस्ता राजा रहेछन्, सर्वसाधारण गृहस्थीहरू झैं दगुर्दा रहेछन्' भन्ने अपवाद हुन्छ ।

२– "अलंकृत राजाको मङ्गल हात्ती दगुर्दा पनि शोभित देखिदैन । अलंकृत मङ्गल हात्ती आफ्नो मतावपूर्वक हस्तिलीलालेयुक्त भई हिंडेमा मात्र शोभा दिन्छ ।

३ – " प्रव्रजित भएका श्रमणहरू दगुर्दा पनि राम्रो देखिदैन । हामी गृहस्थीहरू झैं दगुर्ने कस्ता असंयमी श्रमणहरू रहेछन् भन्ने हुन्छ । अतएव प्रव्रजित भएका श्रमणहरूलाई संयमपूर्वक शान्त दान्त लीलाले हिड्नालेनै शोभायमान देखिन्छ ।

४–" त्यस्तै स्त्रीहरू दगुर्दा पनि राम्रो देखिदैन । कस्ती निर्लज्जी बेसोभती स्त्रीरहेछन्, पुरुषहरू जस्तै दगुर्दा रहेछन्, सिपाहीहरू जस्ता रहेछन् भन्ने कुरा सुन्नुपर्ने हुन्छ[१] ।

" भो ब्राह्मणहो ! यिनै कारणहरूलाई ध्यानमा राखी म न दौडेकीहुँ ।"

बोलिरहेकी विशाखाको दन्त-लक्षण देखी ब्राह्मणहरू अति प्रसन्न भए। रूप सुन्दर भए झैं उनको बोलिवचनमा पनि माधुर्यता, सुभाषितता, कोमलता, कारणाकारण अभिव्यक्तगर्ने सामर्थ्य आदि गुणहरू देखी

१. ध. क. पृ. १९३: विसाखायवत्थु ।

ब्राह्मणहरू झन् प्रभावित भई " यस्ती कन्या भेट्टिनुत दुर्लभ नै छ " भन्दै ब्राह्मणहरूले मृगार कुलबाट ल्याएको सुवर्णमाला विशाखाको गलामा लगाउन लाग्दा विशाखाले उनीहरूसँग निम्न प्रश्नहरू सोधिन्—

' भो तात ! तपाइहरू कुन नगरबाट आउनु भएको हो ? "

"श्रावस्ती महानगरबाट आएका ह्वौं ।"

"कुन कुलको तरफबाट नि ?"

"मृगारश्रेष्ठीको तरफबाट ।"

"आर्यपुत्रको नाम केहो त ?"

"कुमार पूर्णवर्धन हो ।"

यति कुरा सुनि सकेपछि " समान कुलकै रहेछ" भन्ने विचार गरी सुवर्णमाला स्वीकार गरिन्[१] । अनि कुमारी विशाखाले त्यसताकाको सामाजिक प्रथाको मर्यादा भित्र रही आफ्नो बाबुलाई रथ पठाउने सूचना पठाइन् । त्यसताकाको सामाजिक चलन अनुसार कुनै पुरुषको तरफबाट विवाहको प्रस्ताव स्वीकारगर्ने कन्या केटी रथमा चढी जानसक्ने औगात न भएमा कमसेकम पछ्यौराले शीर ढाकी सुरक्षितरूपले हिडदथे । त्यसैले त्यसै घर नफर्की, विशाखाले रथ मगाउन लगाइकी हुन् । रथ आइसकेपछि रथमा बसी घर फर्किन् । ती ब्राह्मणहरू पनि विशाखा सँगै गए । अनि विशाखाको बाबु धनञ्जय श्रेष्ठीले, ती ब्राह्मणहरूसँगको कुशल वार्ता पछि निम्न कुराहरू सोधे—

"ब्राह्मणहो ! कहाँबाट आएका ह्वौ ?"

ब्राह्मणहरूले श्रावस्ती महानगरबाट आएका ह्वौं भनी जवाफ

---

१. ध. अ. क. पृ. १९२

दिए ।

"सेठको नाम के हो नि ?"

"मृगार श्रेष्ठी हो ।"

"पुत्रको नाम के हो त ?"

"पूर्णवर्धन हो ।"

"कति धनसम्पत्ति छ नि?"

"चालीस कोटी छ" भन्ने सुनी धनञ्जय श्रेष्ठीले विचार गरे कि—आफ्नो सम्पत्तिको तुलनामा ४०कोटिसम्पत्ति त कनिका प्रमाण मात्रहो । तर बालिकाको जीविका गर्नलाई त नपुग्छैन । सबै कुरामा समानता पाउनु गाह्रै हुन्छ । जातियताले समान भए त पुगिहाल्यो भन्ने विचार गरी धनञ्जय श्रेष्ठीले ब्राह्मणहरूका प्रस्तावलाई अनुमोदन गरी दुइ तीन दिनसम्म उनीहरूको सम्मान गरी पठाए[१] ।

श्रावस्तीमा पुगी प्रसन्नतापूर्वक सबै समाचार सुनाउँदै "पञ्च-कल्याण-गुणयुक्त कन्या पायौं" भनी उनीहरूले मृगार श्रेष्ठीलाई निवेदन गरे । मृगार श्रेष्ठीले कस्की छोरी भनी सोध्दा ब्राह्मणहरूले साकेत नगरवासी धनञ्जय श्रेष्ठीकी सुपुत्री कुमारी विशाखा हुन् भने । यति सुनी "महाकुलकी कन्या पाएँ" भनी हर्षित भई मृगार श्रेष्ठीले धनञ्जय श्रेष्ठीलई "हामीहरू कन्या लिन तुरन्तैआउने छौं, त्यहाँ तपाइहरूले गर्नुपर्ने प्रबन्ध मिलाउनु होस्" भनी पत्र पठाए । धनञ्जय श्रेष्ठीले

---

१. ध. अ. क. पृ. १९४; अं. अ. क. I. पृ. २२१.

पनि 'हाम्रानिम्ति यो कुनै ठूलो कुरा होइन । तपाइले त्यहाँ मिलाउनु पर्ने प्रबन्ध मिलाउनु होस्'' भनी प्रत्युत्तर पठाए[१]।

अनि मृगार श्रेष्ठीले प्रसेनजित कोशलसँग बिन्ति गर्न गए-- "महाराज ! सरकारको सेवक कुमार पूर्णवर्धनको विवाह मङ्गल कार्य साकेतवासी धनञ्जय श्रेष्ठीकी सुपुत्री विशाखा कुमारीसँग हुने भएको छ। हामीलाई साकेत नगर जाने आज्ञा दिनुहोस् ।''

"हुन्छ, श्रेष्ठी ! के हामी पनि आउन पर्छ ?"

"महाराज ! सरकारको आगमन हामीले कहिले पाउन सकौंला र !"

मृगारको कुरा सुनी "यी धनञ्जय श्रेष्ठी कुललाई मैले राजा सेनीय बिम्बिसारसँग मागी साकेत नगरमा राखेको हुँ । यिनको स्वागत सम्मान गर्नु योग्यछ'' भन्ने विचार गरी प्रसेनजित कोशल राजाले मृगारलाई यसो भने--

"त्यसोभए, मृगार ! हामी पनि आउने छौं ।"

"हवस्, देव'' भनी मृगार श्रेष्ठीले अनुमोदन गरे । त्यसपछि उनले धनञ्जय श्रेष्ठीलाई " प्रसेनजित कोशल राजा पनि आउने छन् र राजाका साथमा अरु धेरैलावालस्करहरू पनि आउने छन् । उनीहरू सबैकोनिम्ति आवश्यक प्रबन्ध मिलाउन सकनु हुन्छ कि हुँदैन" भनी सोधी पत्र पठाए ।

---

१. अं. अ. क. I. पृ. २२१

धनञ्जय श्रेष्ठीले "एक राजा त के, दश राजाहरू आउनु भए पनि प्रबन्ध गर्न कुनै मुश्किल पर्ने छैन" भनी प्रत्युत्तर पठाए पछि मृगार श्रेष्ठी, राजा प्रसेनजित सहित विशाल जनसमूह लिई साकेत नगरतिर प्रस्थान गरे। साकेत नगर पुग्न आधा योजन जति बाटो बाँकी छँदा मृगारले श्रेष्ठीलाई "हामीहरू आउँदै छौं" भन्ने खबर पठाए[1]।

जन्तीहरूको स्वागत

"राजा प्रसेनजित कोशल सहित धेरै लावालस्करका साथ मृगार श्रेष्ठी आउँदै छन्" भन्ने खबर पाएपछि धनञ्जय श्रेष्ठी बाटोसम्म हेर्न गई, स्वागत सम्मानपूर्वक राजा सहित श्रेष्ठीलाई आफ्नो घरमा लगे। अनि राजा सहित सबै जन्तीहरूलाई बस्ने आदि सबै प्रबन्ध स्वयं आफूले नै गरि दिए। दर्जा अनुसार सबैको कद्दर हुने गरी आवश्यक प्रबन्ध पनि मिलाइदिए। कसैलाई कुनै वस्तुको कमी थिएन। प्रत्येक अभ्यागतको मनमा यस्तो लाग्दथ्यो कि "यी श्रेष्ठीले हाम्रै निम्ति हेरचाह गरिरहेका छन्[2]।"

यस्तो प्रबन्ध गरेको थियो कि ताकि पछि कसैले पनि "हामीहरू विशाखा जस्ती महा भाग्यवानी कुमारीको विवाह मङ्गलमा गएका थियौं तर हामीहरूले केही पनि हेर्ने मौका पाएनौं। हात्ती, घोडाहरूको सेवा टहल गर्दा गर्दै ठिक्क भयो" भनी

---

१. ध. अ. क. पृ. १४९.

२. अं. अ. क. I. पृ. २२१

भन्न न पाउन् । यसैं हेतुले —हात्ती, घोडा तथा रथहरूको हेरचाह गर्ने-हरूको समेत व्यवस्था गरिदिएका थिए[1] ।

सोही दिनमैं धनञ्जय श्रेष्ठीले पाँचशय सुनारहरूलाई बोलाउन पठाई "मेरी छोरीकोनिम्ति 'महालता-पसाधन' भन्ने आभूषण बनाऊ" भनी उनीहरूलाई हजार थान असर्फी सहीत त्यसलाई चाहिने हीरा मोती आदि सबै आवश्यक वस्तुहरू दिन लगाए ।

केही दिन बितिसकेपछि राजाले धनञ्जय श्रेष्ठीलाई खबर पठाए—

"धनञ्जय ! हाम्रो भरण-पोषण गर्नु सजिलो छैन । अतएव चाँडैनै कन्या दिएर पठाउने व्यबस्था गर ।"

राजाको खबर सुनी उनले यस्तो प्रत्युत्तर पठाए—

"महाराज ! अब वर्षाद् समय शुरुभइसक्यो । वर्षाकाल चार महीना भित्र कन्यालाई पठाउन सकिन्न । महाराजको लावालस्करहरूलाई जे जे चाहिन्छ त्यसको प्रबन्ध गर्ने जिम्मेवारी मेरो हो । मैंले विदा दिएपछि मात्र जानुहोस्[2] ।"

त्यसदिन देखि साकेत नगरमा नित्य मङ्गलोत्सव दिन जस्तै हुन थाल्यो । जन्त आएका लावालस्करकानिम्ति हरप्रकारको चाहिने वस्तुहरूको राम्रो प्रबन्ध गरिएको थियो । कुनै वस्तुको कमी थिएन । यसप्रकार तीन महीना बित्दा पनि विशाखाकोनिम्ति बनाउन दिएको 'महालता-पसाधन' आभूषण तयार हुन सकेको थिएन ।

---

१. ध. अ. क. पृ. १९४

२. अं. अ. क. I. प. २२२; ध. अ. क.पृ. १९४

कामगर्ने मानिसहरू आई धनञ्जय श्रेष्ठीलाई भने—

"श्रेष्ठी ! अरू वस्तुहरूको कुनै कमी भएको छैन । केवल भात पकाउने दाउराहरू सिद्धियो ।" अनि धनञ्जय श्रेष्ठीले—"त्यसो भए तिमीहरूले पुरानो हात्तीसार, तबेला तथा गौशालाहरूका काठहरू झिकी भात पकाऊ" भनी अन्हाए । उनीहरूले त्यस्तै गरे । तर दुइहप्ता भन्दा बढता काम चलेन । फेरि उनीहरू आई भन्न थाले—

"श्रेष्ठी ! ती काठहरू पनि सिद्धिन थाले ।"

अनि श्रेष्ठीले उनीहरूलाई भने कि —अब यो बर्षाद् समयमा दाउरा ल्याउन सजिलो छैन । अतएव कोष्ठागार खोली बाक्ला बाक्ला कपडाहरू लिई, बटारी तेलमा भिजाई त्यसैले भात पकाऊ । यस प्रकार अर्को दुइहप्ता बित्यो ।

"महालता-पसाधन"

यसरी चार महीना बितिसके पछि "महालता-पसाधन" आभूषण बनाउने काम पनि पूरा भयो ।

त्यस "महालता-पसाधन" मा कहीं पनि कुनै धागोको प्रयोग गरिएको थिएन । चाँदीको धागोले काम लिइएको थियो । सो आभूषण शीरमाथि राख्दा शरीर जम्मै ढाक्नेगरी तलसम्म खस्थ्यो । ठाउँ ठाउँमा मुद्राहरू जडिएका थिए । गाँठा जम्मै सुवर्णमय थिए । चाँदीको पासो (Hook) थियो ।

मस्तकको मध्यतिर एक मुद्रा (— टाँक), दुइ कानको पछाडितिर दुइ मुद्रा, घाँटिनिर एक मुद्रा, दुइ कुइनानिर दुइ मुद्रा, दुइ घुँडानिर दुइ मुद्रा र कम्मरको दुइ पट्टि दुइ मुद्राहरू थिए ।

सो पसाधन मयूराकार थियो। दाँहिने र बाँयातिर पाँच पाँच शय प्वाँखहरू थिए। चुच्चो मूगाको थियो । आँखाहरू मणिमय थिए, त्यस्तैगरी घाँटी र पखेटा पनि। प्वाँखको दाँठीहरू र खुट्टाहरू रत्नमय थिए। यो आभूषण लगाउँदा मानो पहाडको टुप्पोमा नाचिरहेको मयूर जस्तै विशाखाको शीरमा देखिन्थ्यो । हजार प्वाँखहरूको आवाज आउँदा पञ्चाङ्गिक दिव्य-तूर्य वादनको आवाज जस्तै सुनिन्थ्यो। नगिच गई हेर्दा मात्र साँच्चिकै मयूर जस्तै देखिन्नथ्यो । नौ कोटीको लागतले यो आभूषण तयार भएको थियो। ज्याला मात्र एक लाख परेको थियो[1] ।

यो "महालता पसाधन" आभूषणमा चार कुरुवा हीरा, एघार कुरुवा मोती, बाइस कुरुवा मूगा र तेत्तीस कुरुवा मणिमाणिक्यादि जडिएको थियो[2]। आभूषण जम्मै सप्तरत्नहरूले[3] भरी भराउथिए।

दश अर्तिहरू

"महालता पसाधन" आभूषण तयार भइसके पछि 'भोलि

---

१. ध. अ.क. पृ. १९५

२. पपं. सू. II. पृ २४७: चूलतण्हासङ्खयसुत्तं; सुमं. वि. पृ ६२३: अग्गञ्ञसुत्तं ।

३. सुन, चाँदी, मोती, मणी, वैदूर्य, हीरा र मूगालाई सप्तरत्न भन्दछन् । अभि. प. पृ ६८: गाथा ४९०

छोरीलाई विदा दिई पठाउने छु' भनी विशाखाको बाबुले उनलाई आफुसँग बसाली पतिकुलमा गएपछि के कस्तो आचारण सिक्नुपर्छ भन्दै आचरणसम्बन्धी दश अति·बुद्धिहरू सिकाए ।

त्यसबखत मृगार श्रेष्ठी अर्को कोठाको खाटमा लेटी रहेका थिए र विशाखालाई सिकाएका कुराहरू जम्मै सुन्दै थिए[3] ।

"नानी विशाखे ! पतिकुलमा बस्नेले—(१) भित्री आगो बाहिऱ्याउन हुन्न, (२) बाहिरी आगो भित्ऱ्याउन हुन्न, (३) दिनेलाई मात्र दिनुपर्छ, (४) नदिनेलाई दिनु हुन्न, (५) दिनेलाई पनि न दिनेलाई पनि दिनु पर्छ, (६) सुखपूर्वक बस्नु पर्छ, (७) सुखपूर्वक परिभोग गर्नु पर्छ, (८) सुखपूर्वक सुत्नुपर्छ, (९) अग्निपरिचर्या गर्नु पर्छ तथा (१०) आन्तरीक देवतालाई नमस्कार गर्नु पर्छ ।"

विशाखालाई उनको पिताले दश अतिबुद्धि दिएझैं भगवान् बुद्धले उनलाई आठ कारणले युक्त नारी·शीक्षा दिनु भएको कुरा तल 'पत्नी गुण' भन्ने शीर्षकमा उल्लेख भएको छ । त्यस्तै इहलोक र परलोकमा कसरी नारीहरू विजयी हुन सक्छन् भन्ने बारेमा 'इहलोक र परलोकको विजय' भन्ने शीर्षकमा दर्शाइएको छ । विशाखालाई उनको पिताले दश अति दिएझैं, भद्रीय नगरको मेण्डक श्रेष्ठीको नाति उग्गहकी छोरी—विशाखाकी बहिनी—लाई विवाह गरिदिने बेलामा भगवान्‌ले उनलाई पाँच उपदेश दिनु भएको छ[3]।

१. अं. अ. क. I. पृ. २२२

१. अं. नि-५. पृ. ३०३ः उग्गहसुत्तं, अ. क. III. पृ. २९७

दाइजो

भोलिपल्ट राजा सहित सबै सेनाहरूका अगाडि "पतिकुलमा बस्ने विशाखाको कुनै दोष भएमा त्यसको छानबीन गरी, दोषादोष छुट्याई सफाई दिनुपर्छ" भन्दै धनञ्जय श्रेष्ठीले, आठ जना कुटुम्ब-हरूको हातमा विशाखालाई सुम्पोदिए ।

चार महीनामा तयार पारिएको नौ कोटि मूल्य पर्ने "महालता पसाधन" आभूषणद्वारा विभूषितपारी, विशाखासँग सधैं बस्ने पाँचशय स्त्रीहरू, चारशय पचास गाडा धनहरू, आजन्य घोडाहरूयुक्त पाँचशय रथहरू[1] र 'मेरी छोरी जाने ठाउँमा उनलाई कुनै वस्तुको आवश्यकताले कसैसँग केही माग्न न परोस्' भनी स्नान चूर्ण (= साबुन), सुनका भाँडाहरू, चाँदीका भाँडाहरू, तामाका भाँडाहरू, अनेक प्रकारका वस्त्रहरू तथा धान्यवर्गहरूगरी पाँच पाँच शय गाडाहरू, फेरि हलो, कोदाली खूर्पा आदि उपकरणहरूले भरिएको पाँचशय गाडाहरू[2]गरी जम्मा चउन्न (५४) कोटी[3] मूल्यको दाइजो दिए ।

विशाखाको सेवा-टहलगर्न प्रत्येक रथमा, सर्वालंकारद्वारा प्रतिमण्डित तीन तीन दाशीहरू राखी पाँचशय रथहरू पनि दिए[1] ।

दूध पिउन र गाडा तान्ने इत्यादि कामकोलागि गाई गोरूहरू

---

१. अं. अ.क.। पृ. २२२; ध. अ. क. पृ १९६

२. ध. अ. क. पृ. १९५.

३. ध अ. क.पृ. १९७

पनि दिए । यिनीहरूको संख्या कति थियो भनी भन्न सकिन्न। तर भूमि-प्रमाणको हिसाबले यसप्रकार दिएको कुरा अर्थकथाहरूमा समुल्लेख भएको पाइन्छ—

एक उसभ[1] चौडाईमा दुवैतिर एक एक जना पाले, तीन गाउतको लम्बाइमा प्रत्येक गाउतमा एक एक जना पाले राखी स्यानो गोठको ढोका उघारि दिए । धारावाहिकरूपले गाईहरू निस्कन थाले । एक गाउत प्रमाणको ठाउँ गाईहरू भरिएपछि त्यहाँको पालेले भेरी बजायो । यस्तै क्रमले तीन गाउत सम्मको ठाउँ भरिए पछि पालेले बजाएको भेरी वादनको आवाज सुनिएपछि गोठको ढोका थुन्न लगाए । गोठ थुन्दा थुन्दै जबर्जस्तीगरी निस्केका गाईगोरुहरूको संख्या मात्र साठी हजार पुग्न गएको थियो भनी धर्मपदअर्थकथाले भनेको छ[2] । "विशाखासँग जान चाहने स्त्रीहरू जाउन्" भन्ने घोषणा सुनी आसपासका चौध गाउँका स्त्रीहरू विशाखाको साथमा लागेको कुरा पनि अर्थकथामा समुल्लेख भएको पाइन्छ ।

१. सात हातको १ यष्ठी, बीस यष्ठीको १ उसभ, असी उसभको १ गाउत, चार गाउतको १ योजन र पाँचशय धनुषको १ कोष हुन्छ । अभि. प. पृ. ३० : गाथा १९६ । पालि शब्द 'उसभ'को संस्कृत रुपान्तर गर्दा वृषभ वा ऋषभ हुन्छ तर यसको अर्थ पालि अनुसार न मिल्ने भएको हुँदा यहाँ पालि शब्द नै प्रयोग गरेको छु ।

२. पृ. १९७

राजा प्रसेनजित र मृगार श्रेष्ठीहरूको स्वागत तथा सम्मान गर्दै धनञ्जय श्रेष्ठीले केही बाटोसम्म अनुगमन गरे । त्यसपछि पुत्री विशाखालाई विदा दिई, राजाहरूसँग विदालिई आफू फर्केर आए ।

यस्तो अवर्णनीयरूपले विवाह हुने स्त्री त्यसबखतको भारतमा कमै थिए ।

श्रावस्तीमा विशाखाको स्वागत

यात्रामा सबभन्दा पछाडि मृगार श्रेष्ठीको रथ थियो । उनले जब त्यत्तिका महा जनसमूह देखे तब "यत्तिका लस्करलाई कसले खुवाइ-राखन सक्ला" भन्दै धेरै मानिसहरूलाई जबर्जस्तीगरी फर्काउन लाग्दा विशाखाले देखी "जसको आश्रयलिई आएका छन् उसैले खुवाउने प्रबन्ध गर्नेछ । अतएव फर्काउन पर्ने कारण छैन" भनी भनिन्[1] ।

श्रावस्तीको नगरद्वारनिर पुग्न लागेपछि विशाखाले सोचिन्— "ढाकिएको यानमा बसी शहरभित्र जानपर्ला कि खुला रथमा बसी जानपर्ला ।" अनि उनको मनमा यस्तो लाग्यो— "ढाकिएको यानमा बसेर जाँदा 'महालता पसाधन' आभूषणको विशेषता कसैले देख्न सक्ने छैन । अतएव खुला रथमा बसेरनै जानु बेशहोला ।" सोही अनुसार उनी खुला रथमा बसी, 'महालता पसाधन' आभूषणको चमत्कार देखा-उँदै शहरभित्र पसिन् ।

---

१. ध. अ. क. पृ. १९७

श्रावस्तीवासी सबैले 'महालता पसाधन' आभूषणको चमत्कार हेर्दै— "यी नै हुन् बिशाखा ! यी नै हुन् विशाखा ! अहा कति राम्री !! कति शोभादिन्छ !!" भन्दै औंलाले देखाउन थाले । यसरी उनी महासम्पत्ति सहित मृगार श्रेष्ठीको घरभित्र पसिन् ।

श्रावस्तीका सबैजसो नागरिकहरूले "हाम्रो मृगार श्रेष्ठी आफ्नो नगरमा आइपुग्नु भयो" भन्दै आ-आफ्ना गच्छे अनुसार बिशाखालाई उपहार पठाए । पाएको उपहारमा त्यत्तिनै अरू थप्दै "यो फलानालाई, यो फलानाालई देऊ" भन्दै विशाखाले सबै उपहारहरू श्रावस्तीवासीहरूलाई नै बाँडि दिइन् । यसप्रकार श्रावस्ती आइपुगेकै दिनदेखि विशाखाले सारा नागरिकहरूसँग बन्धुत्वको सम्बन्ध जोरिन्[1] ।

सोही रातमै विशाखाकी एक आजन्यघोडीले बच्चा जन्मायो । यो खबर सुनी विशाखा उपासिका चिराक समात्न लगाई आफ्नी सहेलीहरूकासाथ तबेलामा गई घोडीलाई तातोपानीले नुहाई, तेल घस्न लगाई हेरचाह गरिसकेपछि फर्केर आइन्[1] !

मृगार कुलमा मङ्गलोत्सव

विशाखालाई भित्र्याइसकेपछि मृगार श्रेष्ठीको कुलगृहमा एकसातासम्म धुमधामसँग आवाह[2] मङ्गलोत्सव भयो । सातवाँ दिनमा,

---

१. अं. नि. अ. क. I. पृ. २२३; ध. अ. क. पृ. १९७

२. कन्याभित्र्याउने घरलाई 'आवाह' र कन्यादिने घरलाई 'विवाह' भन्दछन् ।

आफ्नो घर नजिक बस्ने बुद्धलाई स्मरण नगरी आफ्नो पूर्वपरिचित अनुसार अचेलक[1] साधुहरूलाई निम्त्याई, निरोदक मधुपायस पस्काई अचेकहरूलाई भोजन गराए । त्यसबखत मृगार-श्रेष्ठीले — "अरहन्त साधुहरूलाई वन्दना गर्न आऊ" भनी विशाखालाई खबर पठाए । 'अरहन्त' भन्ने शब्द सुन्नेबित्तिकै स्रोतापन्न भएकी विशाखा उपासिका अति प्रसन्न भई त्यहाँ गइन् । किन्तु जब उनले सबै नाङ्गै नाङ्गा साधुहरूमात्र बसिरहेको देखिन् तब उनी अत्यन्त लज्जितभई "मेरो ससुराले मलाई यस्तो ठाउँमा किन बोलाउनु भएको होला; यस्ता निर्लज्जी साधुहरू के को अरहन्त हुन सक्लान्" भन्दै खुरुक्क फर्केर गइन् ।

त्यसबखतको समाजमा पूर्णरूपेण धार्मिक-स्वतन्त्रता थियो । त्यसैले ससुराले मानेकै धर्म बुहारीले पनि मान्नुपर्छ भन्ने कुनै कर थिएन । ससुरा र बुहारीको बीच त के, पति र पत्नीको बीचमा पनि विश्वासगर्ने स्वतन्त्रता भएको कुरा भारद्वाज ब्राह्मण र उनकी पत्नीको कुराद्वारा[2] पनि प्रष्ट बुझिन्छ ।

विशाखाको प्रक्रिया देखेर त्यहाँ भएका सबै नाङ्गा साधुहरूले मृगार श्रेष्ठीलाई निन्दागर्न थाले र कराउन पनि थाले — "श्रेष्ठी ! के तिमीले अरू कुनै कन्या पाएनौ ? श्रमण गौतमकी यस्ती अलच्छिनी श्राविकालाई यस घरमा किन भित्र्याएको ! तुरुन्तै उसलाई यस घरबाट निकालि देऊ ।"

---

१. नाङ्गा साधुहरूको एक सम्प्रदाय ।

२. हरंबु. रेखा पृ. ६१

मृगार श्रेष्ठीले "महाकुलका यी छोरी बुहारीलाई, यिनीहरूका वचन मात्रले त्यसै निकाल्न सकिन्न" भन्ने विचार गरी "आर्य ! तन्नेरी-हरूले जानेर वा नजानेर त्यसो भन्न सक्छन् तर तपाइहरू चुपलाग्नुहोस्" भनी उनीहरूलाई भोजन गराई पठाए । त्यसपछि एक सुसज्जित महान् आसनमा बसी श्रेष्ठीले सुनको थालमा निरोदक मधुपायस खान थाले ।

त्यसबखत, एक पिण्डचारिक स्थविर पिण्डाचार गर्दै त्यहाँ आइपुगे । त्यसबेला विशाखाले ससुरालाई पंखा हम्काउँदै थिइन् । अनि उनले "खाइरहेको बेलामा ससुरालाई केही भन्नु उचित हुने छैन" भन्ने विचार गरी, जुन किशिमबाट परसरी बसिदिंदा ससुराले पिण्ड-चारिक स्थविरलाई देखिने हो त्यस किशिमले परसरी बसिन् । विशा-खाले "ससुराले पिण्डचारिक स्थविरलाई केही भिक्षा देऊ भन्नुहोला र अनि केही दिनेछु" भन्ने आशा गरीरहेकी थिइन् । किन्तु मृगार श्रेष्ठीले झन् न देखे झैं गरी शीर झुकाई पायस खाइरहे । अनि विशाखाले "मेरो ससुराले भिक्षुलाई देखेर पनि केही वास्ता राख्नु भएन" भन्ने मनमा लिई पिण्डचारिक स्थविरलाई यसो भनिन्—

"भन्ते ! पाल्नुहोस्, मेरो ससुराले बासी (= अतीतपुण्यफल) मात्रै खाइरहनु भएको छ[1] ।"

विशाखाले भनेको यति कुरा सुन्नेबित्तिकै मृगार श्रेष्ठीले थालबाट हात हटाई "हटाऊ यो थाल यहाँबाट; यिनलाई पनि यस घर-बाट निकालिदेऊ । यस्तो मङ्गलमय दिनमा पनि यिनले मलाई बासी

१. ध. अ. क. पृ. १९८; अं. अ. क. I. पृ. २२३

(पायस) खाने गराउँछिन्" भन्दै रिसाएर भने । किन्तु विशाखालाई हात खुट्टा समाती अथवा मुखले मात्र पनि 'बाहिर जाऊ' भनी भन्ने साहस गर्नसक्ने दाशदाशीहरू त्यो घरमा कुनै पनि थिएनन् । सबै दाशदाशीहरू विशाखाकै पक्षका थिए । यो अनौठो वातावरण देखी तिनीहरू सबै वाल्लपरेर हेरिरहे ।

ससुराको यस्तो कुरा सुनी विशाखाले भनिन्— "ओ ससुरा ! यत्तिकैमा हामी जाने छैनौ । न त मलाई तपाइले नदीको किनारबाट कुनै कुम्भदाशीलाई ल्याए झैं ल्याउनु भएको हो । जिउँदै रहेका आमा-बाबुकी छोरीहरू यत्तिकैमा कहाँ निस्किन्छन् र ! यस्तै कारणहरूलाई दृष्टिगतगरी मेरो पिताले मलाई यहाँ आउने बेलामा अष्ट कुटुम्बिकहरूका जिम्मामा सुम्पी पठाउनु भएको हो । त्यसो हुनाले पहिले उनीहरूलाई बोलाई मेरो दोषादोष छुट्याउनु होस्[१] ।"

"यिन्ले ठिकै भनिन्" भनी मृगार श्रेष्ठीले ती अष्ट कुटुम्बिकहरूलाई बोलाउन पठाई निम्न कुराहरू सुनाए—

१— 'आर्यहो ! यस्तो मङ्गलोत्सवको दिनहरूमा, एकसाता न बित्दै, सुवर्णको थालमा निरोदक पायस खाइरहेको बेलामा यी केटीले मलाई बासी खाने बनाउँछिन् । यो दोषारोपण लगाई यिनलाई यस घरबाट निकालि देऊ ।"

"अम्मे ! साँच्चै हो के तिमीले यस्तो भनेको?" भनी उनीहरूले सोध्दा विशाखाले निम्नप्रकार उत्तरहरू दिइन्—

---

१ ध. अ. क. पृ. १९८; अं. अ. क. I. पृ. २२३

"तात ! मैले त त्यस्तो मनमा चिताएर भनेको होइन । मेरो ससुराले मात्र त्यस्तो ठान्नु भएको हो । मेरो ससुराले निरोदक पायस खाइरहनु भएको बेलामा एक पिण्डचारिक स्थविर भिक्षार्थ आउनु भएको थियो । सो स्थविरलाई देखेर पनि न देखें झैं गरी मेरो ससुरा बस्नु भएको मात्र नभई घरभित्रसम्म आई भिक्षालिन आउनु भएको भिक्षुलाई 'कुनै बस्तु देऊ' मात्र पनि भन्न नसक्नु भएको देखी 'मेरो ससुराले अतीत समयको पुण्य-फल मात्र अहिले भोगगर्दै हुनुहुन्छ र वर्तमान समयमा कुनै नयाँ पुण्यकार्यहरू गर्न चाहनु हुन्न' भन्ने विचार गरी मैले सो स्थविरलाई हेरी 'भन्ते ! पाल्नुहोस, मेरो ससुराले बासी (= अतीत पुण्यफल) मात्रै खाइरहनु भएको छ' भनी भनेकी हुँ सिवाय अरू कुनै खराब विचार राखी भनेको होइन । मेरो ससुराले मैले भनेको कुराको अर्थ बुझ्न सक्नु भएन । त्यसोहुनाले यसमा मेरो के दोष छ र ?"

अनि उनीहरूले मृगार श्रेष्ठीलाई भने—

"हे श्रेष्ठी ! हाम्री छोरीको कुरामा कुनै दोष छैन । बरु उनले भनेको कुरा ठीकै हो । यसमा रिसाउनपर्ने कुनै कारण छैन ।"

२— "आर्यहो ! ठीकछ, यसमा कुनै दोष छैन । तर यी केटी यस घरमा आएकै दिन, मध्यरातमा मेरो छोरालाई वास्तै नगरी आफ्ना इच्छानुसार[1] दाशदाशीहरूसँगै घरपछाडितिर जानुको मतलब के हो त ?"

अनि उनीहरूले विशाखासँग सोधे—

---

१. अं. नि. अ. क. I. पृ. २२४

"अम्मे ! साँच्चै हो के तिमी घरपछाडितिर गएकी ?"

विशाखाले उत्तर दिइन्—"तात ! साँच्चैहो । तर म अरू कुनै कामले गएकी होइन । एक आजन्य घोडीले बच्चा पाएको थियो र बच्चा पाएको घोडीलाई बेवास्ता गर्नु उचित होइन, मानव धर्म होइन भन्ने विचारलिई म चिराक लिनलगाई, दाशदाशीहरूका साथ तबेलामा गई उसको हेरचाहगरी, मनुष्य कर्तव्य पालन गरी आएकी हुँ ।"

"हे श्रेष्ठी ! हाम्री छोरीले तपाइको घरमा दाशीले नगर्ने काम पनि गर्छिन् भने यसमा तपाइले के दोष देख्नु हुन्छ र ?" भनी उनीहरूले भने ?

३—"आर्यहो ! भइहाल्यो, यसमा पनि केही दोष छैन भनौं तर, यिनको पिताले यिनलाई यहाँ पठाउनु अगाडि एक गोप्य कोठामा राखी दशप्रकारका कुराहरू सुनाएका थिए । जस्तै—"भित्री आगो बाहिऱ्याउन हुन्न र बाहिरी आगो पनि भित्र्याउन हुन्न" इत्यादि । घर-छिमेकीहरूसँग बसेर हामीले कसरी आगो लिने दिने नगरी बस्न सकौंला र ! आफ्नो घरमा आगो निभेको बेलामा अर्काको घरबाट आगो ल्याउनु र अर्कालाई पनि आगो दिनु परिहाल्छ । यसो नगरिकन कसरी घरगृहस्थीहरूको काम चल्न सक्ला ! किन्तु उपरोक्त कुराको रहस्य पनि हामीलाई थाहा छैन ।"

दश अर्तिको अर्थ

"अम्मे ! के तिम्रो पिताले तिमीलाई त्यस्तो कुरा सिकाएको

हो त ?" भनी अष्ट कुटुम्बिकहरूले सोध्दा विशाखाले "हो" भन्दै ती दशकुराहरूको अर्थ जम्मै बताउँदै निम्न कुराहरू भनिन्—

१— मेरा बाबुले मलाई 'छोरी ! तिम्रा ससुरा वा पतिको कुनै दोष देखेमा त्यस्तो कुरालाई बाहिर कसैलाई न भन्नू। यस्तो भन्नुभन्दा ठूलो आगो अरू केही छैन' भन्ने कारणलाई ध्यानमा राखी मेरा पिताले मलाई 'भित्री आगो बाहिऱ्याउन हुन्न' भनी भन्नु भएको हो।

२— "फेरि 'छोरी ! यदि कुनै विश्वासी स्त्री वा पुरुषले तिम्रा ससुरा वा पतिको कुनै दोष सुनाएमा सो कुरा पनि घरमा गई ससुरा वा पतिलाई 'फलानाले यसो भन्छ' भन्ने कुरा न सुनाउनू। यो भन्दा ठूलो आगो अरू केही छैन' भन्ने कारणलाई ध्यानमा राखी मेरा पिताले मलाई 'बाहिरी आगो नभित्र्याउनू' भनी भन्नु भएको हो।

३— फेरि 'छोरी ! घरगृहस्थी गर्नेहरूले आफ्नो घरमा भएको कुनै वस्तु अर्कालाई सापटी वा कामचलाउकानिम्ति दिनुपर्ने र लिनुपर्ने अवस्था पनि हुन्छ। यस्तो दिने लिने व्यवहार गर्दा, सापटलगेको वस्तु समयमै फिर्ता ल्याइदिनेसँग मात्र व्यवहार गर्नुपर्छ। सापटलगेको वस्तु फिर्ता ल्याइदिनेलाईमात्र आफ्नो वस्तु सापट दिनुपर्छ' भन्ने कारणलाई ध्यानमा राखी मेरा पिताले मलाई 'दिनेलाईमात्र दिनुपर्छ' भनी भन्नु भएको हो!

४—फेरि 'छोरी ! जसले सापट वा कामचलाउकोनिमित्त लगेको वस्तु फिर्ता ल्याइदिन्न, त्यस्तालाई कुनै पनि वस्तु दिनुहुन्न' भन्ने अर्थलाई ध्यानमा राखी मेरा पिताले मलाई 'नदिनेलाई दिनुहुन्न' भनी भन्नु भएको हो!

५— फेरि 'छोरी ! गरीब कुरुवा याचकादि तथा कुनै गरीब ज्ञाति बन्धु आफ्नो घरमा आई कुनै वस्तु माग्न आएमा त्यस्तालाई आफूले सक्दो सहायता, त्यागभावना लिई दिनुपर्छ। उनीहरूसँग कुनै आशा नराखी सहायता दिनुपर्छ' भन्ने अर्थलाई ध्यानमा राखी मेरा पिताले मलाई 'दिनेलाई पनि नदिनेलाई पनि दिनुपर्छ' भनी भन्नु भएको हो।

६— फेरि 'छोरी ! सासू, ससुरा तथा पतिलाई देख्नेबित्तिकै सम्मानपूर्वक आसनबाट उठ्नुपर्ने ठाउँमा बसिरहनु हुन्न' भन्ने अर्थलाई ध्यानमा राखी मेरा पिताले मलाई 'सुखपूर्वक बस्नुपर्छ' भनी भन्नु भएको हो।

७— फेरि, 'छोरी ! सासू, ससुरा तथा पतिहरूले खानु अगाडि आफूले न खाई उनीहरूले खाइ सिध्याएपछि मात्र, सबैलाई खाना पुग्यो कि पुगेन भन्ने हेरविचार गरेर मात्र आफूले खानुपर्छ' भन्ने अर्थलाई ध्यानमा राखी मेरा पिताले मलाई 'सुखपूर्वक परिभोग गर्नुपर्छ' भनी भन्नु भएको हो।

८— फेरि, 'छोरी ! सासू, ससुरा तथा पतिहरू सुत्नु अगावै आफू खाट्मा लेटी सुत्नु हुन्न। उनीहरू प्रति गर्नुपर्ने सेवा शुश्रूषा आदि कर्तव्य पूरागरिसकेपछि मात्र सुत्नुपर्छ' भन्ने अर्थलाई ध्यानमा राखी मेरा पिताले मलाई 'सुखपूर्वक सुत्नुपर्छ' भनी भन्नु भएको हो।

९— फेरि, 'छोरी ! सासू, ससुरा तथा पतिलाई अग्निस्कन्ध वा नागराजा समानठानी व्यवहार गर्नुपर्छ। अन्यथा आगोले पोल्ने झैं वा नागले टोक्ने झैं अपराध सिद्ध हुनसक्छ' भन्ने अर्थलाई ध्यानमा राखी मेरा पिताले मलाई 'अग्निपरिचर्या गर्नुपर्छ' भनी भन्नु भएको हो।

१०— फेरि, 'छोरी ! सासू, ससुरा तथा पतिलाई देवतासमान ठान्नुपर्छ' भन्ने कारणलाई ध्यानमाराखी मेरा पिताले मलाई 'आन्तरिक देवतालाई नमस्कार गर्नुपर्छ' भनी भन्नु भएको हो ।"

विशाखाका यी दशकुराहरूको व्याख्यान सुनी मृगार श्रेष्ठी केही भन्न नसकी, ना जवाफ भई शीर निहुराई चुपलागेर बसे ।

अनि ती अष्ट कुटुम्बिकहरूले श्रेष्ठीसँग "श्रेष्ठी ! हाम्री छोरीको अरू पनि कुनै दोष छ कि ?" भनी सोधे ।

श्रेष्ठीले "आर्यहो ! छैन" भनी उत्तर दिए ।

"यदि त्यसो भए तपाइले निर्दोषी विशाखालाई अकारणमै किन घरबाट निकाल्न खोज्नु हुन्छ नि ?"

यत्तिकैमा विशाखाले भनिन् – "तात ! मेरा ससुराको एकै वचनले घरबाट बाहिर निस्कनु उचित नसम्झी मैले तपाइहरूलाई बोलाउन पठाएकी हुँ । किनभने मेरा पिताले ससुराको कुलमा कुनै दोष भएमा त्यसको निराकरण गर्नकोनिमित्त मलाई तपाइहरूको हातमा सुम्पी पठाउनु भएको हो । अब तपाइहरूले मेरो निर्दोषता बुझ्नु भयो र तपाइहरूले मलाई सफाइ पनि दिनुभयो । अब म घरबाट निस्किन सक्छु" भन्दै आफ्ना दाशदाशीहरूलाई यान-वाहनहरू तयार पार्न आज्ञा दिइन्[१] ।

'मृगारमाता' भन्ने नाम

मृगार श्रेष्ठीले ती कुटुम्बिकहरू लिई विशाखासँग "अम्मे ! मैले जानी न जानी भनेकोमा मलाई क्षमा गर" भनी क्षमा मागे ।

१. ध. अ. क. पृ. १९९: विसाखायवत्थु; अं. नि. अ. क. I. पृ. २२४

"तात ! तपाइलाई क्षमागर्नु पर्ने त क्षमा गरिनै हाल्छु । किन्तु म बुद्धधर्ममा अटल श्रद्धा राख्ने कुलकी छोरी हुँ । त्यसैले म भिक्षुसङ्घको आश्रय विना बाँच्न सक्दिन । यदि मेरो इच्छानुसार भिक्षुसङ्घलाई सेवा-टहल गरी बस्न पाउँछु भने म घरमा बस्नेछु । अन्यथा बस्न सक्दिन" भनी भन्दा मृगार श्रेष्ठीले "अम्मे ! त्यसोभए तिम्रो इच्छानुसार श्रमण-हरूको सेवा टहल गरी बस" भनी भने ।

त्यसपछि विशाखाले भगवान् बुद्धलाई निम्तो गर्न पठाइन् । भोलिपल्ट बुद्धसहित भिक्षुसङ्घलाई आफ्नो घरमा बसाली प्रथमत हात-खुट्टा धुवाई पानी अर्पितगरी सबै गर्नुपर्ने सत्कार गरिन् ।

त्यस समय "मृगार श्रेष्ठीको घरमा बुद्धसहित भिक्षुसङ्घ गए" भन्ने खबर सुनी नग्न साधुहरू मृगार श्रेष्ठीको घरमा घेरा लगाई बसे ।

विशाखाले "दशबल[1] बुद्ध भगवान् सहित भिक्षुसङ्घलाई भोजन समर्पण गर्न आउनुहोस्" भनी आफ्नो ससुरालाई खबर पठाइन् । मृगारश्रेष्ठी आउन चाहेर पनि नग्न साधुहरूले रोकेको हुँदा विशाखा-लाई "आफैंले भोजन अर्पण गर" भनी खबर पठाए । त्यसपछि विशाखा-ले अनेक रसयुक्त भोजनहरूद्वारा भगवान् सहित भिक्षुसङ्घलाई भोजन गराइसकेपछि पुनः आफ्नो ससुरालाई "भगवान्को धर्मोपदेश सुन्न आउनु होस्" भनी खबर पठाइन् । अनि, मृगार श्रेष्ठी "अबत न जानु सारै अनुचित हुनेछ" भन्ने विचार गरी जान लाग्दा ती नग्न साधुहरूले उन-

---

१. 'दशबल' भनेको केहो भन्ने बारेमा बु. रा. पृ. ४१ को पाद-टिप्पणी हेर्न ।

लाई "त्यसोभए तिमी पर्दा भित्र बसी धर्म श्रवण गर" भनी भने। बुद्ध हुनु भएको ठाउँमा जान अगाडिनै त्यहाँ पर्दा हाल्न लगाई मृगार श्रेष्ठी पर्दा भित्र बसे।

भगवान्बुद्धको उपदेश चन्द्रमा समान हुन्छ। जस्तै सबै मानिस-हरूले "मेरै शीरमाथि चन्द्रमा छन्" भन्ने ठान्छन् त्यस्तै बुद्धको उपदेश सुन्नेहरूले पनि "मेरैनिम्ति उपदेश गरिहरनु भएको छ" भन्ने ठान्दछन्। मृगार श्रेष्ठी पनि पर्दा भित्रै बसी बुद्धको उपदेश सुनिरहेका थिए र उपदेश सुन्दा सुन्दै, उपदेशलाई केलाई हेर्दा हेर्दै त्यहीं नै स्रोतापन्न मार्ग-फल साक्षात्कार गरी, त्रिरत्न प्रति अचल श्रद्धाले सुसम्पन्न भई, पर्दा हटाई चरणकमलमा पञ्चाङ्ग प्रतिष्ठित वन्दना गरी, चरणकमलमा चुम्बन गरी, परामर्श गर्दै "म मृगार हुँ" भन्दै आफ्नो नाम सुनाए। त्यसपछि विशाखा प्रति अत्यन्त प्रसन्न तथा गद् गद् भई उद्‌गार प्रकट गर्दै मृगार श्रेष्ठीले विशाखाको स्तन चुम्बन गरी "आजदेखि तिमी मेरी बुहारी नभई मेरी आमा भयौ" भन्दै भगवान्‌को अगाडि विशाखा-लाई मातृस्थानमा राखे।

यहाँदेखि विशाखाको नाम 'मृगारमाता' भन्ने रहन गएको हो[1]। पछि विशाखाले छोरा पाइन् र उनको नाम पनि 'मृगार' राखि दिएको थियो[2]।

---

१. ध. अ क पृ. २००; अं. अ क I. पृ. २२५; उदा. अ. क. पृ. १०९

२. ध. अ. क. पृ. २०१; अं. नि. अ. क. I. पृ. ३१२ : समचित्तवग्गो।

मृगार श्रेष्ठीले विशाखाको गुणगान गर्दै भगवान्लाई यस्तो सुनाए—

"भन्ते ! मलाई अहिलेसम्म थाहा थिएन कि कहाँ दान दिंदा महत्फल हुन्छ। मेरी बुहारीको कारणले गर्दा आज मैले, कहाँ दानदिंदा महत्फल हुन्छ भन्ने कुरा थाहा पाएँ। मेरी बुहारीको कारणलेगर्दा आज म सबै अपाय तथा दुर्गतिबाट विनिर्मुक्त हुनसकें। मेरी बुहारी यस घरमा आएकीले नै मेरो कल्याण भएको हो" भन्दै निम्न गाथा पनि सुनाए—

"सो, हं अज्ज पजानामि, यत्थदिन्नं महप्फलं।
अत्थाय वत मे भद्दा, सुनिसा घरमागता'त ॥"

अर्थ—

"मेरो हित सुखकोनिम्ति, भद्रमुखी बुहारी यस घरमा आइन् र आज मैले थाहापाएँ कि कहाँ दानदिंदा महत्फल हुन्छ।"

विशाखाले भोलिकोनिम्ति पनि बुद्धसहित भिक्षुसङ्घलाई निम्तो गरिन्। स्रोतापन्न भएका मृगार श्रेष्ठीले पनि आएर भगवान सहित भिक्षुसङ्घलाई भोजन अर्पित गरे। त्यहाँदेखि मृगार श्रेष्ठीको घरको दैलो बुद्धसहित भिक्षुसङ्घकोनिम्ति खुलारह्यो।

"घनमट्टक-पसाधन"

एकदिन मृगार श्रेष्ठीले "विशाखाले यो 'महालता-पसाधन' आभूषण सधैं लगाई हिंडन सक्दिनन्। अतएव यिनले सधैं लगाउन सक्ने

गरी 'घनमट्टक-पसाधन भन्ने आभूषण बनाई दिनेछु" भन्ने विचार गरी एकलाख जाने 'घनमट्टक-पसाधन' आभूषण बनाइदिए । सो आभूषण बनाउन सिद्धिएपछि एकदिन, बुद्धसहित भिक्षुसङ्घलाई निम्तो गरी, सम्मानपूर्वक वहाँहरूलाई भोजन गराई, विशाखालाई सोह्र घडा सुगन्ध जलले नुहाई, शास्ताको अगाडि बसाली 'घनमट्टक-पसाधन' आभूषण लगाउन लगाई शास्ताको चरणकमलमा वन्दना गर्न लगाए । अनुमोदन गर्नुभई शास्ता फर्कर जानुभयो[1] ।

विशाखाले पनि त्यहाँदेखि दानादि पुण्यकार्य गर्दै शास्ताको समक्ष अष्टवर[2] प्राप्तगरी गगनमण्डलमा चन्द्रमा समान देखिनेगरी पुत्र पुत्रादि सहित अभिवृद्धि हुँदै गइन्[3] ।

सन्तानहरू

विशाखा उपासिकाका दश छोरा र दश छोरीहरू थिए । यी प्रत्येकका पनि दश दश छोरा र छोरीहरू थिए । यिनीहरू प्रत्येकको पनि दश दश नै छोरा र छोरीहरू थिए । यसरी विशाखाका छोराहरू, छोरीहरू, नातिहरू, नातिनीहरू, पनातिहरू र पनातिनीहरू गरी जम्मा ८,४२० सन्तानहरू भएको देखिन्छ । यत्तिका सन्तानहरूका प्रमुख भएरपनि विशाखाको शीरमा एउटा पनि रौं फुलेको देखिन्नथ्यो । १२० वर्षसम्म[४] बाँच्दा पनि यिनी सँधै नै सोह्र वर्षको युवती जस्तै देखिन्थिन् ।

---

१. ध. अ. क. पृ. २०२

२. हेर तल 'आठवरहरू' भन्ने शीर्षकमा ।

३. ध. अ. क. पृ. २०२

सुन्दर ईर्यापथ

छोरा, छोरी, नाति नातिनीहरूसँग विहारमा वा अन्त कतै जाँदा यिनलाई चिन्न नसक्ने कोही थिएनन् । टाढै देखिनै यिनलाई मानिसहरूले चिन्दथे । उनको प्रकृति स्वभावनै त्यस्तो थियो कि यिनी हिंडिरहेको देख्दा अझ अलि हिंडे हुन्थ्यो, बसिरहेको देख्दा अझ एकछिन बसें हुन्थ्यो, उभिइरहेको देख्दा अझै उभिइरहे हुन्थ्यो र लेटिरहेको देख्दा अझै एकछिन लेटिनै रहे हुन्थ्यो भन्ने जस्तो मानिसहरूलाई लाग्दथ्यो । जति हेरे पनि तृप्ति हुँदैनथ्यो । उनको चार ईर्यापथहरू[1] मध्ये कुनै पनि ईर्यापथ हेर्नेलाई न रमाइलो लाग्दैनथ्यो । जुनसुकै ईर्यापथमा देखेता पनि मानिस-हरूलाई रमाइलो र राम्रै लाग्दथ्यो ।

केही सन्तानहरूको नाम

विशाखाका त्यत्तिका सन्तानहरूमध्ये, पालिसाहित्यमा केही सन्तानहरूका नाम मात्र उल्लेख भएको पाइन्छ । यिनको प्रथमपुत्र 'मृगार' कुमारको नाम धर्मपदअर्थकथामा[2], दोश्रो पुत्र 'मृगजाल' को नाम थेरगाथा पालिमा[3] र संयुक्तनिकायमा[4] उल्लेख भएको छ । मृगजाल

---

१. बस्नु, हिंडनु, उभिइरहनु तथा लेटनु— यी चार क्रियालाई 'चार ईर्यापथ' भन्दछन् ।

२. ध. अ. क. पृ. २०१ : विसाखायवत्थु ।

३. पृ. ३०४ : मिगजालत्थेरगाथा, अ क. पृ. ४५२

४. IV पृ. ३२: पठममिगजालसुत्तं, पृ. ३३: दुतियमिगजालसुत्तं ।

कुमार भगवान्‌को सत्संगत गरी पछि भिक्षुभई अरहन्तपनि भए[१] ।

विशाखाकी कान्छी बहिनी 'सुजाता' भन्ने अनाथपिण्डिक गृहपतिको छोरा काल की पत्नी थिइन्[२] ।

'साल्ह' भन्ने विशाखाको एक नाति, नन्दक स्थविरकहाँ समय समयमा उपदेश सुन्न जान्थे[३] । यिनी श्रद्धालु पनि थिए ।

एकदिन, यिनले भिक्षुणीहरूकानिम्ति एक आराम बनाउन चाहे र भिक्षुणीसङ्घकहाँ गई आराम बनाउने काम हेर्न एक भिक्षुणीलई माागे । भिक्षुणीसङ्घले सुन्दरीनन्दा भिक्षुणीलाई पठाइदियो । उनी आराम बनाउने कामले गर्दा दिनहुं जस्तै साल्ह उपासकको घरमा आवत जावत गर्नथालिन् । साल्ह उपासकको पनि सुन्दरीनन्दा भिक्षुणीसँग दिनहुं जस्तै भेटघाट हुन थाल्यो । यसप्रकारको दिनहुँ सम्पर्क भएबाट उनी प्रति आसक्तभई साल्ह उपासकले उनलाई बिगार्ने कुचेष्टा पनि गरे[४] ।

एक अर्को नाति, वर्षावासको समयमा प्रव्रजित हुने इच्छागरी भिक्षुहरूकहाँ गए । किन्तु त्यसबखत भिक्षुहरूले आपसमा "वर्षा समयमा प्रव्रजित नगर्ने" भन्ने नियम बनाई बसेका हुँदा उनलाई प्रव्रजित गरेनन् । वर्षाकाल सिद्धिएपछि ती भिक्षुहरूले उनलाई प्रव्रजित हुन भन्नजाँदा, उनले "अब मेरो मन छैन" भनी प्रव्रजित न भएको कुरा तल "नियम बनाउन हुन्न" भन्ने शीर्षकको सूत्रमा प्रष्ट छ ।

---

१. थेर. गा. अ. क. पृ. ४५२ : मिगजाल ।

२. हेर. बु. गृ. पृ. २६; अं. नि-७. पृ. २२३ : भरियासुत्तं ।

३. अं. नि-३. पृ. १७९ : साल्हसुत्तं ।

४. पाचि. पा. पृ. २८३ : पठमपाराजिकं, भिक्खुनीविभङ्गो ।

जस्तै कुनै पनि स्त्रीलाई सन्तानहरू प्यारो लाग्छ उस्तै विशाखालाई पनि सन्तान प्रति ठूलो माया थियो नै । त्यत्तिका सन्तान, दरसन्तानहरूमध्ये कुनैको पनि मृत्यु भएको थिएन । सबै सन्तानहरू निरोगीनै थिए । किन्तु एकदिन विशाखाको पुत्रको छोरी 'दत्ता' भन्ने नातिनीको अचानक मृत्यु भयो र विशाखा अत्यन्त दुःखी भई भगवान्कहाँ गई आफ्नो दुःखको कुरा पोखिन् । यसकुराको उल्लेख तल उल्लिखित सूत्रको "जति प्रेम उती दुःख" भन्ने शीर्षकले प्रष्ट गरेको छ । यी दत्ता नातिनी अत्यन्त कार्य-कुशल थिइन् र विशाखाले यिनलाई आफ्नो स्थानमा राखी, आफ्नो घरमा आउने भिक्षुसङ्घको सेवा टहल गर्ने काम सुम्पी दिएकी थिइन् । त्यसैले यिनको मृत्युले विशाखालाई अतिरेक दुःख लागेको थियो[1] । यसै सन्दर्भमा भगवान्ले उनलाई निम्न उपदेश सुनाउनु भएको थियो ।

"पेमतो जायते सोको, पेमतो जायते भयं ।
पेमतो विप्पमुत्तस्स, नत्थि सोको कुतोभयं'ति ॥"

अर्थ—

"प्रेमले गर्दा शोक उत्पन्न हुन्छ, प्रेमको कारणले भय पनि उत्पन्न हुन्छ; प्रेमबाट विनिर्मुक्तहुनेलाई शोक हुँदैन, अनि भय पनि हुन्न ।"

---

१. ध. अ. क. पृ. ४७१ : विसाखायवत्यु; उदा. अ. क. पृ. ११० : विसाखासुत्तं ।

विशाखाको यशकीर्ति

विशाखाको जति ज्ञानशक्ति थियो उत्ति नै शारीरिक शक्ति पनि भएको कुरा अर्थकथामा समुल्लेख भएको पाइन्छ ।

उनको ज्ञानशक्तिकोबारेमा तल उल्लेख भएको 'अष्टवरहरू' भन्ने शीर्षकको कुरामा ध्यान राख्यौं भने हामीले उनको ज्ञानशक्ति कस्तो रहेछ भन्ने कुरा सजिलैसँग अनुमान लगाउन सक्छौं ।

एकदिन, भगवान्‌सँग खदिरवनीय (= खैरको बनमा बस्ने) रेवत स्थविर बस्ने खैरको बनमा गई फर्केर आएका दुइ बुढा भिक्षुहरू विशाखाको घरमा प्रातराश भोजनार्थ गए । विशाखाले उनीहरूसंग खैरको बन रमणीय छ कि छैन भनी सोध्दा उनीहरूले "काँढै काँढा भएको बन के को रमणीय हुन्थ्यो नि" भनी जवाफ दिए । फेरि अर्का, सोही बनमा गएर आएका दुइ तरुण भिक्षुहरूसँग त्यस्तै कुरा सोध्दा उनीहरूले "कति रमणीय छ भनी बयान गरेर साध्य छैन" भन्ने जवाफ दिएको सुनी, विशाखाले यो परस्पर विरोधी कुराहरूलाई आफ्नो बुद्धिले केलाई यसरी बुझि लिइन् — "बुढा भिक्षुहरूले ऋद्धि प्रातिहार्य न देखाएको बेलामा, केवल रूक्ष ठाउँहरू देखे होलान्, तरुण भिक्षुहरूले ऋद्धि-प्रातिहार्य देखाएको बेलामा रमणीय जङ्गल देखे होलान्[1]।"

शारीरिक शक्तिको बारेमा धर्मपदअर्थकथाले उल्लेख गर्छ कि बिशाखा उपासिकामा पाँच हात्तीको बल निहीत थियो । यस कुराको परीक्षा गर्न एक दिन प्रसेनजित कोशल राजाले, विहारबाट

१. ध. अ. क. पृ. ३१२ : खदिरवनिय रेवतत्थेरवत्थु ।

फर्किरहेकी विशाखाको अगाडि एक हात्ती छाडि दिए। विशाखासँग आइरहेका केही स्त्रीहरू भागे, केही स्त्रीहरू विशाखासँगै बसे। जब विशाखाले आफ्ना साथीहरूबाट आफ्नो बल परीक्षण गर्न राजाले हात्ती छाडि दिएका हुन् भन्ने कुरा सुनिन् तब विशाखा हात्तीको अगाडि गई उनले दुइ औंलाले उसको सूँड समाती, हात्तीलाई थुचुक्क पारि बसालिदिइन्। यस प्रदर्शनीद्वारा विशाखाको शक्तिको परीक्षण भयो र उनको ख्याति झन् फैलियो[१]।

विशाखाको हरप्रकारको स्वभावबाट श्रावस्तीका नरनारीहरू अत्यन्त प्रभावित थिए। विशाखाको महापरिवार सम्पत्ति. धनसम्पत्ति, यश-सम्पत्ति, प्राणी प्रति दया र सहानुभूति तथा सुशिक्षित स्वभाव देखी श्रावस्तीका सबै जनताले उनको आदर तथा सम्मान राख्दथे। कसैको घरमा कुनै मङ्गलकार्य हुँदा विशाखालाई सर्वप्रथम निम्त्याउँदथे[२]। उनलाई पहिले खवाइसकेपछि मात्र अरूलाई खवाउँथे। सँधै जस्तै एक न एक मङ्गलघरमा जान पर्ने हुँदा उनी आफ्नो घरमा बस्न पाउन्नथिन्। त्यसैले उनले आफ्नो घरमा नित्यप्रति आउने भिक्षु सङ्घको सेवा शुश्रूषा गर्न आफ्नी नातिनी दत्तालाई जिम्मा लगाइदिएकी थिइन्।

विहार निर्माणको सङ्कल्प

एक दिन, श्रावस्तीमा एक ठूलो महोत्सव थियो। सबै नाग-

---

१. ध. अ क. पृ. २०२.

२. ध. अ. क. पृ. २०३

रिकहरू राम्रा राम्रा लुगाहरू लगाई जेतवन विहारमा बुद्धको उपदेश सुन्न जाँदै थिए । विशाखा पनि 'महालता-पसाधन' आभूषण लगाई महोत्सवबाट फर्की पाँच शय सहायिकाहरू सँग[१] धर्मोपदेश सुन्न विहारमा गइन् । विहारमा पुग्नु अगाडि उनले सोचिन् कि यत्रो चहक महक भएको आभूषण लगाई भगवान्को अगाडि जानु उचित हुने छैन । अनि विहार बाहिरै 'महालता-पसाधन' आभूषण फुकाली, पोको पारी एक दाशीलाई समात्न लगाई, ससुरा मृगार श्रेष्ठीले बनाइदिएको 'घनमट्टक-पसाधन' आभूषण लगाई विहार भित्र गइन् । विहार भित्र पुगी भगवान् बुद्ध बस्नु भएको गन्धकुटीमा गई, भगवान्लाई अभिवादन गरी एक छेउमा बसी वहाँको उपदेश सुनिन्[२] । उपदेश सुनिसके-पछि गन्धकुटीबाट निस्की जेतवनाराम भित्रका विभिन्न विहारहरूमा सुप्रिया (सुप्पिया) उपासिकासँगै भिक्षु श्रामणेरहरूको हेरचाह गरी फर्केर गइन् ।

विशाखा उपासिका विहारहरूमा गई भिक्षु तथा श्रामणेर-हरूको हेरचाह गर्न जाँदा विहारवासी श्रामणेर तथा भिक्षुहरू विशाखा बाट, समयानुसार खान, पान, भैषज्यादिको प्रतीक्षा गरी बस्तथे । त्यसदिन पनि भिक्षु तथा श्रामणेरहरू विशाखा आएको सुनी उपरोक्ता-कारले प्रतीक्षा गरिरहेका थिए । विशाखा उपासिका प्रत्येक कोठामा गई भिक्षु तथा श्रामणेरहरूसँग के चाहिन्छ भनी सोधी, ज-जस्लाई जे जे

---

१. विमा. व. अ. क. पृ १५० : विहारविमान ।

२. ध. अ. क. पृ. २०३

चाहिन्छ त्यसको प्रबन्ध गरी अर्के ढोकाबाट निस्की[1] विशाखाले दाशीसंग 'महालता-पसाधन' आभूषणको पोको मागिन्। दाशी त्रसंग भई आभूषणको पोको गन्धकुटीको आँगनमै[2] बिर्सी आएको कुरो उसले संकोचपूर्वक विशाखालाई निवेदन गरी।

अनि विशाखाले उसलाई भनिन् —

"जे भए पनि भइहाल्यो। अब तिमी गई सो पोको लिएर आऊ। यदि तिमीले राखेको ठाउँबाट, मेरा आर्य आनन्द महास्थविरले अन्त कतै सारिराख्नु भएको भए न ल्याऊ। मैले सो आभूषणको पोको वहाँलाई नै चढाउने छु।' यती भनी दाशीलाई सो पोको लिन पठाइन्।[3]

उता आनन्द महास्थविरले सो आभूषणको पोको देख्नु भई भगवान्सँग सोध्दा भगवान्ले 'भन्याङ्गमनी राखि छाड्नु' भन्ने आज्ञा

---

१. विमा. व. अ. क. पृ. १५१ : विहारविमान।

२. अं. नि. अ. क. I. पृ २२६.

३. विमानवत्थु अट्ठकथा अनुसार आभूषण पोको पार्न लगाई विहारको एक छेउमा राख्न लगाई विभिन्न विहारहरूमा गई भिक्षु श्रामणेरहरूको हेरचाह गरी फर्किदा पोको बिर्सेको कुरा र त्यसपछि विहारमा छाडिएको हुँदा विहारलाई नै त्याग गर्ने छु भन्दै विहारमा गई भगवानलाई विहार बनाउने कुरा बिन्ति गरिन्। पृ. १५१ : विहारविमान।

दिए अनुसार वहाँले भन्याङ्गमनी राखि दिनु भएको थियो। यस कुराको चर्चा तल सूत्रमा पनि 'रत्नहरू लिन हुन्न' भन्ने शीर्षक अन्तरगत उल्लेख भएको छ।

सो दाशी विहारमा गई आनन्द महास्थविरसँग सोध्दा, महास्थविरले भन्याङ्गमनी राखिदिएको कुरा बताउनु भयो[1]।

"तपाइको हातले छोई अन्त सारी राखेको भए सो आभूषणको पोको न ल्याऊ भनी आर्या विशाखाले भन्नु भएको छ" भनी दाशी खालि हात त्यसै फर्केर गई विशाखा उपासिकालाई आनन्द महास्थविरले भन्याङ्गमनी राखिदिनु भएको कुरा सुनाई।

"अम्मे ! त्यसो भए आर्य आनन्दको हातले छोई परसारी राखि दिनु भएको आभूषण मैले लगाउने छैन, वहाँलाई नै परित्याग भयो" भनी दाशीलाई भनिन्। त्यसपछि विशाखाले सोचिन् —

"वहाँहरूलाई रत्नादि आभूषणहरू चाहिने होइन। यसको हेरचाह गर्न पनि झिजो हुन्छ। अतएव त्यसको मूल्यबाट कुनै उपयुक्त बस्तुहरू बनाइदिनु बेश होला।"

यति सोची पुनः दाशीलाई सो आभूषणको पोको लिन पठाइन्। उ गएर ल्याई। विशाखाले त्यत्तिखेरै जौहरीहरू बोलाई 'महालता पसाधन' आभूषणको मूल्याङ्कन गर्न लगाइन्। उनीहरूले नौ कोटि

---

१. ध. अ. क. पृ. २०४

मूल्य राखे। एक लाख ज्याला राखे[१] त्यसपछि 'महालता-पसाधन' आभूषण गाडामा राखन लगाई श्रावस्ती नगरमा घुमाइ बेच्न पठाइन्। किन्तु सो आभूषण किन्न सक्ने कोही पनि भेट्टिएन। हुन पनि त्यत्तिको मूल्य जाने आभूषण कसले लिन सक्लान् र !

त्यससमय 'महालता-पसाधन' आभूषण जस्तो आभूषण लगाउन सक्ने केवल तीन जना स्त्रीहरू थिए। जस्तै—(१) विशाखा स्वयं, (२) बन्धुल मल्ल सेनापतिकी भार्या बन्धुल मल्लिकादेवी[२] र वाराणशी श्रेष्ठीकी छोरी[३]। पाँच पाँच शय रथहरू भएका स्त्रीहरू पनि तिनै जना मात्र थिए।—जस्तै (१) बिम्बिसार राजाकी छोरी चुन्दी राजकुमारी,[४] (२) विशाखा उपासिका[५] र (३) प्रसेनजित कोशलकी छोरी सुमना राजकुमारी[६]।

अनि विशाखा उपासिका आफैले नौ कोटी एक लाख रुपैयाँ तिरी, सो रुपैयाँ गाडामा राखी जेतवन विहारमा गई भगवान् समक्ष बिन्ति गरिन्—

---

१. ध. अ. क. पृ. २०४.

२. हेर बु. रा. पृ. १५८; ध. अ. क. पृ. २०४.

३. ध. अ. क. पृ. २०४.

४. हेर बु. रा. पृ. ७

५. ध. अ. क. पृ. १९१ : विसाखायवत्थु।

६. अं. अ. क. II पृ. ५९६ : सुमनासुत्तं।

"भन्ते ! यो नौ कोटी एक लाख रुपैयाँ मेरो 'महालता-पसाधन' आभूषणको मोल हो । सो आभूषण, श्रावस्तीवासी कसैले किन्न नसकेको हुँदा आफैले किनें । यस्तो गर्नाको कारण के भने ? — भन्ते ! म जस्ती स्त्रीको आभूषण आर्य आनन्द महास्थविर जस्ताको हातले छुन पर्‍यो । वहाँबाट छोइसकेको आभूषण मैले कसरी लगाउने । यसमा म अपराधी छु[1] । अतएव यसको प्रायश्चित स्वरूप मैले सो आभूषणको मोलद्वारा 'चतुप्रत्यय[2] वस्तुहरूमध्ये[3] कुन प्रत्ययद्वारा तथागतलाई अर्पित गर्ने हो' भन्ने कुरा जान्न नौ कोटी एक लाख रुपैयाँ गाडामा ल्याएकी छु, जो आज्ञा ।"

"विशाखे ! त्यसो भए तिमीले श्रावस्तीको पूर्वदिशातिर सङ्घलाई बस्ने ठाउँ बनाऊ[1] ।" भनी भगवान्ले भन्नु भयो । विशाखाले "हवस्, भन्ते !" भनी अनुमोदन गरिन् ।

---

१. अं. अ. क. पृ. २२६

२. चीवर-वस्त्र, भोजन, रोगीकोनिमित्त चाहिने औषधी र आवासस्थान—यी चार वस्तुहरूलाई 'चतुप्रत्यय' भन्दछन् ।

३. अंगुत्तर अर्थकथा उल्लेख गर्छ कि विशाखाले गन्धकुटीमा छाडि आएको आभूषण त्यसै ल्याउन उचित छैन । यसैको दण्डकर्म स्वरूप विहार बनाइ दिनेछु भनी भगवान्लाई निम्तो गरी आभूषणको मूल्यद्वारा तपाई बस्ने गन्धकुटी विहार बनाइ दिने इच्छा भएको छ भन्ने कुरा भगवान्लाई बिन्ति गरी भगवानको स्वीकृति लिइन् । I पृ. २२६.

विहार-निर्माण

तसपछि विशाखा उपासिकाले श्रावस्तीको पूर्वदिशातिर एक जग्गा खोजिन् र नौ कोटी तिरी जग्गा खरिद गरिन्[१] ।

विहार निर्माणको काम शुरू भइरहेको बेलामा, एक दिन, प्रत्यूष समयमा ध्यानद्वारा भद्रीय नगरको श्रेष्ठीकुलमा जन्मेका भद्रीय श्रेष्ठीपुत्रले[२] धर्मावबोध गर्न सक्ने उपनिश्रय-सम्पत्ति[३] देखी, भगवान् बुद्ध, अनाथपिण्डिक गृहपतिको घरमा भोजन-कृत्य समाप्त गरी श्रावस्ती नगरको उत्तरद्वारबाट निस्कन लाग्नु भयो ।

स्वभावतः भगवान् बुद्ध, विशाखाको घरमा भोजन गरी श्रावस्ती नगरको दक्षिणद्वारबाट निस्की जेतवन विहारमा जानु हुन्थ्यो । अनाथपिण्डिक गृहपतिको घरमा भोजन गरी नगरको पूर्व-द्वारबाट निस्की पूर्वाराम विहार बनेपछि त्यहाँ जानु हुन्थ्यो । जब भगवान् उत्तरद्वारबाट निस्कनु हुन्छ अनि सबैले थाहा पाउँछन् कि भगवान् चारिकार्थ बाहिर जाँदै हुनुहुन्छ ।

त्यस दिन भगवान् 'उत्तरद्वारबाट निस्कनु' भयो भन्ने खबर सुनी हतार हतार गरी भगवान् कहाँ पुगी, वन्दना गरी विशाखा

---

१. ध. अ. क. पृ. २०४.

२. थेर. गा. पृ. २६९; भद्दजित्थेरगाथा; जा. अ. क. I. पृ. २८५ : महापनादजातकं, नं २६४.

३. आर्यसत्य धर्मावबोध गर्न सक्ने क्षमता ।

उपासिकाले बिन्ति गरिन्-

"भन्ते ! लाग्छ कि तथागत चारिकार्थ पाल्नु हुँदैछ ।"

"विशाखे ! हो ।"

"भन्ते ! त्यत्तिका धन खर्च गरी भगवान्‌कोनिम्ति विहार बनाउने काम शुरू गर्दैछु । अतएव अनुकम्पा राख्नु भई भगवान् बस्नु भए बेश हुने थियो ।"

"विशाखे ! तथागतको यो गमन न रोकिने गमन हो ।"

भगवान्‌को यति कुरा सुनी विशाखाले विचार गरिन् कि अवश्यमेव भगवान्‌ले कुनै हेतुसम्पन्न[1] पुरुषलाई देख्नु भयो होला[2] । यति विचार गरी विशाखाले भगवान्‌सँग यस्तो प्रार्थना गरिन्—

"भन्ते ! त्यसो भए विहार निर्माणको काम हेर विचार गर्न-सक्ने कुनै एक भिक्षुलाई छाडेर जानु भए बेश हुने थियो ।"

"विशाखे ! त्यसो भए जसलाई चाहन्छयौ उसको भिक्षा पात्र माग ।"

यद्यपि विशाखा उपासिकाले आनन्द महास्थविर प्रति विशेष स्नेह राख्छिन्, तर विहार निर्माणको कार्यकोनिम्ति ऋद्धि-सम्पन्न महामौद्गल्यायन महास्थविरद्वारा धेरै सघाउ पुग्न सक्ने छ

---

१. कुनै धर्मावबोध गर्न सक्ने सत्वलाई 'हेतुसम्पन्न' भन्दछन् ।

२. ध. अ. क. पृ. २०४.

भन्ने भावनाले, उनले महामौद्गल्यायन महास्थविरको भिक्षापात्र मागिन् । महास्थविरले भगवानको मुख ताक्नु भयो । भगवानले वहाँ-लाई "मौद्गल्यायन ! तिमी आफ्ना पाँचशय भिक्षु परिवारहरूका साथ यहीं बस" भनी आज्ञा दिनु भयो । अनि महास्थविर आफ्नो भिक्षु-परिषद् लिई जेतवन विहारमा फर्कनु भयो ।[1] ।

त्यसपछि महामौदगल्यायन महास्थविरको ऋद्धिप्रभावद्वारा पचासौं योजन गई रूखहरू काट्ने र ल्याउने तथा ढुँगाहरू ओसार्ने कामहरू सरलतापूर्वक भयो । सोही दिनमै पचासौं योजनहरू गएर ढुँगा, काठहरू ल्याइन्थ्यो । कसैलाई कुनै किसिमको थकावट आदि लाग्दैनथ्यो । यस प्रकार निर्माण-कार्य चाँडै नै समाप्त भई दुइतले विशाल प्रासाद तयार भयो । त्यस प्रासादमा, जिमिन तलामा पाँचशय कोठाहरू र माथिल्लो तलामा पाँचशय कोठाहरू गरी जम्मा एकहजार कोठाहरू थिए[2] । यस निर्माणकार्यमा जम्मा नौ कोटी धन लागेको थियो ।

यो खर्च, १००० कोठाहरू भएको दुइतले मुख्य प्रासादको

---

१. ध. अ. क. पृ. २०५; विमा. व. अ. क. पृ. १५१ : विहार-विमान ।

२. ध. अ. क. पृ. २०५; सुत्त नि. अ. क. पृ. ४०७ : द्वयतानु-पस्सनासुत्तं; उदा. अ. क. पृ. ११० : विसाखासुत्तं; विमा. व. अ. क. प. १५१ : विहारविमान ।

निमित्त मात्र होइन, परन्तु यस प्रसादलाई सुहाउँदो गरी बनाइएका अरू हज्जारौं परिवृत्त घरहरू समेतकानिम्ति लागेको हो। विहारको कम्पाउण्ड भित्र, जस्तै अनाथपिण्डिक गृहपतिले बनाएको जेतवन विहार भित्र मुख्यतया करेरिकुटी, कोसम्बककुटी, गन्धकुटी र सललागार[1] भन्ने घरहरू र अरू पनि धेरै घरहरू थिए[2]। त्यस्तै गरी यस विहार भित्र अरू दुइ दुइ गजुर भएका ५०० घरहरू, स्याना स्याना ५०० घरहरू र लामा लामा शाला (Hall) भएका ५०० घरहरू पनि थिए[3]।

विहारको भूमि प्रमाण जेतवन विहारको आठ (८) करीस थियो[4] भने यस विहारको प्रमाण एक (१) करीस[5] मात्र थियो; । अर्थात् चवालीस (४४) पाथी धानको बिउ रोप्नसक्ने भूमिभाग[6]

---

१. दी. नि. अ. क. I. पृ. २६९ : महापदानसुत्तं।

२. बु. गृ. पृ. ४१

३. म. नि. अ. क. II. पृ. २४७ : चूलतण्हासङ्खयसुत्तं; दी. नि. अ. क. II. पृ. ६२३ : अग्गञ्ञसुत्तं।

४. हेर. बु. गृ. पृ. ४१

५. ११ द्रोणी (=पाथी) को १ अम्मण,--अभि. प. गा. १०३२; ४ अम्मणको १ करीस--अभि. प. गा. १९७.

६. उदा. अ. क. पृ. ११० : विसाखासुत्तं; म. नि. अ. क. II. पृ. २४७; दी. नि. अ. क. II. पृ. ६२३.

अथवा अढाइ (२।।) एकड जमिन। विहारको कम्पाउण्ड चारैतिरबाट परखालले घेरिएको थियो। चारवटा ढोकाहरू थिए। प्रत्येक ढोकाना बैठक कोठाहरू (Waiting Rooms) थिए[१]।

मुख्य प्रासादमा दुइ अग्रश्रावकहरू बस्ने अत्यन्त सुन्दर दुइ कोठाहरूका बीच भगवान् बस्ने रत्नमय अतिसुन्दर कोठा थियो[२]। प्रासाद माथि साठी घडा जति पानी अट्ने प्रमाणको चैत्याकारको सुनौला गजुर (कूट), थियो[३]। विहार निर्माणको काम जम्मै नौ (९) महीना भित्र पुरा भयो[४]। चुल्लवग्ग पालि अनुसार विशाखाले अर्को एक 'हस्तिनख प्रासाद' बनाउने इच्छा गरेको कुरा तल उल्लेख गरिएको सूत्रको "सङ्घिक विहार" भन्ने शीर्षकमा प्रष्ट भएको छ[५]।

चारिकार्थ जानु भएका भगवान् बुद्ध पनि नवै महीना पछि श्रावस्तीमा फर्कनु भई जेतवन विहारमा जानु भयो। "भगवान् चारिकाबाट फर्की जेतवन विहारमा आइपुग्नु भयो" भन्ने खबर सुनी विशाखा उपासिका त्यहाँ गई भगवान्सँग नव निर्मित पूर्वाराम

---

१ सं. नि. अ. क. I पृ. ११६ : जटिलसुत्तं

२. म. नि. अ क II. पृ. १३७ : पासरासि वा अरियपरियेसनसुत्तं।

३. ध. अ. क. पृ. २०५ : विसाखायवत्थु।

४. ध. अ. क. पृ. २०५; विमा. व. अ. क. पृ. १५१

५. हेर. बु. रा. पृ. २५७ : 'सङ्घलाभ' शीर्षकमा।

प्रासादमा भिक्षुसङ्घ सहित चतुर्मास भरी बस्नुहुन बिन्ति गरिन्। भगवान्ले स्वीकार गर्नु भयो। अनि विशाखा उपासिकाले चतुर्मासभरी नौ कोटी धन खर्च गरी विहार महोत्सव गरिन्[१]।

विहार महोत्सव

चतुर्मासभरी विहार महोत्सव गर्दै नौ करोड रुपैयाँ खर्च गरी विहारलाई चाहिने फर्निचरहरू तथा अन्य सरसामानहरू जम्मै राखी, बुद्ध सहित भिक्षु सङ्घलाई चतुर्मासभरी विहारमै राखी भोजन दान दिन थालिन्। अन्तिम दिनमा बुद्ध प्रमुख भिक्षु सङ्घलाई अनेक परिष्कार सहित चीवर-वस्त्रहरू पनि प्रदान गरिन्। सङ्घको सबैभन्दा नौलो भिक्षुलाई प्राप्त भएको चीवरादि वस्त्रहरूको मूल्य नै एकहजार पुगेको थियो। सबै भिक्षुहरूको भिक्षा-पात्र भरी भरी औषधीहरू प्रदान गरिन्। यसरी चार महीनासम्म दानादि पुण्यकार्य र विहार महोत्सवकोनिम्ति जम्मा नौ कोटी धन खर्च भयो[२]।

पूर्वाराम विहारको भव्यताबारे हामीले निम्न कुराबाट अनुमान लगाउन सक्छौं।

विहार महोत्सव हुने बेलामा विशाखाकी एक साथी आई

---

१. ध. अ. क. पृ. २०५; म. नि. अ. क. II. पृ २४७; दी. नि. अ. क. II. पृ. ६२३; विमा व. अ. क. पृ. १५१.

२ ध अ. क. पृ. २०५; दी. नि. अ. क. II. पृ. ६२३; विमा. व. अ. क. पृ. १५१.

विशाखालाई भनिन् — "साथी, विशाखे ! तपाइले बनाउनु भएको विहारमा रु. १००० जाने एक गलैंचा बिच्छचाई दिई त्यसको पुण्य लिन चाहन्छु । अतएव सो गलैंचा कहाँ राख्न ठीक होला तपाइले बताइ दिनुहोस् ।"

उनको कुरा सुनी विशाखाले यसो भनिन्

"हे साथी ! यदि मैले तपाइलाई त्यस्तो गलैंचा राख्न योग्य स्थान छैन भनौं भने तपाइको मन दुख्नेछ । अतएव स्वयं प्रासादमा गई जहाँ राख्न सुहाउँछ उहीं राख्नुहोस् ।"

विशाखाको कुरा सुनी उनी एकहजार जाने सुन्दर गलैंचा लिई, प्रासादको सबै कोठाहरू घुमी हेर्दा कुनै पनि उपयुक्त ठाउँ नदेखी गलैंचा लिई एक कुनामा बसी रुँदै थिइन् । अनि आनन्द महास्थविरले उनलाई देखी "हे बहिनी ! यस्तो मङ्गलोत्सवको दिनमा तिमी किन रोइरहेकी ?" भनी सोध्नु हुँदा, उनले "भन्ते ! एकहजार जाने मेरो गलैंचा राख्न सुहाउँदो स्थान देखिन, त्यसैले दुःखी भई रोइरहेकी हुँ" भनी जवाफ दिइन् । अनि महास्थविरल उनलाई आश्वासन दिनु हुँदै "बहिनी ! त्यसो भए तिमीले त्यो गलैंचा लिस्नो निर वच्छचाइ देऊ । भगवान् प्रमुख भिक्षुसङ्घ पाल्नु हुँदा खुट्टा धोई भित्र पस्ने बेलामा तिम्रै गलैंचालाई भगवान् सहित भिक्षुसङ्घले सर्वप्रथम परिभोग गरेको हुनेछ । अनि तिमीले ठूलो पुण्यफल पाउनेछयौ" भनी संझाउनु भयो । उनी अत्यन्त खुशी भई आनन्द महास्थविरले बताउनु भएको उपाय बमोजिम उनले गलैंचा वच्छचाई दिइन्[1] ।

---

१. ध. अ. क. पृ. २०५.

विशालतामा जति अनाथपिण्डिक महाजनको जेतवन विहार थियो उत्तिनै सुन्दरतामा विशाखा मृगारमाताको पूर्वाराम विहार थियो। बुद्ध धर्म प्रति महत श्रद्धा राखी महान त्याग गर्ने पुरुषहरू मध्येमा अनाथपिण्डिक गृहपति अग्रगण्य भए जस्तै महान त्यागगर्ने स्त्रीहरूमध्येमा विशाखा महाउपासिका अग्रगण्य थिइन्। यो कुराको पुष्ट्याई तल उल्लिखित मूल सूत्रको "अग्रस्थान" शीर्षकले गरेको छ।

उता जेतवन महाविहारकोनिम्ति अनाथपिण्डिक महाजनले चउन्न (५४) कोटी धन खर्च गरे भने यता पूर्वाराम महाविहारको-निम्ति विशाखा महाउपासिकाले सत्ताइस (२७) कोटी धन खर्च गरेकी थिइन्[१]। यस्तो महान परित्याग गर्ने स्त्रीहरूमध्ये बौद्ध इति-हासमा विशाखा महाउपासिका नै अग्रगण्य छन्। महोत्सवको अन्तिम दिनमा विशाखा अत्यन्त आनन्दित थिइन्। उनको मन प्रीतिले भरिएको थियो। उनी आफूले गरेको शुद्ध पुण्यकार्यको अनुस्मरण गर्दै अत्यन्त प्रफुल्लित भइन्।

"मैले चिताएको जम्मै पुण्यकार्य निर्विघ्नतापूर्वक सम्पन्न भयो" भन्दै अत्यन्त गद् गद् भई सोही दिनको संध्यासमयमा आफ्ना छोरा छोरी, नाति, नातिनीहरूका बीच बसी, प्रासादमा डुल्दै उनले निम्न उद्‌गारहरू प्रकट गरिन्—

---

१. ध. अ. क. पृ. २०६ : विसाखायवत्थु।

(१) "कदाहं पासादं रम्मं, सुधामत्तिक लेपनं।
विहार दानं दस्सामि, सङ्कप्पो मय्ह पूरितो॥

(२) "कदाहं मञ्च पीठञ्च, भिसिबिम्बोहनानि च।
सेनासन भण्डं दस्सामि सङ्कप्पो मय्ह पूरितो॥

(३) "कदाहं सलाक भत्तं, सुचिं मंसूपसेचनं।
भोजन दानं दस्सामि, सङ्कप्पो मय्ह पूरितो॥

(४) "कदाहं कासिकं वत्थं खोमकप्पासिकानि च।
चीवरदानं दस्सामि, सङ्कप्पो मय्ह पूरितो॥

(५) "कदाहं सप्पी नवनीतं, मधुतेलं च फाणितं।
भेसज्जदानं दस्सामि, सङ्कप्पो मय्ह पूरितो' ति॥"

अर्थ—

१– "सेतो चूनले पोतेको सुरम्य विहार प्रासाद कहिले दान-दिन सकुँला भन्ने जुन मेरो मनोकामना थियो त्यो आज पुरा भयो।

२– "खाट, मेच, तकिया, डसना र शयनासनका वस्तुहरू कहिले दानदिन सकुँला भन्ने जुन मेरो मनोकामना थियो त्यो आज पुरा भयो।

३– "शुद्धमांसयुक्त सलाक-भोजन दान कहिले दिन सकुँला भन्ने जुन मेरो मनोकामना थियो त्यो आज पुरा भयो।

४– "काशीको वस्त्र, रेशम तथा सूतिका चीवरहरू कहिले दान दिन सकुँला भन्ने जुन मेरो मनोकामना थियो त्यो आज पुरा भयो।

५– "घ्यू, नवनीत, मधु, तेल, तथा गूँद युक्त भैषज्य कहिले दान दिन सकुँला भन्ने जुन मेरो मनोकामना थियो त्यो आज पूरा भयो[१]।"

विशाखाले यसरी प्रीति भरित उदान गाइरहेको देखी भिक्षुहरूले भगवान्सँग सोधे—

"भन्ते ! के, विशाखाको चित्त विकार त भएन अथवा पगली त भइनन्। उनी खूबसँग गीत गाइरहेकी छन् ?"

"भिक्षु हो ! विशाखाको शारीरिक वा मानसिक स्थितिमा कुनै विकार भएको छैन। अघि पद्मोत्तर बुद्धको[१] पालादेखि चिताएर आएको आफ्नो मनोकामना सिद्ध भएकोमा उनी हार्दिक प्रसन्न तथा सन्तोष भई, आफ्नो भित्री मनको प्रसन्नतालाई व्यक्त गर्दै उदान गाइ रहेकी हुन्" भन्नु हुँदै, भगवान्ले उपस्थित भिक्षुहरूलाई उनले अघिदेखि गरि आएको पुण्य सम्भारको प्रभावले यसजन्ममा महाधनी कुलमा उत्पन्न भई बुद्ध धर्मकोनिम्ति महान परित्याग गरेको कुरा बताई, जस्तै—कुनै दक्ष मालाकारले फूलको थुप्रो देख्ने बित्तिकै मालाहरू बुन्छ त्यस्तै विशाखाले पनि अनेक प्रकारले पुण्य चेतना

१. ध अ. क. पृ. २०६

उत्पन्न हुने कुशलकर्मरूपी मालाहरू बुन्दछन् भनी निम्न गाथा सुनाउनु भयो—

"यथापि पुप्फरासिम्हा कयिरा मालागुणे बहु।
एवं जातेन मच्चेन कत्तब्बं कुसलं बहु" ति॥"

अर्थ—

"फूलको ठूलो थूप्रोबाट जसरी फूल झिकी मालाकारले मालाहरू बुन्छ त्यस्तै मनुष्यलोकमा जन्मिने मानिसले धेरै पुण्यहरू गर्न सक्नु पर्छ[१]।"

विशाखाको सामाजिक जीवन

विशाखा उपासिका सबै नाता कुटुम्बहरू तथा इष्टमित्रहरूसँग मिली जुली बस्नसक्ने भद्रस्वभावकी नारी थिइन। आफूले जे जस्तो विश्वास गरेता पनि अर्काको विश्वासमा आक्षेप वा आघात पुऱ्याउने स्वभाव उनिमा थिएन। न त उनले आफ्नो धन, जन, यशकीर्तिको प्रभावद्वारा अरू माथि दबाउ राख्न चाहन्थिन्। बरू उनी सबैको प्रति दया, स्नेह तथा सहानुभूति राख्न सक्ने वीर नारी थिइन्।

एक दिनको कुरा हो—श्रावस्तीमा रक्सी पिउने उत्सव थियो[२]।

---

१ ध. अ. क. पृ. २०७

२. जा. अ क ४. पृ. १७९ : कुम्भजातकं, नं. ५१२

अनि विशाखाका पाँचशय साथी स्त्रीहरू आई विशाखालाई भने — "विशाखे ! आज उत्सव मनाउन पऱ्यो ।" उनीहरूको कुरा सुनी विशाखाले भनिन्— "साथी हो ! म रक्सी पिउन्न । यो उत्सव भने रक्सी पिउने उत्सव हो ।" विशाखाको कुरा सुनी उनीहरूले भने — "विशाखे ! त्यसोभए तपाइले बुद्धलाई निम्तो गरी भोजन दिनुहोस्, हामीहरू रक्सी आदि पिई उत्सव मनाउने छौं ।" विशाखाले उनीहरूलाई न निन्दा गरिन्, न त प्रशंसा नै । बल्कि उदारतापूर्वक उनीहरूको कुरालाई स्वीकार गरी बुद्धलाई निम्तो गरी भोजन दान दिइन् । साँझपख ती पाँचशय स्त्री साथीहरूसँग जेतवन विहारमा धर्मोपदेश सुन्न गइन् । ती स्त्रीहरू रक्सी पिउँदै विहारमा गए । विहारको ढोकामा पुग्दा पनि रक्सी पिए । बुद्ध भगवान्ले उपदेश सुनाइ रहनु भएको बेलामा कुनै तरहले पनि चुप लागेर बस्न नसकेका ती स्त्रीहरूले अनेक तरहले हातखुट्टा चलाउन थाले । अनि केही कराउन थाले, केही झगडा गर्न थाले, केहीले गाउन थाले र केहीले त नाच्न पनि थाले । यसप्रकार धर्मसभामा भइरहेको महाविकारतालाई देखी भगवान्ले उनीहरूलाई संवेग जनाउन, विरक्त पार्न आँखी भौं को रौंबाट कालो रश्मी निकाल्नु भयो र महाअन्धकार भयो । महाअन्धकार भएर आएको देखी उनीहरू सबै भयभीत हुँदा रक्सीको रङ्ग छुट्यो । त्यसपछि भगवान् आसनबाट अन्तरधान भई सुमेरुको मूर्धनीमा बस्नु भई हजारौं सूर्यहरूको तेज फैलिएको जस्तै आफ्ना ऊर्णालोमबाट स्वच्छ तथा चम्किलो रश्मीको तेज प्रसार गरी, उनीहरूले सुन्ने गरी निम्न गाथा भन्नु भयो—

"को नु हासो किमानन्दो,
निच्चं पज्जलिते सति।
अन्धकारेन ओनद्धा,
पदीपं न गवेस्सथा' ति॥"

अर्थ—

"सँधै आगोको ज्वाला दन्कीरहेको ठाउँमा के हाँस्ने र के आनन्द लिने ! अन्धकारले ढाक्दा पनि (तिमीहरूले) बत्ती किन न खोजेको ?"

यो गाथा सुन्दा सुन्दै ती स्त्रीहरूका हृदयको दियो बली उनीहरूले स्रोतापन्नफल साक्षात्कार गरे। यसपछि विशाखा उपासिकाले भगवान्सँग "भन्ते ! लज्जा, भय र त्रास जस्ता गुणहरू दूर गर्न सक्ने यस्तो भयंकर रक्सीको प्रादुर्भाव कहिलेदेखि भएको होला" भनी प्रश्न सोधे पछि वहाँले रक्सी उद्गम भएको कारण बताउनु हुँदै कुम्भजातकको[1] अतीत कथा सुनाउनु भयो।

यस्तै प्रकारको कुरा धर्मपद्अर्थकथामा पनि समुल्लेख भएको पाइन्छ। त्यहाँ ती स्त्रीहरूका पतिहरूले विशाखासँग सत्संगत गराएमा तिनीहरू सुध्रिने छन् भन्ने आशा गरी उनीहरूलाई विशाखाको हातमा सुम्पी दिएका थिए भन्ने कुरा उल्लेख भएको छ[2]।

× × ×

---

१. जा अ. क. ४. पृ. १७९, नं. ५१२

२. ध. अ. क. पृ. २८५ : विसाखाय सहायिकानं वत्थु।

अर्को एक दिन, एक उपोसथको दिनमा पाँचशय जति स्त्रीहरू उपोसथिक भई पूर्वाराम विहारमा गए। (१) त्यहाँ विशाखा उपासिकाले ती उपोसथिक स्त्रीहरूमध्ये एक वयोवृद्ध स्त्रीसँग "अम्मे ! किन तपाइ उपोसथिक हुनु भएको ?" भनी सोध्दा उनले "दिव्यसम्पत्ति प्राप्त गर्ने आशाले" भनी जवाफ दिइन्। (२) अर्को एक अर्ध बैंशे खालकी स्त्रीसँग विशाखाले "अम्मे ! तिमी किन उपोसथिक भएकी ह्वौ ?" भनी सोध्दा उनले "सौतेनीसँग बस्न न परोस् भन्ने हेतुले" भनी जवाफ दिइन् (३) फेरि विशाखाले अर्की एक युवतीसँग "अम्मे ! तिमी किन उपोसथिक भएकी ह्वौ ?" भनी सोध्दा उनले "पहिलो गर्भधानमै छोरा जन्माउन सकुँ भन्ने आशाले" भनी उत्तर दिइन्। (४) पुनः एक अर्की कुमारीसँग "अम्मे ! तिमी किन उपोसथिक भएकी ह्वौ ?" भनी सोध्दा उनले 'युवती छँदै पतिकुलमा जानपाऊँ भन्ने आशाले" भनी जवाफ दिएको सुनी, ती सबै स्त्रीहरूलाई लिई भगवान्कहाँ गई, विशाखाले उनीहरूले बताएका कुरा जम्मै भगवान्लाई सुनाइन्[१]। त्यसपछि भगवान्ले यसै सन्दर्भमा विशाखालाई आमन्त्रण गर्दै तीन प्रकारले उपोसथ व्रत पालन गर्ने मानिसहरू छन् भनी भन्नु भयो। जुन कुरा तल उल्लिखित मूल सूत्रको "तीनप्रकारका उपोसथ व्रतहरू" भन्ने शीर्षकमा प्रष्ट भएको छ।

× × ×

---

१. ध. अ. क. पृ. ३६६ : विसाखादिनं उपासिकानं उपोसथकम्मवत्थु।

मङ्गलसम्मत प्राप्त भएको हुँदा कसैको कुनै मङ्गलकार्यमा विशाखा उपासिकालाई निम्त्याउंदथे भन्ने कुरा तल उल्लिखित मूल-सूत्रको "अनिश्चित नियम" भन्ने शोर्षकमै प्रष्ट देखिन्छ।

श्रावस्ती नगरवासीहरुले भिक्षुसङ्घलाई दान दिन पर्दा पहिले, उनीहरूले विशाखा र अनाथपिण्डिक गृहपतिहरूको स्वीकृति लिन्थे र उनीहरूलाई पनि निम्त्याई भिक्षुहरूलाई भोजन गराउँथे। कसैले दान दिंदा "अनाथपिण्डिक वा विशाखा उपासिका छैन" भनी भन्न-पर्दा, जतिसुकै खर्चगरी दान दिएतापनि त्यस दानकार्यलाई लोकवासी-रूहले सन्तोष व्यक्त गर्दैनथे। "अनाथपिण्डिक र विशाखा नै न भएको दान, के दान होला र!" भन्ने भनाइ हुन्थ्यो। त्यसैले उनीहरूको उपस्थितिकोनिमित्त उनीहरूसँग स्वीकृति लिने चलन चलेको थियो। यसो गर्नाको अर्को कारण यिनीहरू भिक्षुसङ्घका विश्वासी थिए। यिनी-हरूले सङ्घको मनोभाव बुझी भोजन गराउने तरिका राम्ररी जान्दथे र यिनीहरूको उपस्थितिमा भिक्षुसङ्घले मनफुकाई विश्वासपूर्वक भोजन गर्दथे। यी कारणहरूलेगर्दा अनाथपिण्डिक र विखाशा उपासिकालेण आफ्नो घरमा आउने भिक्षुसङ्घलाई स्वयं सेवा टहल गर्ने फुर्सद न पाउने भएको हुँदा, सङ्घसेवाकोनिम्ति विशाखाले दत्ता भन्ने नातिनीलाई र अनाथपिण्डिक गृहपतिले क्रमश महासुभद्रादि छोरीहरूलाई जिम्मा दिएका थिए[1]।

× × ×

---

१. ध. अ. क. पृ. ७६: सुमनादेवियावत्थु।

देवदत्त भिक्षुको आश्रयलिई प्रव्रजित भएकी कुमार कश्यप-माताको गर्भ भएको कुरा सुनी देवदत्त भिक्षुले आफ्नो बदनाम होला भन्ने डरले, गर्भिणी भएकी भिक्षुणीकोबारेमा कुनै सत्यासत्य कुरा सम्म-पनि सोधपूछ नगरी, चीवर छाड्न लगाउन लाग्दा कुमारकश्यपमाता भिक्षुणी देवदत्तकहाँबाट जेतवन विहारमा गई भगवान्‌बुद्धको शरणमा गइन् । सो भिक्षुणीकोबारेमा सत्यासत्य कुरा परीक्षण गराउन बुद्धभगवान्-द्वारा गठित कमिशनमा विखाशा महाउपासिका, प्रमुख परीक्षिका थिइन् । विशाखाले निष्पक्षतापूर्वक भिक्षुणीको परीक्षा गरिन् । अनि विशाखाले भगवान्‌लाई कुमारकश्यपमाता, भिक्षुणी हुनुभन्दा अगावै उनको गर्भधारण भएको कुरा विन्ति गरिन्[1] । विशाखामहाउपासिका बुद्धसहित भिक्षुसङ्घकानिम्ति परम विश्वासिनी उपासिका थिइन् ।

× × ×

विशाखालाई पछिसम्म पनि विभिन्न ज्ञातिकुलहरूबाट दाइजो-उपहारहरू प्राप्त हुँदै थियो । एकदिन, ज्ञातिकुलबाट आएको मणि-मुक्तादि रत्नहरूको भंसार, श्रावस्ती नगरद्वारले प्रमाणभन्दा अधिक, अन्यायपूर्वक लिनलाग्दा, उनले प्रसेनजित कोशलराजा भेट्ने प्रयत्न गरेकी थिइन् । तर बिहानभरी, खाँदै न खाई राजदरबारमा कुरेर बसेर पनि विशाखाले प्रसेनजित राजालाई भेट्न नसकी, अन्तमा कर्मचारीहरू-ले लगाए बमोजिम बढी भंसार तिरिन् । यसबाट उनको चित्त दुखेको हुँदा र आफ्नो अभिलाषा अनुसार राजाले निसापगरि नदिएकोले उनले

---

१. ध. अ. क. पृ. ४०६: कुमारकस्सपत्थेरस्समातुयावत्थु; थेर. गा. अ. क. पृ. ३२२: कुमारकस्सप; अप. अ. क. पृ. ४२९

भगवान्कहाँ गई राजाको गुनासो सुनाउन गएको कुरा तल उल्लिखित सूत्रको "पराधीनता दुःख हो" भन्ने शीर्षकले प्रष्ट गरेकोछ[1]।

× × ×

सङ्घसेवा

नित्यप्रति विहारमा गई भिक्षुसङ्घको हेरचाह गर्नु, शयकडौं नाताकुटुम्ब भएकी विशाखाको दैनिक जीवनको एक अङ्ग जस्तै भइसकेको थियो।

अनाथपिण्डिक गृहपतिको घरमा झैं उनको घरमा पनि नित्यप्रति अढाइ हज्जार भिक्षुहरूकोनिम्ति आसनहरू बिच्छ्याइ राखेको हुन्थ्यो[2]। विहानपख उनको घरमा काषाय·वस्त्रको वायुमण्डलले भरिएको हुन्थ्यो। विहानपख हज्जारौं भिक्षुहरूलाई आफ्नो घरमा आमिस भोजनहरूद्वारा संग्रह गरी, साँझपख उनी अष्टपान[3] लिनलगाई

---

१. उदा. अ. क. पृ. ११०: विसाखासुत्तं।

२. ध. अ. क. पृ ७६: सुमनादेवियावत्थु।

३. आँपकोसर्वत्, जमुनाकोसर्वत्, केरा (ब्यू भएको केरा, अर्थात् झ्प्री केरा, को सर्वत्, केरा (ब्यू नभएको) को सर्वत्, मधुकोसर्वत्, दाखकोसर्वत्, उत्पलादि दाठीकोसर्वत्, र फारूसक (=फूलवर्ग) को सर्वत्—यी आठ प्रकारका सर्वत्लाई "अष्टपान" भन्दछन्। महा. व पृ. २६० : भेसज्जक्खन्धकं, अ. क. पृ. ८१७

विहारमागई, धर्मोपदेश सुनी, भिक्षुहरूलाई अष्टपान र चतुमधु[१] इत्यादिद्वारा सङ्ग्रह गर्थिन्[२] ।

कहिले कहिले विशाखा उपासिका धर्मोपदेश सुनिसकेपछि सुप्रिया (सुप्पिया) जस्ता परममित्रसँगै विहारमागई भिक्षुहरूको हेर-चाह गर्न जान्थिन्[२] भन्ने कुरा माथिपनि उल्लेख भइसकेको छ ।

श्रावस्तीमा आउने कुनैपनि नवागत भिक्षु, भिक्षुणी, श्रामणेर तथा श्रामणेरीहरूले विशाखाको घरमा भोजन न गरेको हुन्नथ्यो । जोसुकै आएपनि विशाखाको घरमा कुनैन कुनै प्रकारको भोजन उसले प्राप्त गरेकै हुन्छ ।

तर एकदिन, एक जनपदबाट आएका भिक्षुले विशाखा र अनाथपिण्डिक गृहपतिको घरमा केही नपाएकोले उनीहरूको अपवाद गरेका थिए । यी भिक्षु जनपदवाट श्रावस्तीमा आई केही भिक्षुहरूसँग "श्रावस्तीमा आउने आगन्तुक भिक्षुलाई कसले खुवाउँछ" भनी सोध्दा उनीहरूले अनाथपिण्डिक र विशाखा उपासिकाले खवाउँछन् र उनी-हरू भिक्षुसङ्घका आमा बाबु जस्ता हुन भन्ने सुनी, उनी भोलिपल्ट उज्यालो नहुँदै विशाखाको घरमा गएका थिए । तर त्यसबेला त्यहाँ कसैलाई पनि न देखी अनाथपिण्डिकको घरमा गए । त्यहाँ पनि कसैलाई देखेनन् र उनी त्यसै फर्के । अनि यिनले विशाखा र अनाथपिण्डिकको अपवाद गरे । यसै सन्दर्भमा भगवान्ले उनीसँग कुरा सोधी कुवेलामा

१. घ्यू. नवनीत, तेल र मधुलाई 'चतुर्मधु' भन्दछन् ।

२. अं. नि. अ. क. I, पृ. २२६

गएर भिक्षा नपाएको कारणले उनीहरूको अपवादगर्नु ठीक छैन भनी भन्नुभयो। अतीतकालका तापसहरूले भिक्षा गएको ठाउँमा भिक्षा नपाएर पनि कसैको निन्दा गरेनन् भन्दै पोठजातकको[1] कुरा सुनाउनु भयो।

यस्तै दूरदर्शिता भएर नै विशाखाले भगवान्सँग नित्य यागु, भोजनादि दिनपाउने आठ वरहरू मागेर लिएकी हुन्। यो कुरा तल मूलसूत्रको "आठ वरहरू" भन्ने शीर्षकमा वर्णित छ।

दानवस्तुहरू दिनमा विशाखा बढी चतुर थिइन्। स्यानोभन्दा स्यानो दैनिक आवश्यकताका चीजहरूमा पनि दृष्टि पुऱ्याई दान दिन जान्दथिन् भन्ने कुरा तल उल्लिखित सूत्रको "घैंटो आदि दान" भन्ने र 'रुमाल दान" भन्ने शीर्षकबाट प्रष्ट भएकोछ।

एकदिन, भगवान् पूर्वाराम विहारमा बसिरहनु भएको बेलामा त्यहाँ भिक्षुहरूका बीचमा विशाखाको बुद्धिमानिता, दूरदर्शिताबारे कुरा चलिरहेको थियो—"अहो, कस्ती विचारवती होलिन् यी विशाखा! स्त्री जाति भएरपनि कत्रो बुद्धि पुऱ्याई भगवान्सँग आठ वरहरू मागेर लिएकी रहिछन्।" यस्तो भन्दै सभामा विशाखाको प्रशंसा गर्दैथिए। अनि भगवान् त्यहाँ आइपुग्नु भई भिक्षुहरूसँग "के कुरा भइरहेको थियो" भनी सोध्नु भएपछि भिक्षुहरूले विशाखाले आठ वरहरू मागी लिएको बारे प्रशंसा भइरहेको थियो भन्ने कुरा सुनाए। त्यसपछि

१. जा. अ. क. III. प. ८२, नं. ३३७

भगवान्‌ले भिक्षुहरूलाई सम्बोधन गर्नु हुँदै— "भिक्षुहो ! विशाखाले मसँग वरहरू मागेर लिएकी अहिले मात्र होइन अघि पनि मागेर लिएकी थिइन्" भनी भन्नु भई सुरुचिजातकको[1] अतीत कुरा व्यक्त गर्नुभयो ।

पूर्वाराम विहारमा भगवान् बुद्ध

भगवानबुद्धले बुद्धत्व प्राप्त गरिसक्नु भएपछि बीसौं वर्षसम्म यत्रतत्र वर्षावास बिताउनु भयो । त्यसपछि जेतवन महाविहार र पूर्वाराम महाविहार तयार भइसकेपछि, मुख्यतया यिनै दुवै विहार-हरूमा आलोपालो गर्दै चौबीस (२४) वर्षावासहरू बिताउनु भयो[2] । यसमध्ये अनाथपिण्डिकको जेतवन विहारमा अट्ठार (१८) र विशाखाको पूर्वाराम विहारमा छ (६) वर्षावासहरू बिताउनु भयो ।

यसबाट हामी अनुमान लगाउन सक्छौं कि जेतवन विहार निर्माण भइसकेको कतिपय वर्षपछि मात्र पूर्वाराम विहारको निर्माण भएको कुरा ।

---

१. जा. अ. क. V. पृ. ३०, नं. ४८९

२. म. नि. अ. क. II. पृ. १३७: अरियपरियेसन वा पासरासि-सुत्तं; अं. नि. अ. क. I. पृ. ३१४: दुकनिपात, समचित्त-वग्गो; दी. नि. अ. क. II. पृ. ६२३: अग्गञ्ञसुत्तं; बु. रा. पृ. १५२ को पादटिप्पणी ।

बीसौं वर्षपछि श्रावस्तीलाई मुख्य केन्द्र मानेर भगवान् बुद्ध बस्न थाल्नु भएपछि अनाथपिण्डिक र विशाखा उपासिका प्रति अनुकम्पाराखी क्रमश एक दिन जेतवन विहार र अर्कोदिन पूर्वाराम विहारमा बस्न थाल्नु भयो।

जेतवन विहारमा रात बिताउनु भएको भोलिपल्ट भिक्षुसङ्घले परिवृत भई श्रावस्तीको दक्षिणद्वारबाट नगर भित्र पसी श्रावस्तीमा भिक्षाटन गरी नगरको पूर्वद्वारबाट निस्की दिवाविहारकोनिम्ति पूर्वाराम विहारमा जानु हुन्थ्यो[1]। त्यस्तै गरी पूर्वाराममा रात बिताई भोलिपल्ट पूर्वद्वारबाट नगर भित्र पसी, श्रावस्तीमा भिक्षाटन गरी नगरको दक्षिणद्वारबाट निस्की दिवा विहारकोनिम्ति जेतवन विहारमा जानु हुन्थ्यो। यस प्रकार यी दुवै महाकुलहरूको संग्रह गर्नु हुन्थ्यो। बुद्धशासनकोनिम्ति यी दुवै कुलहरूले जति परित्याग गरे त्यति कसैले पनि गरेको छैन[2]।

बुद्धको दिन-चर्या

यी युगल विहारहरूमा बस्नु हुँदा भगवान् बुद्धको दिनचर्या विशेष गरी पाँच भागमा विभाजित भएको थियो —

---

१. म. नि. I. पृ २०९ : पासरासिसुत्तं; अं. नि-६. पृ ५९ : नागसुत्तं।

२. म. नि. अ. क. II. पृ. १३७; अं नि. अ. क. I. पृ.३१४; दी. नि. अ. क. II. पृ. ६२३; ध. अ. क. पृ. २०४.

(१) भोजन पहिलेको चर्या, (२) भोजनपछिको चर्या, (३) पूर्वीग्रामको चर्या, (४) मध्ययामको चर्या तथा (५) पश्चिमयामको चर्या।

१— "भोजन पहिलेको चर्या" भन्नाले—विहान सबेरै उठी, मुख धुने आदि शारीरिक काम सिध्याई, भिक्षाटन जाने बेला नभएसम्म खुला स्थानमा बसी भगवान् बुद्ध समय बिताउनु हुन्छ। गाउँ, निगम वा शहरमा भिक्षाटन जाँदा भगवान् बुद्ध कहिले एक्लै, कहिले भिक्षुसङ्घ सहित; कहिले साधारण रूपमा, कहिले असाधारण रूपमा--ध्यानमय ऋद्धि प्रातिहार्य प्रदर्शन गर्दै जानु हुन्छ। यस अवस्यामा शरीरबाट छ वर्ण रश्मी[१] पनि देखिन्छ। यसप्रकारको विशेषरूपको गमनमा केही मानिसहरू शरणागमन जान्छन्, केही मानिसहरूले समाधिलाभ गर्छन्, केहीले स्रोतापन्नादि फल पनि साक्षात्कार गर्छन। अनि केही प्रव्रजित भएर जान्छन्। यसरी महाजनहरूलाई संग्रह गर्नु भई भिक्षाटनबाट फर्कनु हुन्छ। त्यसपछि अरू भिक्षुहरूको भोजन्-कृत्य न सिद्धिएसम्म भगवान् बुद्ध सुवासित बुद्धासनमा बसिरहनु हुन्छ र भिक्षुहरूको भोजन-कार्य सिद्धिएपछि उपस्थाक भिक्षुले भगवान्लाई त्यसको जानकारी दिन्छ। त्यसपछि भगवान् गन्धकुटीमा प्रवेश गर्नु हुन्छ। यहाँसम्मलाई "भोजन पहिलेको चर्या" भन्दछन्।

---

१. नील, पीत, लोहित, ओदात, (=सेतो), मञ्जेठ र प्रभास्वर आदि छ वर्णलाई 'छवर्ण-रश्मी' भन्दछन्। अट्ठ. सा. पृ. ११ : निदानकथा।

२—"भोजन पछिको चर्या" भन्नाले—गन्धकुटीमा प्रवेश गर्नु भएपछि भगवान्ले हात खुट्टा पखाल्नु हुन्छ र पीरामा बसी भिक्षुसङ्घलाई अववाद उपदेश दिनु हुन्छ—"भिक्षु हो ! बुद्धोत्पाद दुर्लभ छ, मनुष्यत्व दुर्लभ छ, क्षणसम्पत्ति[1] दुर्लभ छ प्रव्रज्यत्व दुर्लभ छ तथा सद्धर्म श्रवण पनि दुर्लभ छ ।" अनि त्यहाँ भिक्षुहरूले भगवान्सँग कर्मष्ठान[2] विषयका कुराहरू सोध्छन् र भगवान्ले उनीहरूको चरित्रानुकूल समाधि विषय-शिक्षा दिनुहुन्छ। त्यसपछि भिक्षुहरू आ-आपना रुचि अनुसार केही दिवास्थानमा, केही रात्री स्थानमा, केही रूखमनी, केही जङ्गलमा, केही पर्वतमा तथा केही गुफामा बस्न जान्छन् । त्यसपछि इच्छा लाग्यो भने भगवान् गन्धकुटीमा, स्मृति सम्प्रजन्य भई मुहूर्त मात्र दाहिने हातमा शीर अडेस लगाई सिंहशय्या मुद्राले लेट्नु हुन्छ। शरीरलाई आराम दिएको केहीछिनपछि सिंहशय्याबाट उठी दिनको दोश्रो भाग ध्यानद्वारा लोकलाई हेर्नु हुन्छ। तेश्रो भागमा जुन गाउँ, निगम तथा नगरमा बस्नु भएको छ, त्यस गाउँ, निगम तथा नगरका मानिसहरू शुद्ध बस्त्र लगाई. सुवासित फूलहरू हातमा लिई विहारमा जम्मा हुन्छन् । भगवान् त्यस धर्मसभामा गई बिच्छ्याइ राखेको धर्मासनमा बसी उनीहरूलाई वहाँले कालानुकूल, समयानुकूल धर्मोपदेश गर्नु हुन्छ । त्यसपछि समय जानी समूहलाई विदा दिनुहुन्छ।

---

१ संयोग सम्पत्ति । यसबारे अं. नि-८. पृ. ३२८ : अक्खणसुत्तं हेर्नु पर्छ ।

२. ध्यानको विषय ।

मानिसहरू भगवान्‌लाई बन्दना गर्दै, प्रदक्षिणा गर्दै फर्केर जान्छन्। यहाँसम्मलाई "भोजन पछिको चर्या" भनी भन्दछन्।

३— "भोजन पछिको चर्या समाप्त भइसके पछि, शरीर पखाल्ने इच्छा लागेमा (ओसिञ्चितुकामो) बुद्धासनबाट उठी नुहाउने कोठामा गई, उपस्थाकले तयार पारिराखेको पानीले शरीर पखाली शारीरिक थकावट दूर गरी, शरीर चंगा पार्नु हुन्छ। त्यतिञ्जेल उपस्थाकले गन्धकुटीको परिवेण (आँगन) मा बुद्धासन लगाई दिन्छ र रक्तवर्ण दोपट्टा चीवर एकांसगरी भगवान् त्यहाँ गई एकान्त बास गरी समाधिष्ठ भई बस्नु हुन्छ। त्यसपछि भिक्षुहरू आ-आफ्ना स्थानबाट बुद्धको उपस्थानमा आउँछन् र बुद्धसँग कसैले ध्यानबारे तथा कसैले धर्मबारे प्रश्नहरू सोध्छन्। बुद्धले उनीहरूको अभिप्राय अनुसार कार्यसम्पादन गर्नु हुँदै "पूर्वीयामको चर्या" पूरा गर्नु हुन्छ।

४— "पूर्वीयामको चर्या सिद्धिएपछि भिक्षुहरू भगवान्‌लाई बन्दना गर्दै फर्केर जान्छन्। अनि अवकाश पाएका दशसहश्री लोक धातुका देवगणहरू भगवान्‌कहाँ आउँछन् र उनीहरूले सोधेका प्रश्नहरूको उत्तर दिनु हुँदै भगवान्‌ले "मध्यमयामको चर्या" पूरा गर्नु हुन्छ।

५— "बिहानदेखि व्यस्त भएको चातुर्महाभौतिक शरीरलाई केही आराम दिन भगवान् बुद्ध पश्चिमयामलाई तीन खण्डमा विभाजित गरी—(क) पहिलो खण्डमा टहलिनु हुन्छ र (ख) दोश्रो खण्डको समय गन्धकुटी भित्र गई स्मृति सम्प्रजन्य भई दाहिने हातमा शीर

अडेस लगाई सिंहशय्याको मुद्रामा आराम लिनु हुन्छ। (ग) तेश्रो खण्डमा सिंहशय्याबाट उठी, अतीत कालमा बुद्धहरूका समक्ष प्रार्थना गरी, दान, शीलादि गुणधर्महरू पुरा गरी आएका, धर्मविबोध गर्नसक्ने विज्ञपुरुषहरूको खोजी गर्नु हुँदै बुद्ध-चक्षु फैलाई, "कसलाई उद्धार गर्न सकिएला" भन्दै महाकरुणा समापत्तिद्वारा ज्ञानरूपी जाल फैलाउनु हुन्छ[१]। यसलाई "पश्चिमयामको चर्या" भन्दछन्।

पूर्वाराम विहारको महत्ता

यद्यपि पूर्वाराम विहारमा भगवान्‌ले केवल छ वर्षाकाल मात्र बिताउनु भएको थियो, तापनि पूर्वाराम विहारमा धेरै अपूर्व घटनाहरू घटेका छन्।

एकदिन, गाउँ, निगमबाट आएका शयकडौं भिक्षुहरूले "भगवान्‌को श्रीमुखबाट उपदेश सुन्न नपाएको धेरै दिन भइसक्यो" भनी आनन्द महास्थविरलाई सुनाए। आनन्द महास्थविरले मृगार-प्रासाद नगिच रम्मक ब्राह्मणको आश्रममा भगवान्‌द्वारा उपदेश हुने कुरा उनीहरूलाई सूचना दिएपछि उनीहरू त्यहाँ गएर धार्मिक कुरा गरी बसे। संध्या समयमा शरीर पखालिसकेपछि भगवान, उप-देशकोनिम्ति त्यस आश्रममा जानु भयो। त्यहाँ भित्र भिक्षुहरूको धार्मिक चर्चा भइरहेको सुनी बाहिरै पर्खनु भयो। पछि भिक्षुहरूको

---

१. अं. नि. अ. क. I. पृ. ३६ : एककनिपात, छट्ठोवग्गो; सं. नि. अ. क. I. पृ. १८९ : कसिभारद्वाजसुत्तं।

धर्मकथा सकिएपछि भगवान्ले उनीहरूलाई 'पासरासि वा अरिय-परियेसन सुत्तं'[१] को उपदेश सुनाउनु भयो । चूलतण्हासङ्खय[२] सूत्रको उपदेश पनि पूर्वाराम विहारमै गर्नु भएको हो । यस सूत्रमा शक्रदेवेन्द्रले भगवान्सँग तृष्णा क्षय गर्ने बारे सोधेका कुराहरू उल्लेख भएका छन् । यसै गरी मज्झिम निकायको वाहितिक सुत्तं[३], गणकमोग्गल्लान सुत्त[४], चूलपुण्णम सुत्तं[५], आनापान सुत्तं[६], तथा चूलसुञ्ञत सुत्त[७], जस्ता महत्वपूर्ण सूत्रहरूको देशना पनि मृगार प्रासादमै भएको हो ।

एकदिन, भगवान् जेतवन विहारमा बस्नु भएको बेलामा, पश्चिमयामको चर्या समाप्त गरी महाकरुणा समापत्तिद्वारा लोकमा हेरि-रहनु भएको थियो । त्यस बेलामा वहाँले धेरै मानिसहरूद्वारा धर्माभि-समय प्राप्त गर्ने कुरा देख्नु भयो । यस बारे अरू पनि कारणहरू विचार गर्दा "विशाखाको रत्नमय प्रासादमा बसी धर्मसेनापति सारिपुत्रको धर्मोपदेश सुनी, आज साँझ विशाल जनसमूहले धर्मावबोध

---

१. म. नि. I. पृ. २०९, अ क. II. पृ. १३६.

२ म. नि. I. पृ. ३१०, अ. क. II. पृ. २४६.

३. म. नि II. पृ. ३५९, अ. क. III. पृ. २३८.

४. म. नि. III. पृ. ६१, अ. क. IV. पृ. ४७.

५. म. नि. III पृ ८३, अ. क. IV. पृ. ५५

६. म. नि. III. पृ. १४२, अ. क. IV पृ. ९४.

७. म. नि. III. पृ. १६८, अ. क. IV. पृ. १०३.

गर्ने छन् । अग्रश्रावकहरूका तीन विशाल समागममध्ये यो एक हुनेछ" भनी बुझनु भई, बिहानका कृत्य सिध्याई चीवर पारुपन गरी (पहिरी) शैलमय पात्र लिई, भिक्षुसङ्घले परिवृत्त भई, दक्षिणद्वारबाट नगर प्रवेश गरी भिक्षाटन पछि मृगारमाताको प्रासादमा नगई दक्षिणद्वारबाट फर्की द्वारको बाहिरै खुला ठाउँमा बस्नुभयो ।

अनि त्यहाँ असीति महाश्रावकहरू[1], भिक्षुणी परिषद्, उपासक परिषद् तथा उपासिका परीषद् गरी चारै परिषद्हरू भेला भए । त्यसैबेला भगवान् बुद्धले सारिपुत्र महास्थविरलाई आमन्त्रण गर्नु हुँदै यसो भन्नु भयो —

"सारिपुत्र ! आज तिमी तिम्रा परिवार भिक्षुहरू लिई पूर्वाराम विहारमा जाऊ ।"

---

१. असीतिमहाश्रावकहरू यी हुन्—

१. अञ्ञाकोण्डञ्ञ	महास्थविर	९ सुबाहु	महास्थविर
२. वप्प	"	१०. पुण्णजि	"
३. भद्दिय	"	११. गवम्पति	"
४. महानाम	"	१२. उरुवेल कस्सप	"
५. अस्सजि	"	१३ नदी कस्सप	"
६. नालक	"	१४. गया कस्सप	"
७. यस	"	१५. सारिपुत्त	"
८. विमल	"	१६. मोग्गल्लान	"

भगवान्को आज्ञा सुनी सारिपुत्र महास्थविर आफ्ना पाँचशय भिक्षु परिवारहरू लिई पूर्वाराम विहारमा जानुभयो ।

त्यसपछि क्रमशः असीतिमहाश्रावकहरू लगायत सबै परिषद्-लाई पनि पूर्वाराम विहारमै पठाई आफू स्वयं आनन्द महास्थविरका-साथ जेतवन महाविहारमा जानुभयो । विहारमा पुगी भगवान्लाई

---

१७. महाकस्सप ”
१८. महाकच्चान ”
१९. महाकोट्ठित ”
२०. महाकप्पिन ”
२१. महाचुन्द ”
२२. अनुरुद्ध ”
२३. कङ्खारेवत ”
२४. आनन्द ”
२५ नन्दक ”
२६. भगु ”
२७. नन्द ”
२८. किम्बिल ”
२९. भद्दिय ”
३०. राहुल ”
३१. सीवली ”
३२. उपाली ”
३३. दब्ब ”
३४. उपसेन ”
३५. खदिरवनियरेवत ”
३६. पुण्णमन्तानि पुत्त ”
३७. पुण्ण (सुनापरन्तक) ”
३८ सोण (कुटिकण्ण) ”
३९. सोण (कोलिवीस) ”
४०. राध ”
४१. सुभूति ”
४२. अंगुलिमाल ”
४३. वक्कली ”
४४. कालुदायी ”
४५. महाउदायी ”
४६. पिलिन्दवच्छ ”
४७. सोभित ”
४८. कुमारकस्सप ”

गर्नुपर्ने सेवाटहल गरिसकेपछि आनन्द महास्थविरले पनि पूर्वाराम महाविहारमै जाने इच्छा प्रकट गर्नुभयो । अनि भगवान्को स्वीकृति लिई आनन्द महास्थविर पनि पूर्वाराम महाविहारमै जानुभयो । भगवान एक्लै मात्र जेतवन महाविहारमा बस्नुभयो ।

---

४९. रट्ठपाल	"	६५. अजित	"
५०. वङ्गीस	"	६६. तिस्समेत्तेय्य	"
५१ सभिय	"	६७ पुण्णक	"
५२. सेल	"	६८ मेत्तगु	"
५३. उपवान	"	६९. धोतक	"
५४ मेघिय	"	७०. उपसिव	"
५५. सागत	"	७१. नन्द	"
५६. नागित	"	७२. हेमक	"
५७. लकुण्टक भद्दिय	"	७३. तोदेय्य	"
५८. पिण्डोल भारद्वाज	"	७४. कप्प	"
५९. महापन्थक	"	७५. चतुकण्णि	"
६०. चूलपन्थक	"	७६. भद्रावुध	"
६१. बक्कुल	"	७७. उदय	"
६२. कोण्डधान	"	७८. पोसाल	"
६३. दारुचीरिय	"	७९. मोघराज	"
६४. यसोज	"	८०. पिङ्गिय	"

—सि. बु. च. पृ. १९९

त्यसदिन चारै परिषद्हरू धर्मसेनापति सारिपुत्र महास्थविरको धर्मोपदेश सुन्न चाहन्थे ।

प्रसेनजित कोशलराजा पनि आफ्नो विशाल राजपरिवारका साथ पूर्वाराम विहारमै गए । अनाथपिण्डिक महाजन पनि उनका पाँचशय परिवारहरू लिई उहीं नै गए । विशाखा महाउपासिका पनि दुइहजार परिवारसँग पूर्वाराममै गइन् । एकलाख सन्ताउन्न हजार (१,५७,०००) पारिवारिक घरहरू भएका[1] र सातकरोड[2] (७,००,००,०००) जनसंख्या भएको श्रावस्तीनगरवासी जम्मै पूर्वाराम महाविहारमै वैरिए । यति मात्र नभई श्रावस्तीभन्दा एक योजन टाढाबाट समेत जनसमूह, हातमा सुवासित फूलहरूलिई पूर्वाराममै भेला भए । पूर्वाराम विहार, नानाप्रकारका रङ्गीविरङ्गी फूलहरुले सजाएको बगैंचा जस्तो दिखिन्थ्यो ।

धर्मसेनापति सारिपुत्र महास्थविर पनि अचिरवती (राप्ती) नदीमा नुहाई, चीवर पहिरी विहारको आँगनमा आई बस्नुभयो । पछि, महास्थविरले यत्रो विशाल परिषद्लाई कुन धर्मद्वारा सग्रह गर्नेहो भन्ने विचारगरी, सारा त्रिपिटक बुद्धवचनलाई छानबिनगरी अङ्गुत्तर-

---

१. ध. अ. क. पृ. ४७१: विसाखायवत्थु ।

२. बु. रा पृ. १५०

निकाय अन्तरगत समचित्तवर्गको[१] पाँचौ समचित्तपटिपदासूत्रको[२] धर्मोपदेश गर्नुभयो ।

यस बीचमा भगवान बस्नुभएको जेतवन विहारमा गई केही समचित्त देवताहरूले भगवान्लाई पूर्वाराम विहारमा पाल्नु हुन प्रार्थना गरे । देवताहरूको प्रार्थनालाई स्वीकार गरी भगवान् पूर्वाराम विहारमा पाल्नुभयो[३] ।

यस्तैगरी साल्हसुत्तं[४], नागसुत्तं[५] तथा उपोसथसुत्तं[६] पनि पूर्वाराममै देशना भएको हो ।

यी सूत्रहरूमध्ये उपोसथ सूत्रमा, भिक्षुसङ्घभित्र एक अपरिशुद्ध भिक्षुलाई देखनु भई, भगवान् बुद्धले भिक्षुहरूलाई आफू आफूमै प्रातिमोक्ष-शिक्षापद उद्देशण गर्ने आज्ञा दिनुभएको कुरा उल्लेख छ । यो उपोसथ सूत्र उदानपालि र[७] चुल्लवग्गपालिमा[८] पनि समुल्लेख भएको छ ।

---

१. अं. नि-२. पृ. ६०, अ. क. I. पृ. ३१४

२. अं. नि. अ. क. I. पृ. ३१४

३. अं. नि. अ. क. I. पृ. ३१४-१५

४. अं. नि-३. पृ. १७९, अ. क. I. पृ. ४१९

५. अं. नि-६. पृ. ५९, अ. क. II. पृ. ६६८

६. अं. नि-८. पृ. ३१२, अ. क. II. पृ. ७६१

७. पृ. १२३: उपोसथसुत्तं ।

८. पृ. ३५३: पातिमोक्खुद्देसयाचना, पातिमोक्खट्ठपनक्खन्धकं ।

अरू पनि धेरै सूत्रहरू पूर्वाराम मृगारमाताको प्रासादमा देशना गर्नुभएकोछ। यसमध्ये केही सूत्रहरूका नामहरू यसप्रकार छन्—

सत्तजटिलसुत्त'[१], द्वयतानुपस्सनासुत्त'[२], अग्गञ्ञसुत्त'[३], पवारणसुत्त'[४], पुण्णमसुत्त'[५], जराधम्मसुत्त'[६] पठमपुब्बाराम-सुत्त'[७] इत्यादि।

यिनीहरूमध्ये पवारणसूत्रमा भगवान्ले पनि पवारणा[८] गर्नु भएको कुरा र जराधम्म सूत्रमा भगवान्को शरीर जरत्व भएको कुराहरू समुल्लेख भएका छन्।

अन्तिम घडी

वालककालदेखि जीवनपर्यन्त विशाखा महाउपासिकाले अनेक समाज सेवा र अनेक दानादि कुशल कर्म गरीन् र १२० वर्ष

---

१. उदा. पा. पृ. १४०, अ. क. पृ. २३२; सं. नि. I. पृ. ७६, अ. क. I. पृ. ११६

२. सुत्त. नि. पृ. ३८०, अ. क पृ. ४०६

३. दी. नि. III. पृ. ६३, अ. क. II. पृ. ६२२

४. सं. नि. I. पृ. १९०, अ. क. I. पृ. २१३

५. सं. नि. II पृ. ३२३, अ. क. II. पृ. २२४

६. सं. नि. IV. पृ. १८८, अ. क. III. पृ. १९३

७. सं. नि. IV. पृ. १९२. अ. क. III. पृ. १९६

८. वर्षावास सिद्धिएको भोलिपल्ट प्रतिपदाको दिनमा गर्नुपर्ने विनयकर्मलाई "पवारणा" भन्दछन्।

सम्म बाँची, भगवान् बुद्धको परिनिर्वाणको निकै समय पछि आफ्नो कर्मानुसार उनी परलोक भइन् ।

विशाखाले दान दिएको पूर्वाराम विहारको अनुमोदन—अत्यन्त शुद्ध तथा प्रसन्नचित्तले गरी त्रयस्त्रिंश देवलोकमा उत्पन्न भएकी विशाखाकी साथी, देवपुत्रीले अनुरुद्ध महास्थविरलाई दिएको उत्तर अनुसार आफूले भन्दा विशाखाले धेरै महान पुण्यकार्यहरू गरेकोहुँदा उनी निर्माणरति देवलोकमा उत्पन्न भएको कुरा विमानवत्थु अर्थकथामा[1] समुल्लेख भएकोछ। बुद्धधर्म अनुसार दानचेतना जस्तै अनुमोदन चेतनाको पनि महत्फल हुन्छ भन्ने कुरा यसैबाट प्रष्ट देखिन्छ ।

विशाखा महाउपासिकाको देहान्त, पच्चीस शय वर्षभन्दा पनि बढी भइसकेता पनि उनको आदर्शमय जीवनको यशकीर्ति बुद्धधर्म रहुञ्जेल्सम्म अमर नै रही, सबै कुशलकामी मानवहरूकानिम्ति प्रेरणाको श्रोत भएको छ र विशाखाको आन्तरिक स्वरूप अहिलेसम्म पनि जीवितनै रहेकोछ ।

भिन्नाभिन्नै विशाखाहरू

पालिवाङ्मयमा भेटिएका विभिन्न विशाखाका नामहरू र उनीहरूका परिचय यसप्रकार छन्—

(१) विशाखा— यिनी प्रियदर्शी बुद्ध भगवान्को अग्र उपस्थायिका थिइन् । बु. वं. पृ. ३५२: पियदस्सीबुद्धवंसो, अ. क, पृ. १७८

---

१. पृ. १५१: विहारविमान ।

(२) विशाखा— अर्थदर्शी बुद्ध भगवान्को पिता सागर, माता सुदर्शना तथा वहांकी पत्नी विशाखा थिइन् । बु. वं. पृ. ३५३: अत्थदस्सी-बुद्धवंसो, अ. क. पृ. १७८

(३) विशाखा – यिनी अग्निदत्त ब्राह्मणका पुत्र ककुच्छन्द बुद्ध भगवान्की माता हुन् । बु. वं. पृ. ३७१: ककुसन्धबुद्धवंसो, अ. क. पृ. २०९; दी. नि. II. पृ. ८ महापदानसुत्तं, अ. क. I. पृ. २६९

(४) विशाखा – यिनी वर्तमान सिद्धार्थगौतमको दरवारमा बस्नेहुन् । पछि यिनी प्रजापति गौतमी महारानीसंगै प्रव्रजित भएकी थिइन् । थेरी. गा. पृ. ४०५: विशाखा-थेरीगाथा, अ. क. पृ. १६

(५) विशाखा— यिनी अनागतमा हुने मेत्तेय्य (=मैत्रेय) बुद्धको शासनमा ८४ हजार स्त्रीहरूलिई प्रव्रजित हुन जाने हुन् । अना. वं. गाथा: ६३, D.P.P. II. पृ. ९०४

(६) विशाखा— यिनी ओक्काक राजाकी पांच स्त्रीहरू-मध्येका एक हुन् । दी. नि. अ. क. I. पृ. १८०: अम्बट्ठसुत्तं; सु. नि. अ. क. पृ.

३०६ः सम्मापरिब्बाजनियसुत्तं; बु. रा. पृ. ११८

(७) विशाखा महाउपासिका— यिनी अङ्गदेशस्थित भद्रीय नगरको मेण्डक श्रेष्ठी र सुमनाको छोरा धनञ्जय श्रेष्ठीकी छोरी हुन्। पछि साकेत नगरमा बसेपछि श्रावस्ती नगरको मृगार श्रेष्ठीको छोरा पूर्णवर्धनसँग विवाह भइन्। यिनको कुरा यहाँ प्रस्तुत गरेको छ। यिनी अतीतकालमा किकी भन्ने राजाकी सातवटी छोरीहरूमध्येका सङ्घदायिका भन्ने थिइन्। थेरी अ. II. पृ. २१८ः खेमाथेरीअपदानं; पृ. २२७ः उप्पलवण्णथेरीअपदानं; पृ. २३६ः कुण्डलकेसाथेरीअपदानं; पृ. २३१ः पटाचाराथेरीअपदान; पृ. २४४ः धम्मदिन्नाथेरीअपदानं; पृ. २४०ः किसागोतमीथेरीअपदानं।

(८) विसाखा(सुत्तं)—उदा. पा. पृ. ८३, अ. क. पृ. १०९; उदा. पा. पृ. १७४, अ. क. पृ. २९७; अं. नि.-८. पृ. ३५२, ३६२

× × ×

वंशवृक्ष

मेण्डक श्रेष्ठी = चन्द्रपद्मा

|

धनञ्जय = सुमनादेवी

|

विशाखा = पूर्णवर्धन

|

छोराछोरीहरू :	१० पुत्रहरू	१० पुत्रीहरू
नातिहरू :	प्रत्येक पुत्रको दश दश पुत्र र पुत्रीहरू गरी जम्मा २०० पुत्र पुत्रीहरू ।	प्रत्येक पुत्रीको पनि दश दश पुत्र र पुत्रीहरू गरी जम्मा २०० पुत्र पुत्रीहरू ।
पनातीहरू :	प्रत्येक २०० जनाका दश दश पुत्र र पुत्रीका हिसाबले ४००० सन्तानहरू ।	प्रत्येक पुत्रीको पनि दश दश पुत्र र पुत्रीका हिसाबले ४००० सन्तानहरू ।

विशाखाका केही सन्तानहरूका नामहरू—

(१) मृगार कुमार— प्रथम पुत्र ।

(२) मृगजाल कुमार— द्वितीय पुत्र ।

(३) साल्ह— नाति ।

(४) दत्ता— नातिनी ।

(५) सुजाता – कांछी बहिनी ।

× × ×

मूल पालि—

१– आठ वरहरू

अनि इच्छानुसार वाराणशीमा बस्नु भएका भगवान् श्रावस्ती-मा चारिकाकोनिम्ति जानुभयो[१]। क्रमशः चारिका गर्नुहुँदै जहाँ श्रावस्ती हो त्यहाँ पुग्नुभई श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभयो।

त्यस समय विशाखा मृगारमाता जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी विशाखा मृगारमातालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पार्नुभयो। अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित भएकी विशाखा मृगारमाताले भगवान्सँग बिन्तिगरिन्—

"भन्ते ! भोलिकोनिम्ति भिक्षुसङ्घ सहित भोजन स्वीकार गर्नुहोस्।"

---

१ महा. व. पृ. ३०६: विसाखावत्थु, चीवरक्खन्धकं, अ. क. पृ. ८३७

भगवान्‌ले तूष्णिभावद्वारा स्वीकार गर्नुभयो ।

भगवान्‌ले तूष्णिभावद्वारा भोजन स्वीकार गर्नुभएको बुझी विशाखा मृगारमाता आसनबाट उठी, भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गइन् ।

त्यसबखत, त्यस रात वितिसकेपछि चातुर्द्वीपीय महा वर्षाद् भयो । अनि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो —

"भिक्षुहो ! जस्तो यस जेतवनाराममा वर्षाद् हुँदैछ उस्तै चारैद्वीपहरूमा पनि वर्षाद् हुँदैछ । भिक्षुहो ! वर्षाद्‌मा शरीर नुहाऊ । यो अन्तिम चातुर्द्वीपीय वर्षाद् हो ।"

"हवस्, भन्ते !" भनी भगवान्‌लाई प्रत्युत्तर दिई चीवरहरू छाडी ती भिक्षुहरू वर्षाद्‌मा शरीर नुहाउन थाले ।

विशाखा मृगारमाताले प्रणीत खादय भोज्य तयारपारी दासी-लाई आज्ञा दिइन् —

"हे जे ! जाऊ, आराममा गई 'भोजनको समय भयो' भनी निवेदन गर ।"

"हवस्, आर्या !" भनी प्रत्युत्तरदिई त्यो दासी आराममागई । भिक्षुहरू चीवरहरू छाडी वर्षाद्‌मा शरीर नुहाउन लागिरहेको देखी "आराममा भिक्षुहरू छैनन्, आजीवकहरू[1] मात्रै वर्षाद्‌मा शरीर

१. त्यस समयका नाङ्गा साधुहरूको एक सम्प्रदाय ।

नुहाउँदैछन्" भन्दै जहाँ विशाखा मृगारमाता थिइन् त्यहाँगई विशाखा मृगारमातालाई भनी—

"आर्या ! आराममा भिक्षुहरू छैनन्, आजीवकहरू मात्रै वर्षाद्‌मा शरीर नुहाउँदै छन् ।"

यो कुरा सुनी पण्डितनी, व्यक्ता, तथा मेधाविनी विशाखा मृगारमाताले यस्तो सोचिन्—

"अवश्यनै आर्यहरू चीवरहरू छाडी वर्षाद्‌मा शरीर नुहाउँदै होलान् र यो मूर्खले यस्तो ठानी कि 'आराममा भिक्षुहरू छैनन्, आजीवकहरू मात्रै वर्षाद्‌मा शरीर नुहाउँदै छन्' ।"

फेरि दासीलाई आज्ञादिइन्— "हे जे ! जाऊ, आराममा गई 'भोजनको समय भयो' भनी निवेदन गर ।"

ती भिक्षुहरू शरीर शीतल तथा हल्का गरी चीवरहरूलिई आ-आफ्ना विहार (कोठा) भित्र गए । सो दासी पनि फेरि आराममा गई । त्यहाँ भिक्षुहरू कोही पनि (बाहिर) न देखी 'आराममा भिक्षुहरू छैनन्, आराम शून्य छ' भन्दै जहाँ विशाखा मृगारमाता थिइन् त्यहाँगई मृगारमातालाई भनी—

"आर्या ! आराममा भिक्षुहरू छैनन्, आराम शून्य छ ।"

अनि, पण्डितनी, व्यक्ता, तथा मेधाविनी विशाखा मृगारमाताले यस्तो सोचिन्—

"अवश्यनै आर्यहरू शरीर शीतल तथा हल्का गरी चीवरहरूलिई आ-आफ्ना विहार (=कोठा) भित्र पसेका होलान् र यो मूर्खले यस्तो ठानी कि 'आराममा भिक्षुहरू छैनन्, आराम शून्य छ' ।"

फेरि पनि विशाखा मृगारमाताले दासीलाई आज्ञादिइन्—

"हे जे ! जाऊ, आराममा गई 'भोजनको समय भयो' भनी निवेनद गर।"

त्यसबेला भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! पात्र-चीवरहरू तयार पार, भोजनको समय भयो।"

"हवस, भन्ते !" भनी भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए।

भगवान् पूर्वाह्न समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगर्नु भई जस्तै कुनै बलवान पुरुषले खुम्चेको हातलाई पसार्छ र पसारेको हातलाई खुम्च्याउंछ त्यस्तैगरी जेतवनमा अन्तरधान भई विशाखाको कोठामा प्रकट हुनुभयो। अनि त्यहाँ विच्छ्याइराखेको आसनमा भगवान्, भिक्षुसङ्घका साथ बस्नुभयो। अनि— "अहो आश्चर्य। अहो अद्‌भुत ! कस्तो तथागतको महान ऋद्धि ! कस्तो महानुभाव ! घुँडासम्म पानी आउनेगरी महामेघ वर्षिरहेको बेलामा, कम्मरसम्म पानी आउने गरी महामेघ वर्षिरहेको बेलामा पनि कुनैपनि भिक्षुको न पैतलाहरू नै भिजेका छन्, न त चीवर नै" भन्दै विशाखा मृगारमाता हर्षले गद् गद् भई, बुद्धसहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खाद्य भोज्यहरू पस्की, सन्तृप्तगराई; भोजन सिध्याएर भगवान्‌ले पात्र एक-छेउमा राख्नु भएपछि उनी एक छेउमा बसिन्। एक छेउमा बसेकी विशाखा मृगारमाताले भगवान्‌सँग यस्तो प्रार्थना गरिन्—

"भन्ते ! भगवान्‌सँग आठवटा वरहरू माग्न चाहन्छु।"

"विशाखे ! तथागत वरबाट मुक्त छ। (कुनै पनि वर माग्न-सक्छ्यौ)"

"भन्ते ! जुन (वरहरू) योग्य छन्, जुन (वरहरू) निरवद्य छन्—त्यस्तै वरहरू माग्नेछु ।"

"विशाखे ! भन ।"

"भन्ते ! म सङ्घलाई जीवनभर (१) वर्षादको कपडा[1] दिन चाहन्छु, (२) आगन्तुक-भोजन[2] दिन चाहन्छु, (३) गमिक भोजन[3] दिन चाहन्छु (४) रोगी-भोजन[4] दिन चाहन्छु, (५) रोगी-सेवक-भोजन[5] दिन चाहन्छु, (६) रोगीलाई औषधी दिन चाहन्छु, (७) सधैं यागु (चामलको जाउलो वा खोले) दिन चाहन्छु तथा (८) भिक्षुणी-सङ्घलाई नुहाउँदा लगाउने कपडा (उदकसाटिक) दिन चाहन्छु ।"

"विशाखे ! कति कारणले तिमीले तथागतसँग यी आठ वरहरू मागेकी ?"

"भन्ते ! यहाँ, मैले दासीलाई आज्ञा दिएँ— 'हे जे ! जाऊ, आराममागई 'भोजनको समय भयो' भनी निवेदन गर' ।"

१– "भन्ते ! अनि सो दासी आराममा जाँदा भिक्षुहरू चीवर-हरू छाडी वर्षादमा शरीर नुहाइरहेको देखी 'आराममा भिक्षुहरू छैनन्, आजीवकहरू मात्रै वर्षाद्मा शरीर नुहाइरहेका छन्' भनी म भएको

---

१. वर्षादको समयमा प्रयोग गरिने कपडा वा स्नानको समयमा प्रयोग गरिने कपडा ।

२ अभ्यागतहरूलाई दिइने भोजन ।

३. यात्रामा जानलागिरहेकालाई दिइने भोजन ।

४. रोगीलाई विशेषरूपले दिइने भोजन ।

५. रोगीलाई सेवागर्नेकानिम्ति दिइने भोजन ।

ठाउँमा आई मलाई यस्तो भनी— 'आर्या ! आराममा भिक्षुहरू छैनन्, आजीवकहरू मात्रै वर्षाद्‌मा शरीर नुहाउन लागि रहेका छन्' । भन्ते ! नग्नता भनेको अपवित्र हो, घृणित हो तथा प्रतिकूल हो । भन्ते ! यिनै कारणलाई देखी मैले भिक्षुसङ्घलाई जीवनभर वर्षाद्-कपडा दिन चाहेकी हुँ ।

२– "भन्ते ! फेरि, आगन्तुक भिक्षुहरूले बाटो-घाटो राम्ररी चिन्दैनन्, गोचर कुशल हुँदैनन्, कष्टपूर्वक भिक्षाटन् गर्छन् । मैले दिएको आगन्तुक-भोजन गरेपछि उनले बाटो-घाटो राम्ररी चिनी, गोचर-कुशल पनि भई विनाकष्टपूर्वक भिक्षाटन् गर्न सक्नेछन् । भन्ते ! यिनै कारणलाई देखी मैले भिक्षुसङ्घलाई जीवनभर आगन्तुक भोजन दिन चाहेकी हुँ ।

३– "भन्ते ! फेरि, गमिकभिक्षु (कहीं यात्रामा जाने भिक्षु) आफैंले भिक्षाको खोजी गर्नुपर्दा उनको वाहनहरू पनि छुट्न सक्छन्, जहाँ जानुपर्नेहो त्यहाँ पुग्दा कुवेला पनि हुन सक्छ, कष्टपूर्वक बाटो हिड्नुपर्छ । मैले दिएको गमिक-भोजन गरेपछि वाहन पनि छुट्दैन, जहाँ जानुपर्ने हो त्यहाँ समयमै पुग्न सकिन्छ, कष्टपूर्वक बाटो हिड्नुपर्ने पनि हुन्न । भन्ते ! यिनै कारणलाई देखी मैले भिक्षुसङ्घलाई जीवनभर गमिक-भोजन दिन चाहेकी हुँ ।

४– "भन्ते ! फेरि, रोगीभिक्षुले पथ्यभोजन न पाउँदा उनको रोग बढ्न पनि सक्छ, मृत्यु पनि हुन सक्छ । मैले दिएको पथ्यभोजन गर्दा उनको रोग पनि बढ्ने छैन, मृत्यु पनि हुने छैन । भन्ते यिनै कारणलाई देखी मैले भिक्षुसङ्घलाई जीवनभर रोगी-भोजन दिन चाहेकी हुँ ।

५– "भन्ते ! फेरि, रोगीको सेवागर्ने भिक्षुले आफ्नो भोजन आफैंले खोजीगर्नुपर्दा उनले रोगीकोनिमित्त समयमै भोजन ल्याउन सक्ने छैनन्, रोगी भिक्षु भोकै पर्न सक्छन्। मैले दिएको रोगी-सेवक-भोजन गरी उनले रोगीलाई समयमै भोजन पुऱ्याइदिनेछन् र रोगी भिक्षु भोकै वस्नुपर्ने छैन। भन्ते यिनै कारणलाई देखी मैले भिक्षुसङ्घलाई जीवनभर रोगी-सेवक-भोजन दिन चाहेकी हुँ।

६– 'भन्ते ! फेरि, रोगीभिक्षुले पथ्य औषधी न पाउँदा उनको रोग बढ्न पनि सक्छ, मृत्यु पनि हुनसक्छ। मैले दिएको पथ्य औषधी सेवनगरी उनको रोग पनि निकोहुन सक्छ, मृत्युबाट पनि बच्नसक्छन्। भन्ते ! यिनै कारणलाई देखी मैले भिक्षुसङ्घलाई जीवनभर रोगीको औषधी दिन चाहेकी हुँ।

७– "भन्ते ! फेरि, भगवान्‌ले अन्धकविन्दमा[1] यागुका दश गुणहरू[2] प्रकाशित गर्नुभई यागुको अनुमति दिनु भएकोछ। सोही

---

१. महा. व. पृ. २३७: यागुमधुगोलकानुजाननं, भेसज्जक्खन्धक।

२. अन्धकविन्द भन्ने गाउँ राजगृहबाट ३ गाउत पल्लोतिरपर्छ। (सम. पा. पृ. ७८३) यस गाउँमा एक ब्राह्मणले हज्जारौं रुपैयाँ खर्चगरी बुद्ध सहित भिक्षुसङ्घलाई 'यागु' (=चामल-को जाउलो वा खोले) दान दिएको बेलामा भगवान् बुद्धले यागुका दश गुणहरू बताउनु भएको थियो। यी हुन्—(१) यागु दिँदा आयु दिएको हुन्छ, (२) वर्ण दिएको हुन्छ, (३) सुख दिएको हुन्छ, (४) बल दिएको हुन्छ, (५) ज्ञान (पटिभान) दिएको हुन्छ, (६) यागु पिउनेको क्षुधा दूर हुन्छ, (७) पिपा

कारणलाई ध्यानमाराखी मैले भिक्षुसङ्घलाई जीवनभर नित्य-यागु दिन चाहेकी हुँ ।

८– "भन्ते ! यहाँ, भिक्षुणीहरू अचिरवती (राप्ती) नदीको तीर्थस्थानमा वेश्याहरूसँग नांगा भई नुहाउँछन् । भन्ते ! ती वेश्याहरूले ती भिक्षुणीहरूलाई जिस्क्याउँछन् – 'आर्या ! किन यौवन अवस्थामै भिक्षुणी भएर तपाइहरूले ब्रह्मचर्य (=मैथुन त्यागने) पालन गर्नुभएको ? पहिले कामभोग गर्नुपर्छ, अनि बुढी भएपछि पो ब्रह्मचर्य पालन गर्नुपर्छ ।

सा दूर हुन्छ, (८) वायु समन हुन्छ, (९) दिसा सफा हुन्छ तथा (१०) खाएको पच्नसक्ने गरी आमास सक्ति बढ्छ ।

महा. व. पृ. २३७:

१– "यो सञ्ञतानं परदत्तभोजिनं,
कालेन सक्कच्च ददातियागुं ।
दसस्सठानानि अनुप्पवेच्छति,
आयुं च वण्णं च सुखंबलं च ।

२– "पटिभानमस्स उपजायते ततो,
खुदं पिपासं च ब्यपनेति वातं ।
सोधेति वत्थिं परिणामेतिभुत्तं,
भेसज्जमेतं सुगतेन वण्णितं ।।

३– "तस्माहियागुं अलमेवदातुं,
निच्चंमनुस्सेन सुखत्थिकेन ।
दिब्बानि वा पत्थयतासुखानि,
मनुस्ससोभग्यतमिच्छता वा' ति ।।" महा. व. पृ. २३८

यसो गर्नु भएदेखि तपाइहरूको उभयार्थ लाभ हुनेछ।' भन्ते! ती बेश्याहरूले जिस्क्याउँदा ती भिक्षुणीहरू चुपलागी बस्दथे। भन्ते! स्त्रीहरूको नग्नता अपवित्र छ, घृणित छ तथा प्रतिकूल पनि। भन्ते यिनै कारणलाई ध्यानमा राखी मैले भिक्षुणीसङ्घलाई जीवनभर नुहाउने-कपडा (उदकसाटिक) दिन चाहेकी हुँ।"

"विशाखे! के गुण देखेर तिमीले तथागतसँग आठवटा वरहरू मागेकीह्रौ?"

"भन्ते! यहाँ, दिशाविदिशामा वर्षावास बसेका भिक्षुहरू भगवान्‌को दर्शन गर्न श्रावस्तीमा आउँछन्। उनीहरूले भगवान्‌कहाँ आई यस्तो सोध्न सक्छन्– 'भन्ते! फलाना भिक्षुको मृत्यु भयो। उसको के गति वा के अभिसम्पराय भयो होला?' त्यसको उत्तरमा भगवान्‌ले यसो भन्न सक्नुहुनेछ— 'सो भिक्षु स्रोतापन्न[1] भयो, सकृदागामी[2] भयो, अनागामी[3] भयो अथवा अरहन्त[4] भयो।' अनि ती भिक्षुहरू-कहाँ गई मैले सोध्ने छु– 'भन्ते! वहाँ आर्य, के श्रावस्तीमा अघि आउनु भएको थियो?' वहाँहरूले मलाई भन्नुहुनेछ— 'वहाँ आर्य,

---

१. निर्वाणको स्रोतमा पुगिसकेका, बढीमा सातपटक सम्म मात्र जन्मलिई निर्वाण प्राप्त गर्न सक्ने पुरुष।

२. निर्वाण प्राप्तिकोनिमित्त केवल एक मात्र जन्म लिन पर्ने सत्व।

३. निर्वाणप्राप्तिकोनिम्ति यसलोकमा आउन नपर्ने पुरुष, ब्रह्मलोकबाटै निर्वाण प्राप्त हुने पुरुष।

४. यसै जीवनमा राग, द्वेष तथा मोहलाई नाशगरी निर्वाणप्राप्त गर्ने पुरुष।

अघि श्रावस्तीमा आइसक्नु भएको छ।' अनि म निश्चयनै निष्ठामा पुग्नेछु कि त्यसोभए वहाँ आर्यले अवश्यनै मैले दिएको वर्षाद्को कपडा, आगन्तुक-भोजन, गमिक-भोजन, रोगीको भोजन, रोगी सेवकको भोजन, रोगीको औषधी अथवा नित्य-यागुहरू मध्ये कुनै एक परिभोग गर्नु भएको छ।' भन्ते ! यस्तो कुरा स्मरणगर्दा मेरो मनमा प्रमोद उत्पन्न हुनेछ, प्रमोद उत्पन्न भएपछि प्रीति उत्पन्न हुनेछ, प्रीतिमय मन भएपछि शरीर हल्लुका (शान्त) हुनेछ, शरीर हलुका भएपछि सुखानुभव हुनेछ, सुखी भएको चित्त समाधिष्ठ हुनेछ। अनि सोही समाधिष्ठ चित्त मेरोनिम्ति इन्द्रिय-भावना[१], बल-भावना[२], तथा बोध्यङ्ग-भावना[३] पनि हुनेछ। भन्ते ! यिनै गुणहरू देखी मैले तथागतसँग आठवटा वरहरू मागेकी हुँ।"

"साधु ! साधु ! विशाखे ! राम्रै हो विशाखे ! जो तिमीले

---

१. श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय, तथा प्रज्ञेन्द्रिय। यी पाँच इन्द्रियहरूलाई प्रधानतागरी भावना गर्नेलाई 'इन्द्रिय-भावना' भन्दछन्।

२ श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल तथा प्रज्ञाबल। यी पाँच बलहरूलाई प्रधानतागरी भावनागर्नेलाई 'बल-भावना' भन्दछन्।

३. स्मृति-बोध्यङ्ग, धर्मविचय-बोध्यङ्ग, वीर्य-बोध्यङ्ग, प्रीति-बोध्यङ्ग, प्रशब्धि-बोध्यङ्ग, समाधि बोध्यङ्ग तथा उपेक्षा-बोध्यङ्ग। यी सप्त-बोध्यङ्गहरूलाई प्रधानतागरी भावना-गर्नेलाई 'बोध्यङ्ग-भावना' भन्दछन्।

यी गुणहरूलाई देखेर तथागतसँग आठवटा वरहरू माग्छचौ । विशाखे ! तिमीलाई आठवटा वरहरूको अनुमति दिन्छु ।"

त्यसपछि विशाखालाई भगवान्ले निम्न गाथाद्वारा अनुमोदन गर्नुभयो —

१- "या अन्नपानं ददतिप्पमोदिता[१],
सीलूपपन्ना सुगतस्स साविका ।
ददाति दानं अभिभुय्य मच्छरं,
सोवग्गिकं सोकनुदं सुखावहं ॥

२- "दिब्बं सा लभते आयु'[२],
आगम्म मग्गं विरजं अनङ्गणं ।
सा पुञ्ञकामा सुखिनी अनामया,
सग्गम्हि कायम्हि चिरं पमोदती' ति ॥"

अर्थ —

१- "सुगतको जुन शीलवती शिष्याले प्रमुदित भई, मात्सर्य-मललाई दमनगरी, स्वर्गीय, शोकरहित, सुखदायी अन्नपानहरू दान दिन्छे—

---

१. सिहलमा र स्याममाः 'ददती पमोदिता'; रोमनमाः 'अति-पमोदिता' ।

२. स्याममाः 'दिब्ब वलं सा लभते च आयु" ।

२– "अनि निर्मल, निर्दोष मार्गमा आई उसले दिव्य-आयु लाभ गर्छे र पुण्यकामिनी, निरोगिनी भई स्वर्ग-कायमा चिरकालसम्म प्रमुदित हुन्छे।"

विशाखा मृगारमातालाई यी गाथाद्वारा अनुमोदन गर्नु भई भगवान् आसनबाट उठेर जानुभयो।

यसपछि भगवान्‌ले, यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो—

"भिक्षुहो ! वर्षाद्‌को कपडा, आगन्तुक-भोजन, गमिक-भोजन, रोगीको भोजन, रोगी-सेवकको भोजन, रोगीको औषधी, नित्य-यागु तथा भिक्षुणीसङ्घलाई नुहाउने कपडा स्वीकार गर्ने अनुज्ञा दिन्छु।"

× × ×

मूल पालि—

२– घैँटो आदि दान

इच्छानुसार भर्ग[1] (भग्ग) देशमा बस्नुभएका भगवान् जहाँ श्रावस्ती हो त्यहाँ चारिकार्थ जानुभयो[2]। चारिका गर्नुहुँदै क्रमशः श्रावस्तीमा पुग्नुभयो। त्यहाँ भगवान्, श्रावस्तीस्थित अनाथपिण्डक-को जेतवनाराममा बस्नुभएको थियो।

त्यसबखत विशाखा मृगारमाता घैँटो, पाऊ सफागर्ने बुरूष (कतकं) र कुचो लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी विशाखा मृगारमाताले भगवान्सँग बिन्ति गरिन्—

"भन्ते! भगवान्ले यो घैँटो, पाऊ सफागर्ने बुरूष (कतकं) र कुचो ग्रहण गर्नुहोस् जो मेरोनिम्ति दीर्घकालसम्मकोलागि हिताय सुखाय हुनेछ।"

भगवान्ले घैँटो र कुचो मात्र ग्रहण गर्नुभयो। पाऊ सफागर्ने बुरूष ग्रहण गर्नुभएन। त्यसपछि विशाखा मृगारमातालाई भगवान्ले

---

१. वर्तमान भारतको मिर्जापुर जिल्लास्थित गङ्गाको दक्षिण भागको केहीं प्रदेशहरू। हि. सं. नि. पृ. ९: भूमिका।

२. चुल्ल. व. पृ. २१८: धट-कतकादि, खुद्दकवत्थुक्खन्धकं, अ. क. पृ. ८९४

धार्मिक कथाद्वारा सन्दर्शित,··· तथा सम्प्रहर्षित पार्नु भयो । विशाखा मृगारमाता पनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित,··· तथा सम्प्रहर्षित भई आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गइन् ।

पछि यसै सन्दर्भमा, यसै प्रकरणमा भगवान्ले भिक्षुहरूलाई धार्मिक कथा सुनाउनु भई आमन्त्रण गर्नु भयो —

"भिक्षुहो ! घैंटो र कुचो स्वीकारगर्ने अनुमति दिन्छु । भिक्षुहो ! तर पाऊ सफागर्ने (कतकं) प्रयोग गर्नु हुन्न । जसले प्रयोग गर्छ त्यसलाई दुष्कृत्यपाचित्तिय दोष लाग्नेछ । भिक्षुहो ! तीन प्रकारले पाऊ सफागर्ने अनुमति दिन्छु — ढुंगाले, काठले र समुद्रफिजले ।"

अर्को एकदिन विशाखा मृगारमाता विधूपनं (चमर) र तालका पंखाहरू लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमाताले भगवान्सँग बिन्तिगरिन्—

"भन्ते ! भगवान्ले चमर र तालका पंखाहरू ग्रहण गर्नुहोस् । जो मेरोनिम्ति दीर्घकालसम्मकोलागि हिताय सुखाय हुनेछ ।"

भगवान्ले चमर र तालका पंखाहरू ग्रहण गर्नुभयो ।

त्यसपछि विशाखा मृगारमातालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित,... तथा सम्प्रहर्षित पार्नु भयो । विशाखा मृगारमाता पनि

भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित,··· तथा सम्प्रहर्षित भई आसन-बाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गइन् ।

अनि यसै सन्दर्भमा, यसै प्रकरणमा भगवान्ले भिक्षुहरूलाई धार्मिक कथा सुनाउनु भई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! चमर र तालका पंखाहरू स्वीकार गर्ने अनुमति दिन्छु ।"

× × ×

मूल पालि —

३— रूमाल दान

एकदिन विशाखा मृगारमाता मुख पुछ्ने कपडा (रूमाल) लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन्[१]। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमाताले भगवान्सँग बिन्तिगरिन् —

"भन्ते ! भगवान्ले मेरो मुख पुछ्ने कपडा (रूमाल) स्वीकार गर्नुहोस् । जो मेरोनिम्ति दीर्घकालसम्मकालागि हिताय सुखाय हुनेछ ।"

अनि भगवान्ले मुखपुछ्ने कपडा स्वीकार गर्नुभयो ।

त्यसपछि भगवान्ले विशाखा मृगारमातालाई धार्मिक कथाद्वारा सन्दर्शित,... तथा सम्प्रहर्षित पार्नुभयो । विशाखा पनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित,... तथा सम्प्रहर्षित भई आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गइन् ।

भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो —

"भिक्षुहो ! मुखपुछ्ने कपडा (रूमाल) को अनुमति दिन्छु ।"

× × ×

---

१. महा व. पृ. ३११: निसीदनादिअनुजानना. चीवरक्खन्धकं ।

मूल पालि —

४– रत्नहरू लिनुहुन्न

त्यस समय बुद्धभगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[१]।

त्यसबखत एक भिक्षु अचिरवती[२] नदीमा नुहाइरहेका थिए। एक ब्राह्मण पनि पाँचशय (५००) को थैली भूमिमा राखी त्यहीं नदीमा नुहाइसकेपछि थैली लिन बिर्सेर गए। सो भिक्षुले (थैली देखी)— "सो ब्राह्मणको थैली न हराओस" भन्ने विचारले थैली लिइराखे। पछि ब्राह्मणले सम्झी हतरपत्त दौडेर गई सो भिक्षुसँग सोधे —

"के तपाइले मेरो थैली देख्नु भएकोछ ?"

"हो, ब्राह्मण" भन्दै सो भिक्षुले थैली दिए।

अनि सो ब्राह्मणको मनमा "कुन उपायबाट यी भिक्षुलाई यो

१. पाचि. पा. पृ. २१४: चतुरासीतिमपाचित्तियं, पाचित्तियकण्डं, अ. क. पृ. ६५४

२. यस नदीलाई वर्तमानसमयमा राप्ती वा ऐरावती भन्दछन्। यो सरयूनदीको शाखा नदी हो। G. D. पृ. १

पूर्णथैली[1] दिन न परोस्" भन्ने विचार गरी "भो ! मेरो थैलीमा त एक हजार थियो, पाँचशय होइन" भनी कुरा लगाई भिक्षुलाई छाडिदिए[2] ।

त्यसपछि आराममा गई सो भिक्षुले यो कुरा अरू भिक्षुहरूलाई सुनाए । जो भिक्षुहरू अल्पेच्छी, सन्तुष्टी, लज्जालु, संकोची तथा शिक्षाकामी थिए ती भिक्षुहरू कराउन थाले, खिन्नहुन थाले र धिक्कार्न थाले— "कसरी यी भिक्षुले रत्न लिन्छन् !" त्यसपछि ती भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए । भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा भिक्षुसङ्घलाई एकत्रित गराउनुभई सो भिक्षुसँग सोध्नु भयो –

"हे भिक्षु ! साँच्चैहो के तिमीले रत्न लिएको ?"

"साँच्चैहो, भगवान् !"

अनि सो भिक्षुलाई निन्दागर्नुहुँदै— "मोघपुरुष, तिमीले अनुचित, अननुलोमिक, अप्रतिरूप, अश्रामणिक, अयोग्य तथा गर्नु नहुनेकाम गर्‍यौ ।... " भनी भन्नुभयो ।

भिक्षुहो ! तिमीहरूले यस्तो शिक्षापद उद्देशण गर—

---

१. पाँचशय सम्म अट्ने थैलीलाई त्यसबखत 'पूर्णथैली' भनिन्थ्यो । सम. पा. पृ ६५४

२. भिक्षुलाई केही दिन पर्लाभन्ने विचारले उल्टो भिक्षुलाई वापत लगाई 'भइहाल्यो पाँचशय भएपनि लिनेछु' भन्दै गए ।

"जो भिक्षुले रत्न वा रत्नसम्मत वस्तुहरू लिन्छ वा लिन लगाउँछ, उसलाई पाचित्तिय दोष लाग्नेछ ।"

भगवान्ले यिनै शिक्षापद भिक्षुहरूकानिम्ति प्रज्ञापन गर्नु भएको थियो ।

विशाखाको आभूषण

त्यस समय श्रावस्तीमा महोत्सव थियो । मानिसहरू आभूषण-हरू लगाई, अलंकृत भई उदचानमा गए । विशाखा मृगारमाता पनि आभूषणहरू लगाई, अलंकृत भई उदचानमा जान्छु भनी गाउँबाट बाहिर निस्किन् । (केही छिन पछि बीच बाटैमा) "उदचानमा गएर के गर्ने, बरु भगवान्को सत्सगत गर्न जानेछु" भनी आभूषणहरू फुकाली उत्तरासङ्ग (=खास्टो)मा पोकोपारी "हन्द जे ! यो पोको लिइराख" भनी दासी-लाई अऱ्हाइन् ।

अनि विशाखा मृगारमाता जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमातालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पार्नु भयो । त्यसपछि विशाखा मृगारमाता पनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित भई आसनबाट उठी अभिवादन तथा प्रदक्षिणागरी फर्केर गइन् । दासीले सो पोको लिन बिर्सी ।

अनि भिक्षुहरूले देखी भगवान्लाई बिन्ति गरे। भगवान्ले "भिक्षुहो ! त्यसोभए लिई कहीं एकठाउँमा राखिछाड" भनी भन्नुभयो।

त्यसपछि यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कुरा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो--

"भिक्षुहो ! आराम भित्र रत्न वा रत्नसम्मत वस्तुहरू लिई वा लिनलगाई 'जसको हो उसले लिनेछ' भनी एकठाउँमा राखिछाड्न लगाउनू।"

यस सम्बन्धी यस्तो शिक्षापद उद्देशण गर्नू--

"जो भिक्षुले रत्न वा रत्न सम्मत वस्तुहरू-आराम भित्र बाहेक-लियो वा लिन लगायो भने पाचित्तिय दोष लाग्नेछ।"

भगवान्ले यिनै शिक्षापद भिक्षुहरूकानिम्ति प्रज्ञापन गर्नु भएको थियो।

(यसपछिको कुराको सम्बन्धमा 'बुद्धकालीन गृहस्थीहरू'को पृष्ठ ८९ मा 'कर्मान्त गाउँ' भन्ने शीर्षकमा समुल्लेख भइसकेको हुँदा यहाँ त्यसपछिको सम्बन्धित कुरामात्र उल्लेख गरेको छु।)

अतएव, भिक्षुहो ! तिमीहरूले यस्तो शिक्षापद उद्देशण गर्नू--

"जो भिक्षुले रत्न वा रत्नसम्मत वस्तुहरू- आराम भित्र वा आवासथ भित्र बाहेक- लिन्छ वा लिन लगाउँछ भने पाचित्तिय दोष

लाग्नेछ। रत्न वा रत्नसम्मत वस्तुहरू आराम भित्र वा आवासथ भित्र लिई वा लिनलगाई राखिछाड्नुपर्छ— 'जसको हो उसले लिनेछ'— यही नै यहाँ कर्तव्य हुनेछ।"

आराम भित्र वा आवासथ भित्र 'जसको हो उसले लिनेछ' भन्ने विचारले रत्न वा रत्नसम्मत वस्तुहरू लिन्छ वा लिनलगाई राखिछाड्छ भने आपत्ति लाग्नेछैन। विश्वासको कारणले, केही समयकोलागि अथवा पांसुकूल संज्ञीभई ग्रहण गर्नेलाई पनि आपत्ति छैन तथा वहुलालाई र प्रारम्भिक क्रिया गर्नेलाई पनि।

× × ×

मूल पालि--

५–साङ्घिक विहार

त्यस समय विशाखा मृगारमाताले सङ्घकोनिम्ति आलिन्द सहितको हस्तीनख स्वरूपको एक प्रासाद बनाउन चाहेकि थिइन्[१] । भिक्षुहरूलाई यस्तो लाग्यो—

"भगवान्ले प्रासाद परिभोग गर्ने अनुज्ञा दिनु भएको छ कि छैन ।"

भगवान्संग यसबारे बिन्ति गरे । अनि भगवान्ले यस्तो भन्नु भयो--

"भिक्षु हो ! सबै प्रकारका प्रासादहरू परिभोगगर्ने अनुमति दिन्छु ।"

× × ×

---

१. चुल्ल. व. पृ. २६५ : सङ्घिकवत्थु, सेनासनक्खन्धकं, अ. क. पृ. ९१२.

मूल पालि –

६–कौशम्बिक भिक्षुहरू

त्यसबेला बिशाखा मृगारमाताले सुनिन – "सङ्घमा झगडा गन, कलह गर्ने, विवाद गर्ने, कुरा गराउने–ती कौशम्बिक भिक्षुहरू[1] श्रावस्तीमा आउँदै छन्[2] ।"

अनि विशाखा मृगारमाता जहाँ भगवान् हुनु हुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमाताले भगवानसँग सोधिन्—

---

१. भगवान् कौशम्वीमा वस्नु भएको बेलामा केही नियमको कारणले भिक्षुहरूका वीच केही मतभेद हुँदा भगवान्ले उनीहरूलाई मिलाउन लाग्दा पनि उनीहरू मानेका थिएनन् । तो भिक्षुहरू कौशम्बिका थिए । त्यसो हुनाले यिनीहरूलाई 'कौशम्बिक भिक्षुहरू' भनिएको हो । यसको कुरा महा. व. पृ. ३६८ : कोसम्बक विवादकथा, कोसम्बकक्खन्धकंमा उल्लेख भएको छ ।

२. महा. व. पृ. ३८७ : अट्ठारसवत्थुकथा, कोसम्बकक्खन्धकं ।

"भन्ते ! सङ्घमा झगडा गर्ने, कलह गर्ने, विवाद गर्ने, कुरा गराउने—ती कौशम्बिक भिक्षुहरू श्रावस्तीमा आउँदैछन् । उनीहरू प्रति मैले के कस्तो व्यवहार गर्नु पर्ला ?"

"विशाखे! त्यसोभए तिमीले ती दुवै थरीलाई दान देऊ । दुवै थरीलाई दान दिई, दुवै थरीका कुराहरू सुन । दुवै थरीका धर्मका कुराहरू सुनिसकेपछि त्यसमध्ये जुन भिक्षुहरू धर्मवादी हुन्, उनीहरूका दृष्टि, धारणा तथा विचारलाई स्वीकार गर ।"

× × ×

मूल सूत्र—

७–अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं दायिकानं यदिदं विसाखा मिगारमाता[1] ।"

अर्थ--

"भिक्षु हो ! मेरा श्राविका दायिकाहरू मध्येमा विशाखा मृगारमाता अग्रछिन् ।"

× × ×

१. अं. नि-१. पृ. २७ : एतदग्गसुत्तं, अ. क. I. पृ. २१९.

मूल सूत्र—

८—पत्नीगुण

एक समय भगवान श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा वस्नु भएको थियो[1] ।

त्यसबखत विशाखा मृगारमाता जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमातालाई भगवान्ले निम्न उपदेश दिनु भयो—

"विशाखे ! आठ गुणहरूले युक्त हुने नारी, शरीर छाडी मरण भएपछि मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन सक्छ । कुन् आठ भने ?--

(१) "विशाखे ! यहाँ जुन नारीको आमा बाबुहरूले आफ्नी छोरीको अर्थकामना हितकामना, तथा अनुकम्पा राखी जुन पुरुषलाई दिन्छन् उ(आफ्नो पतिभन्दा) पहिले उठ्ने, पछि सुत्ने, के काम-काज गर्नुपर्छ भनी खोजतलास गर्ने, मन लगाई काम गर्ने र प्रियवादिनी पनि हुन्छे ।

---

१. अं. नि–८. पृ. ३६२ : दुतियविसाखासुत्तं ।

(२) "आफ्नो पतिको जो ती पूजनीय–मातापिता, श्रमण-ब्राह्मणहरू हुन्–तिनीहरूको सत्कार, सम्मान, गौरव तथा पूजा गर्छे र अभ्यागतहरूलाई आसन तथा पानी दिई पूजा सत्कार पनि गर्छे ।

(३) "आफ्नो पतिको जो ती आभ्यन्तरिक कामहरू हुन् जस्तै–ऊनहरू वा कपासहरू छुटचाउने तथा बुन्ने काम हो–त्यसमा दक्ष हुन्छे, निरालसी हुन्छे, त्यस त्यस काममा विचार पुऱ्याई काम गर्न सिपालु तथा कामकाजको संविधान र प्रबन्ध मिलाउनमा पनि सिपालु हुन्छे ।

(४) "आफ्नो पतिको, जो ती आभ्यन्तरिक मानिसहरू हुन् जस्तै–दास, प्रेष्य वा कामदारहरू–उनीहरूले गरेको कामलाई 'गरे' भनी जान्दछे, नगरेको कामलाई 'गरेनन्' भनी जान्दछे । रोगी हुँदा उनीहरूको बलाबल पनि जान्दछे, उनीहरूलाई अति खादनीय, भोजनीय पदार्थहरू दिनपर्ने हो त्यो पनि दिन्छे ।

(५) "जो धन, धान्य वा रुपैयाँ पैसाहरू पतिले घरमा ल्याउँछ त्यसको राम्ररी सुसंविधान गरी, गुप्तिका साथ जतन गरी सुरक्षा गर्छे; अनि आफू पनि अधूर्तिनी, अचोरिनी, अमद्यपायिनी तथा अविनाशिनी भई बस्छे ।

(६) "बुद्ध, धर्म तथा सङ्घको शरणमा गई उपासिका भई बस्छे ।

(७) "प्राणीहिंसाबाट विरत भई, अदिन्नादानबाट विरत भई, काममिथ्याचारबाट विरत भई, मृषावादबाट विरत भई तथा सुरा-मेरय-मद्य-प्रमादस्थानहरूबाट विरत भई शीलवती भई बस्छे ।

(८) "त्यागवान हुन्छे, मात्सर्यमलरूपी चेतनालाई दूर गरी घरमा बस्छे। त्यागिनी भई, दानद्वारा हात शुद्ध गरी, दिनेकार्यमा अग्रसर भई, याचकहरूलाई दान दिने काममा मन लगाई बस्छे।

"विशाखे! यिनै आठ कारणहरूले युक्त हुने नारी शरीरछाडी, मरण भएर्छि मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन सक्छे।"

१– "यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको।
तं सब्बकामदं[1] पोसं, भत्तारं नातिमञ्ञति ॥

२– "न चा पि सोत्थि भत्तारं, इस्सावादेन रोसये।
भत्तु च गरुनो सब्बे, पटिपूजेति पण्डिता ॥

३– "उट्ठाहिका अनलसा, सङ्गहितपरिज्जना[2]।
भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥

४– "या एवं वत्तति नारी, भत्तु छन्दवसानुगा।
मनापा[3] नाम ते[3] देवा, यत्थ सा उपपज्जती' ति ॥"

अर्थ–

१– "स्त्रीको मनोकामना पूरा गर्नकोनिम्ति सधैंभरी आतप्त तथा उत्सुकतापूर्वक भरण पोषण गर्ने पतिको अनमान नगर्नू।

---

१. सिहल, स्याम, रोमनमा, 'सब्ब कामहरं' छ।

२. स्याममा: 'सङ्गहीत परिज्जना'।

३. सिहलमा: 'मनापकायिका'।

२– "स्वस्ती कामना गर्ने पतिलाई ईर्ष्यायुक्त वचनले प्रहार न गर्नू, बल्कि बुद्धिमती भई पतिको पूजनीय आमा बाबु लगायत सबैलाई गौरव तथा सम्मान गर्नु पर्छ ।

३– "वीर्यवान, निरालसी स्वभावकी स्त्रीले परिजनहरूलाई संग्रहित गरी, आफ्नो स्वामीको मन भर्ने गरी व्यवहार गर्छे र ल्याएको सम्पत्ति पनि सुरक्षित गर्छे ।

४– "जो स्त्री पतिको इच्छाधीन भई उपर्युक्त गुणहरूलाई व्यवहारमा ल्याई घर बस्छे, उ मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन्छे ।"

+ + +

मूल सूत्र—

९–उपोसथ-व्रत

एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा बस्नु भएको थियो[१] ।

त्यस बखत विशाखा मृगारमाता जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमातालाई भगवान्ले निम्न उपदेश सुनाउनु भयो—

"विशाखे ! अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गर्नु महत्फल, महानिसंस (महानृशंस्य), महत्द्योतक तथा महत् विस्फार हुन्छ ।

"विशाखे ! कसरी अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गर्दा महत्फल, महानिसंस, महत् द्योतक तथा महत् विस्फार हुन्छ भने ?—

"विशाखे ! यहाँ आर्यश्रावकले यस्तो मनमा विचार गर्छ—

(१) 'अरहन्तहरू जीवनभर प्राणीहिंसा त्यागी, प्राणीहिंसाबाट विरत भई बस्छन् । वहाँहरू दण्डत्यागी, शस्त्र त्यागी, लज्जालु,

---

१. अं. नि-८. पृ. ३५२ : विसाखासुत्तं ।

दयालु तथा सबै भूत-प्राणीहरू प्रति हितानुकम्पी भई बस्नुहुन्छ । म पनि आज यो दिन र रातभरी प्राणीहिंसा त्यागी, प्राणीहिंसाबाट विरत भई,– दण्डत्यागी, शस्त्र त्यागी, लज्जालु, दयालु तथा सबै भूत-प्राणीहरू प्रति हितानुकम्पी भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

'विशाखे ! यही पहिलो अङ्ग हो ।

(२) 'अरहन्तहरू जीवनभर अदिन्नादान (=चोरी) त्यागी अदिन्नादानबाट विरत भई बस्छन् । दिएको मात्र ग्रहण गर्ने, दिएको मात्र प्रतिकांक्षा गर्ने भई वहाँहरू शुद्धात्म भाव लिई वस्नु हुन्छ । म पनि आज यो दिन र रातभरी अदिन्नादान त्यागी, अदिन्नादानबाट विरत भई, दिएको मात्र ग्रहण गर्ने, दिएको मात्र प्रतिकांक्षा गर्ने भई शुद्धात्मभाव लिई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

"विशाखे ! यही दोश्रो अङ्ग हो ।

(३) 'अरहन्तहरू जीवनभर अब्रह्मचर्य (=मैथुन) त्यागी, मैथुन धर्मबाट विरत भई, टाढा बसी तथा दूर रही, ब्रह्मचारी भई बस्छन् । म पनि आज यो दिन र रातभरी अब्रह्मचर्य (=मैथुन) त्यागी, मैथुन धर्मबाट विरत भई, टाढा रही, मैथुन धर्मबाट दूर भई ब्रह्मचारी भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

"विशाखे ! यही तेश्रो अङ्ग हो ।

(४) 'अरहन्तहरू जीवनभर मृषावाद (=झूटो कुरा) त्यागी मृषावादबाट विरत भई सत्यवादी भई बस्छन्। वहाँहरू सत्यमा आधारित, स्थीर वचन तथा विश्वसनीय कुरा गर्नु हुन्छ र लोकवासी-हरूलाई झूटो न बोल्ने भई बस्नु हुन्छ । म पनि आज यो दिन र रात-भरी मृषावाद त्यागी, मृषावादबाट विरत भई—सत्यवादी भई, सत्यमा आधारित, स्थीर वचन तथा विश्वसनीय कुरा गर्ने छु र लोकवासीहरू-लाई झूटो न बोल्ने भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।

"विशाखे ! यही चौथो अङ्ग हो ।

(५) 'अरहन्तहरू जीवनभर सुरा-मेरय मद्य-प्रमाद-स्थानलाई त्यागी, सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत भई बस्छन् । म पनि आज यो दिन र रातभरी सुरा-मेरय-मद्य-प्रमादस्थानलाई त्यागी, सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

"विशाखे ! यही पाँचौं अङ्ग हो ।

(६) 'अरहन्तहरू जीवनभर एक छाके हुन्छन् । रातपर्नुभन्दा अगाडि विकाल[1] भोजनबाट विरत भई बस्छन् । म पनि आज यो दिन

---

१. मध्यान्ह समय पछि र रातपर्नु भन्दा अगाडिको समयलाई 'विकाल' भन्दछन् । अं. अ. क. I. पृ. ४३१.

र रातभरी एकछाके हुन्छु । रातपर्नुभन्दा अगाडि विकाल भोजनबाट विरत भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

"विशाखे ! यही छैटौं अङ्ग हो ।

(७) 'अरहन्तहरू जीवनभर नृत्य-गीत-वाद्य-विसूकदर्शन र माला-गन्ध विलेपन-धारण-मण्डन तथा विभूषणहरू त्यागी, नृत्य-गीत-वाद्य-विसूक दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन तथा विभूषणहरू-बाट विरत हुन्छन् । म पनि आज यो दिन र रातभरी नृत्य-गीत-वाद्य-विसूक दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन तथा विभूषण-हरू त्यागी, नृत्य-गीत-वाद्य विसूक दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन तथा विभूषणहरूबाट विरत भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

"विशाखे ! यही सातौं अङ्ग हो ।

(८) 'अरहन्तहरू जीवनभर उच्चाशयन महाशयन त्यागी, उच्चाशयन महाशयनबाट विरत भई होचो आसनमा खाट्मा वा तृण-स्थरणमा शयन गर्छन् । म पनि आज यो दिन र रातभरी उच्चाशयन महाशयन त्यागी, उच्चाशयन महाशयनबाट विरत भई होचो आसनमा शयन गर्छु—खाट्मा वा तृणस्थरणमा । यो अङ्गद्वारा पनि मैले अरहन्त-हरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

"विशाखे ! यो आठौं अङ्ग हो ।

"विशाखे ! यसप्रकार अष्टाङ्ग युक्तभई बसेको उपोसथ-व्रत महत्फल, महानिसंस, महत्‌दयोतक तथा महत्‌विस्फार हुन्छ ।"

दिव्य-सुख र आयु

"विशाखे ! (उपरोक्त आकारले बसेको अष्टाङ्गिक उपोसथ-व्रतको फल) कति महत्फल, कति महानिसंस कति महत्‌दयोतक तथा कति महत्‌विस्फार हुन्छ भने ?--

"विशाखे ! प्रसस्तरूपले सप्तरत्नहरू[१] भरिपूर्ण भएको – अङ्ग[२], मगध[३], काशी[४], कोशल[५], वृजो[६] (वज्जी), मल्ल[७], चेतिय[८],

---

१. सून, चाँदी, मोती, मणी, वैदूर्य (=लाल), हीरा र मूगा । अभि. प. पृ. ६८: गा ४९०

२. अङ्ग— वर्तमान भारतको भागलपुर र मुंगेर जिल्लाको दक्षिणभाग । यसको राजधानी पञ्चाल नगरहो । हि. बु. च. पृ, २२४

३. मगध-- वर्तमान भारतको पटना र गया जिल्ला, हजारीबागको केही उत्तरी भाग । यसको राजधानी राजगृहहो । हि. बु. च पृ. ३८१

४ काशी— वर्तमान भारतको बनारस, गाजीपुर, मिर्जापुर जिल्लाको गंगाबाट उत्तरकोभाग, तथा आजमगढ र जौनपुर जिल्लाको अधिकांशभाग, र बलिया जिल्ला पनि । हि. बु. च. पृ. ३८० यसको राजधानी वाराणशीहो ।

वङ्ग[९], कुरु[१०], पञ्चाल[११], मत्स्य[१२] (मच्छ), सूरसेन[१३],

---

५. **कोशल**-- वर्तमान भारतको प्रायः अवध र बस्ती जौनपुर जिल्लाको केही भागहरू; फैजाबाद, गोंडा, वहराइच, बाराबंकी जिल्ला । हि. बु. च. पृ. ३४१, ३८० यसको राजधानी **श्रावस्तीहो** ।

६. **वज्जी (वृजी)**-- वर्तमान भारतको चम्पारन, मुजफ्फरपुरको सम्पूर्ण जिल्ला; दरभंगा जिल्लाको अधिकांश र छपरा जिल्लाको दीघवारकी महीनदी गंगामा संगम हुने पुरानो स्थानको पूर्वतिरका सबै भागहरू । हि. बु. च. पृ. ३८० यसको राजधानी **वैशालीहो** ।

७ **मल्ल**-- वर्तमान भारतको देवरिया र छपरा (सारन) जिल्लाको सम्पूर्ण प्रदेश । हि. बु. च. पृ. ३८० यसको राजधानी दुइवटा छन् **अनूपिया** र **थूनग्राम** (हि. सं. नि. I. पृ. ४: भूमिका) ।

८. **चेतिय**-- वर्तमान भारतको बुन्दलखण्ड । यमुना नदीको नजीक । यसको राजधानी **सोत्थिवती नगरहो** । हि. स. नि. I. पृ. ४: भूमिका ।

९. **वङ्ग**-- वर्तमान वङ्गाल । पालि साहित्यमा १६ महाजनपदहरूको नामावलीमा बाहेक अन्त कहीं कतै प्रसंग आएको देखिदैन । रिग्वेदको ऐतरिय आरण्यकमा सर्वप्रथम उल्लेख भएको कुरा G.D. पृ. २२ मा उल्लेख भएकोछ ।

१०. **कुरु**-- वर्तमान भारतको मेरठ कमिश्नरी (हि. बु. च. पृ. १०८) । सोनपत, अमिन, कर्नाल, तथा पानिपतको जिल्ला (हि. सं. नि. I. पृ. ५: भूमिका) । यसको राजधानी **इन्दपट्टन** (=इन्द्रप्रस्थ) हो ।

अश्वक[१४] (अस्सक), अवन्ती[१५], गन्धार[१६] तथा कम्बोज[१७]—

११ पञ्चाल-- वर्तमान भारतको बदाऊँ, फरुक्खावाद पर्छ। उत्तर पञ्चाल र दक्षिण पञ्चाल गरी दुइ भाग छन्। उत्तर पञ्चालको राजधानी अहिच्छत्र नगरहो जो वर्तमानको बरेली जिल्ला हो; दक्षिण पञ्चालको राजधानी कम्पिल्य नगरहो जो वर्तमान फरुक्खावाद जिल्लामा पर्छ। हि स. नि. I. पृ ५: भूमिका।

१२. मत्स्य (मच्छ)-- वर्तमान भारतको जयपुर राज्य। यस अन्तरगत अलवर राज्य र भरतपुरका केही भागहरू पनि पर्दछन्। यसको राजधानी विराट-नगर हो। हि. सं नि. I पृ. ५: भूमिका।

१३. सूरसेन (शूरसेन)-- शूरसेन देशको राजधानी मधुरा वा मथुरा हो। वर्तमान भारतको मथुरानगरबाट ५ माइल दक्षिण-पश्चिमस्थित महोली भन्ने ठाउँ प्राचिन मथुराहो। हि. सं. नि. I. पृ. ५: भूमिका।

१४. अस्सक(=अश्वक, अस्मक -- वर्तमान दक्षिण भारत-को गोदावरीको किनारसम्म पर्दछ। वर्तमान पैठन जिल्ला। हि. स. नि. I. पृ. ६: भूमिका। यसको राजधानी पोतन नगर हो। वर्तमान समयको हैदराबाद राज्यको औरगावाद र बीरको दुइजिल्ला तथा आसपासका प्रदेशहरूहुन सक्छन्। (हि. बु. च. पृ. ३५०)।

१५. अवन्ती --वर्तमान भारतको मालवा (हि.बु.च. पृ. ३६८)। मालव, निमार तथा मध्यभारतको निकट-

यी सोन्ह महाजनपदहरूको ऐश्वर्याधिपति भई कसैले राज्य गर्छ भने, त्यो राज्य अष्टाङ्गयुक्त उपोसथ-व्रतफलको अगाडि सोन्हभागमा एक भाग पनि हुँदैन । किन भने, दिव्य सुखको अगाडि मानुषीय राज्य-सुख कृपण (=कौडी) समान जस्तै हो ।

(१) "विशाखे ! मनुष्यहरूको पचास[1] (५०) वर्ष चातुर्महा-

वर्ति प्रदेसहरू पर्दछन् । उत्तर अवन्तीको राजधानी उज्जैनी नगर र दक्षिण अवन्तीको राजधानी महिष्मती हो । हि सं. नि. I. पृ ६: भूमिका ।

१६. गन्धार— वर्तमान पेशावर र रावलपिण्डी जिल्लाको खोस्पा र इन्दू नदीको बीचको कावुल नदीको तीरमा स्थितछ । यसको राजधानी पुरुषपुर र तक्षशिला हो । G D. पृ. ६०; हि. बु. च. पृ. ५३७

१७. कम्बोज— वर्तमान अफगानिस्तानको पूर्विभाग । G.D. पृ. ८७. यसको राजधानी द्वारका हो तर गुजरातको द्वारका होइन । हि. बु. च. पृ. १६८ मा ताजिकिस्तान उल्लेख भएकोछ ।

उपरोक्त नामहरूको बारे पूर्ण अध्ययनकोनिम्ति G.D. तथा D.P.P. हेर्नु योग्यछ ।

१. मनुष्यहरूको ५० वर्ष चातुर्महाराजिक देवताको १ दिन,
" १,५०० " " " १ महीना,
" १८,००० " " " १ वर्ष,
" ९०,००,०००" " " ५०० वर्ष ।

राजिक देवताहरूको एक दिन-रात हुन्छ। सोही रातले तीस रातको एक महीना हुन्छ। सोही महीनाले बान्ह महीनाको एक वर्ष हुन्छ। सोही वर्षले पाँचशय (५००) वर्षहरू चातुर्महाराजिक देवताहरूको दिव्य-आयु हुन्छ। विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी, शरीर त्यागी मृत्युपछि चातुर्महाराजिक देवलोकमा पनि उत्पन्न हुन सक्छ। यसै कुरालाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।

(२) "विशाखे ! मनुष्यहरूको एकशय[१] (१००) वर्ष त्रयस्त्रिंश देवताहरूको एक दिन-रात हुन्छ। सोही रातले तीस रातको एक महीना हुन्छ। सोही महीनाले बान्ह महीनाको एक वर्ष हुन्छ। सोही वर्षले एक हजार (१०००) वर्षहरू त्रयस्त्रिंश देवताहरूको दिव्य-आयु हुन्छ। विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी, शरीर त्यागी मृत्युपछि त्रयस्त्रिंश देवलोकमा पनि उत्पन्न हुन सक्छ। यसै कुरालाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।

---

१. मनुष्यहरूको	१०० वर्ष	त्रयस्त्रिंश देवताको		१	दिन,
"	३,००० "	"	"	१	महीना,
"	३६,००० "	"	"	१	वर्ष,
"	३,७०,००,००० "	"	"	१,०००	वर्ष।

(३) "विशाखे ! मनुष्यहरूको दुइशय[१] (२००) वर्ष यामा देवताहरूको एक दिन-रात हुन्छ। सोही रातले तीस रातको एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एक वर्ष हुन्छ। सोही वर्षले दुइहजार (२०००) वर्षहरू यामा देवताहरूको दिव्य-आयु हुन्छ। विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालनगरी, शरीर त्यागी मृत्युपछि यामा देवलोकमा पनि उत्पन्न हुन सक्छ। यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।

(४) "विशाखे ! मनुष्यहरूको चारशय[२] (४००) वर्ष तुषित देवताहरूको एक दिन-रात हुन्छ। सोही रातले तीस रातको एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एकवर्ष हुन्छ। सोही वर्षले चारहजार (४०००) वर्षहरू तुषित देवताहरूको दिव्य-आयु हुन्छ। विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत

---

१. मनुष्यहरूको	२००	वर्ष	यामा	देवताको	१	दिन,
"	६,०००	"	"	"	१	महीना,
"	७२,०००	"	"	"	१	वर्ष,
"	१४,४०,००,०००	"	"	"	२,०००	वर्ष।

२. मनुष्यहरूको	४००	वर्ष	तुषित	देवताको	१	दिन,
"	१२,०००	"	"	"	१	महीना,
"	१,४४,०००	"	"	"	१	वर्ष,
"	५७,६०,००,०००	"	"	"	४०००	वर्ष।

पालनगरी, शरीर त्यागी मृत्युपछि तुषित लोकमा पनि उत्पन्न हुन सक्छ । यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो ।

(५) "विशाखे ! मनुष्यहरूको आठशय[1] (८००) वर्ष निर्माणरति देवताहरूको एक दिन-रात हुन्छ । सोही रातले तीस रात-को एक महीना हुन्छ । सोही महीनाले बान्ह महीनाको एक वर्ष हुन्छ । सोही वर्षले आठहजार (८०००) वर्षहरू निर्माणरति देवताहरूको दिव्य-आयु हुन्छ । विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालनगरी, शरीर त्यागी मृत्युपछि निर्माणरति देवलोकमा पनि उत्पन्न हुनसक्छ । यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो ।

(६) "विशाखे ! मनुष्यहरूको सोन्हशय[2] (१६००) वर्ष

---

१. मनुष्यहरूको	८०० वर्ष	निर्माणरति	देवताको	१	दिन,
"	२४,०००	"	"	१	महीना,
"	२,८०,०००	"	"	१	वर्ष,
"	२,४०,००,००,०००	"	"	८०००	वर्ष ।
२. मनुष्यहरूको	१,६०० वर्ष	परनिर्मितवशवर्ती	देवताको	१	दिन,
"	३०,०००	"	"	१	महीना,
"	३,६०,०००	"	"	१	वर्ष
"	५,७६,००,००,०००	"	"	१६,०००	वर्ष ।

परनिर्मितवशवर्ती देवताहरूको एक दिन-रात हुन्छ । सोही रातले तीस रातको एक महीना हुन्छ । सोही महीनाले बा्रह महीनाको एक वर्ष हुन्छ । सोही वर्षले सोह्रहजार (१६,०००) वर्षहरू परनिर्मितवशवर्ती देवताहरूको दिव्य-आयु हुन्छ । विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी, शरीर त्यागी मृत्युपछि परनिर्मितवशवर्ती देवलोकमा पनि उत्पन्न हुनसक्छ । यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो ।"

पुनश्च —

१– "पाणं न हञ्ञे[1] न चदिन्नमादिये[2],
मुसा न भासे न च मज्जपो सिया ।
अब्रह्मचरिया विरमेय्य मेथुना,
रत्तिं न भुञ्जेय्य विकाल भोजनं ॥

२– "मालं न धारे[3] न च गन्धमाचरे,
मञ्चे छमायं व सयेथ सन्थवे ।
एतं हि अट्ठङ्गिकमाहुपोसथं,
बुद्धेन दुक्खन्तगुना पकासितं ॥

---

१ सिंहलममा 'हाने' ।

२. स्याम र रोमनमा 'चादिन्नमादिये' ।

३. स्याम र रोमनमा 'धारये' ।

३– "चन्दो च सुरियो[1] च उभो सुदस्सना,
ओभासयं[2] अनुपरियन्ति यावता।
तमोनुदा ते पन अन्तलिक्खगा,
नभे पभासन्ति दिसाविरोचना ॥

४– "एतस्मिं[3] यं विज्जति अन्तरे धनं,
मुत्ता मणि वेलुरियं च भद्दकं ।
सिङ्गी सुवण्णं अथवा पि कञ्चनं[4],
यं जातरूपं हटकं ति वुच्चति ॥

५– "अट्ठङ्गुपेतस्स उपोसथस्स,
कलं पि ते नानुभवन्ति सोलसिं ।
चन्दप्पभा तारगणा च[5] सब्बे ॥

६– "तस्मा हि नारी च नरो च सीलवा,
अट्ठङ्गुपेतं उपवस्सुपोसथं ।
पुञ्ञानि कत्वान सुखुद्रयानि,
अनिन्दितो सग्गमुपेन्ति ठानं ति ॥"

---

१. स्याममा 'सूरो'।

२. स्याममा 'ओभासयन्ता अनुयन्ति'।

३. स्याममा 'एतम्हि'।

४. स्याममा 'काञ्चनं'।

५. स्याम र रोमनमा 'व'।

अर्थ —

१– "प्राणीहिंसा नगर, अदिन्नादान (=चोरी) नगर, मृषावाद न बोल र मद्यपान पनि न गर। मैथुन छाडी, अब्रह्मचर्यलाई त्यागी देऊ, विकालमा र रातमा भोजन न गर।

२– "माला न लगाऊ, सुगन्ध पनि न लगाऊ, खाटमा वा भुइँमा मात्र सुत। यसैलाई अष्टाङ्गयुक्त उपोसथ भन्दछन् भनी दुःखान्त गर्नु भएका बुद्धले प्रकाशित गर्नु भएको हो।

३– "राम्ररी देखिने चन्द्र र सूर्य दुवैले अन्धकार नाशगरी, आभा प्रकाश पार्दै, चारैतिर विचरण गरी जतिसम्म आकाशमा उज्यालो पारी दिशानुदिशा तेजिलो पार्छन् —

४– "त्यस भित्र जे जति मोती, मणी, वैदूर्य (=लाल) आदि धनहरू पाइन्छन्; जे जति सुवर्ण तथा कञ्चन विशेषता र चाँदी तथा चाँदीको विशेषता पाइन्छन्;

५– "अष्टाङ्गयुक्त उपोसथ-व्रतको अगाडि तिनीहरू सोन्ह भागमा एक भाग पनि पुग्न सक्दैनन्; न त चन्द्रप्रभा सहित सबै तारा-गण नै।

६ "त्यसैले अष्टाङ्गिक उपोसथ-व्रत पालन गरी नरनारीहरू शीलवान् होउन्। ताकि सुखदायी पुण्यकार्यगरी, अनिन्दितभई स्वर्गलोकमा पुग्न सकुन्।"

× × ×

मूल सूत्र—

१०- इहलोक र परलोकको विजय

एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा बस्नु भएको थियो[१]।

त्यसबखत विशाखा मृगारमाता जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी विशाखा मृगारमातालाई भगवानले निम्न उपदेश सुनाउनु भयो—

"विशाखे! चार गुणधर्महरूले सम्पन्न भएकी स्त्रीले इहलौकिक विजय प्राप्तगरी सफलता पनि हासिल गर्छे। कुन चार भने?—

"विशाखे! (१) कामकाजमा सुसंविहित हुने, (२) परजनलाई संग्रह गर्ने, (३) स्वामी प्रति राम्रो व्यवहार गर्ने र (४) प्राप्त धनको राम्ररी सुरक्षा गर्ने स्त्री।

१- "विशाखे! कसरी यहाँ स्त्री कामकाजमा सुसंविहित हुन्छे भने?— विशाखे! यहाँ जो ती पतिका भित्री कामहरू हुन् जस्तै— ऊनहरू वा कपासहरू छुटचाउने काम। त्यसमा सिपालु हुन्छे,

---

१. अं. नि-८. पृ. ३६४: पठमइधलोकिकसुत्तं, अ. क. II. पृ. ७७३

निरालसी हुन्छे, त्यस त्यस काममा विचार पुऱ्याई काम गर्न समर्थ हुन्छे। कामकाजको संविधान गर्न र प्रबन्ध मिलाउनमा पनि सिपालु हुन्छे। विशाखे ! यसरी स्त्री कामकाजमा सुसंविहित हुन्छे।

२– "विशाखे ! कसरी यहाँ स्त्रीले परजनलाई संग्रहित गर्छे भने ?— विशाखे ! यहाँ जो ती आफ्नो पतिको आभ्यन्तरिक दास, प्रेष्य अथवा कामदारहरू हुन्, उनीहरूले गरेको कामलाई पनि न गरेको कामलाई पनि जान्दछे। उनीहरूलाई जे जति खादनीय र भोजनीय पदार्थहरू दिनपर्ने हो उति दिन्छे। विशाखे ! यसरी स्त्रीले परजनलाई संग्रह गरेकी हुन्छे।

३– "विशाखे ! कसरी यहाँ स्त्रीले स्वामी प्रति राम्रो व्यवहार गर्छे भने ?— विशाखे ! यहाँ स्त्रीले, जुन कुरा स्वामीले मनपराउँदैन सो कुरा ज्यान गएपनि गर्दीन। विशाखे ! यसरी स्त्रीले स्वामी प्रति राम्रो व्यवहार गरेकी हुन्छे।

४– "विशाखे ! कसरी यहाँ स्त्रीले प्राप्त धन आरक्षा गर्छे भने ?— विशाखे ! यहाँ जुन धन-धान्य अथवा रुपैयाँ पैसाहरू आफ्नो पतिले घरमा ल्याउँछ, त्यसको राम्ररी संविधान गरी, गुप्तिका साथ जतनगरी सुरक्षा गर्छे। आफु पनि अधूर्तिनी, अचोरिनी, अमद्यपायिनी तथा अविनाशिनी भई बस्छे।

"विशाखे ! यिनै चार गुणधर्महरूले सम्पन्न भएकी स्त्रीले इहलौकिक विजय प्राप्तगरी सफलता पनि हासिल गर्छे।

"विशाखे ! चार गुणहरूले सम्पन्न भएकी स्त्रीले पारलौकिक विजय प्राप्तगरी, पारलौकिक सफलता पनि हासिल गर्छे । कुन चार भने ?—

"बिशाखे ! (१) श्रद्धासम्पन्न हुने, (२) शीलसम्पन्न हुने, (३) त्य गसम्पन्न हुने र (४) प्रज्ञासम्पन्न हुने स्त्री ।

१– "विशाखे ! कसरी यहाँ स्त्री श्रद्धासम्पन्न हुन्छे भने ?— विशाखे ! यहाँ स्त्री श्रद्धालुहुन्छे, तथागतको बोधि प्रति श्रद्धा राख्छे— 'वहाँ भगवान् अरहत् हुनुहुन्छ, वहाँ भगवान् सम्यकसम्बुद्ध हुनुहुन्छ, वहाँ भगवान् विद्याचरण सम्पन्न हुनुहुन्छ, वहाँ भगवान् सुगत हुनुहुन्छ, वहाँ भगवान् लोकविद् हुनुहुन्छ, वहाँ भगवान् अनुत्तर हुनुहुन्छ, वहाँ भगवान् पुरुषदम्य सारथी हुनुहुन्छ, वहाँ भगवान् देवमनुष्यका शास्ता (=गुरु) हुनुहुन्छ तथा वहाँ भगवान् बुद्ध हुनुहुन्छ ।' विशाखे ! यसरी यहाँ स्त्री श्रद्धासम्पन्न हुन्छे ।

२– 'विशाखे ! कसरी यहाँ स्त्री शीलसम्पन्न हुन्छे भने ?— विशाखे ! यहाँ स्त्री प्राणीहिंसाबाट विरत हुन्छे, अदिन्नादानबाट विरत हुन्छे, काममिथ्याचारबाट विरत हुन्छे, मृषावादबाट विरत हुन्छे र सुरा मेरय मद्य प्रमादस्थानबाट पनि विरत हुन्छे । विशाखे ! यसरी यहाँ स्त्री शीलसम्पन्न हुन्छे ।

३– "विशाखे ! कसरी यहाँ, स्त्री त्यागसम्पन्न हुन्छे भने ?— विशाखे ! यहाँ स्त्री मात्सर्यमलरूपी चेतनालाई दूरगरी त्यागिनी भई

घरमा बस्छे– दानद्वारा हात शुद्ध पार्छे, दिने कार्यमा अग्रसर हुन्छे, याचकहरूलाई दान दिनमा मन लगाउँछे । विशाखे ! यसरी यहाँ स्त्री त्यागसम्पन्न हुन्छे ।

४– "विशाखे ! कसरी यहाँ, स्त्री प्रज्ञा सम्पन्न हुन्छे भने ?— विशाखे ! यहाँ प्रज्ञावान् हुन्छे– उदयास्तगामिनी प्रज्ञाले सुसम्पन्न हुन्छे, सम्यक् दुःखक्षयगामिनी आर्य निर्वेदिक प्रज्ञाले युक्त हुन्छे । विशाखे ! यसरी यहाँ स्त्री प्रज्ञासम्पन्न हुन्छे ।

"विशाखे ! यिनै चार गुणधर्महरूले सम्पन्न भएकी स्त्रीले पारलौकिक विजय प्राप्तगरी, पारलौकिक सफलता पनि हासिल गर्छे ।"

१– " सुसंविहित कम्मन्ता[1], सङ्गहितपरिज्जना[2] ।
भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥

२– " सद्धासीलेन सम्पन्ना[3], वदञ्ञू वीतमच्छरा[4] ।
निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं ॥

३– " इच्चेते अट्ठ धम्मा च, यस्सा विज्जन्ति नारिया ।
तं पि सीलवतिं आहु, धम्मट्ठं सच्चवादिनिं ॥

---

१. स्याममा '... कम्मन्तो' ।

२. स्याममा '...परिज्जनो' ।

३. स्याममाः 'सम्पन्नो' ।

४. स्याममाः 'वीतमच्छरो' ।

४– "सोलसाकारसम्पन्ना, अट्ठङ्गसुसमागता।
तादिसी[1] सीलवती उपासिका,
उपपज्जति देवलोकं मनापं' ति ॥"

अर्थ—

१– "संविधानपूर्वक काम गर्ने, परजनलाई संग्रह गर्ने, स्वामीको मनोभाव अनुसार आचरण गर्ने तथा प्राप्त धनको सुरक्षा गर्ने—

२– "श्रद्धा र शीलले सम्पन्न हुने, माग्नेको मनोभावलाई बुझी, मात्सर्यमल दूरगर्ने, पारलौकिक स्वस्तिकोनिम्ति नित्यप्रति मार्ग सोधन गर्ने—

३– "जो स्त्रीमा यो आठ गुणधर्महरू विद्यमान हुन्छन्, उसलाई धर्मस्थित, सत्यवादी तथा शीलवती भन्दछन्।

४– "अष्टाङ्ग गुणले युक्तभई सोन्ह[2] आकारले युक्त हुने,— शीलवती उपासिका मनापकायिका देवलोकमा उत्पन्न हुन्छे।"

× × ×

---

१. सिहलमा: 'सा तादिसी'।

२. आफूले पालन गर्ने अष्टाङ्गिक शील र अर्कालाई पालन गराउने अष्टाङ्गिक शीलसमेतलाई सोन्ह आकार भनिएको हो। अं. नि. अ. क. II. पृ. ७७३

मूल सूत्र—

११– पराधीनता दुःख हो

यस्तो मैले सुने[1] ।

एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा बस्नु भएको थियो ।

त्यसबखत विशाखा मृगारमाताको केही सम्पत्ति राजा प्रसेनजित कोशलको हातमा परेको थियो । राजा प्रसेनजित कोशलले त्यस सम्बन्धी कुनै उचित निर्णय (विशाखाको इच्छानुसार) गरेका थिएनन् ।

अनि विशाखा मृगारमाता दिनको मध्याह्न समयमै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमातासँग भगवान्ले सोध्नु भयो—

"विशाखे ! आज कहाँबाट दिनको मध्याह्न समयमै आएकी ?"

"भन्ते ! यहाँ (मेरो) केही सम्पत्ति राजा प्रसेनजित कोशलको

१. उदा. पा. पृ. ८३ : विसाखासुत्तं, अ. क. पृ. १०९

ह्यातमा परेको छ। त्यसबारे राजाले कुनै उचित निर्णय गरि दिएनन्।"

अनि यस कुरालाई बुझ्नु भई भगवान्‌ले त्यसबेला निम्न उदान प्रकट गर्नु भयो—

"सब्बं परवसं दुःखं, सब्बं इस्सरियं सुखं।
साधारणे विहञ्ञन्ति, योगाहि दुरतिक्कमा' ति ॥

अर्थ—

"पराधीनता जति सबै दुःख हुन्, स्वाधीनता जति सबै सुख हुन्। यस्तो बन्धनबाट पारतर्न नसक्नाले नै साधारण जनताहरू दुःखी भएका हुन्।"

× × ×

मूल पालि—

१२—अनिश्चित नियम (क)

त्यस बखत बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नु भएको थियो[१] ।

त्यसबेला आयुष्मान् उदायी श्रावस्तीको कुलगृहमा बहुलतर जान्थे । धेरै कुलगृहका मानिसहरू पनि आयुष्मान् उदायीकहाँ आउँदथे । त्यस बखत आयुष्मान् उदायीको उपस्थाक कुलकी कुमारीकालाई एक कुलगृहको कुमारलाई दिएको थियो ।

एक दिन आयुष्मान् उदायी पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ ती उपस्थाकको घर हो त्यहाँ गए । त्यहाँ पुगेपछि मानिसहरूसँग सोधे— "फलानी कहाँ गइन् ?"

उनीहरूले जवाफ दिए– "भन्ते ! फलाना कुलगृहको कुमारलाई दिइसक्यो ।"

त्यो कुलगृह पनि आयुष्मान् उदायीकै उपस्थाक थियो । अनि

१. पारा. पा. पृ. २७८ : पठमअनियतो, अनियतकण्डं, अ. क. पृ. ४५५.

आयुष्मान् उदायी त्यही कुलगृहमा गए । त्यहाँ पुगेपछि मानिसहरूसँग सोधे—

"फलानी कहाँ छे ?"

उनीहरूले जवाफ दिए— "आर्य ! ऊ, त्यहाँ कोठामा बसिरहेकी छे ।"

त्यसपछि आयुष्मान् उदायी जहाँ ती कुमारीका थिइन् त्यहाँ गए । त्यहाँ पुगी एकलै एक्ली ती कुमारीकासँग एकान्त, प्रतिच्छन्न तथा काम (=मैथुन) गर्न सक्ने आसनमा बसी, कहिले धर्मका कुराहरू, कहीले अरू नै कुराहरू गरिरहे ।

त्यस समय विशाखा मृगारमाताका धेरै पुत्र-पुत्रीहरू, धेरै नाति-नातिनीहरू थिए । तिनीहरू स्वस्थ्य थिए । विशाखा मृगारमाता मङ्गलसम्मत थिइन् । यज्ञ (=दान) कार्यमा, पर्वदिनहरूमा तथा उत्सवहरूमा विशाखा मृगारमातालाई निम्त्याई मानिसहरूले सर्वप्रथम उनलाई ख्वाउँथे । अतः सो कुलगृहले पनि निम्त्याएको हुँदा विशाखा मृगारमाता त्यहाँ गइन् । त्यहाँ उनले आयुष्मान् उदायीलाई एकलै एक्ली ती कुमारिकासँग एकान्त, प्रतिच्छन्न तथा काम(=मैथुन) गर्न सक्ने आसनमा बसी, कहीले धर्मका कुराहरू, कहीले अरू नै कुराहरू गरी, बसिरहेको देखिन् र आयुष्मान् उदायीलाई यसो भनिन्—

"भन्ते ! यो उचित छैन, प्रतिरूप छैन; जो कि तपाइ आर्य एकलै एक्ली स्त्रीका साथ एकान्त प्रतिच्छन्न तथा काम (=मैथुन) गर्न

सक्ने आसनमा बस्नु हुन्छ । भन्ते ! यद्यपि तपाइ आर्यले त्यस्ता कामको अपेक्षा गर्नु हुन्न । किन्तु अप्रसन्न हुने मानिसहरूलाई विश्वास दिलाउन गहारो पर्छ ।"

यस्तो भन्दा पनि आयुष्मान् उदायीले विशाखा मृगारमाताको कुरालाई वास्ता राखेनन् । अनि घरबाट बाहिर निस्किसकेपछि विशाखा मृगारमाताले भिक्षुहरूलाई सो कुरा सुनाइन् । जो भिक्षुहरू अल्पेच्छी, सन्तुष्टी, लज्जालु, संकोची तथा शिक्षा कामी थिए, ती भिक्षुहरू कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न पनि थाले—"कसरी यी आयुष्मान् उदायी एकलै एक्ली स्त्रीका साथ एकान्त प्रतिच्छन्न तथा काम (=मैथुन) गर्न सक्ने आसनमा बस्छन् !" अनि ती भिक्षुहरूले आयुष्मान् उदायीलाई अनेक प्रकारले निन्दा गरी यो कुरा भगवान्‌लाई सुनाए ।

यसै सन्दर्भमा, यसै प्रसङ्गमा भगवान्‌ले भिक्षुसङ्घलाई एकत्रित गराउनु भई आयुष्मान् उदायीसँग सोध्नु भयो—

"उदायी ! साँच्चै हो के तिमी एकलै एक्ली स्त्रीकासाथ एकान्त, प्रतिच्छन्न तथा काम (=मैथुन) गर्न सक्ने आसनमा बसेको ?"

"भगवान् ! साँच्चै हो ।"

अनि भगवान्‌ले आयुष्मान् उदायीलाई निन्दा गर्नु हुँदै "मोघपुरुष ! तिमीले अनुचित गर्‍यौ, अननुलोमिक गर्‍यौ, अप्रतिरूप

गऱ्यौ, अश्रामणिक गऱ्यौ, अयोग्य गऱ्यौ तथा गर्न नहुने काम गऱ्यौ। कसरी तिमी एकलै एक्ली स्त्रीका साथ एकान्त प्रतिच्छन्न तथा काम (= मैथुन) गर्न सक्ने आसनमा बसेको ? मोघपुरुष ! तिम्रो यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सक्छ, न प्रसन्न हुनेलाई नै बढी प्रसन्न पार्न सक्छ, बल्कि तिम्रो यस कार्यद्वारा अप्रसन्न हुने कुन् अप्रसन्न हुने छन् र प्रसन्न हुने कुनै कुनैको प्रसन्नतालाई पनि अन्यथा पार्न सक्छ" भनी भन्नु भयो।

अतएव भिक्षु हो ! तिमीहरूले यस्तो शिक्षापद उद्देशण गर——

"जो भिक्षु एकलै एक्ली स्त्रीका साथ एकान्त प्रतिच्छन्न तथा काम (= मैथुन) गर्न सक्ने आसनमा बस्छ र उसलाई विश्वसनीय उपासिकाले देखी 'पाराजिका,[१] सङ्घादिशेष[२] अथवा पाचित्तिय[३] यी तीन दोषहरूमध्ये कुनै एक दोष लगाएमा—बसिरहेको भिक्षुसँग सोधी पाराजिका, सङ्घादिशेष अथवा पाचित्तिय—यी तीन दोषहरूमध्ये

---

१. मैथुन, चोरी, मनुष्यघात तथा आफूले नजानेका समाधि इत्यादि जान्दछु भनी भन्ने भिक्षु पाराजिका हुन्छ। अर्थात् भिक्षु भावमा बस्न अयोग्य ठहरिन्छ।

२. जुन दोषको प्रतिकारकोलागि संघको आवश्यकता हुन्छ त्यस्तो दोषलाई 'सङ्घादिशेष' भन्दछन्।

३. माथि उल्लेख भएका दोषहरूका तुलनासा तेश्रो स्तरको दोषलाई 'पाचित्तिय' भन्दछन्।

कुनै एक दोष लगाउनु पर्छ अथवा ती श्रद्धेय उपासिकाले जुन दोष देखाउँछिन् उही दोष लगाउनु पर्छ। (त्यसो हुनाले) यो नियम अनिश्चित नियम हो।"

× × ×

मूल पालि—

१३– अनिश्चित नियम (ख)

त्यस समय बुद्धभगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो[1] ।

त्यसबेला आयुष्मान् उदायी "भगवान्ले 'एकलै एक्ली स्त्रीका साथ एकान्त, प्रतिच्छन्न तथा काम (=मैथुन) गर्नसक्ने आसनमा बस्नु हुन्न' भनी भन्नु भएकोछ" भन्दै एकलै एक्ली सोही कुमारिकासँग एकान्त ठाउँमा बसी, कहिले धर्मका कुराहरू कहिले अरूनै कुराहरू गर्दै बसिरहे ।

दोश्रोपटक पनि विशाखा मृगारमाता निम्तो पाई सोही कुलगृहमा गइन् । त्यहाँ विशाखा मृगारमाताले आयुष्मान् उदायीलाई एकलै एक्ली उही कुमारिकासँग एकान्त ठाउँमा बसिरहेको देखिन् र आयुष्मान् उदायीलाई भनिन्—

"भन्ते ! यो उचित छैन, यो प्रतिरूप छैन, जो कि तपाइ आर्य एकलै एक्ली स्त्रीसँग एकान्त ठाउँमा बस्नु हुन्छ । भन्ते ! यद्यपि तपाइ

---

१. पारा. पा पृ. २८२: दुतियअनियतो, अनियतकण्डं, अ. क. पृ. ४५८

आर्यले त्यस्ता कामको अपेक्षा गर्नुहुन्न। किन्तु अप्रसन्न हुने मानिसहरूलाई विश्वास दिलाउन गहारो पर्छ।"

यस्तो भन्दा पनि आयुष्मान् उदायीले विशाखा मृगारमाताको कुरालाई वास्ता राखेनन्। अनि घरबाट बाहिर निस्किसकेपछि विशाखा मृगारमाताले भिक्षुहरूलाई यो कुरा सुनाइन्। जो भिक्षुहरू अल्पेच्छी[1] ... तथा शिक्षाकामी थिए ती भिक्षुहरू कराउन थाले, खिन्न हुनथाले र धिक्कार्न पनि थाले — "कसरी यी आयुष्मान् उदायी एकलै एक्ली स्त्रीसँग एकान्त ठाउँमा बस्छन्।" अनि ती भिक्षुहरूले आयुष्मान् उदायीलाई अनेक प्रकारले निन्दा गरी यी कुरा भगवान्लाई सुनाए।

भगवान्ले यसै सन्दर्भमा, यसै प्रसङ्गमा भिक्षुसङ्घलाई एकत्रित गराउनु भई आयुष्मान् उदायीसँग सोध्नुभयो —

"उदायी! साँच्चै हो के तिमी एकलै एक्ली स्त्रीसँग एकान्त ठाउँमा बसेको ?"

"साँच्चैहो, भगवान्!"

अनि भगवान्ले आयुष्मान् उदायीलाई निन्दागर्नुहुँदै — "मोघपुरुष! तिमीले अनुचित[1] ··· तथा गर्ननहुने काम गर्‍यौ। कसरी तिमी एकलै एक्ली स्त्रीसँग एकान्त ठाउँमा बसेको ? मोघपुरुष! तिम्रो यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्न पार्नसक्छ, न प्रसन्न हुनेलाई नै

१. माथी पृ. १५२ मा उल्लेख भए जस्तै दोहर्‍याउनू।

बढी प्रसन्न पार्नसक्छ, बल्कि तिम्रो यस कार्यद्वारा अप्रसन्न हुने झन् अप्रसन्न हुनेछन् र प्रसन्न हुने कुनै कुनैको प्रसन्नतालाई पनि अन्यथा पार्नसक्छ'' भनी भन्नुभयो ।

अतएव भिक्षुहो ! तिमीहरूले यस्तो शिक्षापद उद्देशण गर —

''न त प्रतिच्छन्न ठाउँ हुन्छ, न त काम (= मैथुन) गर्न सक्ने ठाउँ-हुन्छ, परन्तु स्त्रीसँग दुट्ठुल्ल (असभ्य, फोहोरी) कुराहरू गर्नसक्ने ठाउँ-हुन्छ । जो भिक्षु त्यस्तो ठाउँमा एकलै एक्ली स्त्रीसँग एकान्त ठाउँमा बस्छ र उसलाई विश्वसनीय उपासिकाले देखी सङ्घादिशेष वा पाचित्तिय' यी दुइ दोषहरूमध्ये कुनै एक दोष लगाएमा—बसिरहेको भिक्षुसँग सोधी—सङ्घादिशेष वा पाचित्तिय यी दुइ दोषहरूमध्ये कुनै एक दोष लगाउनु पर्छ अथवा ती श्रद्धेय उपासिकाले जुन दोष देखाउँछिन् उही दोष लगाउनुपर्छ । (त्यसैले) यो नियम पनि अनिश्चित नियमहो ।''

× × ×

मूल पालि—

१४– नियम बनाउन हुन्न

त्यस समय श्रावस्तीका सङ्घले यस्तो नियम (कतिका) बनाएको थियो— "वर्षाकाल भित्र प्रव्रजित नगर्ने[१] ।"

विशाखा मृगारमाताको नातिले भिक्षुहरूकहाँ गई प्रव्रज्या माग्दा भिक्षुहरूले यस्तो भने—

"आवुसो ! सङ्घले 'वर्षाकाल भित्र प्रव्रजित नगर्ने' भन्ने नियम बनाएकोछ । त्यसोहुनाले भिक्षुहरूको वर्षावास न सिद्धिएसम्म पर्खेर बस ।" वर्षावास सिद्धिएपछि ती भिक्षुहरूले विशाखा मृगारमाताको नातिलाई बोलाई भने—

"आवुसो ! अब आऊ, प्रव्रजित होऊ ।"

उनले भने— "भन्ते ! यदि म अघिनै प्रव्रजित हुन पाएको भए, मनलगाई बस्ने थिएँ । भन्ते ! अब म प्रव्रजित हुन चाहन्न ।"

यो कुरा सुनी विशाखा मृगारमाता कराउन थालिन्, खिन्न

---

१. महा. व. पृ. १५९: अधम्मिककतिका, वस्सूपनायिकक्खन्धकं ।

हुन थालिन् र धिक्कार्न पनि थालिन्— "कसरी आर्यहरूले 'वर्षाकाल भित्र प्रव्रजित नगर्नें' भन्ने नियम बनाउनु भएको । कुन समयमा धर्म पालन गर्न हुन्न र !"

भिक्षुहरूले, विशाखा मृगारमाता कराएकी, खिन्न भएकी तथा धिक्कारेकी कुरा सुने । अनि ती भिक्षुहरूले यो कुरा भगवान्‌लाई सुनाए । अनि भगवान्‌ले यस्तो भन्नु भयो —

"भिक्षुहो ! 'वर्षाकाल भित्र प्रव्रजित नगर्नें' भन्ने नियम बनाउन हुन्न । जसले बनाउँछ उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ ।"

× × ×

मूल सूत्र —

१५– तीन प्रकारका उपोसथ-व्रतहरू

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा बस्नुभएको थियो ।

त्यस समय विशाखा मृगारमाता, उपोसथको दिनमा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमातासँग भगवान्ले सोध्नुभयो —

"विशाखे ! तिमी कहाँबाट आज दिनको मध्याह्न समयमा आएकी !"

"भन्ते ! आज म उपोसथ (व्रत) पालन गर्दैछु ।"

"विशाखे ! उपोसथ व्रतहरू तीन प्रकारका हुन्छन् । कुन तीन भने ? — (१) गोपालक-उपोसथ, (२) निगण्ठ (= निर्ग्रन्थ) -उपोसथ र (३) आर्य-उपोसथ ।"

---

१. अं. नि-३. पृ. १९०: उपोसथसुत्तं, अ. क. I. पृ. ४२७

(१) गौपालक-उपोसथ

"विशाखे ! कसरी गौपालक उपोसथ हुन्छ ?"

"विशाखे ! जस्तै गौपालकले सन्ध्यासमयमा आफ्नो मालिक-लाई गाईहरू जिम्मादिई मनमा यस्तो विचार गर्छ —

'अमुक अमुक ठाउँमा आज गाईहरू चरे । अमुक अमुक ठाउँमा पानी पिए । भोलि अमुक अमुक ठाउँमा गाईहरू चर्नेछन् । अमुक अमुक ठाउँमा पानी पिउने छन् ।'

"विशाखे ! त्यस्तैगरी यहाँ कुनै कुनै उपोसथिकले मनमा यस्तो विचार गर्छ –

'आज मैले यी यी खाद्यपदार्थहरू खाएँ, यी यी भोज्यपदार्थहरू भोजन गरें । भोलि मैले यस्ता यस्ता खाद्यपदार्थहरू खानेछु, यस्ता यस्ता भोज्यपदार्थहरू भोजन गर्नेछु ।'

"विशाखे ! यसरी आहारमा आशा राखी उसले दिन बिताउँछ । यस्तो व्रतलाई गौपालक-उपोसथ भन्दछन् । यसरी बसेको गौपालक-उपोसथ व्रतको फल महान् हुँदैन, न महाप्रभावशाली हुन्छ, न महा-द्योतक हुन्छ, न त महाविस्फार नै ।"

(२) निगण्ठ (=निर्ग्रन्थ) उपोसथ

"विशाखे ! निर्ग्रन्थ-उपोसथ भनेको कस्तो हुन्छ ?"

"विशाखे ! निर्ग्रन्थ (=निगण्ठ) भन्ने श्रमण सम्प्रदाय छ। उनीहरूले आफ्ना श्रावकहरूलाई यस्तो करार गराउन लगाउँछन्— 'हे पुरुष ! तिमीहरू यता आऊ। पूर्वदिशातिरको शय योजन भन्दा पर जे जति प्राणीहरू छन्, उनीहरूमाथि दण्ड निक्षेप (=प्रहार) गर[1], (शय योजन भन्दा यताकालाई न गर); पश्चिमदिशातिरको शय योजन भन्दा पर जे जति प्राणीहरू छन्, उनीहरूमाथि दण्ड निक्षेप गर, (शय योजन भन्दा यताकालाई न गर); उत्तरदिशातिरको शययोजन भन्दा पर जे जति प्राणीहरू छन्, उनीहरूमाथि दण्ड निक्षेप गर, (शय योजनभन्दा यताकालाई न गर); दक्षिणदिशातिरको शययोजनभन्दा पर जे जति प्राणीहरू छन्, उनीहरूमाथि दण्ड निक्षेप गर, (शययोजन भन्दा यताकालाई न गर)।' यसरी उनीहरूले केही प्राणीहरू प्रति अनुदया र अनुकम्पा राख्न लगाउँछन्; केही प्राणीहरू प्रति अनुदया र अनुकम्पा राख्न लगाउँदैनन्। उनीहरूले उपोसथ-व्रतको दिनमा आफ्ना श्रावकहरूलाई यस्तो व्रत लिन लगाउँछन्— 'म केही होइन, म कसैको कोही होइन, न मसँग कसैको प्रपञ्च नै छ; मेरो केही छैन, मेरो कोही

---

१. यसको तात्पर्य—शययोजन उतातिरका प्राणीहरूमाथि शस्त्र अस्त्र दण्ड प्रहार गरे पनि हुन्छ तर शययोजन यतातिरका प्राणीहरूलाई गर्नु हुन्न भन्ने हो।

छैन, न मबाट कसैलाई प्रपञ्च नै छ।' किन्तु उसका आमाबाबुले उसलाई जान्दछन् कि 'यो मेरो छोरा हो', उसले पनि जान्दछ कि 'यी मेरा आमाबाबु हुन्'। उसका स्त्री-पुत्रहरूले पनि उसलाई जान्दछन् कि 'यो हाम्रो स्वामी हो', उसले पनि जान्दछ कि 'यी मेरा स्त्री-पुत्रहरू हुन्'। उसका दासकामदारहरूले पनि उसलाई जान्दछन् कि 'यी हाम्रा मालिक हुन्', उसले पनि जान्दछ कि 'यिनीहरू मेरा दासकामदारहरू हुन्'। जुनबेला (आफ्ना श्रावकहरूलाई) सत्यतामा राख्न पर्दथ्यो, त्यस बेला (उनीहरूले आफ्ना श्रावकहरूलाई) असत्यतामा राख्छन्। यस कारणबाट उनीहरू असत्यवादी हुन् भनी भन्दछु; त्यस रात बिति-सकेपछि उसले ती वस्तुहरू कसैले न दिइकनै परिभोग गर्छ। यसकारणले (उ) अदिन्नादायी हुन्छ भनी भन्दछु। विशाखे! यस्तालाई निर्ग्रन्थ (=निगण्ठ)-उपोसथ भन्दछन्। यसरी बसेको निर्ग्रन्थ-उपोसथ व्रतको फल महान् हुँदैन, न महाप्रभावशाली हुन्छ, न महादद्योतक हुन्छ, न त महाविस्फार नै।"

(३) आर्य-उपोसथ

"विशाखे! कसरी आर्य-उपोसथ हुन्छ?"

१– "विशाखे! मलिन चित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ। विशाखे! कसरी मलिनचित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने?—

१– बुद्धानुस्मरण – "विशाखे ! यहाँ आर्य श्रावकले तथागतको अनुस्मरण गर्छ – 'वहाँ भगवान् अरहन्त हुनुहुन्छ, वहाँ भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, वहाँ भगवान् विद्याचरण[1] सम्पन्न हुनुहुन्छ, वहाँ भगवान् सुगत हुनुहुन्छ, वहाँ भगवान् लोकविद् हुनुहुन्छ, वहाँ भगवान् अनुत्तर (=अनुपम) हुनुहुन्छ, वहाँ भगवान् पुरुषदम्य-सारथी हुनुहुन्छ, वहाँ भगवान् देवमनुष्यका शास्ता (=गुरु) हुनुहुन्छ तथा वहाँ भगवान् बुद्ध हुनुहुन्छ ।' यसरी तथागतका गुणहरू अनुस्मरण गर्दा उसको चित्त प्रसन्न भई प्रमुदित हुन्छ । त्यसबखत चित्तको मलिनता (=उपक्लेश) दूर हुन्छ । विशाखे ! जस्तै मयल परेको शीरलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ त्यस्तै हुन्छ ।

१a– "विशाखे ! कसरी मयल परेकोशीरलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ? —

"विशाखे ! अमिलोद्वारा, माटोद्वारा, पानीद्वारा तथा पुरुषको आफ्नो उत्साह र मेहनतद्वारा मयल परेको शीरलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ । विशाखे ! यस्तैगरी मलिन चित्तलाई पनि क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ ।

विशाखे ! कसरी मलिनचित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ? —

"विशाखे ! यहाँ आर्यश्रावकले तथागतको अनुस्मरण गर्छ — 'वहाँ भगवान् अरहन्त हुनुहुन्छ[2], ... तथा वहाँ भगवान् बुद्ध हुनुहुन्छ ।'

---

१. विदयाचरण भनेको केहो भन्ने बारे हेर. बु. बा. पृ. ३००

२. माथि जस्तै दोहऱ्याउनू ।

यसरी तथागतका गुणहरू अनुस्मरणगर्दा उसको मनमा प्रसन्नता र प्रामोद्य उत्पन्न हुन्छ। अनि उसको मनको मलिनता दूर हुन्छ।

"विशाखे! यसैलाई भन्दछन् कि 'आर्यश्रावकले ब्रह्म[1]-उपोसथ पालनगर्छ, आर्यश्रावक ब्रह्मसँग बस्छ, ब्रह्म अनुस्मरणको हेतुले उसको चित्त प्रसन्न तथा प्रमुदित हुन्छ। अनि चित्तको मलिनता दूर हुन्छ।' विशाखे यसप्रकार क्रमशः उपायद्वारा मलिनचित्त परिशुद्ध हुन्छ।

२– "विशाखे! मलिनचित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ। विशाखे! कसरी मलिनचित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने? –

२– धर्मानुस्मरण— "विशाखे! यहाँ आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ— 'भगवान्‌को धर्म सु-आख्यातछ, भगवान्‌को धर्म सान्दृष्टिक (=यसै जीवनमा फल पाउने) छ, भगवान्‌को धर्म अकालिक (=समयको प्रतिबन्ध न भएको) छ, भगवान्‌को धर्म 'आऊ हेर!' भनी भन्न योग्यछ, भगवान्‌को धर्म औपनयिक (=निर्वाणतिर पुऱ्याउने) छ तथा भगवान्‌को धर्म विज्ञपुरुषद्वारा प्रत्यक्षरूपले अवबोध गर्न सकिन्छ।' यसरी धर्मका गुणहरू अनुस्मरण गर्दा उसको चित्त प्रसन्न भई प्रमुदित हुन्छ। त्यसबखत चित्तको मलिनता दूर हुन्छ।

---

१ यहाँनिर सम्यक् सम्बुद्धलाई ब्रह्म शब्द प्रयोग गरिएको छ। बुद्धलाई नै 'ब्रह्म' भनिएको हो। 'ब्रह्मा उच्चति सम्मासम्बुद्धो', 'ब्रह्म नासद्धि संवसती' ति सम्मासम्बुद्धेन सद्धि संवसति'। अं. नि. अ. क. I. पृ. ४२८

विशाखे ! जस्तै मैलो शरीरलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ त्यस्तै हुन्छ ।

२४– "विशाखे ! कसरी मैलो शरीरलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?—

'विशाखे ! ढुंगाद्वारा, चूर्णद्वारा, पानीद्वारा तथा पुरुषको आफ्नो उत्साह र मेहनतद्वारा मैलो शरीरलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ । विशाखे ! यस्तैगरी मलिनचित्तलाई पनि क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ ।

"विशाखे ! कसरी मलिनचित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?—

"विशाखे ! यहाँ आर्यश्रावकले धर्मको अनुस्मरणगर्छ— 'भगवान्को धर्म सु-आख्यात छ,[1]... तथा भगवान्को धर्म विज्ञपुरुषद्वारा प्रत्यक्षरूपले अववोध गर्न सकिन्छ ।' यसरी धर्मको अनुस्मरणगर्दा उसको मनमा प्रसन्नता र प्रामोद्य उत्पन्न हुन्छ । अनि उसको मनको मलिनता दूर हुन्छ ।

"विशाखे ! यसैलाई भन्दछन् कि 'आर्यश्रावकले धर्म उपोसथ पालन गर्छ, आर्यश्रावक धर्मसँगै बस्छ, धर्म अनुस्मरणको हेतुले उसको

१. माथि पृ. १६५ मा जस्तै दोहऱ्याउनू ।

चित्त प्रसन्न तथा प्रमुदित हुन्छ । अनि चित्तको मलिनता दूर हुन्छ ।' विशाखे ! यसप्रकार क्रमशः उपायद्वारा मलिनचित्त परिशुद्ध हुन्छ ।

३- "विशाखे ! मलिनचित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ । विशाखे ! कसरी मलिनचित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?—

३-सङ्घानुस्मरण —"विशाखे ! यहाँ आर्यश्रावकले सङ्घको अनुस्मरणगर्छ—'भगवान्को श्रावकसङ्घ सुप्रतिपन्न छ, भगवान्को श्रावकसङ्घ ऋजुप्रतिपन्न छ, भगवान्को श्रावकसङ्घ न्याय (=निर्वाण) मार्गमा लागेकोछ, भगवान्को श्रावकसङ्घ सम्मानपूर्वक अनुकूल मार्गमा लागेकोछ – यी चारजोडा[1] पुरुषहरू अर्थात् आठ पुद्‌गलहरू भगवान्का श्रावकहरू हुन् । जो पूजनीय छन्, पाहुना बनाउन योग्य छन्, दक्षिणेय छन् तथा हातजोरी नमस्कार गर्न योग्यछन् ।' यसरी सङ्घका गुणहरू अनुस्मरणगर्दा उसको चित्त प्रसन्नभई प्रमुदित हुन्छ । त्यसबखत चित्तको मलिनता दूर हुन्छ । विशाखे ! जस्तै मैलो परेको कपडालाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ त्यस्तै हुन्छ ।

---

१. स्रोतापन्न मार्गमा पुग्ने र फलमा पुग्ने, सकृदागामी मार्गमा पुग्ने र फलमा पुग्ने, अनागामी मार्गमा पुग्ने र फलमा पुग्ने तथा अरहन्त मार्गमा पुग्ने र फलमा पुग्नेलाई नै चारजोडा पुरुषहरू भनिएको हो ।

३ख–विशाखे ! कसरी मैलो परेको कपडालाई क्रमशः उपाय-द्वारा परिशुद्ध गरिन्छ भने ?—

"विशाखे ! उष्मताद्वारा, क्षारद्वारा, गोवरद्वारा, पानीद्वारा तथा पुरुषको आफ्नो उत्साह र मेहनतद्वारा मैलो कपडालाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ। विशाखे ! यस्तै गरी मलिन चित्तलाई पनि क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ।

"विशाखे ! कसरी मलिन चित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?—

"विशाखे ! यहाँ आर्यश्रावकले सङ्घको अनुस्मरण गर्छ—'भगवान्‌को श्रावकसङ्घ सु-प्रतिपन्न छ,[1] ···तथा हातजोरी नमस्कार गर्न योग्य छ।' यसरी सङ्घको अनुस्मरण गर्दा उसको मनमा प्रसन्नता र प्रामोद्य उत्पन्न हुन्छ। अनि उसको मनको मलिनता पनि दूर हुन्छ।

"विशाखे ! यसैलाई भन्दछन् कि 'आर्यश्रावकले सङ्घ उपोसथ पालन गर्छ, आर्यश्रावक सङ्घसँगै बस्छ, सङ्घ अनुस्मरणको हेतुले उसको चित्त प्रसन्न तथा प्रमुदित हुन्छ। अनि चित्तको मलिनता पनि दूर हुन्छ।' विशाखे ! यसप्रकार क्रमशः उपायद्वारा मलिन चित्त परिशुद्ध हुन्छ।

४– "विशाखे ! मलिन चित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध

---

१. माथि पृ. १६७ मा जस्तै दोहऱ्याउनू।

गरिन्छ। विशाखे कसरी मलिन चित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?—

४-शीलानुस्मरण – "विशाखे ! यहाँ आर्यश्रावकले आफ्नो अखण्डित, अछिद्रित, निर्दागी, क्रमसहित, स्वातन्त्र्य, विज्ञप्रशंसित, दृष्टिद्वारा अपरामर्शित तथा समाधि संवर्तनिक शीलको अनुस्मरण गर्छ। शील अनुस्मरण गर्दा उसको चित्त प्रसन्न भई प्रमुदित पनि हुन्छ। त्यसबखत चित्तको मलिनता दूर हुन्छ। विशाखे ! जस्तै मैलो परेको ऐनालाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ त्यस्तै हुन्छ।

४a— "विशाखे ! कसरी मैलो परेको ऐनालाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?--

"विशाखे ! तेलद्वारा, खरानीद्वारा, ब्रुशद्वारा तथा पुरुषको आफ्नो उत्साह र मेहनतद्वारा मैलो परेको ऐनालाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ। विशाखे ! यस्तैगरी मलिन चित्तलाई पनि क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ।

"विशाखे ! कसरी मलिन चित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ? —

"विशाखे ! यहाँ आर्यश्रावकले आफ्नो अखण्डित,[1] ...तथा समाधि सवर्तनिक शीलको अनुस्मरण गर्छ, शील अनुस्मरण गर्दा उसको मनमा प्रसन्नता र प्रामोद्य उत्पन्न हुन्छ। अनि उसको मनको मलिनता दूर हुन्छ।

---

१. माथि जस्तै दोहऱ्याउनू।

"विशाखे ! यसैलाई भन्दछन् कि 'आर्यश्रावकले शील-उपोसथ पालन गर्छ, आर्यश्रावक शीलसँग बस्छ, शील अनुस्मरणको हेतुले उसको चित्त प्रसन्नता तथा प्रमुदित हुन्छ। अनि चित्तको मलिनता दूर हुन्छ।' विशाखे ! यसप्रकार क्रमशः उपायद्वारा मलिन चित्त परिशुद्ध हुन्छ।

५– "विशाखे ! मलिन चित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ। विशाखे ! कसरी मलिन चित्तलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?–

५–देवतानुस्मरण– "विशाखे ! यहाँ आर्यश्रावकले यसरी देवताको अनुस्मरण गर्छ–(१) 'चातुर्महाराजिका भन्ने देवताहरू पनि छन्. (२) त्रयस्त्रिंश भन्ने देवताहरू पनि छन्, (३) यामा भन्ने देवताहरू पनि छन्, (४) तुषित भन्ने देवताहरू पनि छन्, (५) निर्माण रति भन्ने देवताहरू पनि छन्, (६) परनिर्मितवशवर्ति भन्ने देवताहरू पनि छन्, (७) ब्रह्मकायिक भन्ने देवताहरू पनि छन् तथा तिनीहरूभन्दा उत्तरोत्तर देवताहरू पनि छन्। जस्तो श्रद्धाले युक्त भई ती देवताहरू यहाँबाट च्यूत भई त्यहाँ उत्पन्न भए, त्यस्तो श्रद्धा ममा पनि विद्यमान छ। जस्तो शीलले युक्त भई ती देवताहरू यहाँबाट च्यूत भई त्यहाँ उत्पन्न भए, त्यस्तो शील ममा पनि विद्यमान छ। जस्तो श्रुतिले युक्त भई ती देवताहरू यहाँबाट च्यूत भई त्यहाँ उत्पन्न भए, त्यस्तो श्रुति ममा पनि विद्यमान छ। जस्तो त्यागले युक्त भई ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए, त्यस्तो त्याग ममा पनि विद्यमान

छ। जस्तो प्रज्ञाले युक्त भई ती देवताहरू यहाँबाट च्यूत भई त्यहाँ उत्पन्न भए. त्यस्तो प्रज्ञा ममा पनि विद्यमान छ।' अनि उसको आफ्नो र ती देवताहरूको श्रद्धा, शील, श्रुति, त्याग तथा प्रज्ञाको अनुस्मरण गर्दा उसको आफ्नो चित्त प्रसन्न भई प्रमुदित पनि हु छ। त्यसबखत चित्तको मलिनता दूर हुन्छ। विशाखे ! जस्तै कसर भएको सून-चाँदीलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ त्यस्तै हुन्छ।

५a- "विशाखे ! कसरी कसर भएको सून चाँदीलाइ क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ भने ?—

"विशाखे ! हरूवाद्वारा, नुनद्वारा, गेरु (नौसागर) द्वारा, ढुंग्रो-द्वारा, सँनासोद्वारा (सण्डास) तथा पुरुषको आफ्नो उत्साह र मेहनत-द्वारा कसर भएको सून चाँदीलाई क्रमशः उपायद्वारा परिशुद्ध गरिन्छ।

"विशाखे ! कसरी मलिन चित्तलाई क्रमशः उपायद्वारा परि-शुद्ध गरिन्छ भने ?—

"विशाखे ! यहाँ आर्यश्रावकले देवताको अनुस्मरण गर्छ '(१) चातुर्महाराजिका भन्ने देवताहरू छन्,[1] ...तथा तिनीहरूभन्दा उत्तरोत्तर देवताहरू पनि छन्। जस्तो श्रद्धाले[1] ...जस्तो प्रज्ञाले युक्त भई ती देवताहरू यहाँबाट च्यूत भई त्यहाँ उत्पन्न भए, त्यस्तो प्रज्ञा ममा पनि छ।' अनि उसको आफ्नो र ती देवताहरूको श्रद्धा, शील, श्रुति, त्याग, तथा प्रज्ञाको, अनुस्मरण गर्दा उसको आफ्नो मनमा प्रसन्नता र प्रामोद्य उत्पन्न हुन्छ। अनि उसको मनको मलिनता दूर हुन्छ।

---

१. माथि पृ. १७० मा जस्तै दोहऱ्याई पढनू।

"विशाखे ! यसैलाई भन्दछन् कि आर्यश्रावकले देवता-उपोसथ पालन गर्छ, आर्यश्रावक देवतासँगै बस्छ, देवता अनुस्मरणको हेतुले उसको चित्त प्रसन्न तथा प्रमुदित हुन्छ । अनि चित्तको मलिनता पनि दूर हुन्छ । विशाखे ! यसप्रकार क्रमशः उपायद्वारा मलिन चित्त परिशुद्ध हुन्छ ।

अरहन्त अनुकरण

"विशाखे ! अनि सो आर्यश्रावकले यस्तो पनि मनमा विचार गर्छ—

अष्टशील —१– 'अरहन्तहरू जीवनभर प्राणीहिंसा त्यागी—प्राणीहिंसाबाट विरत भई बस्छन् । वहाँहरू दण्ड त्यागी, शस्त्र त्यागी, लज्जालु, दयालु तथा सबै भूत-प्राणीहरू प्रति हितानुकम्पी भई बस्छन् । म पनि आज यो दिन र रातभरी प्राणीहिंसा त्यागी—प्राणीहिंसाबाट विरत भई बस्नेछु । दण्ड त्यागी, शस्त्र त्यागी, लज्जालु, दयालु तथा सबै भूत-प्राणीहरू प्रति हितानुकम्पी भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

२– 'अरहन्तहरू जीवनभर अदिन्नादान (=चोरी) त्यागी अदिन्नादानबाट विरत भई बस्छन् । दिएको मात्र ग्रहण गर्ने, दिएको मात्र आकांक्षा गर्ने भई शुद्धात्मभाव लिई बस्छन् । म पनि आज, यो दिन र रातभरी अदिन्नादान त्यागी, अदिन्नादानबाट विरत भई

बस्नेछु । दिएको मात्र ग्रहण गर्ने, दिएको मात्र आकांक्षा गर्ने भई शुद्धात्मभाव लिई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

३– 'अरहन्तहरू जीवनभर अब्रह्मचर्य (=मैथुन) त्यागी, मैथुन धर्मबाट विरत भई, टाढा बसी तथा दूर रही ब्रह्मचारी भई बस्छन् । म पनि आज, यो दिन र रातभरी अब्रह्मचर्य (=मैथुन) त्यागी, मैथुन धर्मबाट विरत भई, मैथुन धर्मबाट टाढा बसी, दूर रही ब्रह्मचारी भई बस्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ व्रत पनि पालन भएको हुनेछ ।'

४– 'अरहन्तहरू जीवनभर मृषावाद (=असत्य कुरा) त्यागी, मृषावादबाट विरत भई—सत्यवादी भई बस्छन् । वहाँहरू सत्यमा आधारित, स्थीर वचन तथा विश्वसनीय कुरा गर्छन् र लोकवासीहरूलाई असत्य न बोल्ने भई बस्छन् । म पनि आज, यो दिन र रातभरो मृषावाद त्यागी, मृषावादबाट विरत भई, सत्यवादी भई, सत्यमा आधारित, स्थीर वचन तथा विश्वसनीय कुरा गर्नेछु र लोकवासीहरूलाई भूटो नबोल्ने भई बस्ने छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

५– 'अरहन्तहरू जीवनभर सुरा-मेरय मद्य प्रमादस्थानलाई त्यागी - सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत भई बस्छन् । म पनि

आज यो दिन र रातभरी सुरा-मेरय मद्य-प्रमादस्थानलाई त्यागी-- सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत भई बस्नेछु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

६– 'अरहन्तहरू जीवनभर एक छाके हुन्छन् । रातपर्नुभन्दा अगाडि विकाल[1] भोजनबाट विरत भई बस्छन् । म पनि आज, यो दिन र रातभरी एकछाके हुन्छु । रातपर्नुभन्दा अगाडि विकाल भोजन बाट विरत भई बस्नेछु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

७– 'अरहन्तहरू जीवनभर नृत्य गीत-वाद्य-विसूक-दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन तथा विभूषणहरू त्यागी--नृत्य-गीत वाद्य-विसूक-दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन तथा विभूषणहरू-बाट विरत हुन्छन् । म पनि आज, यो दिन र रातभरी नृत्य-गीत-वाद्य-विसूकदर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन तथा विभूषणहरू त्यागी--नृत्य-गीत-वाद्य-विसूकदर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन विभूषणहरूबाट विरत भई बस्ने छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

८– 'अरहन्तहरू जीवनभर उच्चशयन, महाशयन त्यागी –

---

१. मध्यान्ह समय पछि र रातपर्नुभन्दा अगाडिको समयलाई 'विकाल' भन्दछन् । अं. नि. अ. क. I. पृ. ४३१.

उच्चशयन, महाशयनबाट विरत भई होचो आसनमा शयन गर्छन्— खाट्मा वा तृणस्थरणमा । म पनि आज, यो दिन र रातभरी उच्च-शयन महाशयन त्यागी— उच्चशयन, महाशयनबाट विरत भई होचो आसनमा शयन गर्नेछु— खाट्मा वा तृणस्थरणमा । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको हुनेछ र मेरो उपोसथ-व्रत पनि पालन भएको हुनेछ ।'

"विशाखे ! यसरी आर्य-उपोसथ-व्रत हुन्छ । विशाखे ! यसरी बसेको आर्य-उपोसथ-व्रतको फल महान् हुन्छ, महाप्रभावशाली हुन्छ, महाद्योतक हुन्छ र महाविस्फार पनि ।"

दिव्य-सुख र आयु

"विशाखे ! (उपरोक्त आकारले बसेको उपोसथ-व्रतको फल) कति महत्फल, कति प्रभावशाली, कति महाद्योतक तथा कति महा-विस्फार हुन्छ भने ?—

"विशाखे ! प्रसस्तरूपले सप्तरत्नहरू भरिपूर्ण भएको—अङ्ग, मगध, काशी कोशल, वृजी, मल्ल, चेतिय, वङ्ग, कुरु, पञ्चाल, मत्स्य, सूरसेन, अश्वक, अवन्ती, गन्धार, तथा कम्बोज—यी सोन्ह महा जनपदहरूको ऐश्वर्याधिपति भई कसैले राज्य गर्छ भने, त्यो राज्य अष्टाङ्गयुक्त उपोसथ-व्रत फलको अगाडि सोन्ह भागमा एक भाग पनि हुँदैन । कारण के त भने ? दिव्य-सुखको अगाडि मानुषीय राज्य-सुख कृपण (=कौडी) समान कैं हो ।

१– 'विशाखे ! मनुष्यहरूको पचास (५०) वर्ष चातुर्महाराजिका देवताहरूको एक दिन रात हुन्छ। यसै अनुसार तीस रातको एक महीना हुन्छ। सोही महीनाले बान्ह महीनाको एक वर्ष हुन्छ। सोही वर्षले पाँचशय (५००) वर्षहरू चातुर्महाराजिका देवताहरूको दिव्य-आयु प्रमाण हुन्छ। विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-शील पालन गरी, शरीरत्यागी मृत्युपछि चातुर्महाराजिका देवलोकमा पनि उत्पन्न हुन सक्छ। यसै कुरालाई ध्यानमा राखी मानुषीय राज्य-सुख, दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।

(२) "विशाखे ! मनुष्यहरूको शय (१००) वर्ष त्रयस्त्रिंश देवताहरूको एक दिन-रात हुन्छ। यसै अनुसार तीस रातको एक महीना हुन्छ। सोही महीनाले बान्ह महीनाको एक वर्ष हुन्छ। सोही वर्षले एक हजार (१०००) वर्षहरू त्रयस्त्रिंश देवताहरूको दिव्य-आयु प्रमाण हुन्छ। विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-शील पालन गरी, शरीर त्यागी मृत्युपछि त्रयस्त्रिंश देवलोकमा पनि उत्पन्न हुन सक्छ। यसै कुरालाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई…कृपण समान भनिएको हो।

(३) "विशाखे ! मनुष्यहरूको दुइशय (२००) वर्ष यामा देवताहरूको एक दिन-रात हुन्छ। यसै अनुसार तीस रातको एक महीना हुन्छ। सोही महीनाले बान्ह महीनाको एक वर्ष हुन्छ। सोही वर्षले दुइ हजार (२०००) वर्षहरू यामा देवताहरूको दिव्य-आयु

प्रमाण हुन्छ । विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-शील पालन गरी, शरीर त्यागी मृत्युपछि यामा देवलोकमा पनि उत्पन्न हुन सक्छ । यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई... कृपण समान भनिएको हो ।

४– "विशाखे ! मनुष्यहरूको चारशय (४००) वर्ष तुषित देवताहरूको एक दिन-रात हुन्छ । यसै अनुसार तीस रातको एक महीना हुन्छ । सोही महीनाले बाह्र महीनाको एक वर्ष हुन्छ । सोही वर्षले चारहजार (४०००) वर्षहरू तुषित देवताहरूको दिव्य-आयु प्रमाण हुन्छ । विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ शील पालन गरी, शरीर त्यागी मृत्युपछि तुषित देवलोकमा पनि उत्पन्न हुन सक्छ । यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई... कृपण समान भनिएको हो ।

५– "विशाखे ! मनुष्यहरूको आठशय (८००) वर्ष निर्माण-रति देवताहरूको एक दिन-रात हुन्छ । यसै अनुसार तीस रातको एक महीना हुन्छ । सोही महीनाले बाह्र महीनाको एक वर्ष हुन्छ । सोही वर्षले आठहजार (८०००) वर्षहरू निर्माणरति देवताहरूको दिव्य-आयु प्रमाण हुन्छ । विशाखे ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्ग-युक्त उपोसथ-शील पालन गरी, शरीर त्यागी मृत्युपछि निर्माणरति देवलोकमा पनि उत्पन्न हुन सक्छ । यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य सुखलाई... कृपण समान भनिएको हो ।

६– "विशाखे ! मनुष्यहरूको सोह्रशय (१६००) वर्ष पर-

निर्मितवशवर्ती देवताहरूको एक दिन-रात हुन्छ। यसै अनुसार तीस रातको एक महीना हुन्छ। सोही महीनाले बाऱ्ह महीनाको एक वर्ष हुन्छ। सोही वर्षले सोऱ्ह हजार (१६०००) वर्षहरू परनिर्मित वशवर्ती देवताहरूको दिव्य आयु प्रमाण हुन्छ। विशाखे! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ शील पालन गरी, शरीर त्यागी मृत्युपछि परनिर्मितवशवर्ती देवलोकमा पनि उत्पन्न हुन सक्छ। यसै कारणलाई ध्यानमा राखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको।"

१– "पाणं न हञ्ञे[1] न च दिन्नमादिये[2],
मुसा न भासे न च मज्जपो सिया।
अब्रह्मचरिया विरमेय्य मेथुना,
रत्ति न भुञ्जेय्य विकाल भोजनं॥

२– "मालं न धारे[3] न च गन्धमाचरे,
मञ्चे छमायं व सयेथ सन्थवे।
एतं हि अट्ठङ्गिकमाहु पोसथं,
बुद्धेन दुक्खान्तगुना पकासितं॥

---

१. सिहलमा : 'हाने'।

२. स्याम र रोमनमा : 'चादिन्नमादिये'।

३. स्याम र रोमनमा : 'धारये'।

३– "चन्दो च सुरियो[1] च उभो सुदस्सना,
ओभासयं[2] अनुपरियन्ति[2] यावता।
तमोनुदा ते पन अन्तलिक्खगा,
नभे पभासन्ति दिसाविरोचना॥

४– "एतस्मिं[3] यं विज्जति अन्तरे धनं,
मुत्ता मणि वेळुरियं च भद्दकं।
सिङ्गी सुवण्णं अथवा पि कञ्चनं[4],
यं जातरूपं हटकं ति वुच्चति॥

५– "अट्ठङ्गुपेतस्स उपोसथस्स,
कलं पि ते नानुभवन्ति सोळसिं।
चन्दप्पभा तारगणा च[5] सब्बे॥

६– "तस्मा हि नारी च नरो च सीलवा,
अट्ठङ्गुपेतं उपवस्सुपोसथं।
पुञ्ञानि कत्वान सुखुद्रयानि,
अनिन्दितो सग्गमुपेति ठानं' ति॥"

---

१. स्याममा : 'सूरो'।
२. स्याममा : 'ओभासयन्ता अनुयन्ति'।
३. स्याममा: 'एतम्हि'।
४. ऐ. 'काञ्चनं'।
५. ऐ. र रोमनमा: 'व'।

अर्थ—

१– "प्राणीहिंसा न गर, अदिन्नादान (=चोरी, न गर, मृषावाद न बोल र मद्यपान पनि न गर। मैथुन छाडी, अब्रह्मचर्य-लाई त्यागी देऊ, विकालमा र रातमा भोजन न गर।

२– "माला न लगाऊ, सुगन्ध पनि न लगाऊ, खाटमा वा भुइँमा मात्र सुत। यसैलाई अष्टाङ्गयुक्त उपोसथ भन्दछन् भनी दुःखान्त गर्नु भएका बुद्धले प्रकाशित गर्नु भएको हो।

३– "राम्ररी देखिने चन्द्र र सूर्य दुवैले अन्धकार नाश गरी आभा प्रकाशपार्दै, चारैतिर विचरण गरी जतिसम्म आकाशमा उज्यालोपारी दिशानुदिशा तेजिलो पार्छन्—

४– "त्यस भित्र जे जति मोती, मणी, वैदूर्य (=लाल) आदि धनहरू पाइन्छन्; जे जति सुवर्ण तथा काञ्चन विशेषता र चाँदी तथा चाँदीको विशेषता पाइन्छन्—

५– "अष्टाङ्गिक उपोसथ व्रतको अर्थाडि सोन्ह भागमा एक भाग जति पनि तिनीहरू हुँदैनन्; न त चन्द्र प्रभा सहित सबै तारागण नै।

६– "त्यसैले अष्टाङ्गिक उपोसथ व्रत पालन गरी नरनारीहरू शीलवान् होऊन्। ताकि सुखदायी पुण्यकार्य गरी, अनिन्दित भई स्वर्गलोकमा पुग्न सकुन्।"

× × ×

मूल सूत्र—

१६– जतिप्रेम उति दुःख

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा बस्नुभएको थियो ।

त्यससमय विशाखा मृगारमाताकी प्रिय तथा सान्है मनपर्ने नातिनीको मृत्युभयो । अनि विशाखा मृगारमाता भिजेको वस्त्र र भिजेको केश सहित दिनको मध्याह्न समयमै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसिन् । एक छेउमा बसेकी विशाखा मृगारमातासँग भगवान्ले सोध्नु भयो —

"उपासिके ! आज कहाँबाट दिनको मध्याह्न समयमै भिजेको वस्त्र र भिजेको केश सहित यहाँ आएकी ?"

"भन्ते ! मेरी अति प्रिय तथा सान्है मनपर्ने नातिनीको मृत्यु भयो । त्यसैले म भिजेको वस्त्र र भिजेको केश सहित दिनको मध्याह्न समयमै यहाँ आएकी हुँ ।"

---

१. उदा: पा. पृ. १७४: विसाखासुत्तं, अ. क पृ. २९७

"विशाखे ! के तिमी, यस श्रावस्तीमा जति मानिसहरू छन्[१] उति पुत्रहरू तथा नाति-नातिनीहरू चाहन्छयौ ?"

"भगवान् ! चाहन्छु । यस श्रावस्तीमा जति मानिसहरूछन् उति नै पुत्रहरू तथा नाति-नातिनीहरू चाहन्छु ।"

"विशाखे ! यस श्रावस्तीमा दिनका कति मानिसहरू मर्छन् नि ?"

"भन्ते ! यस श्रावस्तीमा दिनको दशजना मानिसहरू पनि मर्छन् नौजना पनि मर्छन्, आठजना पनि मर्छन्, सातजना पनि मर्छन्, छजना पनि मर्छन्, पाँचजना पनि मर्छन्, चारजना पनि मर्छन्, तीन जना पनि मर्छन्, दुइजना पनि मर्छन् र एकजना मानिस मात्र पनि मर्छ । भन्ते ! श्रावस्तीमा कहील्यै पनि मानिस मर्ने खालि हुन्न ।"

"विशाखे ! त्यसोभएदेखि के तिमी कुनै पनि दिन सुकेको वस्त्र, सुकेको केश भएकी हुन सक्छयौ त ?"

"भन्ते ! सक्दिन । भन्ते ! भइहाल्यो, मलाई त्यतिका पुत्रहरू, त्यतिका नाति-नातिनीहरू चाहिन्नन् ।"

"विशाखे ! जसलाई शय प्रेम हुन्छ, उसलाई शयनै दुःख

---

१ श्रावस्तीमा ७ कोटी जनसंख्या छ । धम्म. अ: क. पृ. ४७१: बिसाखायवत्थु ।

हुन्छ । जसलाई नब्बे प्रेम हुन्छ, उसलाई नब्बेनै दुःख हुन्छ । जसलाई असी प्रेम हुन्छ, उसलाई असीनै दुःख हुन्छ । जसलाई सत्तरी प्रेम हुन्छ, उसलाई सत्तरीनै दुःख हुन्छ । जसलाई साठी प्रेम हुन्छ, उसलाई साठीनै दुःख हुन्छ । जसलाई पचास प्रेम हुन्छ, उसलाई पचासनै दुःख हुन्छ । जसलाई चालीस प्रेम हुन्छ, उसलाई चालीस नै दुःख हुन्छ । जसलाई तीस प्रेम हुन्छ, उसलाई तीस नै दुःख हुन्छ । जसलाई बीस प्रेम हुन्छ, उसलाई बीस नै दुःख हुन्छ । जसलाई दश प्रेम हुन्छ उसलाई दशनै दुःख हुन्छ । जसलाई नौवटा प्रेम हुन्छ, उसलाई नौवटानै दुःख हुन्छ । जसलाई आठवटा प्रेम हुन्छ, उसलाई आठैवटा दुःख हुन्छ । जसलाई सातवटा प्रेम हुन्छ, उसलाई सातैवटा दुःख हुन्छ । जसलाई छवटा प्रेम हुन्छ, उसलाई छवटै दुःख हुन्छ । जसलाई पाँचवटा प्रेम हुन्छ, उसलाई पाँचैवटा दुःख हुन्छ । जसलाई चारवटा प्रेम हुन्छ, उसलाई चारैवटा दुःख हुन्छ । जसलाई तीनवटा प्रेम हुन्छ, उसलाई तीनवटै दुःख हुन्छ । जसलाई दुइवटा प्रेम हुन्छ, उसलाई दुइवटै दुःख हुन्छ । जसलाई एउटै प्रेम हुन्छ, उसलाई एउटै मात्र दुःख हुन्छ । जसलाई प्रेमनै छैन, उसलाई दुःख पनि छैन, शोक पनि छैन, तथा उनी शोकसन्तापविलापबाट दूर हुन्छ भनी भन्दछु ।"

अनि यसै कारणलाई बुझेर भई भगवान्‌ले त्यसबेला निम्न उदान प्रकट गर्नुभयो—

१– "ये केचि सोका परिदेविता वा,
दुक्खा च लोकस्मिमनेकरूपा ।

पियं पटिच्चप्पभवन्ति एते,
पिये असन्ते न भवन्ति एते ॥

२– "तस्मा हि ते सुखिनो वीतसोका,
येसं पियं नत्थि कुहिञ्चिलोके ।
तस्मा असोकं विरजं पत्थयानो,
पियं न कयिराथ कुहिञ्चिलोके' ति ॥"

अर्थ—

१– "प्रेमको कारणले गर्दा यो लोकमा मानिसहरूलाई अनेक-रूपले शोक, विलाप आदि अनेकरूपका दुःख हुन्छ, प्रेम न भएदेखि ती जन्मै हुँदैनन् ।

२– "जसको यो लोकमा कसैसँग प्रेम हुँदैन, उनीहरू सोही कारणले शोक रहित भई, सुखी रहन्छन् । अतएव रागरूपी रजबाट मुक्तभई वीतशोकी हुन चाहनेले यो लोकमा कसैसँग प्रेम नगर्नू ।"

३. खुज्जुत्तरा उपासिका

प रि च य

बुद्धधर्मको इतिहासमा गृहस्थिनी उपासिकाहरूमध्ये खुज्जुत्तरा उपासिकाले बहुश्रुत तथा प्रज्ञाको क्षेत्रमा विशिष्ट स्थान प्राप्तगरेकी थिइन् । कौशाम्बीवासी[1] घोषित वा घोषक श्रेष्ठीको कुलगृहमा एक धाईको कोखमा उनको जन्म भएको थियो । उनको नाम 'उत्तरा' थियो[2] ।

खुज्जुत्तरा उपासिकाकोबारेमा केही कुरा उल्लेख गर्नुभन्दा अगाडि, सर्वप्रथम, घोषक श्रेष्ठीको सम्बन्धमा केही पष्टिकरण दिनु आवश्यक ठान्दछु ।

घोषकोत्पत्ति

बुद्धभगवान्को समयमा कौशाम्बी नगरमा घोषक, कुक्कुट, तथा पावारिय भन्ने तीनजना नामी सेठहरू थिए[3] । यिनीहरूमध्ये घोषक

---

१. प्राचीन कौशम्बीलाई वर्तमान भारतको इलाहाबादबाट करीब ३० माइल पश्चिम यमुना नदीको किनारास्थित 'कोसम' भन्ने गाउँलाई निर्धारण गरिएको छ । G.D. पृ. ९६

२. इति. वु. अ. क. पृ. २३: निदानवण्णना ।

३. हेर. बु रा. पृ: ४१९, ४२७

श्रेष्ठीको उत्पत्ति तथा उनी कसरी कौशम्बी नगरको श्रेष्ठी भए भन्ने सम्बन्धमा र उनको जीवनमा घटेका केही घटनाहरू यहाँ उल्लेखनीय छन् ।

घोषकको जन्म कौशम्बीवासी एक गणिकाको कोखमा भएको कुरा अंगुत्तरनिकाय र धम्मपद अर्थकथाहरूमा[१] समुल्लेख भएको पाइन्छ[२] ।

छोरा जन्मेको देखी गणिकाले उसलाई सडकको फाँसगर फाल्ने ठाउँमा फाल्न लगाएपछि वालकलाई कौवाहरूले घेरी राखे । त्यसबेला कौशम्बी सेठको एक कर्मचारी सेठको घरमा जान लागिरहेको बेलामा उसले बाटोमा कौवाहरूको बथान देखी "के रहेछ" भनी हेर्दा भर्खरै जन्मेको एक वालक देखी, पुत्रस्नेह उत्पन्न गरी वालकलाई आफ्नो घरमा लग्यो[३] । उसको नाम 'घोषक' थियो ।

त्यसबेला कौशम्बिक सेठ पनि राजाको चाकरीबाट फर्किरहेको थियो र उसले बाटोमा एक ज्योतिषी पुरोहित ब्राह्मण भेट्यो ।

---

१. अं. नि. अ. क. I. पृ. २२८ : एककनिपात; धम्म. अ. क. पृ. ८७ : उदेनकथाको घोषकवत्थु ।

२. हेर. बु. रा. पृ ४२५-२६

३. अं. नि. अ. क. I. पृ. २२८; धम्म. अ. क. पृ. ८७ मा कौशम्बी सेठको कर्मचारी भन्ने कुरा उल्लेख भएको देखिदैन ।

अनि उनीसँग उसले "पुरोहित बाजे ! आज, नक्षत्रको के हाल खबर छ नि, नक्षत्र योग कस्तो छ त ?" भनी सोध्दा उनले त्यहीं बसी औंला गिन्तीगरी नक्षत्र योग विचार गरी भने –

"भो सेठ ! आज जन्मिने बालक यस नगरको सेठ हुनेछ।"

त्यस समय सेठकी धर्मपत्नी गर्भिणी थिई र भरे-भोलि भएकी थिई। त्यसैले हतारो हतारो गरी सेठ घरफर्की पत्नी सुत्केरी भइकी भइन भन्ने जान्न चाहन्थ्यो। पत्नी सुत्केरी भइनसकेकीले उसको मनमा यस्तो कल्पना उठ्यो—

"नगरमा आज कसैको घरमा वालक जन्मेको पाएमा मैले उसलाई ल्याउने छु र पछि मेरो पनि छोरै जन्मेमा त्यसलाई मार्न लगाउने छु। अनि मेरै छोरो यस नगरको सेठ हुनेछ। केही भएर छोरी पाएमा उसलाई मेरो छोरी दिई आफ्नै घरमा राखने छु।"

यस्तो सोची उसले त्यसै दिन जन्मेको वालक खोजी गर्न पठायो। संयोगवश आफ्नै कर्मचारीको घरमा त्यसैदिनमा जन्मेको वालक पाई, उसलाई एकहजार कार्षापण दिई सो वालक आफ्नो घरमा ल्याई राख्यो।

केही दिनपछि सेठकी पत्नीले छोरा जन्माई। त्यसपछि सेठले त्यो वालकलाई मार्ने संकल्प गर्‍यो। त्यो वालक नभएमा आफ्नै वालक नगरको सेठ हुनेछ भन्ने विश्वास लियो। यसै पापसंकल्पको हेतुले उसले घोषक वालकलाई मार्ने निश्चय गर्‍यो।

सङ्कल्प अनुसार काम गरिन्छ। खराब सङ्कल्प भए खराब काम, असल सङ्कल्प भए असलै काम गरिन्छ। त्यसैले धम्मपदमा[1] सबै कर्मको मूलकारण मन नै हुन्छ भनी भनिएको हो। बुद्धिमानीले पापसङ्कल्पलाई 'पापसंकल्प' भनी जानी त्यसबाट मुक्त हुने सद्प्रयत्न गर्छ र मूर्खले पापसंकल्पलाई 'पापसंकल्प' भनी बुझ्न नसकी पाप-संकल्पमै डुब्दै जान्छ।

हत्याको षड्यन्त्र

(१) पापमा डुब्ने चित्त प्रवृत्ति भएको कौशम्बिक सेठले घोषक बालकलाई मार्ने नै नियत गरी, एक दिन आफ्नी काली[2] भन्ने दाशीलाई अह्राई सर्वप्रथम गोठको द्वारनिर छाड्न लगायो। तर सो घोषक बालकले अघिल्लो जन्ममा कुक्कुर हुँदा एक प्रत्येक बुद्धको निकै हेरविचार गरेको थियो र प्रत्येक बुद्ध प्रति उ अधिक स्नेह राख्दथ्यो। त्यसैको प्रभावले उ देवलोकमा उत्पन्न भई, त्यहाँबाट च्यूत भई, यहाँ मनुष्यलोकमा जन्मेको हो[3]। उसको कर्म बल असाध्यै बलियो थियो।

---

१. यमकवग्गो गाथा १.

२. धम्म. अ. क. पृ. ८८.

३ अं. नि. अ क. I. पृ. २२७; धम्म. अ. क पृ. ८६ : घोषक-वत्थु।

गोठको ढोका खोल्दा, अरू अरू दिनमा भए गोठका ठूला ठूला गाई गोरूहरू सबभन्दा पछि निस्कन्थे । तर त्यसदिन गोठको ढोका खोल्ने वित्तिकै, गोठको सबभन्दा ठूलो गोरू बाहिर निस्की सो वालकलाई आरक्षा गर्दै हज्जारौं गाई गोरूहरूको धक्का खाएर पनि अडिग भई, निश्चल भई त्यहीं नै दैलोनिर उभिइ रह्यो । गोठालोले देखी, आश्चर्य मानी "आज यो गोरू किन सबैभन्दा पहिले निस्की दैलोनिर सबैलाई असजिलो पार्दै उभिइरहेको होला !" भनी हेर्न जांदा गोरूको टाङमनी एक दुधे वालक देखी, विश्मित भई "यो वालकको प्राण बचाउन यसरी उभिरहेको रहेछ" भन्ने बुझी वालक प्रति स्नेह उत्पन्न गरी, वालकलाई घरमा लग्यो ।

(२) जब सेठले वालक नमरेको र उसलाई गोठालोले आफ्नो घरमा लगेको खबर सुन्यो अनि उसले गोठालोलाई एकहजार कार्षापण दिई पुनः वालकलाई आफ्नो घरमा ल्यायो । समय बित्दै गएपछि पुनः एक दिन सेठले अर्को उपाय सोच्दै सोही काली दाशीलाई अह्राई वालकलाई मसानमा छाड्न लगायो ।

त्यस दिन आफ्नै अजपाल सोही मसानतिर बोका, बाख्राहरू चराउन गयो । बाख्राहरू मध्येबाट एउटा ठूलो बाख्राले सो वालक भएको ठाउँमा गई, घुँडामारी टाङमनी वालकलाई राखी दूध खवाई हज्जारौं बोका र बाख्राहरूको कुल्चाइबाट वालकलाई बचायो । सबै बाख्राहरू चर्दै गएर पनि उ त्यहीं नै घुँडामारी बसि नै रहेको देखी, अजपाल गई हेर्दा वालकलाई दूध खवाइरहेको देखी बडो आश्चर्य मानी वालकलाई आफ्नो घरमा लग्यो ।

(३) सेठले फेरि पनि वालक बाँचिनै रहेको मात्र नभई उसलाई आफ्नै अजपालले आफ्नो घरमा लगी पालिराखेको खबर सुनी, उसलाई पनि एकहजार कार्षापण दिई वालक फिर्ता ल्यायो।

पापचेतनाद्वारा गरेको काम सफल नभएकोले उसको मनमा झन् झन् डाह भयो र मूढतावस झन् उत्तरोत्तर उसको चिन्ता बढदै गयो। पाप गर्ने मूर्खहरूको चित्तवृत्ति दिनपरदिन पापमै रमाए जस्तै पुण्य गर्ने पुण्यात्माहरूले पापबाट आफ्नो चित्तलाई हटाई पुण्यमै लगाउन थाल्छन्। तर कौशम्बिक सेठ माथिल्लो श्रेणीको भएको हुँदा उसले एकमाथि अर्को दरुण उपाय सोच्दै वालकलाई गाडा ल्याउने बाटोमा कुल्चाउनकोनिमित्त राख्न पठाउने अठोट गऱ्यो। यसै संकल्प अनुरूप उसले एक दिन, हज्जारौं गाडाहरू ल्याउने बाटोमा अर्थात् गाडाजाने लीगमा राखिदिनकोनिमित्त काली दाशीलाई अह्रायो। बिहानको भोर नहुँदै सो बाटोमा शयकडौं गाडाहरू आए। जब सो वालक भएको ठाउँनिर पुग्यो अनि गाडाको दुवै गोरुहरू कत्ति पनि डेग चलेनन्। गाडीवानहरूले गोरूहरूलाई धेरै कुटे, चुट्न सम्म चुटे, सासना गरे तैपनि गोरूहरूका खुट्टाहरू कीला ठोके जस्तै भएका थिए। गाडीवानहरूले बेस्करी चुटेपछि गोरूहरू झन् भुइँमा टासिएका जस्तै गरी थुचुक्क बसिदिए। गोरूहरू नार्न अनेक कोशिस गर्दागर्दै उज्यालो भएर आयो। आकाशमा सूर्यको कीरण देखिन थालेपछि गाडीवानहरू ‘‘आज यी गोरूहरू किन ढिटाहा भई बसेका होलान्’’ भनी यता उता हेरी अगाडिपट्टि हेर्न जाँदा एक वालकलाई देखे। अनि गाडीवानहरूले गोरूको प्रकृया देखी विश्मित भई

"धन्य ! धन्य !! यी गोरूहरू !!!" भन्दै उनीहरूले सो वालक लिएर गए। यस्तै दैवी शक्तिलाई नै कर्मशक्तिको प्रभाव भन्दछन्।

(४) उता सेठले फेरि पनि वालक नमरेको खबर सुनी उसको मनमा झन् झन् डाह र ईर्ष्या बढेर आयो। फेरि गाडीवानसँगबाट एकैहजार कार्षापण दिई घोषकलाई फर्काएर ल्यायो। सेठहरूकोनिम्ति सो वालक आँखाको छारो समान हुन थाल्यो। व्यर्थमा वालक मार्ने मनोवृत्ति झन् झन् बढ्दै गयो, मन पोल्न थाल्यो। तैपनि उपाय सोच्न छाडेको थिएन र भीरबाट खसालि दिऊँ भन्ने विचार गरी एक दिन, सोही दाशीलाई अह्राई भीरवाट खसाल्न पठायो। किन्तु वालकको कर्मशक्ति यत्तिको बलियो थियो कि त्यहाँबाट खसाल्दा एउटा बाँसको झाँङमा परी मानो कुनै झोलीमा राखे जस्तै गरी त्यहीं झाँङमा अड्क्यो। त्यसै दिन बाँसको काम गर्ने मानिसहरू बाँस काट्न जाँदा झाँङबाट आएको वालकको आवाज सुनी हेर्दा एक वालक देखी, खुशी भई उसलाई लिएर गए।

(५) यो खबर सुनी सेठको मन झन् पोल्न थाल्यो। के गरौं कसो गरौं भई वालकलाई सोझो आँखाले पनि हेर्न सकेन। यसलाई न मारेसम्म आफ्नो वालक नगरको सेठ हुन सक्ने छैन भन्ने तिर मात्र विचार गई, ईर्ष्याले जलो जे गरेर भएपनि यसलाई नमारी छाडने छैन भन्ने भावना झन दरिलो पाऱ्यो। त्यसपछि उसले झन भयानक उपाय सोच्यो।

सेठको एक विश्वासी कुह्माले साथी थियो ? उसलाई भनी

वालकलाई मार्न लगाई, अवालभित्र हाली पोलिदिने दानवी विचार गऱ्यो । अनि उसले कुह्मालेकहाँ गई भन्यो—

"साथी ! आज म तिमीकहाँ एक विश्वासको कुरा गर्न आएको हुँ । मेरो घरमा एक कुजात वालक छ । उसलाई काटी तिम्रो अवाल पोल्ने बेलामा त्यसभित्र हाली भष्म पार्न परेको छ ।"

सेठको कुरा सुनी कुह्मालेले दुवै हातले कान बन्द गरी "अहो, यस्तो काम कसरी गर्ने !" भन्दै डराउन थाल्यो ।

यस्तो भन्दा सेठले उसलाई फकाई एकहजार कार्षापणको थैली अगाडि राखि दियो । एक हजारको थैली देख्ने बित्तिकै कुह्मा-लेको मन फर्क्यो र "त्यसो भए, फलाना दिनमा मेरो अवालमा भाँडा पोलिने छ, त्यस समय वालकलाई पठाइ दिनुहोस्" भनी कुह्मा-लेले सुस्तरी जवाफ दियो ।

त्यसपछि कुह्मालेको अवालमा आगो राख्ने दिनमा सेठले घोषकलाई बोलाई भन्यो— "पुत्र ! तिमी आज फलाना हाम्रा साथीको घरमा गई 'बाबुले भनेको काम गरिदेऊ' भनी भन्न जाऊ" भनी पठायो ।

उनीहरूका बीच यस्तो कुरा भएको थियो कि सो दिनमा पठाइने बालकलाई काटी अवालभित्र हाली आगो लगाइ दिने ।

घाम फुलिकने बेलामा सेठले घोषकलाई कुह्मालेको घरमा जाने काम अह्रायो । विचरा सीधासाधा घोषक वालकको, मृत्युको द्वार

आज कुह्मालेको घर हुन गयो। बाटोमा उसले आफ्नो सद्दे भाई भनी संझी राखेको सेठको छोरालाई भेटयो। उ त्यहाँ गुच्चा खेलिरहेको थियो। दाइचाहिँलाई देखेर उसले भन्यो—

"भो दाइ! दिनभरी गुच्चा खेली रोटीहरू मैले जम्मै हारें। एउटा पनि रोटी जित्न सकिन। अतएव मेरोनिम्ति गुच्चा खेलि देऊ।"

अनि घोषकले भन्यो— "भाइ! मलाई बाबुले कुह्मालेकहाँ गएर आऊ भनी काम अऱ्हाएको छ। म खेल्न सक्दिन।"

"भो दाइ! त्यसो न भन। तिमी गुच्चा खेल्न सिपालु छौ। मलाई रोटी जिताइ देऊ। बरू म कुह्मालेकहाँ गई बाबुले अऱ्हाएको काम गरेर आउने छु।"

भाइ चाहिँले सारै जिद्दी गरेपछि घोषकले उसलाई भन्यो—

"त्यसो भए, तिमी त्यहाँ गई 'मेरो बाबुले भनेको काम गरि-देऊ' भनी कुह्मालेलाई भनी आऊ।"

अनि सो बालक दाइचाहिँको कुरा सुनी साँझ पख सरासर कुह्मालेको घरमा गयो। कुह्मालेले सो बालक आउनासाथ उसलाई दुइ टुक्रापारी, काट्कुटपारी माटोको भाँडामा राखी, अवाल भित्र हाली हत्तरपत्त आगो लगाइ दियो।

उता घोषक कुमारले गुचचा खेली धेरै रोटी जित्यो। भाइ आउला भनी धेरैबेरसम्म बाटोमा पर्खिरह्यो। साँझपरी सक्दा पनि

भाइचाँहि फर्केर नआएकोले उ कुह्मालेको घरतिर हेर्न गयो[1]। उसलाई त्यहाँ न देखेपछि "घर फर्कि सक्यो होला" भन्ने विचार गरी आफू पनि सरासर घर फर्क्यो।

टाढैदेखि घोषक फर्किरहेको देखी कौशम्बिक सेठ चकित भई घोषकलाई "किन तँ कुह्मालेकहाँ न गएको ? जा तुरुन्त फर्की !" भन्दै गालि गर्दै हप्काउँदा घोषकले विनम्रतापूर्वक आफू गइरहेको बेलामा भाइचाँहिले आफूलाई बाटोमा देखी उसले सारै जिद्दी गरेको हुँदा आफू गुच्चा खेली उ कुह्मालेकह गएको कुरा सुनाउने बित्तिकै आफ्नो ज्यू भरी तातो पानी खन्याइदिएको जस्तो भई, पसिना बघाउँदै सेठ दगुर्दै कुह्मालेको घरमा गयो। टाढै देखि सेठ चिच्याउँदै "पख् पख्" भन्दै कराउँदै कुह्मालेको घरमा आएको देखी कुह्मालेले "धेरै हल्ला नगर्नुहोस्, काम जम्मै सिद्धिसकेको छ" भनी सेठलाई सुनाउने बित्तिकै सेठ त्यहीं नै बेहोस भयो। त्यहाँ देखि उसको चित्त र मगज बिग्री पागल हुन थाल्यो। त्यसपछि चाल्नी जस्तै हृदय लिई सेठ घर फर्क्यो।

त्यसैले धम्मपदमा दण्डरहित तथा दोष रहित प्राणीलाई हिंसागर्नेलाई दश कारणहरूमध्ये कुनैन कुनै एक कारण यसै जन्ममा भोग्नुपर्छ भनी भनेको हो—

---

१. अं. नि. अ. क. I. पृ. २३०

(१) "यो दण्डेन अदण्डेसु, अप्पदुट्ठेसु दुस्सति।
दसन्नमञ्ञतरं ठानं, खिप्पमेव निगच्छति ॥

(२) "वेदनं फरुसं जानिं, सरीरस्स च भेदनं।
गरुकं वा पि आबाधं, चित्तक्खेपं व पापुणे ॥

(३) "राजतो वा उपसग्गं, अब्भक्खाणं व दारुणं।
परिक्खयं व ञातीनं, भोगानं व पभङ्गुरं ॥

(४) "अथ वस्स अगारानि, अग्गि डहति पावको।
कायस्स भेदा दुप्पञ्ञो, निरयं सोपपज्जती' ति[१] ॥"

अर्थ—

१–४ "जसले दण्डरहित निर्दोषी प्राणीलाई दण्ड दिन्छ वा दोष लगाउँछ, उसले दश कारणहरूमध्ये कुनैन कुनै एक कारण छिटै भोग्नु पर्छ—(१) टाउको दुख्ने आदि तीव्र वेदना, (२) केहीन केही प्रकारको हानी, (३) अंग भंग वा जीवन नाश, (४) तीव्र रोग, (५) चित्तविक्षेप वा बौलाहापन, (६) राजदण्डादिको भय, (७) कठोर निन्दा वा उपहास, (८) नाता कुटुम्बहरूको हानी, नोक्सानी, (९) भोगसम्पत्तिको हानी नोक्सानी तथा (१०) घरमा आगलागी। त्यस्तो मूर्ख पुरुष मृत्युपछि नर्कमा पनि उत्पन्न हुन्छ।"

---

१. धम्म. प. गाथा १३७, वर्ग १०,

(६) चित्तविक्षेप भएर बहुलाहा जस्तो हुँदा पनि कौशम्बिक सेठको विचारधारामा कुनै परिवर्तन आएन। उसको मन पापचेतनाले भरिएको थियो। आफ्नो प्राण छउन्जेलसम्म कुविचार गर्न छोडेन। मार्ने षड्यन्त्र गर्दा गर्दै घोषक कुमार पनि तन्नेरी हुँदै आयो।

फेरि एक दिन, सेठले घोषकलाई टाढाको एक आफ्नो गाउँमा पठाई मार्न लगाउने विचारले प्रेरित भई, आफ्नो गाउँको मुखिया-लाई एक पत्र लेखी घोषकको तुनामा बाँधी, उसलाई त्यहाँ पठायो। घोषक बिचरा फेरि आफ्नै मृत्युको सन्देश आफैले बोकी सो गाउँमा गयो। एकैदिनमा सो गाउँमा पुग्न नसक्ने भएकोले घोषकले सेठसँग विनम्रतापूर्वक बाटोखर्च माग्यो। सेठले उसलाई "बाटोखर्च चाहिंदैन। फलाना गाउँमा एक सेठको घर छ। उनी हाम्रा साथी हुन्। अतएव उनकै घरमा एकरात बास बसी भोलिपल्ट जाऊ" भनी भन्यो।

सीधासाधा तथा आज्ञाकारी घोषक सो गाउँमा पुगेपछि सेठको घर खोज्दै गयो। त्यसबेला सो सेठ दाह्री बनाउँदै थियो। घोषकले सो सेठको घर पत्तोलगाई त्यहाँ गई सेठलाई नमस्कार गऱ्यो। सेठले उसँग कहाँबाट आएको ह्वौ र कसको छोरा ह्वौ भनी सोधेपछि घोषकले सबै वृत्तान्त बतायो। सेठ बडो खुशी भयो।

सो सेठकी पन्द्र सोह्र वर्षकी एक सुन्दरी छोरी थिई। त्यस बेला उसकी नोकर्नी फूल किन्न घरबाट बाहिर जान लागेको देखी, सेठले उसलाई बोलाई घोषकलाई बस्ने कोठा इत्यादि तयार पार्न अऱ्हायो। सेठले अऱ्हाएको काम गरिसकेपछि उ फूल किन्नी फर्कंदा

सेठकी छोरीले उसलाई "किन अबेरगरी आएकी ?" भनी हप्काउँदै गालि गरी। अनि उसले अबेर भएको कारण सबै सुनाई।

"घोषक" भन्ने नाउँ सुन्ने बित्तिकै कुमारीका मनमा स्वतः अति गहिरो प्रेम उत्पन्न भयो। यिनीहरू दुवै यसभन्दा चार जन्म अगाडि पति र पत्नी भई बसेका थिए[1]। कुमारीले त्यस जन्ममा एक प्रत्येक बुद्धलाई एक कुरुवाको भात पकाई अत्यन्त श्रद्धापूर्वक दान दिएकी थिई। सोही कुशलकर्मको प्रभावले यस जन्ममा उ सेठको कुलमा जन्मेकी हो[2]। पूर्वजन्ममा स्नेहपूर्वक एकैसाथ बसेर आइ सकेको वासनाको हेतुले गर्दा अहिले उसको नाम सुन्ने बित्तिकै पानी माथि फुतुरुक्क निस्केको कमलको फूल झैं उसको हृदयमा प्रेम उत्पन्न भएको हो।

त्यसैले यसो भनिएको हो—

"पुब्बेव सन्निवासेन, पच्चुप्पन्न हितेन वा।
एवं जायते पेमं उप्पलंव यथोदके' ति[3]॥"

अर्थ—

"पूर्वजन्ममा एकसाथ बसिसकेको र वर्तमान समयमा पनि भेट-घाट हुँदा—पानीमा उत्पन्न हुने कमलको फूल झैं प्रेम उत्पन्न हुन्छ।"

---

१. अं नि. अ. क. I. पृ. २३१.

२. धम्म. अ. क पृ. ९१

३. जातकपालि I पृ. ६१ : साकेत जातकं, नं. २३७

अनि सो कुमारी दाशीसँगै घोषक कुमार सुतिरहेको कोठामा हेर्न गई । त्यसबेला उसको आँखा घोषकको छातिनिर तुनामा बाँधि राखेको कागजको टुक्रोमा पर्न गयो र उसले "के रहेछ ?" भनी तुना फुकाली हेर्दा सो पत्रमा "यो पत्र वाहक मेरो घरको एक कुजात पुत्र हो । यसलाई मारी चर्बीको खाडलमा गाडी त्यसको खबर पठाएमा तिमी मबाट पुरस्कृत हुनेछौ" भनी उल्लेख गरेको कुरा पढ्दा उसलाई बडो दुःख लाग्यो र उसले त्यसको बदलामा "यस पत्रवाहक मेरो जेठो छोरो हो । तपाइ गाउँलेहरू सबै मिली फलाना गाउँको सेठकी कन्याकुमारी मागी, विवाह मङ्गल गरी मलाई सूचना पठाउनुहोस्" भनी अर्को पत्र लेखी उसकै तुनामा बाँधि दिई ।

भोलिपल्ट सो गाउँमा पुगी गाउँको मुखियालाई घोषकले पत्र दियो । पत्र पाई गाउँका मुखिया सहित सबै गाउँलेहरू अत्यन्त खुशी भए । अनि पत्रमा उल्लेख भए अनुसार सोही गाउँको सेठसंग कन्या मागी विवाह मङ्गलोत्सब सिध्याई कौशम्बिक सेठकहाँ खबर पठाए ।

सो खबर सेठले पाउने बित्तिकै उ बडो अचम्भ भयो । चिताए झैं एउटै पनि काम नभई झन् उम्मै काम उल्टो उल्टो मात्र भएकोले अन्तमा उसले घोषकलाई "चाँडै आऊ" भनी खबर पठायो ।

घोषककी पत्नीले त्यस गाउँका सबै मानिसहरूलाई भनी राखेकी थिई कि "कुनै पनि खबर आएमा पहिले मलाई नभनिकन मेरो पतिलाई नभन्नू ।"

कौशम्बिक सेठको खबर ल्याउने मानिसलाई घोषकको पत्नीले मानमिज्यास गरी, केही दिनसम्म पर्खिरहने कुरा बताई ।

अर्को पनि खबर लिएर मानिस आयो । उसलाई पनि त्यस्तै भनी । अर्को पनि मानिस खबर लिएर आयो । अनि उसँग घोषकको पत्नीले सेठको हालखबर सोधी । सन्देश वाहकले "अब त सेठ सिकिस्त छ । आज भोलि नै मृत्यु हुन सक्छ" भन्ने खबर सुनायो । त्यसपछि घोषकको पत्नीले आफ्नो पतिलाई "कौशम्बीमा फर्कने बेला भयो" भनी भन्दै उसलाई सिकाउनु पर्ने अति बुद्धि दिई । यिनीहरू कौशम्बीमा आइपुग्ने दिनमै सेठको पनि मृत्यु भयो । मृत्यु हुने बेलामा सेठले आफ्नो खजान्चीसँग "नगद सम्पत्ति कति छ ?" भनी सोध्दा खजान्चीले "चालीस कोटी छ" भनी भन्दा सेठले "यो धन घोषकलाई न दिनू", भन्ने विचार गरी बोली प्रकाश गर्न खोज्दा उल्टै "यो धन घोषकलाई दिनू" भनी भन्यो । यत्तिकैमा उसको प्राण पनि गयो ।

त्यसपछि कौशम्बीको राजाले घोषक कुमारलाई बोलाई चालीस कोटी धनको मालिक उसैलाई बनाई 'श्रेष्ठीपद' पनि दिए ।

यही नै कौशम्बीवासी घोषक सेठको उत्पत्ति कथा हो[1] ।

---

१. अं. नि. अ. क. I. पृ. २२८-३२ : एककनिपातवण्णना; धम्म. अ. क. पृ. ८७-९४ : उदनराजाको कथामा घोषक-वत्थु ।

घोषक श्रेष्ठीको पुण्यचेतना

श्रेष्ठीपद प्राप्त गरी रथमा बसी नगर परिक्रमा गरी आइरहेका घोषक श्रेष्ठी[1]लाई देखी उनकी पत्नीले काली दाशीलाई सम्बोधन गर्दै भनिन्—

"अम्मे ! तिम्रा मालिकले यो ऐश्वर्य जम्मै मेरो कारणले पाएका हुन् ।"

"कसरी ?" भनी काली दाशीले सोधी ।

"आफ्नो मृत्युको सन्देश पत्र लिई गइरहेको बेलामा यी कुमारले हाम्रै घरमा बास बसेका थिए । मैले सो पत्र च्याती अर्को पत्र लेखी पठाएको थिएँ । त्यसैले आज यिनले यत्रो श्रीसम्पत्ति पाए" भन्दै आफूले गरेको कुरा जम्मै घोषककी पत्नीले काली दाशीलाई सुनाइन् । अनि कालीले भनी—

"अम्मे ! तपाइलेत यति कुरा मात्र जान्नु भएको रहेछ । किन्तु यी घोषक श्रेष्ठीको इतिहास निक्कै लामो छ । यी कुमारलाई कौशम्बिक सेठले वालककालदेखिनै मार्ने षड्यन्त्र गर्दै आएको थियो । तर यिनको पुण्यभाग यस्तो बलियो रहेछ कि यिनलाई मार्न नसकी सेठ आफै मरेर गयो । अम्मे ! सवप्रथम यिनको जन्म हुनासाथ

---

१. कहीं कहीं अर्थकथामा 'घोषित श्रेष्ठी' भन्ने पनि उल्लेख भएको पाइन्छ ।

यिनलाई बाटोमा फ्याकेको थियो । यिनको आमा बाबु को हुन् भन्ने कुरा आजसम्म कसैलाई थाहा छैन । यिनलाई कौशम्बिक सेठले पैसा तिरी ल्याएको थियो । पछि सेठको आफ्नो छोरा जन्मे पछि यिनलाई मार्ने षडयन्त्र गरेको थियो । मार्नकोनिम्ति अनेकौं प्रयत्न गऱ्यो तर कुनै पनि प्रयत्न सफल हुन सकेन । हज्जारौं रूपैयाँ खर्च गऱ्यो । अम्मे ! कर्मबल भनेको सारै ठूलो हुँदो रहेछ ! पुण्यको प्रभाव भनेको यत्तिको शक्तिसम्पन्न हुँदो रहेछ ! आखिरमा ज्योतिषले भने बमोजिम यी कुमार यस नगरको श्रेष्ठी नै भइ छोडे" भन्दै बडो संवेगपूर्वक बितेका घटनाका कुराहरू जम्मै सुनाई ।

यी कुराहरू सुनी घोषककी पत्नीलाई बडो आश्चर्य लागी जिरिङ्ग भयो । त्यसपछि एक दिन, उनले आफ्नो पतिको अतीत इतिहासको कुरा जम्मै उनलाई सुनाइन् । घोषक श्रेष्ठीले पत्नीको कुरा सुनी काली दाशीसँग पनि सोधे । अनि काली दाशीलाई आमा समान गरी राखे । त्यसपछि यिनीहरूले बितेका घटनाहरूलाई मनमा राखी "यस्तो आश्चर्यजनक, अजीव जीवन हुने हामीले प्रमादी भई जीवन बिताउनु हुन्न, अप्रमादी भई बस्नु पर्छ" भनी धर्मचेतना राखी प्राणी प्रति दया राखी दिनको हज्जारौं रुपैयाँ परित्याग गरी गरीब कुरुवा, अन्धा, कृपण आदिहरूकानिम्ति नित्य खाद्यपदार्थ दान दिने दानशाला खोले । त्यस दानशालामा दिनको हज्जारौंको संख्यामा गरीब कुरुवाहरूले खाना लिन आउँदथे[1] ।

---

१. ध. अ. क. पृ. ९४-९५; अ. नि. अ. क. I. पृ. २३२.

खुज्जुत्तराको जन्म

यस्तो कठिनाइताबाट उत्तीर्ण भएर आएका दानी, धर्मतमा घोषक श्रेष्ठीकी एक धाई आमाको कोखमा खुज्जुत्तरा उपासिका को जन्म भएको थियो । उनी देवलोकबाट च्यूत भई यहाँ जन्मेकी थिइन् । जन्मेदेखि उनी लंगडी थिइन् । उनको नाम "उत्तरा" हो[1] । तर उनी "खुज्जुत्तरा" भन्ने नामले नै प्रसिद्ध थिइन् । पालि (मागधि) भाषानुसार खुज्जा + उत्तरा = खुज्जुत्तरा । अर्थात् खुज्जा = लंगडी, उत्तरा उनको नाम हो । "लंगडी उत्तरा" भन्ने अर्थले 'खुज्जुत्तरा' भन्ने चलन भएको हो ।

खुज्जुत्तराको पूर्वकर्म

उनी लंगडी हुनाको पूर्वकर्मको कारण बताउँदै अंगुत्तरनिकाय अर्थकथा र धम्मपद अर्थकथाहरूले[2] यस्तो उल्लेख गरेका छन्—

अतीतकालमा बाराणशी राजाको घरमा नित्य भिक्षा लिन आउने एक लंगडो स्वभावको प्रत्येकबुद्ध हुनु हुन्थ्यो । वहाँलाई देखी उनले (= खुज्जुत्तराले) आफ्नो स्त्री परिषद्को अगाडि प्रत्येकबुद्ध-

---

१. अं. नि. अ. क. I. पृ. २३२; इति. बु. अ. क. पृ. २३ : निदानवण्णना ।

२ अं. नि. अ. क. I. पृ. २३८; धम्म अ. क. पृ. ११३

-लाई गिज्याउँदै, खिसीगर्दै लंगडी भई देखाउँदथिन् । त्यसैको प्रभावले उनी लंगडीभई जन्मेकी हुन्[1] ।

× × ×

त्यस्तैगरी, काश्यप बुध्दको पालामा उनी (=खुज्जुत्तरा) वाराणशीवासी एक सेठकी छोरी थिइन् । उनको घरमा एक क्षीणास्रवी भिक्षुणी[2] समय समयमा आउँदथिन् । एक दिन, सो सेठकी छोरी श्रृङ्गार गरिरहेको बेलामा, उनको घरमा आइरहनु भएकी सो अर्हत् भिक्षुणीलाई उनले काम अऱ्हाएकी थिइन् । त्यस समय उनको घरमा कुनै दाशी थिएनन् । उनले सो क्षीणास्रवी भिक्षुणीलाई "आर्या ! त्यो मेरो श्रृङ्गार तथा गहनाको बट्टा यता ल्याईदिनुहोस्" भनी अऱ्हाइन् । त्यसबखत सो भिक्षुणीले सोचिन्— "यी कुमारीले अऱ्हाएको काम नगरी दिएमा, यिनले म प्रति रीस गर्नेछिन् । अनि यिनी सोही रीसको हेतुले नर्कलोकमा जानेछिन् । यदि मैले यिनले अऱ्हाएको काम गरिदिएमा यिनी यसैको फल भोग्दै धेरै जन्मसम्म प्रेशकारी (=नोकर्नी) हुनेछिन् भन्ने जानी नर्कलोकभन्दा नोकर्नी हुनु नै वेश" भनी सो क्षीणास्रवी भिक्षुणीले उनको श्रृङ्गार तथा गहनाको बट्टा ल्याइ दिइन् । यसै कर्मको प्रभावलेगर्दा उनी धेरै

---

१. इति. वु. अ. क. पृ. २४ : निदानवण्णना; अं. नि. अ. क. I. पृ. २३८.

२. अंगुत्तरनिकाय अर्थकथामा एक श्रामणेरी भन्ने उल्लेख भएको छ । पृ. २३८.

जन्मसम्म नोकर्नी कुलमा जन्मेकी थिइन् र अहिले पनि नोकर्नी नै हुन परेको हो[1] ।

× × ×

अतीतकालमा, एक दिन, वाराणशी राजाको दरवारमा पात्र भरी तातो पायस भोजन भिक्षालिई गइरहेका आठजना प्रत्येकबुद्ध-हरूको हात, तातो पात्रले पोलिरहेको देखी, उनले (= खुज्जुत्तराले) आफूले लगाई राखेका आठवटा दाँतका चूरीहरू वहाँहरूलाई प्रदान गरी वहाँहरूको हात पोल्नबाट बचाइ दिइन् । चूरी पाई प्रत्येक-बुद्धहरूले उनको मुख ताक्नु भयो । उनले कारण बुझी "भन्ते ! यी चूरीहरू तपाइहरूलाई नै प्रदान गरिसकें" भनिन् यसै दानको प्रभावले गर्दा उनी त्रिपिटक धारी महाप्राज्ञा भएकी हुन् । भनिन्छ ती आठवटा चूरीहरू नन्दमूलक पर्वतमा अद्यापि यथावत् छन् । प्रत्येकबुद्धहरू-लाई उपस्थान गरेको पुण्यको प्रभावले उनले अहिले स्रोतापन्नफल साक्षात्कारगर्न सकेकी हुन्[2] ।

पाण्डित्यता

लंगडी भएता पनि खुज्जुत्तराको ज्ञानशक्ति लंगडो थिएन ।

---

१. धम्म अ. क. पृ. ११४; अ. नि. अ. क. I. पृ २३८; इति. वु अ. क. पृ. २४

२. धम्म. अ. क. पृ. ११३; अं नि. अ. क. I. पृ. २३८; इति. वु अ. क. पृ. २४.

उनी निक्कै बुद्धिमानी थिइन् र उनको स्मरणशक्ति तथा प्रज्ञालाई बुद्धले पनि प्रशंसा गर्नु भएको मात्र नभई 'खुज्जुत्तरा जस्तै हुन सक' भनी प्रेरणा समेत दिनु भएको छ। पछि उनी श्यामावती महारानीकी सेविका हुन पुगिन्। उनी श्यामावती महारानीको अति विश्वासिनी थिइन्। विशेष गरी उनले श्यामावती महारानीकोनिम्ति फूल किनेर ल्याउने काम गर्दथिन्।

भगवान् बुद्ध सर्वप्रथम कौशम्बीवासी घोषकादि सेठहरूको निमन्त्रणामा कौशम्बी नगरमा आउनु हुँदा, एक दिन, भगवान् सहित भिक्षुसङ्घलाई सुमन मालाकारले निम्त्याएको थियो[1]।

खुज्जुत्तराले सँधैं उसको घरबाट फूल किनेर लैजाने गरेकी थिइन्। त्यस दिन पनि खुज्जुत्तरा फूल किन्न उसको घरमा गइन्। अनि उनलाई सुमन मालाकारले "अम्मे! आज मेरो घरमा भगवान् बुद्ध सहित भिक्षु सङ्घलाई निम्त्याएको छु। तिमी पनि भगवान् बुद्धको सेवा टहल गरी, वहाँको धर्मोपदेश सुनिसके पछि फूल लिएर जाऊ" भनी भन्यो[2]। खुज्जुत्तराले स्वीकार गरी बुद्धको सेवा टहल गरिन् तथा धर्मोपदेश पनि सुनिन्। बुद्धको उपदेश सुनी खुज्जुत्तराले स्रोतापन्न फल साक्षात्कार गरिन्[3]।

---

१. हेर. बु. रा. पृ. ४२७-२८.

२. हेर. बु. रा. पृ. ४२८.

३. अं. नि. अ. क. I. पृ. २३७; धम्म. अ. क. पृ. १०५: मरणदीपित उदेनवत्थु।

जब कुनै व्यक्तिले स्रोतापन्न फल अवबोध गर्छ तब उसको पञ्चशीलमा कुनै त्रुटी हुँदैन । उसको पञ्चशील परिशुद्ध तथा निर्मल हुन्छ। स्रोतापन्न फल-साक्षात्कार भएपछि पूर्णरूपेण पञ्चशील पालन हुन्छ । बुद्ध, धर्म तथा सङ्घ प्रति उसको श्रद्धा अटल हुन्छ । प्राण गए पनि उसले हिंसादि पञ्च पापकर्म गर्दैन[1] । उ नरकगामी पनि हुन्न[2] । स्रोतापन्न भएकोबेला देखि उसको पञ्चशील अखण्डित तथा निर्मलरूपले पालन भएको हुन्छ र उसको शीललाई आर्यकान्त शील पनि भन्दछन्[3] ।

स्रोतापन्न हुने व्यक्तिमा स्वभावतः उपरोक्त गुणहरू निहीत हुने भएकोले खुज्जुत्तरा उपासिकाले अघि-अघि फूल किन्दा जुन कपट गर्दथिन्-त्यस दिन, ती जम्मै परित्याग गरी, आठै कार्षापण-हरूको फूल किनेर श्यामावती महारानीकहाँ गइन् । त्यसदिन अरू अरू दिनहरूमा भन्दा धेरै फूल देखेर श्यामावती महारानीले उनीसँग सोधिन्—

"अम्मे ! आज मालाकार निक्कै खुशी भएको जस्तो लाग्छ । अरू अरू दिनभन्दा आज निक्कै धेरै फूल ल्यायौ त ! किन आज यत्तिका फूल ल्याएको ?"

अनि खुज्जुत्तराले प्रष्ट शब्दमा बताइन्—

---

१. हेर. बु. गृ. पृ. ८५, ११४-१७

२ हेर. बु, गृ. पृ. २७५.

३. हेर. बु. गृ. पृ ६९

"देवी ! अरू अरू दिनमा ममा अँध्यारोपन थियो । आज सो अँध्यारोपन मबाट हटिसक्यो । अघि अघि मैले आठ कार्षापणमध्ये-बाट चारै कार्षापणको मात्र फूल किनेर ल्याउँथें । किन्तु आज आठै कार्षापणको फूल किनेर ल्याएँ । आज मेरो भाग्य खुल्यो, मनको मलिनपन छुटचो तथा मनको दियो पनि बल्यो । आज मैले उज्यालो-पन पनि देखें । सुमन मालाकारको घरमा बुद्ध भगवान् सहित भिक्षु सङ्घलाई निम्तो गरेको थियो । उसले मलाई बुद्धको धर्मोपदेश सुनेर मात्रै जाऊ भनी भन्यो । अनि मैले भगवान् बुद्धको दर्शन गरी वहाँको उपस्थान समेत गरें । वहाँले दिनु भएको अमृतमय धर्मोपदेश पनि सुनें । वहाँको उपदेशद्वारा मेरो मनलाई असल बाटोमा राखि दियो । अब उप्रान्त मबाट कहीले पनि त्यस्तो छलकपट हुने छैन । सत्यमा जरो बसिसक्यो । त्यसैले आज मैले अघि अघि गरिरहेको मिथ्याजीविकालाई छोडी सम्यक् जीविकाको शरण लिई तपाइले दिनु भएको आठै कार्षापणको फूल किनेर ल्याएकी हुँ । अघि अघि मैले चारै कार्षापणको मात्र फूल ल्याउँदथें । त्यसैले आज बढता फूल देखिएको हो, मालाकार खुशी भएकोले होइन ।"

खुज्जत्तराको कुरा सुन्दा सुन्दै श्यामावती महारानीको मन र शरीर हलुँगो भई "बुद्ध, बुद्ध" भन्ने शब्द सुनी उनको मन बुद्धारम्मण प्रीतिले भरिन थाल्यो । अनि महारानीले उनलाई भनिन्—

"अम्मे ! त्यसो भए तिमीले पिएको धर्मामृत हामीलाई पनि पिलाऊ । बुद्धले दिनु भएको उपदेश हामीलाई पनि सुनाऊ ।"

"देवी ! त्यसो भए एक धर्मासन तयार पार्न लगाउनु होस् । अनि मात्र तपाइहरूलाई उपदेश सुनाउने छु धर्मामृत पनि पिलाउनेछु।"

अनि श्यामावती महारानीले एक सुन्दर धर्मासन तयार पार्न लगाई, खुज्जुत्तरा उपासिकालाई सोन्ह घडा सुगन्धित पानीले नुहाई, शुद्ध वस्त्र पहिराई, धर्मासनमा बसाली सम्मानपूर्वक उनलाई अभिवादन गरी, आफ्ना पाँचशय परिवार स्त्रीहरूका साथ धर्म श्रवणार्थ आफू भुइँमा बसिन् । खुज्जुत्तरा उपासिकाले पनि शैक्षप्रतिसम्भिदामा[१] प्रतिष्ठित भई बुद्धसँग सुनेर आएका सबै उपदेश, मधुर स्वरले श्यामावती महारानी सहित पाँचशय स्त्रीहरूलाई सअक्षर सुनाइन् । उपदेशको अन्तमा श्यामावती सहित सबै पाँचशय स्त्रीहरूले धर्मावबोध गरी स्रोतापन्नफल साक्षात्कार गरे[२] ।

यसपछि श्यामावती महारानीले खुज्जुत्तरालाई "अम्मे ! आजदेखि तिमी मेरी नोकर्नीबाट मुक्त भयौ । आज देखि तिमी मेरी मातृस्थानमा र धर्मकथिकाचार्यको स्थानमा रही दिनदिनै भगवान् बुद्धको उपदेश सुनी हामीलाई पनि बुद्धोपदेश सुनाई धर्मामृतपान गराऊ" भनी खुज्जुत्तरालाई दाशताबाट मुक्तगरी, मातृस्थानमा र धर्मकथिकाचार्यको स्थानमा राखिन[३] ।

---

१. इति. वु. अ. क पृ. २२.

२. अं. नि. अ. क. I. पृ. २३७; धम्म. अ. क. पृ. १०६

३. धम्म अ. क. पृ. १०६; अं. नि. अ. क. I. पृ. २३७.

खुज्जुत्तराले पनि त्यसदिन देखि दिनहुँ बुद्धकहाँ गई उपदेश सुनी, सो उपदेश श्यामावती सहित उनका पाँचशय स्त्रीहरूलाई सुनाउन थालिन्। खुज्जुत्तरा उपासिकाले उपदेश सुनाई श्यामावती महारानी सहित पाँचशय स्त्रीहरूलाई स्रोतापन्न फलमा प्रतिष्ठित गराएको समाचार चारै परिषद्हरूका[१] बीचमा चर्चाको विषय हुन थाल्यो। बहुश्रुतता, धर्मकथिकता, स्मरणशक्ति तथा प्रतिभाण (—बुझ्न सक्ने दक्षता) सम्पत्ति आदि उनका गुणको बयान गरी भगवान्ले उनलाई बहुश्रुत हुनेहरूमध्येमा अग्रगण्य स्थानमा राख्ने कुराको घोषणा पनि गर्नु भयो। जुन कुरा तल मूल सूत्रको "अग्रस्थान" भन्ने शीर्षकले प्रष्ट गरेको छ।

खुज्जुत्तरा उपासिकाले शैक्ष[२] प्रतिसम्भिदा[३] प्राप्त गरेकी थिइन्[४]।

---

१. भिक्षु परिषद्, भिक्षुणी परिषद्, उपासक परिषद् तथा उपासिका परिषद्—यी चार परिषदलाई 'चार परिषद्' भन्दछन्।

२. "शैक्ष" र "अशैक्ष" भन्ने के हो भन्ने बारेमा बु. गृ पृ. २६९, २७३ मा हेर्नू; इति. बु. अ. क. पृ. ४८: पठमसेख-सुत्तं; पृ. १५८: मारधेय्यसुत्तं।

३. "प्रतिसम्भिदा" भनेको विभिन्न प्रकारले ज्ञानावबोध गर्न-सक्ने ज्ञानशक्ति हो। विशेषत चार विषय सम्बन्धी अवबोध गर्ने ज्ञान हो। जस्तै– (१) अर्थ-प्रतिसम्भिदा—अर्थसम्बन्धी

उत्कृष्ट जीवन

यद्यपि खुज्जुत्तरा उपासिकाको बारेमा सविस्तर चरित्रकथा पालिसाहित्यमा उपलब्ध छैन तापनि जति कारणहरू सूत्र र अर्थकथा-

---

अवबोध गर्न सक्ने ज्ञान, (२) धर्म-प्रतिसम्भिदा—धर्म सम्बन्धी अवबोध गर्न सक्ने ज्ञान, (३) निरुक्तिप्रतिसम्भिदा—भाषा, व्याकरणादि विषय अवबोध गर्न सक्ने ज्ञान तथा (४) प्रतिभान-प्रतिसम्भिदा—कसैले बोलेको कुरालाई विविधाकारले बुझ्न सक्ने ज्ञान। विसुद्धिमग्गो पृ. ३२९ परिच्छेद १४

यी चतुप्रतिसम्भिदा ज्ञान कुनै कुनै अरहन्तहरूमा मात्र हुन्छ। अरहन्त हुनेको प्रतिसम्भिदालाई 'अशैक्ष-प्रतिसम्भिदा' र अरहन्त नहुनेको प्रतिसम्भिदालाई 'शैक्ष-प्रतिसम्भिदा' भन्द छन्।

अरहन्त नभईकनै यी ज्ञान प्राप्त गर्नेहरू—(१) आनन्द महास्थविर, (२) चित्र गृहपति (हेर. बु. गृ. पृ. १३७ देखि), (३) धर्मिक उपासक (धम्म. अ. क. पृ. ६४), (४) उपालि गृहपति (म. नि. II. पृ. ४३ : उपालिसुत्तं), तथा (५) खुज्जुत्तरा उपासिका (इति. वु. अ. क. पृ. २२ निदान कथा) हुन्। विसु. म. पृ. ३३०, परिच्छेद १४, विभं. अ. क. पृ. २७३ : पटिसम्भिदा विभङ्गनिद्देसो।

४. उदा अ. क. पृ. २६९ : उदेनसुत्तं।

हरूमा उपलब्ध छन् त्यतिले नै खुज्जुत्तराको बारेमा जानकारी प्राप्त गर्न पर्याप्त छ।

खुज्जुत्तराको जीवन यति उच्च छ कि भगवान् बुद्ध स्वयंले "यदि कुनै एक पौत्रिक गृहस्थीले आफ्नो छोरीको अभिवृद्धि चाहन्छ भने खुज्जुत्तरा उपासिका जस्तै हुन सकुन् भनी प्रार्थना गर" भनी भन्नु भएको कुराबाट पनि प्रमाणित हुन्छ। "यदि कुनै उपासिकाको बीच दाँजो लगाउने हो भने खुज्जुत्तरा नै मापदण्ड हुन्" भनी भन्नु भएबाट पनि हामीले उनको जीवनको उत्कृष्टताबारे अनुमान लगाउन सक्छौं। यी दुवै कुराहरू तल उल्लिखित मूल सूत्रको 'माप-दण्ड" र "आयाचना" भन्ने शीर्षकबाट प्रष्ट हुन्छ।

भगवान्का युगल भिक्षु अग्रश्रावकहरू— सारिपुत्र महास्थविर र मौद्गल्यायन महास्थविरहरू, युगल भिक्षुणी श्राविकाहरू— क्षेमा र उत्पलवर्णा महास्थविरनीहरू, युगल उपासक श्रावकहरू— चित्र गृहपति र हस्तक आलवक, तथा युगल उपासिका श्राविकाहरू वेलु-कण्डकी नन्दमाता र खुज्जुत्तरा हुन्[1] भन्नेबाट पनि खुज्जुत्तरा उपासिकाको महत्ता बुझ्न सकिन्छ। यस्तै कुरा बुद्धवंस पालिमा पनि

---

१. धम्म. अ. क. पृ. १७० : विडूडभवत्थु; थेर. अप. II. पृ. ६६ : धम्मरुचियत्थेर अपदानं।

समुल्लेख भएको पाइन्छ[1] ।

अघिल्ला जन्महरू

अघिल्ला जन्महरूमा खुज्जुत्तरा उपासिका बोधिसत्वका परिवारहरूमध्येमै रहेको कुरा जातक साहित्यबाट पनि प्रमाणित हुन्छ ।

शाक्यमुनी गौतम बुद्ध अघिल्ला जन्महरूमा बोधिसत्व छँदा एक जन्ममा वहाँ वाराणसी देशमा, एक ब्राह्मण कुलमा जन्मी कृषीकर्मद्वारा जीविका गर्नु हुन्थ्यो । त्यसबखत सर्पले डसी वहाँको छोराको खेतमा मृत्यु भएको थियो । छोराको मृत्यु भएर पनि बोधिसत्व रुनु भएको थिएन । यो आश्चर्य देखि इन्द्र परीक्षा गर्न त्यहाँ आएका थिए । त्यसबखत बोधिसत्व ब्राह्मणको ६ जना परिवारहरूमध्ये खुज्जुत्तरा उपासिका बोधिसत्वकी दासी थिइन्[2] ।

× × ×

---

१. पृ. ३८१—

"कोलितो उपतिस्सो च, द्वे भिक्खु अग्गसावका ।
आनन्दो नामुपट्ठाको, सन्तिकावचरो मम ।
खेमा उप्पलवण्णा च, भिक्खुनी अग्गसाविका ।।
"चित्तो हत्थालवको च, अग्गुपट्ठाकुपासका ।
नन्दमाता च उत्तरा, अग्गुपट्ठिकुपासिका ।।"

२. जा. अ. क III. पृ. ११६ : उरगजातकं, नं. ३५४.

भिसजातक अनुसार बोधिसत्व ८० कोटी धनका मालिक भएका ब्राह्मणको कुलमा जेठो छोरो भई जन्मिनु भएको थियो। वहाँको नाम महाकञ्चन कुमार थियो। वहाँका जम्मा सात भाइहरू र एक बहिनी थिई। त्यस बखत पनि खुज्जुत्तरा उपासिका महाकञ्चन ब्राह्मणको घरमा दाशीकै रूपमा बस्थिन्[1]।

× × ×

अर्को एक जातक अनुसार बोधिसत्व सुदर्शन नगरको राजाको कुलमा जन्मिनु हुँदा वहाँको नाम सुतसोम कुमार थियो। बोधिसत्वका चन्द्रदेवी प्रमुख सोन्ह हज्जार स्त्रीहरू थिए। त्यस समय खुज्जुत्तरा उपासिका त्यस राजदरबारमा धाइ आमाको रूपमा थिइन्[2]।

× × ×

कुसजातक अनुसार हाम्रा बोधिसत्व, मल्ल राज्यको कुशावती नगरको राजकुलमा कुशराजकुमार भई जन्मिनु भएको थियो। कुश राजकुमारको पत्नी प्रभावती देवीको सेविका भई खुज्जुत्तरा उपासिका त्यस समय पनि खुज्जुत्तरा नामले नै प्रसिद्ध थिइन्। त्यस बखत पनि उनी लंगडो (= खुन्जा) नै थिइन्[3]।

× × ×

---

१. जा. अ. क. V. पृ. २९, नं. ४८८.

२. जा. अ. क. VI. पृ. ७० : चुल्लसुतसोमजातकं, नं. ५२५.

३ जा. अ. क. VI पृ. १६७ : कुसजातकं, नं ५३१

तल उल्लिखित मूल सूत्रको "अनिष्फल मरण" भन्ने शीर्षक अनुसार श्यामावती महारानी सहित वहाँका पाँचशय स्त्रीहरू घरको आगोमा परी मृत्यु भएको बेलामा खुज्जुत्तरा उपासिका एक मात्र त्यस आगोमा परिनन्। श्यामावतीहरूले पूर्वजन्ममा गरेको अपराध कार्यमा[1] खुज्जुत्तरा उपासिका सामेल थिइनन्[2]।

भिन्नाभिन्नै खुज्जा (=लंगडी) हरू

१. खुज्जा— यिनी थेरीअपदानकी हुन्। यिनी पनि लंगडी थिइन्। यिनलाई दाशीहरूले बोक्दथे। पछि यिनी प्रव्रजित भई अरहत् पनि भइन्। थेरीअपदान पृ. १९६

२. खुज्जा— यिनी कुश राजाको पत्नी प्रभावती देवीको दाशी थिइन्। जा. पा. पृ. ७२: कुसजातकं, अ. क. VI. पृ. १६७, नं. ५३१

३ खुज्जा— खुज्जा + उत्तरा = खुज्जुत्तरा। यिनकै चरित्रकथा यहाँ उल्लेख गरिएको छ।

× × ×

---

१. यस सम्बन्धी कुराहरू तल श्यामावती महारानीको चरित्र कथामा उल्लेख भएका छन्।

२. उदा. अ. क. पृ. २६९: उदेनसुत्तं।

मूल सूत्र —

१–मापदण्ड

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो । त्यहाँ भगवान्ले "भिक्षुहो !" भनी आमन्त्रण गर्नु भयो । "भदन्त" भनी भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले भिक्षुहरूलाई भन्नुभयो—

"भिक्षुहो ! लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु, तथा खरो हुन्छ । त्यसैले तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई छाड्ने छौं, उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैनौं' भनी सिक्नु पर्छ ।"

"श्रद्धालु एक पौत्रिक उपासिकाले आफ्नी प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने— 'आर्या ! तिमी खुज्जुत्तरा

---

१. सं. नि. II. पृ. १९६ : एकधीतुसुत्तं, अ. क. II. पृ. १५६

उपासिका र वेलुकण्डकी[1] नन्दमाता जस्ती हुन सक' भनी कामना गर्नुपर्छ ।"

(१) "भिक्षुहो ! मेरा श्राविका उपासिकाहरूमध्येमा खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता नै मापदण्ड हुन् तथा प्रमाणकर पनि हुन् ।"

'आर्या ! यदि तिमी घरवार छाडी, अनगारिक भई प्रव्रजित हुन चाहन्छयौ भने — तिमी क्षेमा र उत्पलवण्णा भिक्षुणीहरू जस्तै हुन सक ।'

(२) "भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा क्षेमा र उत्पलवण्णा भिक्षुणीहरू नै मापदण्ड हुन् तथा प्रमाणकर पनि हुन् ।"

'आर्या ! तिमीलाई शैक्षत्व[2] प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्त नहोस्' (भगवान्‌ले भन्नु भएको छ कि) 'भिक्षुहो ! यदि भिक्षुणीलाई शैक्षत्व प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्त भयो भने उनकोनिम्ति विघ्न हुनेछ ।'

---

१ 'वेलुकण्टकी' भन्ने पनि उल्लेख भएको पाइन्छ ।

२. स्रोतापन्न मार्ग–फल, सकृदागामी मार्ग–फल, अनागामी मार्ग-फल तथा अरहत् मार्ग प्राप्त गर्नेलाई "शैक्ष" भन्दछन् । अरहत्–फल प्राप्त गर्नेलाई "अशैक्ष" भन्द छन् । अर्थात् कुनै पनि सिक्नु पर्ने बाँकि नरहेको ।

"भिक्षुहो ! यसप्रकार – लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु, तथा खरो हुन्छ। अनुत्तरयोगक्षेम प्राप्तिकानिम्ति विघ्नकारक हुन्छ। अतएव तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई छाड्ने छौं तथा उत्पन्न भएको लाभसत्कार र यशकीर्ति-लाई चित्तले समात्न लगाउने छैनौं' भनी सिक्नु पर्छ।"

× × ×

मूल सूत्र—

२–अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं बहुस्सुतानं यदिदं खुज्जुत्तरा[१] ।"

अर्थ—

"भिक्षुहो ! मेरा बहुश्रुता श्राविका उपासिकाहरूमध्येमा खुज्जुत्तरा उपासिका अग्रछिन् ।"

+ + +

१. अं. नि–१. पृ. २७ : एतदग्गसुत्तं, अ. क. I. पृ. २२६.

मूल सूत्र—

३–आयाचना

"भिक्षुहो ! श्रद्धालु उपासिकाले सम्यक्रूपले आयाचना गर्ने हो भने यसप्रकार आयाचना गर्नु पर्छ—'त्यस्ती हुन सकौं जस्ती खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता उपासिका छन्[१] ।'

"भिक्षुहो ! मेरा श्राविका उपासिकाहरूमध्येमा खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता उपासिका नै तुलादण्ड हुन् तथा प्रमाणकर हुन् ।"

---

१. अ. नि-२. पृ. ८१ : आयाचनवग्गो, अ. क. I. पृ. ३३४; अं नि-४. पृ. १७४ : आयाचनसुत्तं ।

४. श्यामावती महारानी

परिचय

चेतिय[१] राज्यस्थित[२] भद्रवतीय[३] (भद्दवतिय) वा भद्रवतिका[४] (भद्दवतिका) नगरमा भद्रवतीय (भद्दवतिय) भन्ने सेठको

---

१. चेतिय वा चेति वा चेदिय राज्य (जनपद) बुद्धकालको १६ महाजनपदहरूमध्ये एक हो। हेर बु. रा. पृ. ९५ को पादटिप्पणीमा।

२. D. P. P. II. पृ. ३५१

३. धम्म. अ. क. पृ. ९५ मा भद्दवति (भद्दवति) नगर भन्ने उल्लेख भएको पाइन्छ। अं. अ. क. I. पृ. २३२ अनुसार भद्रवतीय राष्ट्रमा भद्रिय नगर भन्ने उल्लेख भएको पाइन्छ।

४. पाचि. पा. पृ. १४९ : एकपञ्ञासमपाचित्तियं।

एक परिवार थियो[१] । यो परिवार र कौशम्बीका घोषित[२] सेठको परिवार, परस्पर अदृष्ट मित्रहरू थिए[३] ।

कौशम्बी नगरबाट आएका व्यापारीहरूबाट घोषित सेठको र भद्रवतीय नगरबाट आएका व्यापारीहरूबाट भद्रवतीय सेठको बयान सुनी, यी दुवै सेठहरूका बीच परस्पर उपहारहरू तथा पत्रहरूका आदान प्रदानद्वारा मित्रता स्थापना भएको कुरा धर्मपद-अर्थकथामा समुल्लेख भएको पाइन्छ[४] ।

श्यामावतीको जन्म भद्रवतीय सेठकी पत्नीको कोखमा भएको थियो । उनको नाम "श्यामा" भन्ने राखेको थियो[५] ।

---

१. बु. रा. पृ. ४२६ मा 'अङ्गराज्यको भद्रवती नगरको' भनी उल्लेख भएकोमा 'चेतिय राज्यको भद्रवतीय नगरको' भनी पढनु हुन सूचित गरिएको छ ।

२. 'घोषित' र 'घोषक' भन्ने एउटै व्यक्तिको नाम हो । कहीं 'घोषक' कहीं 'घोषित' भन्ने उल्लेख भएको पाइन्छ । यसको उत्पत्ति कथावारे माथि पृ. १८५ 'घोषकोत्पत्ति' शीर्षकमा उल्लेख भइसकेको छ ।

३. धम्म. अ. क. पृ. ९५ : सामावतिवत्थु ।

४. धम्म. अ. क. पृ. ९५.

५. अं. नि. अ. क. I. पृ. २३२ : एककनिपातवण्णना; धम्म. अ. क. पृ. ९५.

अहिवातक रोग

एक दिन सो सेठको घरमा 'अहिवातक'[१] भन्ने रोग लाग्यो। भनिन्छ कि यो रोग लाग्दा सर्वप्रथम झिंगा अनि कीटपतंग, मूसा, कुखुरा, सुगुर, गाई तथा दाशदाशीहरू मर्छन् र अन्तमा घरका मालिकहरू मर्छन्। यस्तो बेलामा जो पुरुष घरको भित्ता फोरी निस्केर जान्छ उसको ज्यान बच्छ[२]। त्यसैले श्रीसम्पत्ति जस्मै छाडी घरको भित्ता फोरी यिनीहरू घरबाट निस्केका थिए। यिनीहरू कौशम्बीवासी आफ्नो मित्र घोषित सेठकहाँ जान चाहन्थे[३]।

---

१. 'अहिवातक रोग' को शब्दार्थ — 'सर्प बायु जन्य रोग' हो। 'अहिवात रोग' भनेको कस्तो रोग हो भन्ने कुरा पालि-टेक्स्त शब्दकोषले पनि यकीन गरी उल्लेख गरेको छैन। तर डा० मललशेकरले D. P. P. II. पृ. ११०२ मा 'प्लेग' भनी उल्लेख गरेका छन्। यसका लक्षणहरू त माथि उल्लेख भएकै छन्। अंगुत्तरनिकाय अर्थकथाले भने 'छातक भयं उप्पज्जि' अर्थात् दुर्भिक्ष भय उत्पन्न भयो भनि उल्लेख गरेको छ। पृ. २३२.

२. अं. नि. अ. क. I. पृ. २३२ मा भने— "नगरमा दुर्भिक्ष भय हुँदा मानिसहरू भकाभक नगर छाड्दै ज्यान जोगाउन अन्यत्र जान लाग्दा यिनीहरू पनि घोषित सेठकहाँ गएका हुन्" भन्ने उल्लेख भएको छ।

३. धम्म. अ. क पृ ९५

कौशम्बी जाँदा यिनीहरू केवल तीन जना मात्र गएका थिए। भद्रवतीय सेठ, उनकी पत्नी र श्यामा भन्ने छोरी। कौशम्बी जाने बाटोमा यिनीहरूले निकै दुःख पाए। बाटोखर्च सिद्धिएको हुँदा भोक र पिपासा सहँदै यिनीहरू बडो कष्टपूर्वक, बल्ल बल्ल कौशम्बी नगरमा पुगे। नगरमा पुगेपछि यिनीहरूले सोचे– "यस्तो विरूप तथा कृपण अवस्था लिई मित्रको घरमा जाँदा, मित्रलाई त के जन्माउने आमाबाबुलाई पनि प्रियंकर हुन्न। अतएव, एक ठाउँमा नुहाई धुवाई गरी, एक दुइ दिन बसी, शरीर तन्दुरुस्त पारेर मात्र मित्रकहाँ जानु पर्ला।"

आमाबाबुको मृत्यु

यस्तो विचार गरी नुहाई धुवाइ उनीहरू नगरको एक सत्तलमै बास बसे।

घोषित सेठ धनी मात्र होइनन् महादानी पनि थिए। उनले दिनहुँ हज्जारौं कार्षापण खर्च गरी याचक, गरीब, कुरुवा, लूला लंगडा आदिकानिम्ति सदावर्त दान-शाला खोलि राखेका थिए। त्यहाँ दिनको हज्जारौंको संख्यामा खाना लिन जान्थे[1]। यिनीहरूले पनि सोही दान शालामा एकाधदिन खाना मागी पेट भर्ने विचार गरी भोलिपल्ट श्यामालाई खाना माग्न पठाए। पेटकोनिमित्त जीवनमा कहिल्यै नगरेको काम गर्नु पर्दा श्यामा लज्जाले भुतुक्क

१. हेर माथि पृ.१८५ 'घोषकोत्पत्ति' शीर्षकमा।

भइन् । तर आमाबाबुको आज्ञा शिरोपर गरी श्यामाले लज्जा शरम त्यागी एक भाँडो लिई घोषित सेठको दान-शालामा खाना माग्न गइन् । कन्याकेटी श्यामाको जीवनमा यो एक ठूलो सङ्घर्षमय जीवन थियो ।

जस्तै अरू याचक कृपणहरू हुलमुलमा घँचेटा-घँचेट् गर्दै, धक्का दिंदै आफू अगाडि जान खोज्थे त्यस्तै गरी जाने हिम्मत श्यामा कुमारीमा थिएन । किनकि श्यामाको स्वभाव यसको विपरीत थियो । हुल सिद्धिएपछि मात्र अगाडि जाने विचार लिई उनी अत्यन्त लज्जित भई संकोचपूर्वक शीर झुकाई एक छेउमा उभिइरहेकी थिइन[1] । त्यस समय दान-शालामा काम गर्ने केही मानिसहरूको आँखा श्यामामाथि पर्न गयो र उनीहरूले "यी केटी त रूपसम्पन्न मात्र न भई प्रतिभासम्पन्न पनि देखिन्छिन्" भनी मनमनै कल्पना गरी केटीसँग सोधे —

"हे नानी ! तिमी किन अगाडि नवढी अरूहरूले जस्तै खाना लिएर न गएकी ?"

"हो काकाहो ! यस्तो भीडमा कसरी पस्ने !"

अनि उनीहरूले सोधे — "त्यसो भए तिमीलाई कति भाग चाहन्छि त ?"

१. अं. नि. अ. क. I. पृ. २३२-३३; तर धम्म. अ. क. पृ. ९५ मा भने उनी कृपणहरूको सरहमै गइन् भनी उल्लेख गरेको छ ।

उनीहरूको कुरा सुनी श्यामा कुमारी लाजले भुतुक्क भइन् र बल्ल बल्ल सुस्तरी "तीन भाग" भनिन्। त्यसपछि उनीहरूले तीन भाग खाना दिए[1]।

सो खाना लिई फर्की श्यामाले आमाबाबुहरूलाई दिइन्। त्यस पछि आमा चाहिँले बाबुचाहिँलाई "भो स्वामी! विपत्ति भनेको जस्तो सुकै ठूलो कुलीनलाई पनि आइपर्छ। अतएव हाम्रो मुख न ताकी भोक मेटाउनकोनिम्ति खाना खानुहोस्" भनी अनेक प्रकारले आश्वासन दिई खाना ख्वाउन लगाइन्। केहि दिनदेखि खान न पाई क्षुधाले पीडित भएका सेठले खाना खाए। तर सो खाना पचाउन नसकी अरूणोदयको समयमै सोही सत्तलमै सेठको देहान्त भयो। रुँदै कराउँदै आमा र छोरी दुवैले सेठको दाहसंस्कार गरिसकेपछि फेरि श्यामा भाँडो लिई भिक्षा माग्न गइन् र दुइ भाग मात्र मागेर ल्याइन्। अनि शोकसन्तप्ता आमालाई संझाई बुझाई श्यामाले खाना ख्वाइन्। विपत्ति माथि विपत्ति परेकी श्यामाकी आमाले पनि सो खाना पचाउन नसकी रात बित्दा बित्दै उनको पनि मृत्यु भयो[2]।

अकश्मात् आमा बाबुको मृत्यु भएकोले श्यामा कुमारीको कलिलो हृदयमा सारै चोट लाग्यो। तर श्यामाले धैर्यको सहारा लिई आफ्नो शोकलाई सँभाली, गर्नुपर्ने दाहसंस्कार गरी, फेरि पनि पेटको कारणले उहीं गई भिक्षा माग्न गइन्। श्यामाले त्यसदिन

---

१. अं. नि. अ. क. I. पृ. २३२-३३; धम्म. अ. क. पृ. ९५

२. अं. नि. अ. क. I. पृ. २३३; धम्म. अ. क. पृ. ९५

एक भाग मात्र खाना मागेको देखी, दान-शालामा बस्ने मित्र[1] भन्ने कुटुम्बीले बडो मैत्रीपूर्वक श्यामासँग सोधे —

"हे नानी ! तिमीले पहिलो दिनमा तीन भाग खाना मागेकी थियौ, दोश्रो दिनमा दुइ भाग र आज एक भाग मात्र खाना माग्नाको कारण के हो[2] ?"

मित्र कुटुम्बीको सहानुभूतिपूर्ण कुरा सुनी श्यामाले बितेका तीन दिन भित्रका घटनाहरूलाई दुःखपूर्वक सुनाएपछि मित्र कुटुम्बीले श्यामासँग "तिमी कुन गाउँ वा नगरकी हौ ?" भनी सोध्दा श्यामाले सबै कुरा सुनाउँदै घोषित सेठ मेरो मित-बा पर्दछन् भन्ने कुरा पनि सुनाइन् । श्यामाको हृदयस्पर्शी कुरा सुनी मित्र कुटुम्बी प्रभावित भई "त्यसो भए तिमी त हाम्रा घोषित सेठकी छोरी नै रहिछ्यौ" भन्दै "नानी ! धन्दा नमान । मेरो पनि छोरी छैन अतः तिमी आजदेखि मेरी छोरीको रूपमा मेरो घरमा बस" भनी निधारमा चुम्बन गरी श्यामालाई आफ्नो घरमा लगे[3] ।

---

१ धम्म. अ. क. पृ. ९६.

२. यहाँनिरको कुरामा धर्मपदअर्थकथा (पृ. ९६) को र अंगुत्तरअर्थकथा (पृ. २३३) को भावाभिव्यक्तिमा केही भिन्नता देखिन्छ । लेखकले अंगुत्तर अर्थकथाको अनुशरण लिएको छ ।

३. अं. नि. अ. क. I. पृ. २३३; धम्म. अ. क. पृ. ९६.

श्यामावती भन्ने नाम

एक दिन धर्मपिताको रूपमा रहेका मित्र कुटुम्बीसँग श्यामाले सोधिन्—

"तात ! यो दान-शालामा किन हो हल्ला मात्र भएको ? हो हल्ला नगरी दान दिन सकिन्न ?"

"अम्मे ! धेरै माग्नेहरू आउने ठाउँमा यस्तै हुन्छ। कसैले रोक्न सक्दैन।

"तात ! सकिन्छ नि !"

"अम्मे ! कसरी ?"

"तात ! त्यसो भए, चारैतिर बार लगाउन लगाई त्यसको बीचमा दोहोरो बार लगाई, एकातिरबाट आउने र अर्कोतिरबाट जाने गरिदिएमा हो हल्ला कम हुन सक्छ तथा खाना लिनआउने-हरूलाई पनि सुविधा हुनेछ।"

"राम्रो हो" भनी उनले श्यामाको अर्ति अनुसार चारैतिर बार राम्रा लगाए। अनि दान-शालामा दान लिन आउनेहरूको हो हल्ला कम भयो र शान्त वातावरण पैदा भयो।

पालि भाषाले बारलाई "वति" भन्द छ। श्यामाले भने बमोजिम बार लगाइदिएको हुँदा त्यहाँदेखि श्यामाको नाम, बार

राखि दिने श्यामा भन्ने अर्थले श्यामा+वती=श्यामावती रहन गएको हो[१]।

दान-शालामा हुने हो हल्लाको आवाज सुनी घोषित सेठ "दान दिदै छन्" भन्दै खुब खुशी हुन्थे। बार राखेदेखि दानशालामा हो हल्लाको आवाज कम भयो र दुइ तीन दिनदेखि उनले हो हल्लाको आवाज सुनेनन्। अनि एकदिन, उपस्थानमा आएको मित्र कुटुम्बीसँग "के दानशालामा दान दिइन्छ?" भनी सोध्दा मित्र कुटुम्बीले "दिइँदै छ" भनी उत्तर दिए।

"त्यसो भए दुइ तीन दिन देखि किन कुनै आवाज सुनिदैन त?" भनी सेठले सोधे।

मित्र कुटुम्बीले "हो हल्ला नहुने गरी प्रबन्ध मिलाइएको हुँदा" भनी जवाफ दिए।

"पहिले नै त्यस्तो प्रबन्ध किन नगरेको त?"

"स्वामी! न जानेर?"

"अहिले कसरी जान्यौ त?"

"स्वामी! मेरी छोरीले बताइ दिएको उपायद्वारा।"

"हँ! मैले त तिम्रो छोरी छे भन्ने कुरा कहिले पनि सुनेको थिइन।"

---

१ धम्म अ. क पृ. ९६.

यति कुरा सुनेपछि, मित्र कुटुम्बीले भद्रवतीय सेठ अहिवातक (=प्लेग) रोगको कारणले आफ्नो देश छाडी आए देखिको कुरा जम्मै सुनाउँदै श्यामावतीलाई आफ्नी छोरीको रूपमा राखेको कुरा समेत बताए। अनि घोषित सेठले "यस्तो कुरा यतिका दिनसम्म मलाई किन न भनेको ? मेरो मितकी छोरी मेरै छोरी समान हो। जाऊ, उनलाई यहाँ लिएर आऊ" भनी अन्हाए।

मित्र कुटुम्बीले मन न पराइ नपराइ श्यामावतीलाई लिएर आए। अनि घोषित सेठले उनीसँग सोधे—

"नानी ! के तिमी भद्रवतीय सेठकी छोरी हौ ?"

"हो, तात !" भनी उनले जवाफ दिएपछि सेठले उनलाई "अम्मे ! धन्दामान्नु पर्दैन। मितकी छोरी मेरी आफ्नै छोरी जस्तै हो" भन्दै उनको निधारमा चुम्बन गरी, समवयस्क पाँचशय स्त्री परिवारहरू दिई महान स्वागत सत्कारका साथ आफ्नो घरमा राखे[१]।

त्यसदिन देखि श्यामावती घोषित सेठकी छोरी भई उनकै घरमा बसिन्।

श्यामावतीको विवाह

एक दिन कौशम्बी नगरमा ठूलो चाड थियो। यो चाडको दिनमा शहरका सबै स्त्रीहरू गङ्गामा स्नान गर्न जान्छन्। श्यामा-

१. धम्म अ क. पृ. ९६–९७; अ नि. अ. क. 1. पृ. २३३.

वती पनि आफ्ना पाँचशय स्त्रीहरूका साथ उदयन (उदेन) राजाको दरबार अगाडिबाट गङ्गामा स्नान गर्न गइन्[1]। त्यस बखत राजा उद्यनले झ्यालबाट श्यामावती सहित उनका पाँचशय स्त्री परिवार-हरूलाई देखी "यिनीहरू कसका स्त्रीहरू रहेछन् ?" भनी सोध्दा "महा-राज ! कसैको होइन" भन्ने उत्तर सुनेपछि राजाले "त्यसो भए कसकी छोरी हुन् त ?" भनी सोधे। अनि "घोषित सेठकी छोरी श्यामावती हुन् र पाँचशय स्त्रीहरू पनि उनकै परिवार स्त्रीहरू हुन्" भन्ने बिन्ति गरे[2]।

श्यामावतीलाई देख्दैमा राजाको मनमा स्नेह उत्पन्न भई, राजाले घोषित सेठकहाँ "राजाले तिम्री छोरी चाहनु हुन्छ" भनी भन्न पठाए। यो कुरा सुनी सेठले भने—

"मेरा अरू छोरी बेटी छैनन्। यही एउटी छोरी मात्र छे। अतएव एकलौटी छोरीलाई सौतेनी[3] भएको ठाउँमा दिंदा उसले दुःख कष्ट भोग्नु पर्दछ। यसै भयले गर्दा म दिन सक्दिन।"

यो कुरा सुनी रिसाएका राजाले सेठ र सेठनीलाई हातमा बाँध्न लगाई उनीहरूको घरमा लाहाछाप लगाउन लगाई उनीहरूलाई घर बाहिर राखे।

---

१. अं नि. अ. क I. पृ. २३३ मा क्रुडा गर्न गएकी हुन् भनी उल्लेख भएको छ।

२. धम्म अ. क. पृ. ९७.

३. अं. नि. अ. क. पृ. २३३

श्यामावती गङ्गामा स्नान गरी घरफर्कँदा आमा बाबुहरूलाई घरबाहिर देखी, घरमा ताला र राजमुद्रा लगाइराखेको देखी श्यामावतीले आमा बाबुहरूसँग 'तात ! अम्मे ! क्याहो यस्तो, के भयो ?" भनी सोधिन् । सेठले जम्मै कुरा बताएपछि उनले "भो तात ! राजाको आज्ञालाई त्यसरी जवाफ दिन नहुने । किन तपाइहरूले त्यस्तो जवाफ दिनु भएको नि । बरु सौतिनोसँग मेरी छोरी एक्लै बस्न सक्ने छैन, उनका पाँचशय परिवार स्त्रीहरूसँग लैजानु हुने भए दिनेछु भनी राजासँग भन्नु पर्थ्यो । अहिलेसम्म पनि त्यसो भन्न पठाउनु भए बेश हुने छ" भनिन् ।

"त्यसो भए त्यस्तै भन्न पठाउने छु । हामीलाई तिम्रो मनको कुरा थाहा नभएकोले हामीले त्यसो भनेका ह्वौं" भनी पुनः सेठले राजाकहाँ खबर पठाए ।

खबर सुन्नासाथ अति प्रसन्न भएका राजाले "पाँचशय स्त्री त के हजारौं भए पनि साथमा ल्याउन सक्छु" भनी उत्तर दिए । त्यसपछि असल लग्न विचार गराई श्यामावतीलाई उनका पाँचशय परिवार स्त्रीहरूका साथ राजदरबारमा ल्याई, अग्रमहिषीको अभिषेक दिई बेग्लै दरबारमा राखी पाँचशय परिवार स्त्रीहरूलाई पनि महारानीकै परिवार घोषित गरि दिए[1] ।

---

१. अ. नि. अ. क. I. पृ. २३४; धम्म अ. क. पृ. ९७.

सौतेनीहरू

श्यामावती महारानीका दुइ सौतेनीहरू थिए । वासुलदत्ता[१] र मागन्दीय (मागन्दिय) महारानी[२] ।

धर्मपदअर्थकथानुसार यिनीहरूको मर्यादा क्रममा सर्वप्रथम श्यामावती अनि वासुलदत्ता र मागन्दीय छन्[३] । तर अङ्गुत्तर अर्थकथानुसार[४] सर्वप्रथम वासुलदत्ता त्यसपछि श्यामावती र मागन्दीय जस्तो लाग्छ[५] । जे भए पनि उदयन राजाका तीन अग्र-महिषीहरू थिए[६] । यिनीहरूमध्ये मागन्दीय सौतेनीले श्यामावती महारानीलाई निकै चुक्ली तथा ईख फेरेको कुरा तलका कुराहरूबाट राम्ररी बुझिन्छ ।

श्यामावती महारानी बुद्धको अटल भक्तिनी भएपछि मागन्दीय महारानीले बुद्ध प्रति भएको आफ्नो ईख श्यामावती महारानी सँग फेरेकी हुन्[७] ।

---

१ हेर. बु. रा. पृ. ४२२.

२. हेर. बु. रा. पृ. ४२६.

३. धम्म अ. क. पृ. १०८ : मरणपरिदीपित उदेनवत्थु ।

४. अं. नि अ. क. I पृ. २३३, २३६.

५. त्यहाँका कुराहरू मननगर्दा वासुलदत्ता, मागन्दीय अनि श्यामावती जस्तो लाग्छ ।

६. बु. रा. पृ. ४२१.

७. बु रा. पृ. ४२७.

एकदिन मागन्दीय कुमारीलाई उनको आमा बाबुले बुद्धलाई समर्पण गर्न जाँदा, बुद्धले तिरस्कार गर्नु भई "बोधिमण्डपमा[1] दिव्य सुन्दरी मारका छोरीहरू[2] देख्दा त मेरो मनमा कुनै प्रकारको रागादिचित्त उत्पन्न भएन भने अहिले यस्ता मलमूत्र भरित शरीर भएकी यिनलाई देखेर त गोडाको औंलाले पनि छुन चाहन्न[3]" भनी भन्नु भएको कुरा सुनी मागन्दीय कुमारी बुद्ध प्रति रिसाई उनले वैरभाव राखेकी थिइन् ।

यो घटना कौशम्बीवासी घोषितादि तीन सेठहरूले कौशम्बीमा विहारहरू बनाई भगवान् बुद्धलाई जेतवन विहारबाट कौश-

---

१. भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नु भएको पीपल वृक्षमनीको आसनलाई 'बोधिमण्डप' भन्दछन ।

२. सं. नि. I. पृ. १२३ : मारधीतुसुत्तं; जा. अ. क. I. पृ. ३४७ : पञ्चगरुकजातकं, नं. १३२.

३. धम्म अ. क. पृ. १०२ : मागन्दियवत्थु; पृ. ४३० : मारधीतरानंवत्थु ।

"दिस्वान तण्हं अरतिं रगञ्च,
नाहोसि छन्दो अपि मेथुनस्मिं ।
किमेविदं मुत्तकरीसपुण्णं,
पादापि नं सम्फुसितुं न इच्छे' ति ।।" उदा.

अ. क. पृ. २६८; सु. नि. पृ. ३९८ : मागण्डियसुत्तं; अं. नि. अ. क. I पृ. २३६ : एककनिपातवण्णना ।

म्बीमा पाल्नु हुन खबर पठाएपछि[1] भगवान् बुद्ध श्रावस्तीबाट कौशम्बीकोनिम्ति निस्कनुभई बीच बाटैबाट कुरुदेशको कम्मासदम्म भन्ने निगममा जानु भएको थियो । त्यहाँ मागन्दीय ब्राह्मणहरूलाई भेट्नु भएको बेलामा घटेको कुरा अंगुत्तरनिकायार्थकथामा[2] समुल्लेख भएको छ । त्यसबखत मागन्दीय पति-पत्नी ब्राह्मणहरूसँग भएको वार्तालापको कुरा सुत्तनिपातमा[3] र धर्मपद अर्थकथामा समुल्लेख भएको पाइन्छ[4] । बुद्धको उपदेश सुनी दुवै पति-पत्नीहरू अनागामी भई पछि प्रव्रजित पनि भएर अरहन्त भए[5] ।

भगवान् बुद्ध सर्वप्रथम कौशम्बीमा घोषित सेठहरूको निमन्त्रणामा आउनु भएको थियो ।

मागन्दीय महारानीले, "भगवान् बुद्ध कौशम्बीमा आइपुग्नु भयो" भन्ने खबर सुनी, बुद्ध प्रतिको रीस फेर्ने विचार गरी कौशम्बी नगर भित्र भिक्षाटन आइरहनुभएका बुद्धलाई, मानिसहरू लगाई

---

१. हेर. बु. रा. पृ. ४२७.

२. I. पृ. २३५.

३. पृ. ३९८ : मागण्डियसुत्तं, अ. क. पृ ४३६.

४. धम्म अ. क. पृ. ४३० : मारघीतरानं वत्थु ।

५ अं. नि अ. क. I. पृ. २३६; धम्म. अ. क. पृ. १०२; सु. नि. अ. क. पृ ४९० : मागण्डियसुत्तं ।

दश आक्रोश[1] वचनले गालि गर्न लगाइन् । एक दुइ दिन मात्र होइन एक सप्ताहसम्म नै गालि गर्न लगाइन् । तर भगवान् बुद्धलाई यी वचनहरूले कुनै पनि असर न परेको देखी महारानी स्वयं लाचार भइन । भगवान् बुद्ध अटल हुनु हुन्थ्यो । यद्यपि यस आक्रोश वचनहरू सुनी आनन्द महास्थविर हडबडाउनु भएको कुरा धर्मपदअर्थकथामा[2] समुल्लेख भएको पाइन्छ । यति मात्र होइन, यस्ता आक्रोश वचनहरूलाई दिनका दिन सुन्नुपर्दा आनन्द महास्थबिरले भगवान् बुद्धसँग अन्ततिर भिक्षाटन जाने प्रार्थना गर्नु भएको थियो । अनि भगवान् बुद्धले आनन्द महास्थविरलाई संझाउनु भयो—

"आनन्द ! यदि त्यहाँ पनि त्यस्तै आक्रोश वचनहरू सुन्नु परेमा कहाँ जाने ? त्यसैले आनन्द ! जुन अपवाद जहाँ उत्पन्न हुन्छ सो अपवाद त्यहीं नै दूर नभइकन अन्त जानु ठीक छैन । हतास नमान, एक सातापछि यो बनावटी अपवाद स्वतः साम्य भएर

---

१. दश आक्रोश भनेका यी हुन्–(१) चोर व्हौ, (२) मूर्ख व्हौ, (३) मूढ व्हौ, (४) ऊँट व्हौ, (५) गोरू व्हौ, (६) गधाहा व्हौ, (७) नर्कगामी व्हौ, (८) तिरश्चीनगति गामी व्हौ, (९) तिम्रो सुगति छैन तथा (१०) तिम्रो गति दुर्गति नै हुनेछ ।

२. धम्म. अ. क. पृ. १०७

जाने छ। आनन्द ! तथागत अष्टलोक-धर्मबाट[1] कम्पित छैन।"

त्यसपछि भगवान्ले निम्न गाथा पनि सुनाउनु भयो—

"अहं नागो व सङ्गामे, चापातो पतितं सरं।
अतिवाक्यं तितिक्खिस्सं, दुस्सीलो हि बहुज्जनो' ति[2]।।"

अर्थ—

"आफूमा पर्न आउने प्रहारलाई जसरी रण संग्राममा जाने हात्तीले सहन्छ त्यसरी नै यो लोकवासीहरूको अतिवाक्य (गाली) लाई म सहन गर्छु, किन भने—यो लोकमा ज्ञानी तथा शीलवान् भन्दा अज्ञानी र दुःशीलो नै धेरै छन्[3]।

मागन्दीयको षड्यन्त्र

एक दिन श्यामावती महारानीकी खुज्जुत्तरा भन्ने सेविका सुमन मालाकारको घरमा सधैं झैं फूल किन्न जाँदा, उसको घरमा भगवान् बुद्धलाई निम्त्याएको थियो। खुज्जुत्तराले भगवान्को उपदेश

---

१. यी आठ कारणहरूलाई 'अष्टलोक धर्म' भन्दछन्—
(१) लाभ, (२) अलाभ, (३) यश, (४) अयश, (५) निन्दा (६) प्रशंसा, (७) सुख र (८) दुःख।

२ धम्म. प. पृ. ४७ गा. ३२०, वर्ग २३.

३. ध. अ. क. पृ. १०७ : मरणपरिदीपित, उदेनवत्थु।

सुनिसकेपछि राजाले दिएको आठ कार्षापणकै फूल किनेर ल्याइन्। अघि अघि उनले केवल चार कार्षापणको मात्र फूल किनेर लैजान्थिन्। त्यस दिन धेरै फूल देखी श्यामावती महारानीले फूल धेरै ल्याएको कारण सोध्दा खुज्जुत्तरा उपासिकाले सत्य कुरा सुनाएपछि श्यामावती महारानीले उनलाई धर्मासनमा राखी उनीसँग बुद्धका उपदेशहरू सुनिन्। उपदेशको अन्तमा श्यामावती प्रमुख सबै पाँचशय स्त्रीहरूले स्रोतापन्न फल साक्षात्कार गरे[1]।

यहाँदेखि श्यामावती महारानी सहित उनका सबै पाँचशय स्त्री परिवारहरू पनि, बुद्धको दर्शन विना नै बुद्धको परम भक्तिनी भई, अटल श्रद्धावती भई बसे।

\+ \+ \+

(१) एकदिन मागन्दीय महारानी, श्यामावती महारानीको दरबार भित्र घुम्न जाँदा उनले श्यामावती महारानीको खोपीको भित्तामा प्वाल पारिराखेको देखी, उदयन राजालाई यसबारे चुक्ली लगाइन्। राजाले कारण बुझ्न लगाउँदा "भिक्षाटन आउनु हुने बुद्ध भगवान्को दर्शन गर्न झ्याल नभएकोले त्यसो गरेकी हुँ" भन्ने जवाफ पाएपछि, राजाले त्यहाँनिर झ्याल हाल्न लगाइदिए।

(२) अर्को एक दिन मागन्दीय महारानीले जिउँदै कुखुरा ल्याई उदयन महाराजालाई भनिन्—

---

१. यो कुरा जम्मै माथि खुज्जुत्तराको कथामा उल्लेख भइसकेको छ। पृ. २०५

"महाराज ! यदि श्यामावती महारानीले तपाई प्रति कत्तिको स्नेह र ममता राख्दी रहिछन् अथवा रहिन छन् भन्ने परीक्षा गर्न चाहनु हुन्छ भने यी कुखुराहरू काटी, यसको मासु पकाई ल्याऊ भनी भन्न पठाउनु होस्। मलाई लाग्छ उनले पकाउने छैनन् ।"

राजाले कुखुराहरू दिन पठाए। श्यामावती महारानीले "जिउँदो कुखुरालाई मार्न सक्दिन" भनी फर्काएर पठाइन् । यस कुरा-लाई लिएर पनि मागन्दीयले राजालाई खूब कुरा सुनाइन् । अनि उनले फेरि भनिन्— "महाराज ! तपाइले मेरो कुरा पत्याउनु हुन्न । यदि यिनै कुखुराहरू मारी यसको मासु पकाई श्रमण गौतमलाई पठाऊ भनी भन्न पठाउनु होस् त उनले पकाई पठाउने छन् कि छैनन् ।"

राजाले पनि त्यस्तै भन्न पठाए । मागन्दीयले पहिले नै प्रबन्ध मिलाई मानिसहरूलाई कुरा सिकाई राखेकी थिइन् । अनि दूतहरूले जिउँदो कुखराको सट्टा मारेका कुखराहरू लिई श्यामावती महारानी-कहाँ गई "यसको मासु पकाई बुद्धकहाँ पठाइदिनू" भनी राजाले भन्नु भएको छ भनी भन्दा श्यामावती महारानीले "मारेको वा मरेको कुख-राको मासु त पकाउन सक्छु" भन्दै कुखराहरू लिइन् ।

यस कुरालाई लिएर पनि मागन्दीय महारानीले राजालाई हुनसम्म चुक्ली लगाइन् । तर राजाले श्यामावतीलाई राम्ररी चिन्दथे । मागन्दीयको कुरा माथि उत्तिसारो विश्वास गर्दैन थे ।

(३) मागन्दीयले यस कृत्रिम रचनाद्वारा पनि राजालाई रिस उठाउन नसकेपछि उनले अर्को षड्यन्त्रको रचना गर्न थालिन् । एक

दिन उनले आफ्ना काकालाई भनी दाँत झिकेको एउटा सर्प ल्याउन लगाइन्। अनि उनले सर्पलाई उदयन राजाको हस्तिकन्त वीणाको[१] प्वालभित्र पसाली, प्वालमा फूलको थुँगाले बन्दगरिदिइन्।

राजा एक एक हप्ताको पालोगरी क्रमश श्यामावती, वासुलदत्ता र मागन्दीय महारानीहरूका खोपीमा जाने गर्दथे[२]। भोलिपल्ट श्यामावती महारानीको खोपीमा जाने पालो थियो। अनि मागन्दीयले राजालाई बिन्ति गरिन् —

"महाराज ! आज मैले निक्कै नराम्रो स्वप्न देखें। महाराज ! भोलि तपाईं श्यामावती महारानीको खोपीमा न जानुहोस्। उनी तपाइलाई भन्दा श्रमण गौतम प्रति बढता स्नेह र ममता राख्छिन्। उनले तपाइको भलो चिताउँदिनन्। मलाई लाग्छ शायद, उनले तपाइको ज्यान पनि लिन बेर छैन। यस्तो नराम्रो स्वप्न त मैले जीवनमा कहिले पनि देखेकी छैन। अवश्य पनि तपाइलाई केहीन केही आपद् आउन सक्छ। अतएव म तपाइलाई छाड्न सक्दिन। म पनि तपाइको साथमै श्यामावतीको खोपीमा आउने छु।"

राजा नियमानुसार श्यामावती महारानीको खोपीमा हस्तिकन्त वीणा लिई गए। मागन्दीय महारानी पनि साथमै गइन्।

---

१. हेर. बु. रा. पृ. ४२२-२३. 'हस्तिलिङ्ग वीणा' पनि भन्द छन्।

२. धम्म. अ. क. पृ. १०८ : मरणपरिदीपित उदेनवत्थु।

दरबारमा खान-पान गरी, रसरंगपछि राजा शयनागारमा जाँदा मागन्दीयले राजाको आँखा छली आफूले नै सिह्रान्दनिर राखेको वीणाको प्वालको फूल झिकि दिइन्। दुइ तीन दिनदेखि वीणाभित्र बसि-रहेको सर्प, डरलाग्दो आवाज निकाल्दै एकै चोटि प्वालबाट बाहिर निस्क्यो। यत्तिकैमा मागन्दीय चिच्याउन थालिन्—

"महाराज! मैले तपाइलाई बिन्ति गर्दै थिएँ। यी श्यामा-वतीले तपाइको भलो गर्ने छैनन्। किन्तु तपाइले मेरो कुरामा विश्वास गर्नु भएन। धिक्कार होस् यी श्यामावतीलाई! कस्ती अलच्छिनी होलिन् यो! राजालाई मारेर के पाऊँछिन् होलिन्! राजाबाट त्यत्रो श्रीसम्पत्ति पाएर पनि अझ राजाकै ज्यान लिन चाहन्छिन्!!"

ज्यानको माया कसलाई लाग्दैन र! यसपछि आफ्नो ज्यानको समेत खतरा देखेर आगो लागेको बाँसको झाङ् झैं, तातो कराइमा राखेको नून झैं क्रोधले चूर भई "मागन्दीयको त्यत्तिका कुराहरूलाई अनपत्यार गरी बसेको थिएँ तर आज यस्तो चाल!" भन्ने बिचार गरी तुरन्तै श्यामावती सहित उनका पाँचशय परिवार स्त्रीहरूलाई समेत एकपछि अर्कोलाई राखी, सिंहधनुष तयार पारी धनुष तान्दै, आवाज निकाल्दै राजाले विषभरित वाण धनुषमा चढाउन थाले[1]।

१. धम्म. अ. क. पृ. १०८–९; अं. नि. अ. क.I. पृ. २३८-३९

मैत्रीको प्रभाव

त्यस बखत श्यामावती महारानीले आफ्ना पाँचशय स्त्रीहरुलाई संझाई बुझाई अति दिइन् —

"अम्मे ! यस्तो आपद् अवस्थामा हामीहरूकोनिम्ति अरू कुनै पनि शरण छैन । अतएव राजा प्रति पनि, देवी मागन्दीय प्रति पनि तथा आफ्नो आत्मभाव प्रति पनि समान चित्त राखी मैत्री-चित्त बढाऊ, मैत्री-चित्त फैलाऊ । कसै प्रति पनि द्वेषभाव न राख । सबै प्रति एक समान मैत्री भावना गर । यहीनै हाम्रोलागि तारण हुनेछ ।"

त्यसपछि श्यामावती सहित सबै स्त्रीहरूले एकाग्र चित्तगरी औदिश्य[1] (ओदिस्स) मैत्री-चित्त फैलाए ।

धनुषमा चढाएको वाण राजाले न तान्न सके, न फिक्न सके नत हान्न नै सके । यो अनौठो घटना देखी राजाको शरीरबाट पसिना निस्कन थाल्यो, मुटु काँप्न थाल्यो, अनि मुखबाट न्याल चुहिन थाल्यो,

---

१. औदिश्य—मैत्री चित्त भनेको उद्देश्य गरी मैत्री भावलाई फैलाउनु हो । यसबारेमा विशेष कुराहरू पटि. म. पृ. ३८० मा समुल्लेख भएको छ ।

जिउ थर थर काँप्न थाल्यो अनि राजा डराउन थाले[१] ।

श्यामावती महारानीले राजासँग सोधिन्—

"महाराज ! किन थर थर काँपी डराउनु भएको, किन हडवडाउनु भएको ?"

"श्यामे ! मैले यो बाँण, न हान्न सकें, न झिक्न सकें, न त उचाल्न नै सकें । के यस्तो आश्चर्य ! श्यामे ! मलाई शरणमा लेऊ ! चुवलीको कुरा सुनी, कुनै छानबिन नगरी एक्कासी तिमी प्रति द्वेष राखी, क्रोधमा आवेश भई मैले यस्तो अपराध गरें । यो निर्जीव धनुषवाँणले पनि तिम्रो निर्दोषतालाई जान्दो रहेछ तर मैले भने जान्न सकिन । मलाई क्षमा गर !"

अनि श्यामावती महारानीले "राजाको हातबाट धनुषवाँण छुटोस्" भनी अधिष्ठान गरी राजालाई "महाराज ! त्यसो भए धनुषवाँण भुइँमा छाडी दिनुहोस्" भनी बिन्तिगर्दा राजाको हात-बाट वाँण भुइमा खस्यो[२] ।

---

१. विसु. म. पृ. २८४: इद्धिविधनिद्देसो–१२ मा श्यामावती अग्रमहिषी भएकीले मागन्दियले श्यामावतीलाई मारी आफू अग्रमहिषीहुन चाहेकी थिइन् भन्ने पनि उल्लेख भएको छ ।

२. अं नि. अ. क. I. पृ २३६–३९; धम्म. अ.क.पृ. १०६–९.

त्यसपछि राजा तुरन्तै पानीमा डुब्कीलगाई भिजेको वस्त्र र भिजेको कपाल लिई श्यामावती महारानीको अगाडि गई घुंडा टेकी दुइहात जोरी राजाले श्यामावतीसँग बिन्ति गरे—

"सम्मुह्यामि पमुह्यामि, सब्बा मुह्यन्ति मे दिसा ॥
सामावति मं तायस्सु· त्वं च मे सरणं भवा'ति ॥"

अर्थ—

'श्यामे ! म सम्मोहित छु, प्रमोहित छु, मेरोनिम्ति सबै दिशा सम्मोहित छ । श्यामावतीले नै मलाई तारण गर, तिमीनै मेरो शरण होऊ ।'

अनि श्यामावती महारानीले "हुन्छ, मेरो शरणमा जानुहोस्" भनी नभनी "महाराज ! जसको शरणमा म गएकी छु, उसैको शरणमा तपाइ पनि जानुहोस्" भन्दै निम्न गाथा सुनाइन्—

(१) "इदंवत्वा सामावती, सम्मासम्बुद्ध साविका ।
मा मं त्वं सरणं गच्छ, यमहं सरणं गतं ॥

(२) "एस बुद्धो महाराज, एस बुद्धो अनुत्तरो ।
सरणं गच्छ तं बुद्धं, त्वं च मे सरणं भवा'ति ॥"

अर्थ –

१–"जसको शरणमा म गएको छु, उसकै शरणमा तपाइ पनि जानुहोस् भनी सम्यक् सम्बुद्धको श्राविका श्यमावतीले भनिन् ।

२–"महाराज ! वहाँ नै बुद्ध हुनुहुन्छ, वहाँ नै अनुपम सम्यक् सम्बुद्ध हुनुहुन्छ, वहाँकै शरणमा जानुहोस् र मेरो शरण पनि तपाइ हुनुहोस् ।"

उनको बचन सुनी राजाले "अब झन् म डराउन थालें" भन्दै निम्न गाथा सुनाए—

"एस भिय्यो पमुह्यामि, सब्बा मुह्यन्ति मे दिसा ।
सामावती मं तायस्सु, त्वंच मे सरणं भवा'ति ॥"

अर्थ –

"अब त म झन् प्रमोहित भएँ, मेरोनिम्ति सबै दिशा सम्मोहित छ श्यामावतीले नै मलाई तारण गर तथा तिमीनै मेरो शरण होऊ ।"

फेरि पनि श्यामावती महारानीले पहिले जस्तै प्रतिक्षेप गरेपछि राजाले "त्यसो भए तिम्रो पनि शरणमा पर्छु र बुद्धको

पनि शरणमा पर्छु । तिमीलाई वरदान पनि दिन चाहन्छु" भनी भन्दा श्यामावती महारानीले "महाराज ! वरदान लिंदै गर्नेछु" भनिन् । त्यसपछि भगवान् बुद्धकहाँ गई बुद्ध प्रमुख भिक्षुसङ्घलाई एकसातासम्मकानिम्ति राजा निम्तो गरे । अनि राजाले श्यामावती महारानीलाई "वरदान लेऊ" भनी भने । उनले भनिन्—

"महाराज ! मलाई कुनै वस्तुको आवश्यकता छैन । मलाई त्यस्तो वर दिनुहोस् ताकि मैले दिनहुँ बुद्ध सहित पाँच-शय भिक्षुहरूलाई भोजन गराउन सकूँ ।"

त्यसपछि राजाले श्यामावतीको इच्छानुसार भगवानसँग प्रार्थना गर्दा भगवान्ले यस्तो उत्तर दिनुभयो—

"महाराज ! सँधैभरी एकै ठाउँमा बुद्ध जानु उचित हुँदैन । अरू मानिसहरूले पनि प्रतीक्षा गरिरहेका हुन्छन् ।"

"भन्ते ! त्यसोभए कुनै एक भिक्षुलाई आज्ञा दिनुहोस् ।"

अनि भगवान्ले आनन्द महास्थविरलाई आज्ञा दिनु भयो ।

त्यहाँदेखि पाँचशय भिक्षुहरूलाई लिई आनन्द महास्थविर दिनहुँ श्यामावती महारानीको दरबारमा भोजन ग्रहणगर्न जान थाल्नु भयो । श्यामावती महारानी सहित उनका पाँचशय

परिवार स्त्रीहरूले पनि आनन्द महास्थविर प्रमुख भिक्षुसङ्घलाई भोजन गराई उपदेश सुन्न थाले[1] ।

उपरोक्त अपूर्व घटना श्यामावती महारानीको मैत्रीको प्रभावद्वारा घटेको हो । यस प्रभावलाई 'समाधि विस्फार-ऋद्धि' भनी भनिएको छ[२] ।

विशुद्धिमार्ग[३], प्रतिसम्भिदामार्ग[४] र बुद्धवंश अर्थकथानुसार,[५] श्यामावती महारानीको अलावा 'समाधि-विस्फार-ऋद्धि (–सिद्धि) हुनेहरूमध्ये सारिपुत्र महास्थविर[६], सञ्जीव महा-

१. धम्म. अ. क. पृ. १०९–१०

२. विसु म. पृ. २८३–८४ इद्धिविधनिद्देसो–१२; बु. वं अ. क. पृ. २४: निदानवण्णना; पटि. म. पृ. ४७५: इद्धिकथा, अ. क. पृ. ४९८;

३. पृ. २८३–८४

४. पृ. ४७५

५. पृ. २४

६. उदा. पा पृ. १०८: यक्खपहारसुत्तं. अ. क. पृ. १७१; थेर. गा. पृ. ३६७: सारिपुत्त त्थेरगाथा, अ. क. II.पृ.११६.

स्थविर[1], खाणुकौण्डन्य महास्थविर[2] तथा उत्तरा उपासिका पनि हुन[3]।

मैत्रीको फल

मैत्री भावना तथा मैत्री भावनालाई आफ्नै अङ्ग-प्रत्यङ्ग जस्तैगरी बहुलतर अभ्यास तथा सुपरिचत गरी बस्ने ध्यानीले प्रत्यक्षरूपमै एघारवटा फल पाउन सक्छ। जस्तै— (१) सुखपूर्वक निदाउँछ, (२) सुखपूर्वक बिउँझिन्छ, (३) खराब स्वप्न देख्दैन, (४) मनुष्यहरूले प्यार गर्छन् (५) अमनुष्यहरूले पनि प्यार गर्छन्, (६) देवताहरूले रक्षा गर्छन्, (७) आगो, वीष, तथा शस्त्र अस्त्रहरूले हानी गर्न सक्दैनन्, (८) चाँडनै समाधिष्ठ हुन्छ, (९) मुखवर्ण प्रफुल्लित हुन्छ, (१०) अमोहित भई मृत्यु हुन्छ तथा (११) उत्तरोत्तर (धर्मको) अवबोध गर्न न सकेता पनि ब्रह्मलोक त अवश्यनै पुग्छ[4]।

---

१. म. नि. I. पृ. ४०७- मारतज्जनीयसुत्तं । यससूत्रमा 'विधुर संजीव' भनी उल्लेख भएको छ।

२. धम्म. अ. क. पृ. ३३६: खाणुकोण्डञ्ञत्थेरस्सवत्थु, वर्ग ८

३. धम्म. अ. क. पृ. ४८२: उत्तरायवत्थु, वर्ग १७; अं. नि. अ. क. I पृ. २४३; तलपनि यसको कथा उल्लेख भएको छ।

४. अं नि– ११, पृ. ३८३: मेत्तासुत्तं वा मेत्तानिसंससुत्तं, अ. क. II पृ. ८६५

यस्तैगरी मैत्रीका आठ गुणहरूको बारेमा पनि अङ्गुत्तर-निकायमा नै समुल्लेख भएको छ[१]।

मैत्रीचित्तको प्रभावको बारेमा प्रकाश पार्नु हुँदै भगवान् बुद्धले अघिल्लो जन्ममा आफूले सातबर्षसम्म मैत्रीचित्त भाविता गरी, त्यसको प्रभावद्वारा सात संवर्तकल्प (प्रलय), सात विवर्तकल्प (शृष्टि) सम्म यसलोकमा आउन नपरेको कुरा इतिवुत्तक पालिमा[२] र मैत्री भावनाद्वारा नै ब्रह्मसहवासमा[३] पुग्नसक्ने कुरा पनि बताउनु भएको छ। मैत्रीभावनाद्वारा के के फल प्राप्त गर्न सकिन्छ[४] भन्ने कुरा र मैत्री-भावना राम्रोसँग गरेमा मनमा शान्ति समेत प्राप्त हुन सक्ने कुरा संयुक्तनिकायमा[५] नै समुल्लेख भएको पाइन्छ। कसरी मैत्री भावना गर्नुपर्छ[६] भन्ने कुराको साथसाथै मैत्री भावना गर्नुमा समुत्साहित पारी आफ्नो प्रिय पुत्र राहुल (श्रमण) कुमारलाई मैत्रीभावनद्वारा व्यापाद पनि दूर भएर जाने कुरा मज्झिमनिकायमा[७] बताउनु भएको छ।

---

१. अं नि-८ पृ. १७०: मेत्तासुत्तं, अ. क. II पृ ७३६.

२. पृ. १९३: मेत्तसुत्तं।

३. दी. नि. I. पृ २१०: तेविज्जसुत्तं; हेर बु. ब्रा. पृ. ३४५

४. सं. नि. IV. पृ. १०३: मेत्तासहगतसुत्तं, अ. क. III.पृ. १४४.

५. पृ. ११५ IV मेत्तासुत्तं।

६. म. नि. I. पृ. १६९: ककचूपमसुत्तं, अ. क. II. पृ. ७८.

७. II. पृ. १०४: महाराहुलवादसुत्तं, अ. क. III. पृ. ८९.

मैत्री भावनाद्वारा नै उत्पन्न भएका द्वेष तथा व्यापाद दूर हुन्छन् अनि उत्पन्न नभएका द्वेष तथा व्यापाद पनि उत्पन्न हुँदैनन् भन्नेकुरा अङ्गुत्तरनिकायले[1] प्रष्ट गरेको छ। दानादि पुण्यको फलभन्दा मैत्री भावनाको पुण्यफल धेरै उत्कृष्ट हुन्छ भन्ने कुरा इतिवुतकपालिमा[2] तथा मैत्री भावना अटूट पार्नकानिम्ति विशेष गरी भिक्षुहरूलाई समुत्साहित गर्नुहुँदै भगवान्ले 'एकछिन मात्र अर्थात् चुट्की बजाउने क्षणसम्म अथवा दूध दुहन थुनमा हातराख्नेबेलासम्म भएपनि जसले मैत्री भावना गर्छ उसले अतुच्छ--ध्यानी भई राष्ट्रपिण्ड खाएको हुनेछ" भन्नुहुँदै मैत्री भावनाको महत्ता बताउनु भएको छ[3]। मैत्री विहारलाई नै ब्रह्म-विहार[4] पनि भनिन्छ। मैत्री आनिसंसको कुरा बुझ्न अरक--जातक[5] को कुरा पनि हेर्नु योग्य छ।

मैत्री भावनाको विषयमा श्यामावती महारानीले विशेष

---

१. अं. नि-१. पृ. ५: नीवरणपहाणवग्गो, अ. क. I पृ. २८; अं. नि-१, पृ. १८६. अञ्ञतित्थियसुत्तं, अ. क. II. पृ. ४२३.

२. पृ १९६: मेत्ताभावनासुत्तं।

३. अं. नि-१ पृ. १०: अच्छरासङ्घातवग्गो, अ. क. I पृ. ४०; अं. नि–१ पृ. ३९: अपर अच्छडासङ्घातवग्गो, अ. क. I पृ. २६७; सं.नि.II.पृ. २२०: ओक्खासुत्तं, अ.क.II. पृ.१६४.

४. खु. पा. पृ. १२ मेत्तसुत्तं; सु. नि. पृ. २९०: मेत्तसुत्तं।

५. जा. अ. क. II. पृ.४२०, नं. १६९.

अधिकार प्राप्त गरेको हुनाले भगवान् बुद्धले मैत्री विहारी उपासिकाहरूमध्येमा उनलाई अग्रस्थानमा राख्नु भएको हो। जुन कुरा तल उल्लिखित सूत्रको "अग्रस्थान" भन्ने शीर्षकमा प्रस्ट भएको छ।

मरण

आनन्द महास्थविर सहित भिक्षुसङ्घलाई श्यामावती महारानीले दिन दिनै भोजन गराई उपदेश सुन्ने गरेकोले मागन्दीय महारानीको हृदय झन् पोलन थाल्यो। अझ एक दिन श्यामावती महारानीले आनन्द महास्थविरलाई पाँचशय चीवरहरू प्रदान गरेको मात्र होइन वहाँले पाएका चीवरहरू सम्बन्धी प्रश्न सोध्दा आनन्द महास्थविरले दिनुभएको उत्तरमा[1] प्रभावित भई राजा उदयनले अरू पनि पाँचशय चीवरहरू प्रदान गरेको कुरा सुन्नपर्दा मागन्दीय महारानी झन् अत्यन्त छट्पटाउन थालिन्।

---

१. धम्म. अ. क. पृ. ११०; अ. नि. अ. क. I. पृ. २३९.
राजाले आनन्द महास्थविरसँग सोधेको र राजालाई उत्तर दिएको कुराहरू 'बुद्धकालीन राजपरिवार' पृ. ४४४ मा उल्लेख भएको हुँदा यहाँ उल्लेख गरेको छैन, उहीं हेर्नू।

आफूले रचेको काम जम्मै उल्टै मात्र भएकोले मागन्दीय महारानी सारै चिन्तित भइन् । उनको मनमा कत्ति पनि शान्ति भएन । ईर्ष्याको कारणले उनको हृदय आगोले पोले झैं पोल्न थाल्यो । तै पनि उनले ईर्ष्यालाई संभाल्न सकिनन् । बरू झन् उनले श्यामावती महारानीलाई नै मार्ने निश्चय गरिन् । ईर्ष्या र क्रोधको हेतुले अन्धी जस्तै भई, योग्य अयोग्य, धर्म अधर्म केही पनि सोच्न नसकी अन्तमा दानवतापूर्ण क्रूर काम गर्न थालिन् । यही दानवतापूर्ण सोचाइको फलस्वरूप उनले एकदिन, आफ्नो काका मागन्दीयलाई "श्यामावती महारानी बस्ने दरबारमा तेलको कपडाले बेरी, श्यामावती सहित उनकी सबै परिवार स्त्रीहरूलाई कोठामा बन्दगरी, आगो लगाइदेऊ" भनी आज्ञा दिइन् ।

उपरोक्त क्रूर तथा दानवीय काम सिद्धगर्ने नियतले एकदिन, मागन्दीय महारानीले उदयन राजालाई उद्यान कृडागर्ने बहानाले उद्यानमा लगिन् । त्यसैबेला उनको काका मागन्दीयले श्यामावती महारानीको दरबारमा गई भकाभक तेलको कपडाले दरबारको लट्ठाहरू बेर्न थाले । यस्तो क्रियादेखी श्यामावती महारानीले सोधिन्—

"काका ! के गर्न लाग्नु भएको ?"

"अम्मे ! राजाले घर बलियो पार्न यस्तो गराएको हो । तपाइहरू यहाँ न बस्नुहोस्, कोठाभित्र बसिरहनुहोस्" भनी श्या-

मावती सहित सबैलाई कोठाभित्र राखी ताल्चा मारिदियो । हत्तरपत्त तेलका कपडाहरू ठाउँ ठाउँमा बेर्‍ही तुरुन्तै आगो पनि सल्काई दियो । दरबारमा एकै चोटि आगो दन्क्यो ।

त्यसबेला श्यामावती महारानीले आफ्ना परिवार स्त्रीहरूलाई उपदेश गरिन्—

"अम्मे ! यस अनन्त भवचक्रमा हामीहरू कतिचोटि आगोमा परी मरेर आइसक्यौं होला । शायद बुद्ध भगवान्‌ले पनि त्यसको अन्त लिनसक्नु हुन्न होला । अतएव अप्रमादी भई समाधिष्ठ होऊ !"

यति अतिबुद्धि दिई श्यामावती महारानी सहित सबै 'वेदना-परिग्रह[1]' भन्ने ध्यानमा तल्लीन भए । त्यसपछि कसैले सकृदागामी, कसैले अनागामी मार्ग-फल साक्षात्कार गरे[2] । यसकुराको उल्लेख तल मूल सूत्रको "अनिष्फल मरण" भन्ने शीर्षकमा प्रष्ट भएको छ ।

यस आगोमा खुज्जुत्तरा उपासिका[3] एकमात्र परेकी थिइनन् । अरू जम्मै परे ।

---

१. शब्दार्थ— वेदनालाई जित्न सक्ने ।

२. धम्म. अ. क. पृ. १११

३. उदा. अ. क. पृ. २३९: उदेनसुत्तं ।

पूर्वजन्ममा गरेका कर्मानुसार "उपपीडककर्म[१]" को फल भोग्दै उनीहरू सबै आगलागीमा परी भस्म भएका हुन् भनी अर्थकथामा उल्लेख भएको छ ।

---

१. 'कर्मभोग' वा 'कर्मफल' भन्नाले मानिसले गरेको जेसुकै कर्मको फल भोग्नु पर्ने हुन्न । कर्मविभाजन अनुसार कुनै कर्मको फल यसै जन्ममा भोग्नु पर्ने भए कुनै कर्मको फल अर्को जन्ममा र कुनै कर्मको फल जन्मजन्मान्तर-मा समेत समय समयमा भोग्नु पर्ने हुन्छ । अनि कुनै कर्मको फलचाहिं निश्चित समयभित्र भोग्न न परेमा स्वतः समाप्त पनि हुन्छ । यदि सबै कर्मको फल भोग्न परेमा 'निर्वाण' वा 'मोक्ष' पाउन सक्ने छैन । यस सिद्धान्त अनुसार कर्मको विभाजन विशुद्धिमार्ग अनुसार बाह्र (१२) प्रकारका छन् —

(१) दृष्टधर्म-- वेदनीय (=यसैजन्ममा भोग्नु-पर्ने) कर्म, (२) उपपदय-वेदनीय (=अनन्तर जन्ममा भोग्नुपर्ने) कर्म, (३)अपरापर्य-वेदनीय (= जन्मजन्मान्तरमा भोग्नुपर्ने) कर्म, (४) अहोसि (= थियो = समाप्त भयो) कर्म, (५) यद्गरू (= जुन गरूँगो हुन्छ) कर्म, (६) यद् बहुल (= जुन धेरै हुन्छ) कर्म, (७) यदासन्न (= जुन नजिकमा आइपुग्छ) कर्म, (८) कृतत्वात् (= अभ्यास

श्यामावती महारानीको दरबारमा आगो लाग्यो भन्ने खबर सुनी उदयन राजा उद्यानबाट हतारो हतारो गरी फर्कंदा फर्कंदै, आगो निभाउनु अगावै श्यामावती महारानी सहित सबै स्त्रीहरू आगोमा परी भस्म भएको हेर्नुपर्दा राजालाई सारै दुःख लाग्यो । त्यस पछि राजाले आगो लगाउने को रहेछ भन्ने चिवाचर्चा गर्न थाले । राजाको मनमा मागन्दीय महारानी प्रति शंका त छँदै थियो । त्यसैले एकदिन राजाले भारदार-हरूको एक सभामा "अघि श्यामावती महारानी छँदा, राजा सधैं जसो आशंकितभई बस्नुपर्थ्यो । अब बल्ल राजा निःशंकी भई बस्नु हुनेछ । यो काम गर्नेलाई त विशेष पुरस्कार नै दिइनु पर्दछ" भन्ने कुरा मागन्दीय महारानी पनि उपस्थित भएको मौका पारी कुरा-गर्न लगाए । यो कुरा सुनि मागन्दीयले "महाराज ! मैले बाहेक यस्तो काम अरू कसले गर्न सकला र !" भनी भनिन् ।

घेरै भएको) कर्म, (९) जनक (= जन्म दिन सक्ने) कर्म, (१०) उपस्थम्भक (= टेवादिने) कर्म, (११) उपपीडक (= फेरि फेरि पेल्ने) कर्म र (१२) उपघातक (= विघ्न, विनाशगर्ने) कर्म । विसु. म. पृ. ४५१-५२: कङ्खावितरण विसुद्धिनिद्देसो-१९; अङ्गुत्तर निकायअर्थकथा, तिकनि-पातमा 'अहोसिकर्म' बाहेक अरू ११ कर्महरूको कुरा उल्लेख भएको पाइन्छ – पृ. ३६४: निदानसुत्तं ।

राजाले आपनो भित्री मनमा भएको कोपाग्नीलाई छोप्दै मागन्दीयलाई "त्यसोभए तिम्रा नाताकुटुम्बहरू सबैलाई बोलाऊ । तिमी सहित उनीहरू सबैलाई पुरष्कार दिनेछु" भनी आज्ञा दिएपछि मागन्दीयले आपना नाताकुटुम्बहरू सबैलाई बडो हर्षित भई एकत्रित पारिन् । त्यसपछि राजाले तिनीहरू सबैलाई राजआज्ञा दिई प्राणदण्ड दिए । मागन्दीयलाई त उनको मासुको चोवटा काट्दै उनलाई नै खुवाउँन थाले[1] ।

× × ×

पूर्वकर्म

श्यामावती महारानीको दरबारमा आगलागी भई श्यामावती महारानी सहित उनका सबै परिवार स्त्रीहरू समेत आगोमा परी भस्म भएको कुरा सारा शहरमा तुरन्तै फैलियो । सांझपख धर्मसभामा भिक्षुहरूका बीच "त्यस्ती श्रद्धासम्पन्ना श्यामावती महारानीको मृत्यु बडो अयोग्यतापूर्ण ढंगले भयो" भन्ने चर्चा भएको थियो । त्यसैबेला भगवान् बुद्ध सो सभमा आइपुग्नु भयो । अनि भगवान्ले भिक्षुहरूसंग "के कुरा भइरहेको थियो" भनी सोध्नु

---

१. धम्म. अ. क. पृ. ११२: मरणपरिदीपित उदेनवत्थु; अं. नि. अ. क. I. पृ. २४०.

भएपछि भिक्षुहरूले श्यामावती महारानी अयोग्यतापूर्ण ढंगले मृत्यु भएको बारे कुरा भइरहेको थियो भनी सुनाएपछि भगवान्ले— "भिक्षुहो ! अहिले हेर्दा श्यामावतीको मृत्यु अयोग्य तरिकाले भएको जस्तो लागेता पनि उनले परापूर्वकालमा गरेको कर्म हेर्दा, सोही अनुरूप उनले फल भोगिन्" भनी भन्नु भएपछि भिक्षुहरू-ले "भन्ते ! परापूर्वकालमा उनले के कर्म गरेकी रहीछन् ?" भनी सोध्दा भगवान्ले उनले गरेको कुरा प्रकाश गर्नुहुँदै त्यसको रहस्य उदघाटन गर्नुभयो ।

अतीत कालमा बाराणशीमा ब्रह्मदत्त राजाले राज्य चलाइ रहेको बेलामा राजगृह नगरको राजदरबारमा नित्यप्रति आठ प्रत्येकबुद्धहरू[1] भिक्षालिन जानुहुन्थ्यो । वहाँहरूमध्ये सातजना प्रत्येक बुद्धहरू भिक्षापछि हिमखण्डमा जानुहुथ्यो र एकजना एक नदीको किनारमा ढड्डी (एक प्रकारको घास) भित्र बसी समापत्ति[2] ध्यानमा बस्नुहुन्थ्यो ।

---

१. तीन प्रकारका बुद्धहरू छन्—(१) सम्यक् सम्बुध्द, (२) प्रत्येक बुध्द र (३) श्रावक बुध्द ।

२. 'यति घण्टा वा दिनपछि ध्यान खोलियोस्' भन्ने अधिष्ठान गरी समाधिष्ठ भई बस्ने ध्यानलाई 'समापत्ति' भन्दछन् । यस प्रकारको ध्यानमा बस्नेलाई कुनैप्रकारको विघ्न बाधाले असर पार्न सक्दैन, नत कुनै आगोले पोल्छ, न पानीले बघाउन सक्छ ।

एकदिन ती प्रत्येकबुद्धहरूलाई भिक्षा दिइसकेपछि राजा पाँचशय स्त्रीहरू साथमालिई नदीमा खेल्न गए । ती स्त्रीहरू दिनभरी नदीमा खेली नुहाइरहँदा जाडोलागो आगो ताप्ने विचारले, झारपातहरू भएको ठाउँ खोज्दैजाँदा सोही प्रत्येकबुद्ध बसिरहनु भएकै ठाउँमा ढडडी देखी, उनीहरूले त्यहाँ आगो लगाई ताप्न थाले । केहीछिन पछि त्यसभित्र प्रत्येकबुद्ध देखे । अनि "अहो, अब-भने हाम्रो सत्यानाश हुनेछ । राजाको दरबारमा सधैं भिक्षाको-निम्ति पालनुहुने प्रत्येकबुद्ध पो हुनुहुँदो रहेछ ! राजाले थाहा-पाएमा हामीलाई टुक्रैटुका पार्नेछन् । त्यसैले यिनलाई चाँडै भस्म पार्नु पर्छ" भन्दै प्रत्येकबुद्धलाई जलाई मार्ने नियत राखी झारपातहरू र काठहरू खोजी ल्याई, प्रत्येकबुद्धमाथि थुपारी, आगो दनकाई दिए । "यत्तिले अवश्य पनि भस्म हुने छ" भन्ने धारणा लिई उनीहरू फर्केर गए ।

प्रत्येकबुद्ध एकसाता पछि समापत्तिबाट उठी वस्त्र टक्-टक्याई जानुभयो[1] ।

उनीहरूको पहिलो क्रिया असंचेतनिक थियो तर पछिल्लो

---

१. धम्म. अ. क. पृ. ११२; अ. नि. अ. क. I. पृ. २४०

क्रिया संचेतनिक अर्थात् मार्ने चेतना थियो । त्यसैले कर्मबद्ध हुन गएको हो ।

उपरोक्त कुराकै सन्दर्भमा भगवान् बुद्धले भिक्षुहरूलाई आमन्त्रणगरी तल उल्लिखित "अनिष्फल मरण" भन्ने शीर्षकको सूत्र देशना गर्नु भएको हो ।

अर्को एकदिन धर्मसभामा श्यामावती र मागन्दीय महारानीहरूको मृत्युबारेमा "चर्चाहुँदा, यिनीहरूमध्ये ककसको मृत्यु भयो तथा को को बाँचे होलान्" भन्ने कुरा भइरहेको वेलामा भगवान् त्यहाँ आइपुग्नु भई "भिक्षुहो ! के कुरा चल्दै थियो" भनी सोध्नु भएपछि भिक्षुहरूले सो कारण बताए । त्यसपछि वहाँले भिक्षुहरूलाई सम्बोधन गरी "भिक्षुहो ! जो अप्रमादी हुन्छ उसको मृत्यु भएपनि बाँचेकै समान हुन्छ तर जो प्रमादी हुन्छ उ मरेकोभए पनि, बाँचेको-भएपनि, मरेकै समान हुन्छ" भनी भन्नुभयो । अनि धम्मपदको[1] निम्न गाथाहरू प्रकाश पार्नु भयो ।

(१) "अप्पमादो अमतपदं, पमादो मच्चुनोपदं ।
अप्पमत्ता न मीयन्ति, ये पमत्ता यथामता ॥

१. धम्म. पृ. १९, गाथा २१, वर्ग २

(२) "एवं[1] विसेसतो ञत्वा, अप्पमादम्हि पण्डिता ।
अप्पमादे पमोदन्ति, अरियानं गोचरे रता ॥

(३) "ते झायिनो सातत्तिका, निच्चं दल्हपरक्कमा ।
फुसन्ति धीरा निब्बानं, योगक्खेमं अनुत्तरं ॥"

अर्थ –

१—"अप्रमाद निर्वाणको बाटो हो, प्रमाद मृत्युको बाटो हो; प्रमादीहरू मर्ने झैं अप्रमादीहरू मर्दैनन् ।

२--"आर्यमार्गमा नियुक्तभएका पण्डितहरूले अप्रमादमा भएको जुन विशेषता हो, त्यसलाई देखेर अप्रमादी हुनुमाने रुचि देखाउँछन् ।

३–"धैर्य राख्न सक्ने ध्यानीहरूले आफ्नो वीर्यलाई ध्यानको सहाराले बढाएर, अनुत्तर योगक्षेमरूपी जन्म–मरण रहित निर्वाण-पदलाई साक्षात्कार गर्छन् ।"

श्यामावतीको नाम प्रमुख उपासिकाहरूका नामावलीमा पनि समुल्लेख भएको छ[2] ।

---

१. सिंहल, स्याम र रोमनमाः 'एतं' ।

२. अं. नि॰८. पृ. ४२८: सामञ्जवग्गो, अ. क. II. पृ. ७९१

भिन्ना भिन्नै सामा (=श्यामा) हरू

१ श्यामा (सामा)— यिनी ककुसन्ध (ककुच्छन्द) बुद्धको युगल अग्रश्राविकाहरूमध्ये एक हुन् । बु. वं. पृ. ३७२: ककुसन्धबुद्धवंसो, अ. क पृ. ११२

२ श्यामा – यिनी कोणागमन बुद्धको युगल अग्र-उपस्थायिकाहरूमध्ये एक हुन् । बु. वं. पृ. ३७४: कोणागमनबुद्धवसो, अ क पृ २१३.

३. श्यामा – यिनी कौशम्बीस्थित एक महाधनी कुलकी पुत्री हुन् । श्यामा (६) महारानीकी सँगिनी थिइन् । श्यामा महारानीको दुःखदायी मृत्युको कुरा सुनी विरक्त भई प्रव्रजित भएर, श्यामावतीको चिन्तालेगर्दा यिनले कुनै विशेष प्रतिफल पाउन सकेकी थिइनन् । पछि आनन्द महास्थविरको उपदेश सुनी चतु-प्रतिसम्भिदा ज्ञान सहित अरहत् भएकी थिइन् । थेरी गा. अ. क. पृ. ३५: सामाथेरीगाथा ।

४ श्यामा – यिनी पनि कौशम्बीकै हुन् । यिनी पनि श्यामा (६) कै अत्यन्त नजिकको सँगिनी थिइन् । श्यामावती महारानीको दुःखद मृत्युको खबरसुनी विरक्तभई प्रव्रजित भएकीथिइन् । पच्चीस वर्षसम्म

यिनले श्यामाको शोकले कुनै प्रतिफल पाउन सकिनन् । पछि बुढी भइसकेपछि, बुद्धको उपदेश सुनी प्रतिसम्भिदा ज्ञान सहित अरहत् भएकीथिइन् । थेरी. गा. अ. क. पृ. ३६: अपरासामाथेरीगाथा ।

५. श्यामा—यिनी श्रावस्तीवासी एक कुलपुत्रकी अघिल्लो जन्मकी स्त्री हुन् । अघिल्लो एक जन्ममा यिनी वारणशी नगरमा श्यामा भन्ने गणिका थिइन् । त्यसबखत मार्नलगेको एक चोरलाई देखनेबित्तिकै उसमाथि यिनी आसक्त भएकीथिइन् । जा. अ. क. III पृ. ४२: कणवेरजातकं, नं. ३१८

६. श्यामा—यिनी भद्रवतीय नगरको भद्रवतीय सेठको छोरी हुन् । यिनको नाम श्यामा थियो । घोषित सेठले दिइरहेको दानशालामा बार (= वति) लगाई दिएको कारणले यिनको नाम 'श्यामावती' भन्ने रहन गएको हो । यिनकै चरित्रकथा यहाँ उल्लेख गरिएको छ ।

× + +

मूल सूत्र—

१— अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं मेत्ता-विहारीनं यदिदं सामावती[1] ।"

अर्थ—

"भिक्षुहो ! मेरा मैत्रीविहारिणी श्राविका उपासिकाहरूमध्येमा श्यामावती उपासिका अग्रछिन् ।"

× × ×

१. अं. नि-१. पृ. २७ : एतदग्गसुत्तं, अ. क I. पृ. २२६.

मूल सूत्र—

२– अनिष्फल मरण

यस्तो मैले सुने[1] ।

एक समय भगवान् कौशम्बीस्थित घोषितारामम बस्नु भएको थियो ।

त्यस समय उदेन (=उदयन) राजा उद्यानमा गइरहेको बेलामा अन्तःपुरमा आगो लाग्यो । त्यसमा परी श्यामावती सहित पाँचशय स्त्रीहरू मरे ।

केही भिक्षुहरू पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी कौशम्बीमा पिण्डार्थ गए । कौशम्बीमा पिण्ड चारिका गरी, भिक्षाटनबाट फर्की, भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई निम्न कुरा सुनाए—

---

१. उदा. पा. पृ. १६० : उदेनसुत्तं, बर्मीमा: 'उतेनसुत्तं', ख. क. पृ. २६८.

"भन्ते ! यहाँ, उदेन (=उदयन) राजा उद्यानमा गइरहेको बेलामा अन्तःपुरमा आगो लाग्यो। सो आगोमा परी श्यामावती सहित पाँचशय स्त्रीहरूको मृत्यु भयो । भन्ते ! अब, ती उपासिकाहरूको कुन गति वा के अभिसम्पराय भयो होला ?"

"भिक्षुहो ! त्यसमा स्रोतापन्न[1] भएका, सकृदागामी[2] भएका, अनागामी[3] भएका उपासिकाहरू छन् । भिक्षुहो ! ती सबै उपासिकाहरूको मरण अनिष्फल नै छ ।"

यस पछि भगवान्‌ले यस कारणलाई मनन गर्नु भई त्यसबेला निम्न उदान प्रकट गर्नु भयो—

"मोहसम्बन्धनो लोको, भब्बरूपो व दिस्सति ।
उपधिबन्धनो बाळो, तमसा परिवारितो ।
सस्सतोरिव[4] खायति, पस्सतो नत्थि
किञ्चनं' ति ॥"

---

१. धेरैमा सातपटकसम्म यसलोकमा जन्मलिई परिनिर्वाण हुने सत्वलाई 'स्रोतापन्न' भन्द छन् ।

२. यस लोकमा केवल एकपटक मात्र जन्मलिई परिनिर्वाण हुने सत्वलाई 'सकृदागामी' भन्दछन् ।

३. यसलोकमा जन्म नलिई ब्रह्मलोकबाटै परिनिर्वाण हुने सत्वलाई 'अनागामी' भन्दछन् ।

४. रोमनमाः 'सस्सरिव'; स्याममाः 'सस्सतो विय' ।

अर्थ—

"मोह परिवेष्टित यो लोक, भव्यरूप जस्तै देखिन्छ। यो लोकमा बस्ने बालमूर्खहरू आशा तृष्णाले बाँधिएर अन्धकारले घेरिएका छन्। शाश्वत जस्तै देखिने यो लोकमा—राम्ररीहेर्दा कुनै सार पाइँदैन।"

---

५. उत्तरानन्दमाता उपासिका

परिचय

"संधैं कृष्णपक्ष हुन्न, गरीब संधैं गरीब नै हुन्न" भन्ने कुराको प्रमाण उत्तरानन्दमाताको पिता दरिद्री पूर्णसिंहको जीवनबाट प्रष्ट बुझिन्छ।

मूल सूत्रमा "उत्तरानन्द माता" भन्ने नाम उल्लेख भए तापनि अर्थकथाहरूमा संक्षेपरूपले यिनको नाम उल्लेख गर्दै "उत्तरा" मात्र भनिएको छ। यिनको "नन्द" भन्ने कुनै पुत्र भएको हुन सक्छ। त्यसैले पछि यिनलाई "नन्दको माता उत्तरा" भन्ने अर्थले व्यवहारमा "उत्तरानन्द माता" भन्ने उपनाम रहन गएको होला।

त्रिपिटक पालि वाङ्मयमा "नन्दमाता" भन्ने उपनाम भएका उपासिकाहरू केवल "उत्तरानन्दमाता" र "वेलुकण्टकी वा वेलुकण्डकी नन्दमाता" भन्ने दुइ मात्र छन्। डा० मललसेकरको पालि संज्ञा नामावली कोषमा पनि यिनै दुइ जनाका नामहरू मात्र समुल्लेख भएको पाइन्छ[1]।

---

१. D. P. P. II. पृ. २२.

एतद्अग्र मूल पालिका शब्दार्थहरूको व्याख्या गरिने मनोरथ-पूरणीमा[1] पनि उत्तरानन्दमातालाई प्रायः संक्षेपरूपले "उत्तरा" मात्र उल्लेख गरेको पाइन्छ । मूल सूत्र तथा अर्थकथाहरूको अनुशरण लिई उत्तरानन्दमाता नै उत्तरा हुन् र उत्तरा नै उत्तरानन्दमाता हुन् भन्ने कुरालाई ध्यानमा राखी उनको बारेमा मूल सूत्र तथा अर्थकथाहरूबाट उपलब्ध हुनसकेका कारणहरूलाई एकत्रित पारी यहाँ प्रस्तुत गर्ने प्रयाश गरेको छु ।

पूर्णसिह दरिद्री

अंगुत्तरनिकाय, धम्मपद तथा विमानवत्थु अथकथाहरू अनुसार उत्तरानन्दमाता वा उत्तरा उपासिका, राजगृहवासी सुमन सेठको आश्रय लिई जीविका गर्ने पूर्णसिह[2] (पुण्णसीह) भन्ने एक दरिद्रीको छोरी हुन्[3] । पूर्णसिहलाई पनि अरू अर्थकथाहरूमा संक्षेप रूपले 'पूर्ण' मात्र भन्ने उल्लेख गरिएको छ ।

एक दिन, एक सार्वजनिक ठूलो चाडको दिनमा सुमन सेठले दरिद्री पूर्णसिहलाई[4] बोलाई सोधे

---

१. I. पृ. २४० : एककनिपातवण्णना, एतदग्गसुत्तं ।

२ अं नि-अ. क. I पृ. २४०

३. धम्म. अ. क. पृ ४८२ : उत्तरायवत्थु; विमा. व. अ. क. पृ. ५० : उत्तराविमान ।

४. पूर्णको संक्षेप कथा. म. नि. अ. क. IV. पृ. ३ मा पनि उल्लेख भएको छ । देवदहसूत्र वर्णनामा ।

"हे पूर्ण ! आज ठूलो चाड हो। तिमी के गर्छौं ? चाड मनाउँछौ कि काम नै गर्न जान्छौ ?"

"भो मालिक ! हामीहरू जस्ता दरिद्रीहरूकोनिम्ति के को चाड, के को उपोसथ ! हामीहरूलाई चाड-वाडले के गर्छ र ! यी चाड-वाडहरू त धनीमानीहरूकानिमित्त मात्र हुन्। भोलि खानको-निम्ति घरमा केही छैन, अतएव हलो तथा गोरुहरू पाएमा खेत नै जोत्न जानेछु।"

पूर्णसिंहको कुरा सुनी सेठले उसलाई हलो र गोरुहरू दिए। उ हलो र गोरुहरू लिई आफ्नो पत्नीलाई "हे स्त्री ! धनीमानीहरू चाड-वाड मनाई भोज खान्छन्। म दरिद्री भएको हुनाले ज्याला पकाउन जानेछु। यदि सक्छयौ भने तिमीले आज मलाई दुइ भाग जति खाना पकाई ल्याऊ" भन्दै खेत जोत्न गयो[1]।

सारिपुत्र-सेवा

भगवान्को अग्रश्रावक सारिपुत्र महास्थविर साप्ताहिक निरोधसमापत्ति ध्यानबाट उठनु भई "आज कसको उद्धार गर्न सकुँला" भनी ध्यान दृष्टिले विचार गरी हेर्नु हुँदा पूर्णसिंह दरिद्रीको उपनिश्रय[2] सम्पत्ति तथा उसले महा धनसम्पत्ति समेत पाउन सक्ने

---

१. अ नि. अ. क. I. पृ. २४०; धम्म. अ. क. पृ. ४८२; विमा. व. अ. क. पृ. ५१.

२. पूर्वकर्मको पुण्यको प्रभाव।

कुरा जानी, महास्थविर पात्र चीवर धारण गरी पूर्णसिंहले काम गरिरहेको खेततिर लाग्नु भयो । पूर्णसिंहले पनि महास्थविरलाई देखी, हलो जोत्ने काम छाडी, पञ्चाङ्ग प्रणाम गर्‍यो । महास्थविरले उसँग "यहाँ पानी भएको ठाउँ कहाँनिर छ होला ?" भनी सोध्दा उसले बुझ्यो कि महास्थविर मुख धुन चाहनु हुन्छ । अनि उसले झट्ट दगुरी दतिवन ल्याई दियो । महास्थविरले दतिवन गरुञ्जेलसम्म महास्थविरको भिक्षा-पात्र र पानी छान्ने लिई, भिक्षा-पात्र भरी पानी ल्याइदियो । मुख धुनु भइसकेपछि महास्थविरले विचार गर्नु भयो —

"पूर्णसिंहको परिवार शहरको एक छेउमा, अर्काको घरमा बस्छ । यदि म उनीहरू बस्ने घरमा भिक्षा लिन गएँ भने पूर्णकी पत्नीले मलाई देख्ने छैन । अतएव उ, उसको पतिकोनिम्ति खाना ल्याउने वेलामा, बाटोमा भेटहुने गरी गएको खण्डमा उसले मलाई देखी संग्रह गर्नेछे । यसरी उसलाई पनि मबाट संग्रह तथा उपकार हुनेछ ।"

यति विचार गर्नु भई महास्थविर भिक्षाजाने वेला नभएसम्म वहीं नै पर्खेर बस्नु भयो ।

त्यसपछि भिक्षाजाने बेला भएपछि, लोग्नेकोनिम्ति खाना पुर्‍याउन पूर्णसिंहकी पत्नी घरबाट निस्कीसकेपछि महास्थविर पनि उ आउने बाटोबाट भिक्षाटनकोनिम्ति जानु भयो ।

आफ्नी पत्नी आउने बाटोतिरबाट महास्थविर भिक्षाटनको-निम्ति जानु भएको देखी पूर्णसिंहले यस्तो विचार गर्‍यो —

"महास्थविर शायद हामीहरूकै संग्रह गर्न त्यस बाटोतिर लाग्नु भएको जस्तो लाग्छ । अहा ! मेरी पत्नीले मलाई ल्याउने खाना जम्मै महास्थविरकै भिक्षा-पात्रमा राखिदिए कति राम्रो हुन्थ्यो ।"

पूर्णसिंहकी पत्नी, "आज चाड हो" भन्दै आफ्नो घरमा भएको रुखा सुख्खा खाना पकाई पतिलाई खाना लैजान बाटो लागी । अनि उसले बाटोमा सुन्दर तथा शान्त मुद्रामा भिक्षाटन पाल्नु भएको महास्थविरलाई भेटी र सोची— "कहीले कहीले महास्थविर भेट हुँदा मेरो हातमा कुनै दानदिने वस्तु हुँदैन, दान दिने वस्तु हातमा हुँदा महास्थविर भेटिनु हुन्न । किन्तु आज यी दुवै सयोग पर्न आएका छन् । यो अपूर्व मौका गुमाउन हुन्न । यस्ता मौकाको सदुपयोग गर्न सक्नुपर्छ । यो खाना महास्थविरको भिक्षापात्रमा राखी पतिको-निम्ति अर्को खाना बनाएर लैजाने छु ।"

दृढताका साथ यति सोची महास्थविरको पात्रमा खाना राख्न उनी अघिल्तिर बढेको देखी, महास्थिविरले पनि हातकोभिक्षा-पात्र अगाडि बढाउनु भयो । त्यसपछि उसले अत्यन्त शुद्ध चेतना लिई, दिनेवस्तुमा लेसमात्र पनि लोभ-लालचा नराखी, शुद्ध त्याग चेतना लिई, प्रसन्न तथा प्रफुल्लितभई बडो भक्तिपूर्वक आफ्नो भाँडाबाट महास्थविरको पात्रमा भात खन्याउँदै "भन्ते ! हामी गरीबहरूको रुखा सुख्खा खानालाई स्वीकार गर्नुभई हामीलाई पारलौलिक संग्रह गर्नुहोस्" भनी बिन्ति गरी ।

भाँडाको खाना आधा जति भिक्षापात्रमा खन्याएकोदेखी महा-

स्थविरले भिक्षापात्र हातले छोप्न लाग्दा पूर्णसिहको पत्नीले यसो भनी —

"भन्ते ! यो, एकजनाको मात्र भाग हो । अतएव एक भाग खानालाई आधापारेर दिन सकिन्न, सबै नै दिन चाहन्छु ।"

यति भनी सबै खाना भिक्षापात्रमा खन्याई "भन्ते तपाइले जुन धर्म प्रत्यक्षीकरण गर्नु भएको छ, सोही धर्मलाई हामीले पनि प्रत्यक्षीकरण गर्नसकौं र यस दरिद्रताबाट पनि मुक्त हुन सकौं" भन्ने आशिका गरी ।

महास्थविरले पनि "त्यसै होस्" भनी आशिर्वाद दिई, दानानुमोदना गर्नु भई, एक अनुकूल पानी भएको ठाउँमा बसी, भोजन सिध्याएर फर्कनु भयो[1] ।

पूर्णसिहलाई श्रेष्ठीपद

उ पनि घरफर्की चामल खोजी पतिकोनिम्ति भात पकाई खेतमा गई । पूर्ण पनि अधकरीस[2] प्रमाण भूमिभाग जोती, भोक सहन नसकी, काम छाडी आफ्नी पत्नी आउने बाटो ताक्न थाल्यो ।

---

१. अं. नि. अ. क. I. पृ. २४१; धम्म. अ. क. पृ. ४८३; विमा. व. अ. क. पृ. ५२

२. ४४ पाथी जति ब्यू रोप्न सक्ने भूमि प्रमाणलाई वा २॥ एकड प्रमाण भूमिलाई एक करीस भन्दछन् ।

पूर्णसिंहकी पत्नी खेतमा आइपुग्दा आफ्नो पति बाटोतिर हेर्दै बसिरहेको देखी "मेरो पति भोकले पीडितभई म आउने बाटो ताकिरहेका रहेछन् । यदि उनी ममाथि रिसाएको खण्डमा मैले गरेको दानकार्य व्यर्थ हुनेछ" भन्ने विचार गरी, खेतमा पुग्नासाथ आफ्नो स्वामीलाई "भो स्वामी ! आज एक दिन तपाइ नरिसाउनु होस् र आफ्नो चित्त प्रसन्न पार्नु होस् । खाना लिई म बिहानै आएको थिएँ किन्तु बाटोमा हाम्रा पूज्य सारिपुत्र महास्थविरलाई भेटें र मैले वहाँलाई तपाइकोनिम्ति ल्याएको खाना दान दिएँ । त्यसैले फेरि घरफर्की चामल खोजी भात पकाई ल्याउन परेकोले अबेर हुन गएको हो" भन्दै विनम्रतापूर्वक संझाई । पूर्णले दोहऱ्याई उसंग सोध्यो "के भनेकी ?" उसले पनि फेरि सोही कुरा सुनाई । अनि पूर्णसिंह सारै खुशीभई आफूले पनि विहानपख सारिपुत्र महास्थविरलाई सेवा-टहल गरेको कुरा सहर्ष सुनायो र उसले दिएको दानकार्य प्रति अत्यन्त प्रसन्नता व्यक्तगर्दै पूर्णले "धन्य ! धन्य भन्द्रे !! म किन रिसाउँथें र । महास्थविर तिर्मा आउने बाटोतिर लागेको देखेर मैले पनि चिताएको थिएँ कि 'मलाई ल्याउने खाना तिमीले महास्थविरलाई दान दिए कति बेश हुने थियो ।' मैले चिताएकै तिमीले पनि दान दियौ । अहा ! कति राम्रो हामी दुवैको मनोभाव एकै रहेछ" भनी अत्यन्त खुशी भई "हाम्रोनिम्ति यो ठूलो लाभ हो, हामीहरूको ठूलो भाग्य हो !" भनी गद् गद् भयो ।

यसरी दानानुमोदना गरी मध्याह्न समयमा भात खाई सकेपछि पूर्णसिंह थकाइमार्न आफ्नी पत्नीको काखमा सिह्रान गरी

एकछिन निदायो। एकछिन निदाई उठ्दा उसले बिहानै जोतिराखेको खेतमा कर्णिकार फूलहरू जस्तै जम्मै सुनै सुन देख्यो। अनि उसले आफ्नी पत्नीलाई भन्यो—

"भद्रे ! किन होला ? मेरो आँखाले त जोतिराखेको खेत जम्मै सुनै सुन देख्द छ !"

"स्वामी ! आज तपाइले अबेर गरी खानु भएको हुँदा र मध्याह्नको धूपमा पर्नू भएको तथा धेरै थाक्नु भएकोले आँखा तिर्मिरायो होला।"

"भद्रे ! होइन। तिमीले पनि राम्रोसँग हेर त। मलाई त जम्मै सुनै सुन देखिन्छ।"

त्यसपछि उसले पनि खेततिर हेरी। उसले पनि सुनै सुन देख्न थाली। अनि पूर्णसिंह उठेर गई एक टुक्रा सुन ठोकेर हेर्दा माटो कैं न फुटी मैनको डल्लो थेप्चिए जस्तै भयो। अनि आफ्नी पत्नीलाई पनि बोलाई देखाएपछि उनीहरूले ठाने "कुनै माटोको खेतमा कुनै बिउ रोप्दा त्यसको फल पाउन तीन चार महीना जति लाग्छ, किन्तु आज हामीले सारिपुत्ररूपी पुण्यक्षेत्रमा रोपेको श्रद्धारूपी बिउको फल आजै पायौं।"

"स्वामी ! त्यसोभए अब के गर्नु हुन्छ नि ?"

"भद्रे ! यत्तिका सुन त्यसै लुकाई वा छिपाई लिन सकिन्न। राजालाई जाहेर गर्नु पर्छ" भनी उसलाई त्यहीं छाडी, भात ल्याएको

भाँडो भरी सुन राखी, राजदरबारमा गई "एक मानिस भाँडो भरी सुन लिएर आएको छ" भनी राजाकहाँ खबर पुऱ्याईदेऊ भनी राजा-कहाँ खबर पठायो।

राजाले उसलाई बोलाई "तिमी को ह्वौ ?" भनी सोध्दा उसले "महाराज ! म पूर्णसिंह भन्ने एक दरिद्री हु" भनी जवाफ दिएपछि राजाले फेरि सोधे—

"कहाँबाट तिमीले यो सुन ल्याएको हो ?"

"महाराज ! खेतबाट।"

"कुन खेतबाट ?"

"महाराज ! ज्यालामा जोतेको खेतबाट।"

"कसरी त्यहाँ सुन पायौ त ?" भनी राजाले सोधेपछि पूर्ण-सिंहले भएभरको जम्मै कुरा सुनायो। राजा अत्यन्त प्रसन्न भई "बुद्धको अग्रश्रावक सारिपुत्र महास्थविरलाई दिएको दानको फल यसले आजै पायो" भन्ने मनमा सोची "त्यसो भए अब के गर्न पर्‍यो त ?" भनी सोधे। उसले "महाराज ! गाडाहरू पठाई सुन ल्याउनु होस्" भनी बिन्ति गऱ्यो। अनि राजाले गाडाहरू दिई मानिस-हरू पठाए[1]।

---

१. अं. नि अ. क. I. पृ. २४२; धम्म. अ. क. पृ. ४८३; विमा. व. अ. क. पृ. ५३.

गएका राजपुरुषहरूले "अहो ! राजाको भाग्य !" भन्दै सुन बटुल्दा, बटुलेको जति जम्मै माटोको डल्लो मात्र भयो। अनी उनीहरू राजाकहाँ गई सो कारण बताउँदा राजाले उनीहरूसँग "तिमीहरूले के भनी सुन बटुल्यौ ?" भनी सोध्दा उनीहरूले "अहो ! राजाको भाग्य" भन्दै बटुलेको कुरा सुनाए। राजाले "मूर्खहो, कसरी मेरो भाग्य हुन्छ ! पूर्णसिंहको भाग्य पो हो। अतएव तिमीहरूले "अहो पूर्णसिंहको भाग्य ! भनी बटुल" भनी आज्ञा दिए। उनीहरू गई त्यसै गरी सुन बटुल्दै गाडाका गाडा सुन राखी राजदरबारमा ल्याई आँगनमा थुपारे। अर्थकथाहरू उल्लेख गर्छन् कि त्यो सुनको रासीको उँचाइ ८० हात वा तालवृक्ष जति अग्लो थियो[१]।

राजाले नागरिकहरू जम्मा गराई "कसको घरमा यत्तिको सुन छ ?" भनी सोध्दा कसैले पनि त्यत्तिको सुन छ भनी नभनेपछि "त्यसोभए, यत्तिको सुन हुनेलाई के गर्नु पर्ला त ?" भनी सोधेपछि सबैले "महाराज ! धनपतिको पदवी दिई श्रेष्ठीछत्र दिनु योग्य हुनेछ" भन्ने राय प्रकटगरे पछि राजाले "त्यसो भए पूर्णसिंहलाई आजै बहु-धनपति सेठको पदवी दिनेछु" भनी सबै सुन उसलाई नै दिलाइ दिई श्रेष्ठीछत्र समेत प्रदान गरी उसै दिनमा राजाले उसलाई श्रेष्ठीपदवी पनि दिए। उसले राजासँग "महाराज ! धेरै दिनदेखि म अर्काको घरमा बस्दैछु। मेरो घरबास छैन। अतएव मलाई एक बास बस्ने ठाउँ पाऊँ" भनी बिन्ति गऱ्यो।

---

१. अं. नि. अ. क. I. पृ. २४२; धम्म. अ. क. पृ ४८४; विमा. व अ. क. पृ. ५३.

राजाले उसलाई "ऊ, त्यहाँ एक लहरा भएको ठाउँ छ, त्यहीँ नै घरबनाऊ" भनी सो ठाउँ दिलाइ दिए। उसले त्यस ठाउँमा केही दिनमै घर बनायो[१]।

गृहप्रवेश र उत्तराको विवाह

घर तयार भइसकेपछि पूर्णसिंहले गृह प्रवेश मंगलोत्सव र श्रेष्ठीपदवीको छत्र धारण गर्ने मंगलोत्सव पनि एकैसाथ गर्दै बुद्ध प्रमुख भिक्षुसङ्घलाई निम्त्याई एकसातासम्म भोजन दान दिए। एकसाताको अन्तमा भुक्तानुमोदना गर्नु हुँदै भगवान् बुद्धले पूर्णसिंह-लाई, उनकी पत्नी र उनकी छोरी उत्तरालाई आनुपूर्विकथा[२] सुनाउनु भएपछि उनीहरू सबै स्रोतापन्न फलमा प्रतिष्ठित भए[३]।

यसरी पूणसिंह उपासक दरिद्रताबाट मुक्त भई भौतिक धन सम्पत्तिको साथ साथै आर्य धनले पनि युक्तभई यसै जीवनमा स्रोता-

---

१. धम्म. अ. क. पृ. ४८४; विमा. व. अ. क. पृ ५३.

२. दान, शील, स्वर्ग तथा काम बिषयको अवगुण तथा नैष्क्रम्य आदि बिषय सम्बन्धी क्रमसँग सुनाइने कथालाई 'आनुपूर्बि-कथा' भन्दछन्। हेर माथि पृ. १० मा।

३. अं. नि. अ. क. I. पृ. २४२; धम्म. अ. क. पृ. ४८४; विमा. व. अ. क. पृ. ५३

पुत्र पनि भए। उनकी छोरी उत्तरा पनि श्रद्धा सम्पन्नभई बुद्धको अनन्य भक्तिनी भइन्।

× × ×

केही दिनपछि राजगृहको सेठले अर्थात् उही सुमन सेठले, पूर्णसिह सेठको छोरी उत्तरालाई यौवन सम्पन्न भएको देखी आफ्नो छोराकोनिम्ति माग्न पठाए। पूर्णसिंह सेठले "दिन सक्दिन" भनी जवाफ दिए। सुमन सेठले पुनः भन्न पठाए— "हाम्रो आश्रयलिई तिमी बस्दथ्यौ। हाम्रै आश्रयबाट आज तिमी महाधनी भयौ। आज, एकचोटि महाधनी भएर त्यसो नभन। तिम्री छोरी मेरो पुत्रलाई देऊ।"

उत्तरमा पूण सेठले भनी पठाए— "भन्नु भएको कुरा ठिकै हो। जुन कुरा तपाइ भन्नु हुन्छ त्यो त तपाइको स्वभावानुकूल नै हो। मानिसहरू सँधै गरीबको गरीब नै वा धनीको धनी नै भएर बस्छन् भनी भन्न सकिन्न; न त्यस्तो ठान्नु नै उचित छ। म तपाइको जाति, गोत्र, अथवा धन सम्बन्धी कुनै पनि प्रश्न गर्दिन। तर तपाइहरू अन्य धर्मको विश्वास गर्ने हुनुहुन्छ। हामी बुद्ध धर्मको विश्वास गर्छौं। मेरी छोरी बुद्धभक्तिनी हुन्। दिनको एक कार्षापणको फूल किनी उनले बुद्धको पूजा गर्छिन्। उनी बुद्ध, धर्म तथा सङ्घको आश्रय नपाई जीवन बिताउन सक्दिनन्।"

यो कुरा सुनी सुमन सेठले "त्यसो भए तपाइकी छोरीलाई हामीले दिनको दुइ कार्षापणको फूल-किनिदिने छौं" भनी खबर पठाए।

अरू साहुमहाजनहरूले पनि पूर्णसिंह सेठलाई "भो पूर्ण ! सुमन सेठसँगको पुरानो मित्रता, विश्वास तथा सम्बन्ध विच्छेदगर्नु ठीक छैन । तपाइकी छोरी उनको छोरालाई दिनुहोस्" भनी संझाए । अनि पूर्णसिंह सेठले "लौत, त्यसोभए दिनेछु" भनी आषाढपूर्णिमाको दिनमा[1] उत्तरालाई विवाह मङ्गल गरिदिए ।

उत्तरा पतिकुलमा

उत्तरा पतिकुलमा गएदेखि उनले न बुद्धको दर्शन गर्न पाइन्, न सङ्घ सेवा, न त दानपुण्य नै । अनि एकदिन, उनले आफ्नो पतिसँग निवेदन गरिन् –

"भो स्वामी ! म मेरो माइतीमा छँदा महीनाको आठदिन[2] अष्टाङ्ग उपोसथ व्रत पालन गर्थें । किन्तु यहाँ आएदेखि केही पनि गर्न पाइन ।"

यस कुरालाई उनको पतिले कुनै उत्तर नदिएको देखी उनी नीचमारी बसिन् । फेरि वर्षावासको चतुर्मास लागेपछि एकदिन, उनले आफ्नो पतिसँग वर्षावास समयभरी उपोसथिक हुने अनुरोध गरिन् । यसको पनि कुनै उत्तर पाउन सकिनन् र उनले कुनै पनि दानादि

---

१. धम्म. अ. क. पृ. ४८४; विमा. व. अ. क पृ. ५४.

२. अं नि. अ. क I. पृ. ३७७ : चतुमहाराजसुत्तं; अं. नि. अ. क. I. २४३.

पुण्यकर्म गर्न सकिनन् । अनि वर्षावास समयको आधा महीना जति बाँकी रहँदा उनले आफ्नो पितालाई एक पत्र पठाइन् ।

"भो पिता ! तपाइहरूले मलाई कस्तो कुलगृहमा पठाउनु भएको ? यस घरमा आएदेखि मैले कुनै पनि दानादि पुण्यकर्म गर्ने मौका पाएकी छैन, न त कुनै उपोसथ व्रत नै पालन गर्न पाएँ । यस्तो मिथ्यादृष्टिक कुलमा दिनुभन्दा बरू मलाई अङ्गभङ्ग गरी दासी भनी घोषणा गरिदिनुभएको भए असल हुन्थ्यो । वर्षावासको समय सिद्धिन लागेर पनि मैले कुनै सङ्घदान इत्यादि दिन सकेकी छैन । अतएव मलाई पन्ध्र (१५) हजार कार्षापण तुरुन्तै पठाइ दिनुहोस् ।"

छोरीको पत्र पढी पूर्णसिंह सेठलाई सारै दुःख लाग्यो, अनि उनले छोरीले मागे बमोजिम तुरुन्तै पन्ध्र हजार कार्षापण पठाइदिए ।

सङ्घसेवा र मैत्री-ध्यानको प्रभाव

उत्तराले त्यस नगरकी (राजगृहकी) सिरिमा[1] भन्ने गणिकालाई बोलाउन पठाई - "अम्मे, सिरिमा ! चार महीना वर्षाकालमध्ये अब केवल आधा महीना मात्र बाँकी छ । म यो आधा महीनाभरी अष्टाङ्गिकशील पालन गरी उपोसथ व्रत बस्न चाहन्छु । तिमीलाई म दिनको एक हजार कार्षापण दिनेछु । तिमी मेरो पतिको परिचारिका भई देऊ" भनी भनिन् । उनले "हुन्छ" भनी स्वीकार गरेपछि

१. हेर. बु. रा. पृ. ३४९.

उत्तराले उनलाई आफ्नो पतिकहाँ लगिन् । पतिले उत्तरासंग "के कुरा हो ?" भनी सोधेपछि उत्तराले भनिन्—

"ओ स्वामी ! यी मेरी साथी सिरिमा हुन् । यो दुइहप्ता यिनले तपाइको परिचर्या गर्नेछिन् र म यो दुइहप्तासम्म बुद्ध प्रमुख भिक्षुसङ्घलाई दानदिई पुण्यकार्य गर्नेछु र धर्मोपदेश पनि सुन्न चाहन्छु ।"

पत्नीको कुरा सुनी, अभिरूपिनी सिरिमा गणिकालाई देखी, उनको मनमा उत्पन्न भएको वासनाको कारणलेगर्दा उनले उत्तरालाई अवकाश दिए ।

त्यहाँदेखि उत्तरा उपासिकाले बुद्ध प्रमुख भिक्षुसङ्घलाई निम्त्याई "यो दुइहप्तासम्म यहीं भोजनार्थ पाल्नुहोस्" भनी प्रार्थना गर्दा बुद्धले पनि स्वीकृति दिनु भएको देखी उत्तरा उपासिका अति प्रसन्न भइन् । अनि उनी आफैं पनि भोजनादि तयार पार्ने काममा बिहानदेखि व्यस्त रहन थालिन् । बुद्ध प्रमुख भिक्षुसङ्घलाई भोजन गराई वहाँहरू फर्किसकेपछि प्रासादमाथि गई अधिष्ठान गरेको आफ्नो शील अनुस्मरणगरी बस्दथिन् । यस्तैगरी दुइहप्तासम्म शुद्ध शील पालन गरी, मैत्री भावना गर्दै दिन बिताउन थालिन्[1] ।

दुइहप्ता बिती भोलि उपोसथ व्रत सिद्धिने छ भन्ने दिनमा उत्तराको पतिले "उत्तरा, के गर्दै रहिछन् ?" भनी झ्याल उघारी हेर्दा, उनी दाशीहरूका बीच बसी, जिउभरी खरानीको धूलो पारी,

---

१. अं. नि. अ. क. I. पृ. २४३.

पसिना बघाउँदै कालो लागेको हात मुख लिई, आफूले पनि कामगरी दाशीहरूलाई पनि "यसो गर, उसो गर" भनी काम अन्हाएको र बडो व्यस्त भएको देखी उनले "कस्ती होलिन् यी उत्तरा ! यस्तो ऐस आराममा बस्न छोडी, मुण्डक श्रमणहरूलाई सेवा-टहल गर्नकोनिम्ति दाशीहरू-सँगँघंचरमंचगरी, मालिकनी भएर पनि दाशी सरह काम गरिरहेकी ! कस्ती अभागिनी रहिछन् यी मूर्ख !" भन्ने विचारगरी मुसुक्क हाँसी झ्यालबाट फर्केर गए ।

उनीसँगै बसेकी सिरिमाले उनलाई हाँस्दै झ्यालबाट उठेर गएको देखी "यिनी किन हाँसेका रहेछन्" भन्ने सोच्दै सोही झ्याल बाट हेर्दा सिरिमाले उत्तरा उपासिकालाई देखिन् र उनको मनमा "अहिलेसम्म पनि यिनको मन उनीसँग आबद्ध भएको रहेछ" भन्ने बिचार गरी एक्कासी उनले उत्तरा प्रति ईर्ष्या गरिन् । उनले यो तथ्यलाई पटक्कै संझन सकिनन् कि उनी त्यस घरमा केही दिनको-निमित्त मात्र आएकी हुन् । अज्ञानतावश उनले त्यस घरकी मालिकनी आफैलाई संझिन् । अनि उत्तरा प्रति अनाहक रीस र डाहगरी, क्षणिक मान र ममताको कारणले प्रमादिनी भई, प्रासादबाट ओर्ल्हीं चूलामा गई एक्कासी चूलोमा तताइ राखेको घ्यू लिई उत्तराको टाउकोमा खन्याउन थालिन् ।

अनाहक ईर्ष्याले कराइको तातो घ्यू लिई आफ्नो अगाडि आइरहेकी सिरिमालाई देखेर उत्तराले मैत्रीचित्त फैलाउँदै "मेरी सहायिकाले मलाई ठूलो उपकार गरेकीछिन् । उनको गुण

चक्रवाल तथा ब्रह्मलोकभन्दा पनि विशाल छ । यिनकै सहयोगले गर्दा मैले बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिन पाएँ, धर्म सुन्न पाएँ, तथा सङ्घ सुश्रूषा पनि गर्न पाएँ । अतएव, यदि यिनी प्रति मेरो मनमा कुनै द्वेषभाव रहेन छ भने यो तातो घ्यूले मलाई न पोलोस्; होइन भने पोलोस्" भनी मैत्री भावना गरी, समाधिष्ठ चित्त गरी अधिष्ठान गरिन् । सिरिमाले उत्तराको टाउकोमा तातो घ्यू खन्याइ दिइन् । मैत्री समाधिचित्तको प्रभावले गर्दा उत्तरालाई तातो घ्यूले पोल्न सकेन । बरु कमलको पातमा खन्याएको पानी जस्तै भयो । त्यसैले मैत्रीचित्तलाई आफ्नो अङ्गप्रत्यङ्ग समानगरी, बहुलतर भाविता गर्ने ध्यानीले एघार गुणहरू यसै जन्ममा प्रत्यक्षरूपले पाउन सक्छ भनी बुद्धले भन्नु भएको हो[१] ।

उत्तरालाई तातो घ्यूले केही नभएको देखी "सेलाएको घ्यू पऱ्यो होला" भन्ने विचार गरी पुनः कराइमा उमालिराखेको घ्यू लिई उत्तराको टाउकोमा खन्याउन जाँदा, दाशीहरूले देखेर "अरे दुष्टा ! तैंले के ठानिस्, किन हाम्री मालिक्नी माथि तातो घ्यू खन्याउन लागेकी ? हाम्री मालिकनीको दिनको एकहजार कार्षापणलिई आज तँ यत्तिको उफ्रेकी !" भन्दै सबैले खूब चुट्न थाले । उत्तराले कत्ति रोक्दा

---

१. हेर माथि श्यामावतीको मैत्रीकोफल पृ. २४७

पनि रोक्न सकिनन् र सिरिमा गणिका भुँईमा पछारिइन् । उत्तरा उपासिकाले उनलाई अंगाल्न गइन् । त्यतिखेर मात्र दासीहरूले उनलाई चूट्न छाडे । सिरिमालाई बेसकरी दुघाहा भयो । उत्तराले उनलाई उठाई लगेर तातोपानीले नुहाइन् । सतपाक तेल समेत उनको आँगमा घसिदिइन्[1] ।

सिरिमा गणिकाको पश्चात्ताप

यतिखेर सिरिमाले आफू केही दिनकोनिमित्त मात्र त्यस घरमा आएको कुरा सम्झी, रूसंग भई, आफूले गरेको ईर्ष्या प्रति पश्चात्ताप गरिन् । यस्तै ईर्ष्यालु आईमाईलाई लक्षमा राखी भगवान् बुद्धले अङ्गुत्तरनिकायमा[2] "आईमाईहरू क्रोधी स्वभावका हुन्छन्, इर्ष्यालु स्वभावका हुन्छन्" भनी आदि कुरा भन्नु भएको हो ।

उत्तराको मैत्रीको प्रभावदेखी, सिरिमा गणिका अत्यन्त लाचारभई उत्तराको पाउमापरी क्षमा मागिन् ।

उत्तराले भनिन्— "मेरो पितासँग क्षमा मागे मात्र मेले क्षमा दिनेछु ।"

---

१. धम्म. अ.क पृ. ४८४-८५; विमा.वं.अ. क. पृ. ५४; अं नि. अ. क. I. पृ. २४३.

२. अं नि-४ पृ. ८७: कम्बोजसुत्तं अ. क. II. पृ. ५२३

"अम्मे ! हुन्छ, म तपाइको पिता पूर्णसिंह सेठसँग पनि क्षमा माग्ने छु ।"

"अम्मे ! पूर्णसिंह श्रेष्ठी त मेरो सांसारिक पिता मात्र हुन् । संसारबाट पारलगाइदिने पितासँग क्षमा मागे मात्र क्षमा गर्ने छु ।"

"अम्मे संसारबाट पारलगाइदिने पिता को हुन् त ?"

"अम्मे ! वहाँ त सम्यक सम्बुद्ध नै हुनुहुन्छ ।"

"अम्मे ! किन्तु, वहाँसँग त मेरो परिचय नै छैन ।"

"ठीक छ, परिचय छैन भने, म परिचय गराइदिने छु । भोलि वहाँ भिक्षुसङ्घ लिई मेरो घरमा भोजनार्थ पाल्नु हुने छ । त्यतिखेर तिमी पनि आफूले सक्दो दानादि दिने वस्तुहरू जुटाई यहाँ आऊ र वहाँसँग क्षमा माग ।"

उत्तराको यति कुरा सुनी "हुन्छ" भनी सिरिमा गणिका आफ्नो घर फर्किन् । भोलिपल्ट उनले खानपान, रोटी, फल-फूलहरू जोरजामगरी, पाँचशय आफ्ना परिवार गणिकाहरू[1] साथमा लिई उत्तरा उपासिकाको घरमा गइन् । भगवान् बुद्ध पनि, भोजनगर्ने समय भएपछि भिक्षुसङ्घ साथमा लिई उत्तराको

१. पटि. म. अ. क पृ. ४९७

घरमा जानु भई त्यहाँ इबिच्छाय राखेको आसनमा बस्नुभयो। उत्तराको सासु, ससुरा तथा पति पनि त्यहाँ उपस्थित भए[१]।

बुद्ध सहित भिक्षुसङ्घलाई उत्तराले आफ्नै हातले प्रणीत भोजन अर्पितगरिन्। किन्तु सिरिमाले बुद्धको अगाडि गई भोजन चढाउने साहस गर्न सकिनन्। उत्तराले नै उनले ल्याएको खाद्य-भोज्यहरू पस्की दिइन्। भोजनोपरान्त सिरिमा आफ्ना परिवार स्त्रीहरूकासाथ अगाडि गई, भगवान्को चरणकमलमा ढोगी "भन्ते! मैले उत्तरा प्रति अपराध गरें, मलाई क्षमा गर्नुहोस्!"

"सिरिमे! के अपराध गऱ्यौ?" भनी भगवान्ले सोध्नु हुँदा उनले उत्तरा प्रति अज्ञानवश गरेको अपराधको कुरा जस्तै सुनाई उत्तरा उपासिकाले आफू प्रति देखाएको मैत्रीयुक्त सहानुभूति-कुरासमेत सुनाई "भगवान्ले आफूलाई क्षमा गरेमा उत्तराले पनि क्षमागर्ने छु" भनी भनेको कुरा पनि बिन्तिगरिन्।

अनि भगवान्ले उत्तरातिर हेरी "उत्तरे! हो, तिमीले त्यसो भनेकी?" भनी सोध्नु भयो। उत्तराले पनि "भन्ते! हो" भन्दै स्वरत्ररूपले घटेका सबै घटनाहरू सुनाइन्।

---

१. पटि म. अ. क. पृ. ४९७

"उत्तरे ! तातो घ्यू तिम्रो टाउकोमा खन्याउँदा तिमीले के सोचेकी थियौ त ?" भनी भगवान्‌ले सोध्दा उत्तरा उपासिकाले निम्न कुराहरू जवाफ दिइन्—

"भन्ते ! सिरिमाले मलाई तातो घ्यू खन्याउन आउँदा मैले उनी प्रति द्वेषभाव राखिन, बरू मैले, उनीबाट पाएको उपकारलाई सम्झी उनको गुण अनुस्मरण गरेको थिएँ; उनीमाथि मैत्रीचित्त फैलाएको थिएँ र 'यदि मेरो मनमा उनीमाथि द्वेषभाव नभएको साँच्चै हो भने, मलाई तातो घ्यूले नपोलोस् भनी सत्यक्रियाका साथ मनमा अधिष्ठान गरेकी थिएँ ।'"

बुद्धोपदेश

उत्तराको प्रत्युत्तर सुनी भगवान् बुद्धले परिषद्‌का सामुन्ने उत्तरालाई "साधु ! साधु ! उत्तरे !! क्रोधलाई अक्रोधद्वारा नै जित्नसक्नुपर्छ" भन्नुहुँदै निम्न गाथाद्वारा धर्मोपदेश गर्नुभयो—

"अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।
जिने कदरियं दानेन, सच्चेनालिकवादिनं[1] ।।"

अर्थ—

"क्रोधलाई अक्रोध (=मैत्री)द्वारा जित्नसक्नु पर्छ,

१. धम्म. पृ. ३८: गाथा २२३, वर्ग १७

खराबलाई असलद्वारा जित्नसक्नु पर्छ; त्यसैगरी कञ्जूसलाई दानद्वारा जित्नसक्नु पर्छ र असत्यतालाई सत्यद्वारा जित्नसक्नु पर्छ।"

यी उपदेश सुनी उत्तरा उपासिका सकृदागामी भइन्[१]। उत्तराको सासु, ससुरा तथा पति तीनैजना स्रोतापन्न भए[२]। सिरिमा गणिका पनि सपरिवार पाँचशय स्त्रीहरूसँगै स्रोतापन्न भइन्[३] र उनले उत्तरा उपासिकासँग पनि क्षमा मागिन्[४]। यो उपदेश उपस्थित सबैकानिम्ति पनि सार्थक भएको थियो।

उत्तराको प्रतिभा

एकदिन भिक्षुहरूको सभामा उत्तरा उपासिकाको समाधि शक्तिको बारेमा कुरा चलिरहेको थियो। भगवान् त्यसबेला त्यहाँ

---

१. विमा. व अ. क. पृ. ५६: उत्तराविमान।

२. विमा. व. अ. क. पृ. ५६; पटि. म. अ. क. पृ. ४९८

३. धम्म. अ. क. पृ. ३८७: सिरिमायवत्थु, पृ. ४८६: उत्तराय-वत्थु; अं. नि. अ. क. I. पृ. २४४: एककनिपातवण्णना, एतदग्ग; विमा. व अ. क. पृ. ५६: उत्तराविमान, पृ. ६०: सिरिमाविमान; पटि. म. अ. क. पृ. ४९८

४. अं. नि. अ. क. I. पृ. २४४

आइपुग्नु भयो । अनि भिक्षुहरूकाबीच कुराहरू चलिरहेको कारण बुझी भगवान्‌ले सोही सन्दर्भमा उत्तरा उपासिका सम्बन्धी अरू पनि कुराहरू प्रकाश पार्नुभई उत्तरानन्दमाता ध्यानी उपासिका-हरूमध्ये अग्रगण्य भएको कुरा घोषणा गर्नुभयो । यो कुरा तल उल्लिखित मूल सूत्रको "अग्रस्थान" भन्ने शीर्षकले पुष्टचाँइ गरेको छ ।

विशुद्धिमार्ग[1] तथा प्रतिसम्भिदामार्ग[2] ग्रन्थहरूमा उल्लेख भए अनुसार उत्तरानन्दमाताले समाधिविस्फार ऋद्धि (=अलौकिक चमत्कार) प्राप्त गरेकी थिइन् ।

उत्तरानन्दनमाता र खुज्जुत्तरा उपासिकाहरू भगवान् बुद्धका अग्र युगल उपस्थायिका पनि थिइन्[3] ।

---

१. विसु. म. पृ. २८३: इध्दिविधनिद्देसो-१२

२. पटि. म. पृ. ४७६: दसइध्दि निद्देसो, अ. क. पृ. ४९७

३. थेर अप. II. पृ. ६६: धम्मरुचियत्थेर अपदानं; बु. वं पृ. ३१०: सुमेधपत्थनाकथा, अ. क. पृ. ७७; पृ. ३२३: कोण्डञ्ञबुध्दवंसो, अ. क. पृ १०७; पृ. ३८१: गोतमबुद्ध-वंसो, अ. क. पृ २४४ । हेर माथि खुज्जुत्तराको परिचय पृ. २११ मा पनि ।

एकदिन महामौद्गल्यायन महास्थविरले देवलोक चारिका गर्दा, त्रयस्त्रिंश देवलोकमा उत्तरा देवीसँग भेट हुँदा उनीसँग सोधेको र उनले उत्तर दिएको कुरा तल उल्लिखित मूल पालिको "उत्तरा-विमान" भन्ने शीर्षकले उत्तरानन्दमाता उपासिका परलोक भएपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न भएको[1] कुरालाई प्रमाणित गरेको छ ।

उत्तरानन्दमाताको नाम प्रमुख उपासिकाहरूका नामावलीमा पनि समावेश भएको छ[2] ।

× × ×

भिन्नाभिन्नै उत्तराहरू

१. उत्तरा (थेरी)— यिनी कपिलवस्तुको शाक्य राजकुलमा जन्मी तरुणी भएपछि सिद्धार्थ गौतम बोधिसत्वको राजदरबारमा बसेकी थिइन् । पछि प्रजापति गोतमीसँगै प्रव्रजित भई बुद्धको उपदेश सुनी

---

१. विमा. व. क. पृ. ५६: उत्तराविमान ।

२. अं. नि--द. पृ. ४२८: सामञ्ञवग्गो, अ. क. II. पृ. ७११

अरहन्नी भइन् । थेरी. गा. अ. क. पृ.: १७ उत्तराथेरीगाथा ।

२. उत्तरा (थेरी) — यिनी श्रावस्तीको एक कुलगृहमा जन्मेकी थिइन् । पछि पटाचारा भिक्षुणीकहाँ गई उनको उपदेश सुनी संसारबाट विरक्त भई, घरबार त्यागी भिक्षुणी भएपछि चतुप्रतिसम्भिदा-ज्ञान सहित अरहन्नी भइन् । थेरी. गा. अ. क. पृ. १२: उत्तराथेरीगाथा ।

३. उत्तरा (थेरी)— यिनी नारद बुद्ध भगवान्‌का युगल अग्रश्राविकाहरू मध्येकी एक हुन् । बु. व. पृ. ३४१: नारदबुद्धवंसो, अ. क. पृ. १५१.

४. उत्तारा(थेरी)— यिनी कोणागमन बुद्ध भगवान्‌का युगल अग्रश्राविकाहरू मध्येकी एक हुन् । बु. वं पृ. ३७४: कोणागमनबुद्धवंसो, अ. क. पृ. २१३

५. उत्तरा (थेरी) – यिनी १२० वर्षकी थेरी थिइन् । एकदिन यिनले आफूले मागी ल्याएको भिक्षा-भोजन एक भिक्षुलाई दिइन् र आफू निराहार बसिन् । यस्तैगरी दुइ तीन दिनसम्म आफूले पाएको भिक्षा-भोजन भिक्षुलाई दिई आफू निराहार नै बसेकी थिइन् । त्यसबखत भगवान् बुद्ध

जेतवन विहारमा बस्नु भएको थियो । एकदिन उनले, भगवान्‌लाई एक सांगुरो बाटोमा भेट्दा, भगवानलाई बाटो छाडिदिन पर सर्दा आफ्नै चीवर-वस्त्रमा कुल्ची अल्झेर लोटिन् । भगवान्‌ले उनलाई "परिजिण्ण मिदंरूपं" इत्यादि भन्ने श्लोकद्वारा उपदेश गर्नुहुँदा उनले स्रोतापन्न फल प्राप्तगरेकी थिइन् । धम्म. क. अ. पृ. ३२०: उत्तरित्थेरी-यावत्थु ।

६ उत्तरा— यिनी पेतवत्थुमा उल्लिखित नन्दक अमात्यकी छोरी हुन् । दुर्गति प्राप्त आफ्नो पितालाई उद्देश्यगरी यिनले पुण्यदान दिएकी थिइन् । पेत. व. अ. क. पृ. २१६: नन्दकपेतवत्थु, अ. क. पृ. १७४

७. उत्तरा— यिनी मङ्गलबुद्ध भगवान्‌की माता हुन् । बु. वं. पृ. ३२६: मङ्गलबुद्धवंसो, अ. क. पृ. ११५

८. उत्तरा— यिनी पदुमुत्तर (पद्मोत्तर) भगवान् बुद्धकी–बुद्ध हुनुभन्दा अगाडिकी·· धर्मपत्नी हुन् । बु.

वं. पृ. ३३९: पदुमुत्तरबुद्धवंसो, अ. क. पृ. १४६.

९. उत्तरा— यिनी विपस्सी (विपश्वी) भगवान् बुद्धका युगल अग्रउपस्थायिकाहरूमध्येकी एक हुन्। बु. वं. पृ. ३६५: विपस्सीबुद्धवंसो, अ. क. पृ. १९५.

१०. उत्तरा-- यिनी कोणागमन भगवान् बुद्धकी माता हुन्। बु. वं. पृ. ३७८: कोणागमनबुद्धवंसो, अ. क. पृ. २१३; दी. नि. II. पृ. ८: महापदानसुत्तं।

११. उत्तरा— यिनी हुन् आफनो रूपलावण्यता देखी कामसंज्ञा उत्पन्न गर्ने। यिनलाई आनन्द महास्थविरले "पस्स चित्तकतं बिम्बं" आदि सातवटा श्लोक सुनाउनु भएको थियो। यी श्लोकहरू आनन्द महास्थविरले अम्ब्रपाली देखेर अन्यमनस्क भएकाहरूलाई अववादको रूपमा सुनाउनु भएको थियो भन्ने कुरा पनि थेरगाथा-अर्थकथा (पृ. १२९) मै उल्लेख भएको पाइन्छ। थेर. गा. अ. क. II. पृ. १२९: आनन्दत्थेरगाथा।

१२. उत्तरा— बुद्ध हुने वैशाख पूर्णीमा के दिनमा यिनले मङ्गल भगवान् बुद्धलाई क्षीर-भोजन प्रदान गरेकी थिइन् । बु. वं. अ. क. पृ. ११६: मङ्गल-बुद्धवंसो ।

१३. उत्तरा— यिनी एक यक्षिणीकी छोरी हुन् । भगवान् जेतवन विहारमा बस्नुभएको बेलामा, एकदिन, सूर्यास्त भएपछि छोरा र छोरी साथमा लिई पुनब्बसुमाता यक्षिणी जेतवन विहारमा आइकी थिइन् । बुद्धको उपदेश सुनी यिनले मार्गफल प्राप्त गरिन् । यिनकै छोरीको नाम उत्तरा हो । सं. नि. अ. क. I. पृ. २३८: पुनब्बसुसुत्तं ।

१४. उत्तरा (नन्दमाता)–यिनी राजगृहकी पूर्णसिंहकी छोरी हुन् । यिनकै चरित्रकथा यहाँ उल्लेख गरिएको छ । यिनको नाम बुद्धवंसो[1] तथा अङ्गुत्तरनिकाममा[2] समुल्लेख भएको पाइन्छ । अर्थकथाहरूमा यिनको नाम प्रायः "उत्तरा" भनी उल्लेख गरिएको छ ।

× × ×

---

१. पृ. ३१०, ३२३, ३८१, ३६४, ३७७ तथा अप. पा. II. पृ. ६६.

२. अं. नि–१ पृ. १७ एतदग्ग; अं. नि-८. ४२८.

मूल सूत्र—

१–अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं झायीनं यदिदं उत्तरानन्दमाता[1]।"

अर्थ—

"भिक्षुहो ! मेरा ध्यानी श्राविका उपासिकाहरूमध्येमा उत्तरानन्दमाता अग्रछिन्।"

+　　　　+　　　　+

---

१. अं नि–१. पृ. २७ एतदग्गसुत्तं, अ. क. I. पृ. २४०

मूल पालि—

२–उत्तरा–विमान

प्रश्न –

(१) "अभिक्कन्तेन वण्णेन, या त्वं तिट्ठसि देवते।
ओभासेन्ती दिसा सब्बा, ओसधी विय तारका॥

(२) "केन ते तादिसो वण्णो, केन ते इध मिज्झति।
उप्पज्जन्ति च ते भोगा, ये केचि मनसा पिया॥

(३) "पुच्छामी तं देवि महानुभावे,
मनुस्सभूता किमकासि पुब्बं।
केनासि एवं जलितानुभावा,
वण्णो च ते सब्बदिसा पभासती'ति[१]॥"

अर्थ—

१–"अभिरूप भई देवलोकमा तिमी ओसधि (–शुक्र) ताराले जस्तै सबै दिशा चम्काउँदै बस्दैछ्यौ—

२–"कुन[?] कर्मले गर्दा तिम्रो यस्तो वर्ण भएको हो ? कुन कर्मले

---

१. विमा. व. पा. पृ. १८: उत्तराविमान, अ. क. पृ. ५०.

गर्दा तिमी यहाँ (= देवलोकमा) उत्पन्न भयौ ? कुन कर्मले गर्दा तिम्रो इच्छानुसार भोगसम्पत्ति प्राप्त भएको हो ?

३–"हे प्रभावशालिनी देवी ! तिमीसँग म सोध्दछु कि मनुष्यछँदा तिमीले के पुण्यगऱ्यौ ? कुन कर्मले तिमी यहाँ यस्तो प्रज्वलित भयौ र कुन कर्मले गर्दा तिम्रो वर्ण सबै दिशान्तिर प्रकाश भएको हो ?"

उत्तर—

(४) सा देवता अत्तमना, मोग्गल्लानेन पुच्छितो ।
पञ्हं पुट्ठा वियाकासि, यस्स कम्मस्सिदं फलं ॥

अर्थ –

४--मौद्‌गल्यायन महास्थविरले सोध्नु भएको उपरोक्त प्रश्न सुनी सो देवी खुशीहुँदै—जुन कर्मलेगर्दा त्यस्तो भएको हो, सो कारण बताउँदै उनले यस्तो उत्तर दिइन्—

(५) "इस्सा च मच्छेरमथो[1] पळासो,
नाहोसि मय्हं घरमावसन्तिया ।
अक्कोधना भत्तुवसानुवत्तनी,
उपोसथे निच्चहमप्पमत्ता ॥[2]

---

१. स्याममा: 'मच्छरियमाना', रोमनमा: 'मच्छरियमथो' ।

२. स्याम र रोमनमा: 'निच्चप्पमत्ता' ।

(६) "चातुद्दसिं पञ्चदसिं, या च पक्खस्स अट्ठमी।
पाटिहारियपक्खं च अट्ठङ्गसुसमागतं ॥

(७) "उपोसथं उपवसिस्सं[1], सदा सीलेसु संवुता।
सञ्ञमा संविभागा च, विमानं आवसामहं ॥

(८) "पाणातिपाता विरता, मुसावादा च सञ्ञता।
थेय्या च अतिचारा च, मज्जपाना च आरका ॥

(९) "पञ्चसिक्खापदे रता, अरियसच्चान कोविदा।
उपासिका चक्खुमतो, गोतमस्स यसस्सिनो ॥

(१०) "साहं सकेन सीलेन, यससा च यसस्सिनी।
अनुभोमि सकं पुञ्ञं, सुखिता चम्हि नामया ॥

(११) "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पियो ॥

(१२) "अक्खामि ते भिक्खु महानुभाव,
मनुस्सभूता यमहं अकासिं।

---

१. स्याम र रोमनमाः 'उपवसिं'।

तेनम्हि एवं जलितानुभावा,
वण्णो च मे सब्बदिसा पभासती ति ॥"

अर्थ—

५-"म घरमा (मनुष्यलोकमा) छँदा ममा ईर्ष्या, मात्सर्य तथा द्वेष थिएन । अक्रोधिनी, पतिआज्ञाकारिणी, तथा अप्रमादिनी भई सँधै उपोसथशील[1] पालन गर्दथें ।

६-"मैले सो अष्टाङ्गिक उपोसथशील, चतुर्दशी, पञ्चदशी तथा पक्षको[2] अष्टमी अनि पक्षको पाटिहारिय[3] दिनहरूमा पनि पालन गर्दथें ।

---

१. 'उपोसथशील' भनेको कस्तो हो भन्ने बारेमा माथि 'उपोसथ-व्रत' भन्ने शीर्षकमा हेर्नू पृ. १२९

२. प्रत्येक महीनामा १५ दिनको एक पक्ष हुन्छ— शुल्कपक्ष र कृष्णपक्ष । यस पक्षको चौधौं र पन्ध्रौं तथा आठौं दिनहरू ।

३. व्रतबस्ने दिनको अगिल्लो र पछिल्लो दिनहरूलाई 'पाटि-हारिय' (=प्रातिहारीय अथवा पाटिहारिक) भन्दछन् । भनाइको तात्पर्य प्रवेश र निश्क्रमणको दिन हो । जस्तै—

७--"यसरी उक्त सबै दिनहरूमा उपोसथशील पालनगरी, संयमीभई दानकार्यमा रतभई म घरमा बस्दथें र नित्यप्रति निम्नशीलहरू पनि पालन गर्दथें—

८-"प्राणीहिंसाबाट दूर रही, मृषावादबाट संयत रही, चोरी, अनाचार र मद्यपान पनि गर्दैनथें।

९--यसरी पाँच शिक्षापदहरूलाई पालनगरी, चतुरार्यसत्य[१] ज्ञानलाई अवबोधगरी, चक्षुमान् यशस्वी गौतम बुद्धको धर्ममा म

चतुर्दशीको अघिल्लो र पछिल्लो दिन भन्नाले त्रयोदशी र प्रतिपदा; पञ्चदशीको अघिल्लो र पछिल्लो दिन भन्नाले चतुर्दशी र प्रतिपदा; त्यस्तै अष्टमीको अघिल्लो र पछिल्लो दिन भन्नाले सप्तमी र नवमी हुन्छ। विमा. व. अ. क. पृ. ५८. वर्षावासभरी उपोसथव्रत पालनगर्नेलाई पनि "पाटिहारिय" उपोसथ दिन भन्दछन्। अं नि. अ क. I. पृ. ३७८.

१ (१) दुःखको ज्ञान, (२) दुःख समुदयको ज्ञान, (३) दुःख निरोधको ज्ञान र (४) दुःखनिरोधहुने मार्गको ज्ञान—यी चार ज्ञानलाई 'चतुरार्यसत्य-ज्ञान' भन्दछन्।

उपासिका भई बसेकी थिएँ ।

१०-"आफ्नैले त्यहाँ (=मनुष्यलोकमा) पञ्चशील, अष्टशीलादि गुणधर्महरू पालनगर्नाको हेतुले सो म यहाँ आज, (=देवलोकमा) यशस्वी, कीर्तिमतीभई आफ्नै पुण्यफल भोगगर्दै सुखी तथा निरोगिनी भई बसेकी छु ।

११-"त्यही कर्मले यहाँ मेरो त्यस्तो वर्ण भएको हो, त्यसैले यहाँ मेरो मनोकामना पूर्णभएको हो र त्यही कर्मको फलले मैले चिताएबमोजिम यहाँ मलाई भोगसम्पत्तिहरू पनि उपलब्ध भएका हुन् ।

१२-"महानुभाव सम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा मैले के गरेकी थिएँ भन्ने बारेमा मेरो भनाई यहीनै हो । त्यसैले यस्तो प्रज्वलित आनुभावसम्पन्नभई मेरो वर्णको प्रकाश सबै दिशातिर फैलिएको हो ।"

त्यसपछि सो देवीले फेरि यसो भनिन्—

"भन्ते ! मेरो वचनले भगवान्को चरणकमलमा "उत्तरा भन्ने उपासिकाले भगवान्को चरणकमलमा वन्दना गर्छै" भनी वन्दाना गरिबिनुहोस् । यदि भगवान्ले मेरोबारेमा सामञ्ञ

(= आफैंले जान्नु पर्ने) फलहरूमध्ये[1] कुनै एक फलमा पुगेकी छे भनी सकृदागामीको कुरा बताउनु भएमा कुनै आश्चर्य लाग्ने छैन ।"

---

१. अष्टाङ्गिकमार्गलाई 'सामञ्ञ' भन्दछन् । स्रोतापन्न-मार्गफल, सकृदागामी-मार्गफल, अनागामी-मार्गफल तथा अर्हत्-मार्ग फल—यी चार मार्ग-फलहरूलाई 'सामञ्ञफल' भन्दछन् । सं. नि-५ पृ. २२: पठमसामञ्ञफलसुत्तं ।

६. सुप्पवासा उपासिका

परिचय

कपिलवस्तुस्थित रोहिणी नदीको पारिपट्टि कोलीय वंशीय क्षत्रीहरूका कोल वा कोलीय भन्ने राज्य थियो[१]। यसको राजधानी देवदह[२] नगर हो। कोलीय वंशीहरू र शाक्य-वंशीहरू एकै खान्दानका हुन्[३]। यिनीहरूका बीच आवाह-विवाह गर्ने परम्परा पुस्तौंदेखि चलिआएको थियो[४]।

सुप्पवासा (सुप्रवासा) कोलीय राजकुमारीको जन्म, कोलीय नगरकै राजकुलमा भएको थियो[५]। यौवन सम्पन्न भएपछि उनको विवाह, अङ्गुत्तरनिकायार्थकथा अनुसार[६], एक शाक्य राज-

---

१. हेर बु. रा. पृ १२४

२. G.D·पृ.१०२; प्राचिन देवदह, हाल नेपालराज्यको लुम्बिनी अञ्चल अन्तर्गतको 'देवीदमाद' भन्ने गाउँ हो।

३. हेर बु. रा. पृ. १२१

४. हेर बु. रा. पृ. १२४

५. अं. नि. अ. क. I. पृ. २४४: एतदग्ग, एककनिपातवण्णना।

६. I. पृ. २४४

कुमारसँग र उदानपालि तथा अर्थकथा अनुसार[1] एक कोलीय राजपुत्रसँग भएको कुरा उल्लेख भएको छ । अङ्गुत्तरनिकायार्थकथामै[2] शीवली महास्थविरको अर्थवर्णनामा र शीवली-थेरगाथा अर्थकथामा[3] भने केवल 'एक राजा' भन्ने मात्र समुल्लेख भएको छ । अपदानअर्थकथा[4] र जातकअर्थकथामा[5] केवल 'पति' भन्ने शब्दमात्र प्रयोग भएको छ । सीवलीत्थेर अपदानपालिबाट[6] भने सुप्पवासाको पति महाली लिच्छवी हुन् भन्ने कुरा बुझिन्छ । लेखकले उदानपालि र अङ्गुत्तर-निकायार्थकथाको अनुशरण गरेको छ ।

पतिकुलमा

पतिकुलमा गइसकेपछि, बुद्धसँगको प्रथम भेटमै सुप्पवासा (सुप्रवासा) कोलीय राजकुमारीले स्रोतापन्नफल साक्षात्कार गरेकी

---

१. उदा. अ. क. पृ. ८६: सुत्तं-८, मुचलिन्दवग्गे । यो कुरा तल उल्लिखित सूत्रको "सातवर्ष गर्भ धारण' भन्ने शीर्षकमा छ ।

२. I. पृ. १३८: एककनिपातवण्णना ।

३. पृ. १३७

४. पृ ४४३: सीवलीत्थेर ।

५. I. पृ. ३०१: असातरूपजातकं, नं १००

६. "पच्छिमे च भवेदानि, जातोह कोलियेपुरे ।
सुप्पवासा च मे माता, महालि लिच्छवी पिता ॥"
अप. पा. पृ. १४४

थिइन्[१]। यिनीहरू कोलीय नगरकै पज्जनिक[२] निगममा[३] बस्दथे। सातवर्षसम्म गर्भधारण गरेपछि[४] सुप्पवासाले शीवली (सीवली) भन्ने पुत्र जन्माएकी थिइन्[५]।

एकसातासम्म भोजन दान

सुप्पवासा गर्भिणीछँदा गर्भमा बसेको वालकको पुण्य-प्रभावद्वारा, उनले निक्कै लाभसत्कार पाएकी थिइन्। गर्भिणी सुप्पवासाको पुण्य-प्रभाव परीक्षागर्न मानिसहरूले अनेक बिउहरू ल्याई उनलाई छुवाउँथे। सुप्पवासाले छोइदिएको बिउको फल सश्रीक हुन्थ्यो[६]

---

१. अं. नि. अ. क. I. पृ. २४४; उदा. अ. क. पृ. ८४

२. सिहल र रोमनमा: "सज्जनेल' र स्याममा: 'पज्जनेल' भन्ने उल्लेख भएको छ।

३. अं. नि. अ. क. I. पृ. ५१५: सुप्पवासासुत्तं।

४. अं. नि अ. क. I. पृ. १३८: सोवलीत्थेर; थेर. गा. अ. क. पृ १३७: सीवलीत्थेरगाथा; अप. अ. क. प. ४४२; जा. अ. क. I. पृ. ३०१: असातरूपजातकं। यो कुरा तल उल्लिखित सूत्रको 'सातवर्ष गर्भधारण' भन्ने शीर्षकमा छ।

५. अं. नि. अ. क. I. पृ १३८; थेर. गा. अ. क. पृ. १३७; अप. अ. क. पृ. ४४२

६. अं. नि. अ. क. I. पृ. १३८; थेर. गा, अ. क. पृ. १३७; अप. अ. क. पृ. ४४२

र मगधराज्यको भद्रीय नगरको मेण्डक श्रेष्ठी[1] परिवारले जस्तै सुप्पवासाले छोएका वस्तुहरू सिद्धिन्नथे ।

सुप्पवासाले सातवर्षसम्म गर्भधारण गरी साह्रै कष्ट भोगेका थिइन् । जब जब उनलाई गर्भवेदना हुन्थ्यो तब तब उनले बुद्ध, धर्म तथा सङ्घको गुणहरू अनुस्मरणगरी वेदना सहन्थिन्[2] । अन्तिम एकसाता उनले साह्रै नै दुःख पाइन् ।

स्वभावत गर्भिणी–स्त्रीलाई प्रसव-बेथा लाग्दा कर्मज वायु-चली गर्भस्थ बालकको शीर योनीमार्गतिर पर्न जान्छ । किन्तु सुप्पवासालाई प्रसव-बेथा लाग्दा कर्मज वायुचली गर्भस्थ बालकको शीर योनीमार्गतिर पर्नुकोसट्टा तेर्सो पर्नगयो । त्यसैलेगर्दा एकसातासम्म व्याकुलितभई ज्यादै असह्य कष्टपाएकी थिइन् । यसै कारणलाई ध्यानमा राखी मूलसूत्रमा "एकसातासम्म बेथालागी साह्रै दुःख पाइन्" भनी उल्लेख गरेको हो । गर्भको बालक तेर्सो पर्दा योनीमार्ग पनि स्वतः बन्द हुन जान्छ[3] ।

---

१. हेर बु. रा. पृ. ६५

२. उदा. अ. क. पृ. ८६; धम्म. अ.क.पृ. ६४८ सीवलीत्थेरस्स-वत्थु ।

३. उदा अ. क. पृ ८५

यस्तो असह्य वेदना सहनुपर्दा सुप्पवासाले आफ्नो पति कोलीयराजालाई सम्बोधन गरिन्—

"भो स्वामी ! प्रसव बेदनाले मर्नुभन्दा अगावै भगवान् बुद्धलाई दान दिन चाहन्छु । अतएव तपाइ भगवान् कहाँ जानुभई मेरो दुःख वेदनाको हाल सुनाइदिनुहोस् र वहाँले के जवाफ दिनुहुन्छ सो कुरा पनि मलाई बताउनुहोस् ।"

त्यस बखत भगवान् बुद्ध कुण्डिका नगरको कुण्डधान भन्ने वनमा, कोलीय राजाहरूले बनाइराखेको विहारमा[१] बस्नु भएको थियो ।

अनि सुप्पवासाको पति कोलीय राजा भगवान् कहाँ गई, वहाँलाई वन्दना गरी सुप्पवासाले बिन्तिगरे झैं सबै कुरा सुनाउँदै, सुप्पवासा प्रसव-वेदनाले सातदिनदेखि अति पीडित भई बसिरहेको कुरा पनि सुनाए । यति कुरा सुन्नु भएपछि भगवान्ले "कोलीयकी छोरी सुप्पवासा सुखीहुन् ! निरोगतापूर्वक निरोगी पुत्र जन्माउन्" भनी आर्शिवाद दिनुभयो । यो सुनी कोलीयराजा, भगवान्लाई अभिवादन गरी आफ्नो गाउँ फर्केर गए[२] ।"

---

१. उदा. अ. क. पृ. ८४

२. थेर. गा. अ.क.पृ. १३७; अं. नि. अ. क.पृ. I. १३८; अप. अ. क. पृ. ४४२

कोलीय राजा घर न पुग्दै, भगवान् बुद्धले आशिर्वाद दिनुभएको बेलामै, सुप्पवासाले फिल्टरबाट पानी निस्कने जस्तैगरी पुत्र जन्माइन् । गहभरी आँसु लिई चारैतिर घेरालगाई बसेका सबै परिवारहरू हाँस्न थाले । राजालाई पनि तुरुन्त खबर पठाए । राजाले बाटामा आइरहेका मानिसहरूका छाँटकाट देख्नेबित्तिकै "अवश्यमेव महाकारुणिक सर्वज्ञ बुद्धले दिनुभएको आशिर्वाद पूर्णभयो होला" भन्ने विचार गरी, घरफर्केपछि राजाले सुप्पवासालाई भगवान्ले भन्नु भएको कुरा जम्मै सुनाए ।

पतिको कुरासुनी सुप्पवासाले भनिन्—

"भो स्वामी ! मृत्यु हुनु भगावै जिउँदै दिनलाग्नु भएको तपाइको दान अब मङ्गल दानको रूपमा परिणत भएको छ । जानुहोस्, भगवान्लाई एकसातासम्मकोनिम्ति निम्तो गर्नुहोस् ।"

राजाले सुप्पवासाको इच्छानुसार भगवान् कहाँ गई वहाँलाई निम्तो गरे ।

सारा राजपरिवार तथा नाताकुटुम्बहरूका शोक सन्तप्त हृदयलाई शीतल पार्दै जन्मेको हुनाले वालकको नाम "शीतली" हुनुपर्नेमा "शीवली" भन्ने नामकरण भयो[1] ।

---

१. अं. नि. अ. क. I. पृ. १३८; थेर. गा. अ. क. पृ. १३७; अप. अ. क. पृ. ४४३

वालक जन्मेको एघारौं दिन बितिसकेपछि एकसातासम्म बुद्ध प्रमुख भिक्षुसङ्घलाई महादान दिए[1]। सोही साताको अन्तिम दिनमा धर्मसेनापति सारिपुत्र माहास्थविरले, सातवर्षीय शीवली कुमारसँग कुरागर्नु भएको देखी, आमाहुने सुप्पवासाले आफ्नो मनको सारा दुःख पीडालाई बिर्सेकी मात्र होइनन्— भयान्धकारमा अल्झी अरु त्यस्ता वालकहरू सातवटा भए पनि जन्माउन आफू तयार भएको कुरा तल उल्लिखित मूल सूत्रबाट प्रष्ट भएको छ। मातृप्रेम भनेको त्यतिसम्म पनि विशाल हुँदो रहेछ! दुःखलाई पनि सुखनै सम्झदो रहेछ!!

सङ्घसेवा

सुप्पवासा उपासिका सङ्घोपस्थान कार्यमा अग्रसर थिइन्। उनको घरमा हरबखत सङ्घभोजन र पौद्गलिक भोजन गरी जम्मा आठशय (८००) जनाकोनिम्ति भोजनहरू प्रदान गरिन्थ्यो[2]। भगवान् तथा भिक्षुसङ्घकोनिम्ति खाद्य, भोज्य तथा भैषज्य वस्तुहरू आवश्यकतानुसार स्वयं विचारगरी युक्तियुक्त तरिकाले आफै सम्पादन गर्दथिन्। भगवान् बुद्धले "गृहस्थीहरू मात्सर्य मल

---

१. उदा. अ. क. पृ. १०८

२. उदा. अ. क. पृ. ८४; धम्म. अ, क. पृ १६९: विडूडभको कथामा सङ्घभोजनको हिसाबले पाँचशय (५००) जनाको-निम्ति भनेको छ।

रहित भई मुक्तत्यागी, शुद्धहात, दिने कार्यमा अग्रसर तथा याचक-पात्र भई घरमा बस्नु पर्छ[1]" भन्ने जस्ता उपदेशहरूलाई सुप्पवा-साले राम्रोसंग पालन गरी घरमा बसेकी थिइन् । उनको घरमा भिक्षा माग्नजाने कुनै पनि, भिक्षु, भिक्षुणीहरू खालिहात फर्कनु पर्दैनथ्यो । उनले जे दान दिए पनि उत्कृष्टरूपले दिन्थिन्[2] । यसै कुरालाई ध्यानमा राखी, एकदिन, भगवान् बुद्धले उनलाई उत्कृष्टरूपले दानदिने उपासिकाहरूमध्ये अग्रस्थानमा राख्ने घोषणा गर्नुभएको हो । यो कुरा तलको मूलसूत्रद्वारा प्रष्ट हुने छ ।

सुप्पवासा उपासिकाको नाम प्रमुख उपासिकाहरूका नामा-वलीमा पनि समावेश भएको कुरा अङ्गुत्तरनिकायमा उल्लेख भएको छ[3] ।

× × ×

१. हेर बु. रा. पृ. ५९, ३९२, २९०

२. उदा. अ. क. पृ. ८४

३. अं. नि-८ पृ. ४२८: सामञ्ञवग्गो, अ. क. II. पृ. ७९१.

मूल सूत्र —

१– प्रणीत दान

एक समय भगवान् कोलीय देशको पज्जनिक[1] भन्ने कोलीय-हरूका निगममा बस्नु भएको थियो[2] ।

एक दिन, भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र चीवर ग्रहण गरी जहाँ कोलीयकी छोरी सुप्पवासा (=सुप्रवासा) को निवासस्थान हो त्यहाँ जानु भयो । त्यहाँ पुग्नुभएपछि बिच्छयाइ राखेको आसनमा बस्नु भयो । अनि कोलीयकी छोरी सुप्पवासा उपासिकाले भगवान्लाई आफ्नै हातले प्रणीत खाद्य भोज्यहरू सन्तर्पित तथा सन्तृप्त गराइन् । भोजनोपरान्त भगवान्ले पात्रबाट हात फिक्नु भई पात्र एकछेउमा राख्नु भएपछि, कोलीयकी छोरी सुप्पवासा उपासिका एक छेउमा बसिन् । एक छेउमा बसेकी कोलियकी छोरी सुप्पवासालाई भगवान्ले निम्न उपदेश सुनाउनु भयो—

"सुप्पवासे ! भोजन दिने आर्यश्राविकाले प्रतिग्राहकहरूलाई चार कुराहरू पनि दिएको हुन्छ । कुन चार भने ? —(१) आयु दिएको

१ सिहल र रोमनमाः 'सज्जनेल', स्याममा 'पज्जनेल' ।

२. अं. नि-४. पृ : ६६ : सुप्पवासासुत्तं, अ. क. II पृ. ५१५.

हुन्छ, (२) वर्ण दिएको हुन्छ, (३) सुख दिएको हुन्छ र (४) बल पनि दिएको हुन्छ ।

"आयु दिंदा दिव्य वा मानुषीय आयु लाभिनी हुनेछ । वर्ण दिंदा दिव्य वा मानुषीय वर्ण लाभिनी हुनेछ । सुख दिंदा दिव्य वा मानुषीय सुख लाभिनी हुनेछ । बल दिंदा दिव्य वा मानुषीय बल लाभिनी हुनेछ ।

"सुप्पवासे ! भोजन दिने आर्यश्राविकाले प्रतिग्राहकहरूलाई यिनै चार कुराहरू दिएको हुन्छ ।"

१– "सुसङ्खतं भोजनं या ददाति,
सुचिं पणीतं रससा उपेतं ।
सा दक्खिणा उज्जुगतेसु दिन्ना,
चरणूपपन्नेसु[1] महग्गतेसु ।
पुञ्ञेन पुञ्ञं संसन्दमाना,
महप्फला लोकविदून वण्णिता ॥

२– "एतादिसं यञ्ञमनुस्सरन्ता,
ये वेदजाता विचरन्ति लोके ।
विनेय्य मच्छेरमलं समूलं
अनिन्दिता सग्गमुपेन्ति ठानं' ति ॥"

---

१ स्या. र रोमनमा: 'चरणोपपन्नेसु' ।

अर्थ—

१– "जसले सुसंस्कृत, शुद्ध, प्रणीत तथा रसास्वादयुक्त भोजन दिन्छ; जसले ऋजुमार्गमा लागेको, चरण-सम्पन्न[1] भएका, महान स्थान (=निर्वाण) मा पुगेकालाई दक्षिणा (दान) दिन्छ, पुण्यमाथि पुण्य वृद्धि हुने त्यस्तो दानको महानतावारे लोकविद् बुद्धले वर्णना गर्नु भएको छ।

२– "मात्सर्य मललाई जरैदेखि छेदन गरी, सन्तुष्ट-दायी यस्तो दानको स्मरणगरी जो लोकमा बस्छ उ अनिन्दित भई स्वर्ग पनि पुग्छ।"

× × ×

१. चरण धर्मले सुसम्पन्न हुनेलाई 'चरण सम्पन्न' भन्दछन्। चरण धर्म पन्द्र छन्, जस्तै––शील—१, इन्द्रिय-संवर–१. भोजनमा मात्रज्ञता –१, जाग्रतता–१, सप्तसद्धर्म–७, चार-समाधि–४ गरी पन्द्र। सु. नि.अ क. पृ. १५४ : हेमवतसुत्त-वण्णना.। यसको विस्तार अर्थ बुझन बु. गृ. पृ. २५२-२६० हेर्नू।

मूल सूत्र--

२– अग्रस्थान

"एतदग्गं भिक्खवे, मम साविकानं उपासिकानं पणीतदायिकानं यदिदं सुप्पवासा कोलिय धीता[1] ।"

अर्थ --

भिक्षुहो ! मेरा प्रणीतदायिका श्राविका उपासिकाहरूमध्येमा कोलीयकी छोरी सुप्पवासा (सुप्रवासा) उपासिका अग्रछिन् ।"

\+ \+ \+

१. अं. नि १. पृ. २७ : एतदग्गसुत्तं, अ. क. I. पृ. २४४.

मूल सूत्र—

३– सातवर्ष गर्भधारण

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् कोलीयहरूका कुण्डिका[२] नगरको कुण्डधान वनमा[३] बस्नु भएको थियो ।

त्यस समय कोलीयकी छोरी सुप्पवासा (सुप्रवासा) सातवर्ष देखि गर्भवती थिइन् । सातदिन देखि बेथा लागेर सान्है दुःख पाई–खरो तथा कटु वेदना अनुभव गर्दै यी तीन प्रकारका वितर्कना गरी—वेदना सहेर बसेकी थिइन्—

"वहाँ भगवान् सम्यक् सम्बुद्ध हुनुहुन्छ । वहाँले नै यस्ता दुःखहरूको निवारण हुने धर्मोपदेश गर्नु हुन्छ । वहाँ भगवान्का श्रावक सङ्घ सु-प्रतिपन्न हुन् । जसले यस्ता दुःखहरूको निवारणार्थ आचरण गर्छन् । निर्वाण नै साँच्चैको सुख हो, जहाँ त्यस्ता दुःखहरू छैनन् ।"

---

१. उदा. पा. पृ. ७९ : सुप्पवासासुत्तं, अ क पृ. ८४.

२. सिहल, स्याम तथा रोमनमाः 'कुण्डिया' ।

३. स्याम र रोमनमाः 'कुण्डिट्ठानवन' ।

अनि कोलीयकी छोरी सुप्पवासाले आफ्नो स्वामीलाई आमन्त्रण गरिन् –

"आर्यपुत्र ! तपाइ यता आउनुहोस् । तपाइ जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जानुहोस् । त्यहाँ जानु भई भगवान्को चरण-कमलमा मेरो वचनद्वारा शीरले वन्दना गर्नुहोस् । भगवान्को स्वास्थ्य ठीक छ छैन सोध्नुहोस् र कुशलक्षेम पनि सोध्नुहोस्— 'भन्ते ! कोलीयकी छोरी सुप्पवासा भगवान्को चरणकमलमा शीरले वन्दना गर्छे । भगवान्को स्वास्थ्य ठीक छ छैन पनि सोध्छे र कुशलक्षेम पनि सोध्छे ।' फेरि यस्तो पनि सुनाउनुहोस्— 'भन्ते ! कोलीयकी छोरी, सुप्पवासाले सातवर्षदेखि गर्भधारण गरिरहेकी छे। सातदिनदेखि बेथा लागि सान्है दुःख पाई–खरो तथा कटु वेदना अनुभव गर्दै– यी तीन प्रकारका वितर्कना गरी–वेदना सहेर बसेकी छे। वहाँ भगवान् सम्यक् सम्बुद्ध हुनुहुन्छ । वहाँले नै यस्ता दुःखहरूको निवारण हुने धर्मोपदेश गर्नु हुन्छ। वहाँ भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् । जसले यस्ता दुःखहरूको निवारणार्थ आचरण गर्छन् । निर्वाण नै साँच्चैको सुख हो, जहाँ त्यस्ता दुःखहरू छैनन्' ।"

"अवश्य नै भन्न जानेछु" भन्दै कोलीयपुत्र, कोलीयकी छोरी सुप्पवासालाई प्रत्युत्तर दिई, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका कोलीयपुत्रले भगवान्संग बिन्तिगरे—

"भन्ते ! कोलीयकी छोरी सुप्पवासा भगवान्को चरण-कमलमा शीरले वन्दना गर्छे । भगवान्को स्वास्थ्य ठीक छ छैन सोध्छे र कुशलक्षेम पनि सोध्छे । यस्तो पनि सुनाउँछे– 'भन्ते कोलीयकी छोरी सुप्पवासाले सातवर्षदेखि गर्भधारण गरिरहेकी छे । सातदिन-देखि बेथालागि सान्है दुःख पाई–खरो तथा कटु वेदना अनुभव गर्दै-यी तीन प्रकारका वितर्कना गरी–बेदना सहेर बसेकी छे । 'वहाँ भग-वान् सम्यक् सम्बुद्ध हुनुहुन्छ । वहाँले नै यस्ता दुःखहरूको निवारण-हुने धर्मोपदेश गर्नु हुन्छ । वहाँ भगवान्का श्रावकसङ्घ सु प्रतिपन्न छन् । जसले यस्ता दुःखहरूहरूको निवारणार्थ आचरण गर्छन् । निर्वाण नै साँच्चैको सुख हो, जहाँ त्यस्ता दुःखहरू छैनन्' ।" (यी कुराहरू सुनी भगवान्ले भन्नु भयो)—

"कोलीयकी छोरी सुप्पवासा सुखी रहुन् । निरोगिनी भई निरोगी पुत्र पनि जन्माऊन् ।"

भगवान्को यस वचनको साथसाथै कोलीयकी छोरी सुप्पवासा निरोगिनी भई सुखपूर्वक उनले निरोगी पुत्र जन्माइन् ।

"हवस्, भन्ते !" भनी कोलीयपुत्र, भगवान्को कुरालाई अभिनन्दन तथा अनुमोदन गर्दै आसनबाट उठी भगवान्लाई अभि-वादन तथा प्रदक्षिणा गरी जहाँ आफ्नो घर हो त्यहाँ फर्केर गए । अनि कोलीयपुत्रले कोलीयकी छोरी सुप्पवासा निरोगिनी भई उनले सुख-पूर्वक निरोगी पुत्र जन्माएकी देखे । अनि उनलाई "कस्तो आश्चर्य,

कस्तो अद्भुत, कस्तो तथागतको महानशक्ति, कस्तो महान प्रभाव होला !! तथागतको वचनका साथसाथै कोलीयकी छोरी सुप्पवासा निरोगिनी भई सुखपूर्वक उनले निरोगी पुत्र जन्माइन् !!" भन्ने आश्चर्य लागी सन्तुष्ट भई. प्रमुदित भई प्रीतिसौमनस्यानुभव गरे ।

अनि कोलीयकी छोरी सुप्पवासाले आफ्नो स्वामीलाई आमन्त्रण गरिन्—

"आर्य पुत्र ! यता आउनुहोस् । तपाइ जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जानुहोस् । त्यहाँ जानु भई भगवान्को चरणकमलमा मेरो वचनद्वारा शीरले वन्दना गर्नु भई— 'भन्ते ! कोलीयकी छोरी, सुप्पवासाले भगवान्को चरणकमलमा शीरले वन्दना गर्छे' र यस्तो पनि प्रार्थना गर्छे— 'भन्ते ! कोलीयकी छोरी. सुप्पवासाले सातवर्षसम्म गर्भधारण गरी । एकसप्ताहसम्म वेथाले पीडित भई । अब उ निरोगिनी भई सुखपूर्वक उसले निरोगी पुत्र जन्माई । उसले एकसातासम्मकालागि बुद्ध सहित भिक्षुसङ्घलाई भोजनद्वारा निम्त्याउँछे । भगवान्ले, भिक्षुसङ्घ सहित कोलीयकी छोरी, सुप्पवासाको एकसातासम्म भोजनहरू स्वीकार गर्नुहोस्' भनी भन्छे भनी भन्नुहोस् ।

"अवश्यनै भन्नेछु" भन्दै कोलीयपुत्रले कोलीयकी छोरी सुप्पवासालाई प्रत्युत्तर दिई, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका कोलीयपुत्रले भगवान्सँग प्रार्थना गरे—

"भन्ते ! कोलीयकी छोरी, सुप्पवासा भगवान्को चरण-कमलमा शीरले वन्दना गर्छे – 'भन्ते कोलीयकी छोरी, सुप्पवासाले भगवान्को चरण-कमलमा शीरले वन्दना गर्छे' उसले यस्तो पनि प्रार्थना गर्छे – 'भन्ते ! कोलीयकी छोरी, सुप्पवासाले सातवर्षसम्म गर्भधारण गरी। एकसप्ताहसम्म वेथाले पीडित भई। अब उ निरोगिनी भई, सुखपूर्वक उसले निरोगी पुत्र जन्माई। उसले एकसातासम्मकालागि बुद्धसहित भिक्षुसङ्घलाई भोजनद्वारा निम्त्याउँछे। भगवानले, भिक्षुसङ्घ सहित कोलीयकी छोरी, सुप्पवासाको एकसातासम्म भोजनहरू स्वीकार गर्नुहोस्'।"

त्यस बखत एक उपासकले बुद्ध सहित भिक्षुसङ्घलाई भोलिकोनिम्ति भोजनद्वारा निम्तो गरिसकेको थियो। सो उपासक भने आयुष्मान् महामौद्गल्यायनको उपस्थाक थियो। अनि भगवान्ले आयुष्मान् महामौद्गल्यायनलाई आमन्त्रण गर्नु भयो –

"मौद्गल्यायन ! तिमी आऊ। तिमी जहाँ त्यो उपासक हो त्यहाँ जाऊ। त्यहाँ गई सो उपासकलाई भन— "आवुसो ! कोलीयकी छोरी, सुप्पवासाले सातवर्षसम्म गर्भधारण गरिन्। एकसातासम्म उनी वेथाले पीडित भइन्। अहिले उनी निरोगिनी भई उनले सुखपूर्वक निरोगी पुत्र जन्माइन्। उनले एकसप्ताहसम्म बुद्ध सहित भिक्षु सङ्घलाई भोजनद्वारा निम्तो गर्छिन्। कोलीयकी छोरी, सुप्पवासाले एकसप्ताहसम्म भोजन गराउन्। पछि तिमीले गराउनू।' यो उपासक तिम्रो उपस्थाक हो।"

"हवस्, भन्ते !" भनी भगवान्को आज्ञासुनी आयुष्मान् महामौद्गल्यायन जहाँ सो उपासक थियो त्यहाँ जानु भयो। त्यहाँ पुगेपछि सो उपासकलाई यसो भन्नु भयो—

"आवुसो ! कोलीयकी छोरी, सुप्पवासाले सातवर्षसम्म गर्भधारण गरिन्। एकसातासम्म उनी बेथाले पीडित भइन्। अहिले उनी निरोगिनी भई उनले सुखपूर्वक निरोगी पुत्र जन्माइन्। उनले एकसप्ताहसम्म बुद्ध सहित भिक्षुसङ्घलाई भोजनद्वारा निम्तो गर्छिन्। कोलीयकी छोरी, सुप्पवासाले एकसप्ताहसम्म भोजन गराऊन्। पछि तिमीले गराउनू।"

"भन्ते ! यदि आर्य महामौद्गल्यायनले (१) मेरो भोगसम्पत्ति, (२) मेरो जीवन तथा (३) मेरो श्रद्धा—यी तीन कुराहरूको जिम्मा लिन सक्नु हुन्छ भने कोलीयकी छोरी, सुप्पवासाले सप्त भोजनहरू गराउन्।"

"आवुसो ! तिम्रो भोगसम्पत्ति र जीवन—यी दुइ कुराहरूको जिम्मा म लिनसक्छु, तर श्रद्धाको चाहिं जिम्मेवार तिमी नै हुनुपर्छ।"

"भन्ते ! यदि आर्य महामौद्गल्यायनले मेरो भोगसम्पत्ति र जीवन—यी दुइ कुराहरूको जिम्मा लिनसक्नु हुन्छ भने कोलीयकी छोरी, सुप्पवासाले सप्त भोजनहरू दिउन्। पछि मैले दिनेछु।"

अनि, सो उपासकलाई संझाई सकेपछि आयुष्मान् महामौद्-

गल्यायन जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो। त्यहाँ पुगेपछि भगवान्लाई विन्ति गर्नुभयो—

"भन्ते ! सो उपासकलाई मैले संझाई सकें । कोलीयकी छोरी सुप्पवासाले सप्त भोजनहरू दिउन् । पछि सो उपासकले दिनेछन् ।"

अनि कोलीयकी छोरी, सुप्पवासाले एकसप्ताहसम्म बुद्ध सहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खाद्य-भोज्य सन्तर्पित गरी, सन्तृप्त गराइन् । सो बालकलाई पनि भगवान्लाई वन्दना गर्न लगाइन् तथा सबै भिक्षुसङ्घलाई पनि ।

त्यस बखत आयुष्मान् सारिपुत्रले सो बालकसँग सोध्नु भयो—

"हे बालक ! तिमीलाई सँच्चै छ के ? तिमीलाई क्षमनीय छ के ? तिम्रो यापन ठीक छ के ? तिमीलाई कुनै दुःख त छैन ?"

"भन्ते ? सारिपुत्र सातवर्षसम्म रक्तकुम्भमा बस्ने मलाई कहाँबाट क्षमनीय र कहाँबाट यापनीय हुनु नि !"

"मेरो छोराले धर्मसेनापतिसँग[1] कुरा गर्छ" भनी कोलीयकी छोरो, सुप्पवासा अत्यन्त सन्तुष्ट तथा प्रमुदित भई उनले प्रीति सौमनस्यानुभव गरिन् ।

---

1. सारिपुत्र महास्थविरलाई 'धर्मसेनापति' भन्ने चलन पनि छ ।

त्यस समय भगवान्ले कोलीयकी छोरी, सुप्पवासा अत्यन्त सन्तुष्ट, प्रमुदित तथा प्रीति सौमनस्यी भएको बुझ्नुभई वहाँले कोलीयकी छोरी सुप्पवासासँग यस्तो सोध्नु भयो—

"सुप्पवासे ! अरू पनि यस्ता पुत्रहरू तिमी चाहन्छ्यौ कि ?"

"भगवान् ! अरू सातवटा भएपनि यस्ता पुत्रहरू चाहन्छु ।"

यस कुरालाई बुझनुभई भगवान्ले त्यसबेला निम्न उदान प्रकट गर्नु भयो—

"असातं सातरूपेन, पियरूपेन अप्पियं।
दुक्खं सुखस्स रूपेन, पमत्तमतिवत्तती'ति ॥"

अर्थ—

"प्रमादमा मोहितभई बस्नेले नमिठोलाई मीठोको रूपमा, अप्रियलाई प्रियको रूपमा र दुःखलाई सुखको रूपमा हेर्दछ ।"

७. सुप्पिया उपासिका

परिचय

सुप्पिया (सुप्रिया) उपासिकाको जन्म वाराणशी देशको एक कुलगृहमा भएको थियो ।

एकदिन, भगवान् बुद्ध वाराणशी पाल्नुहुँदा यिनले वहाँको दर्शन गरेकी थिइन् । बुद्धको प्रथम दर्शन भेटमै यिनले वहाँको उपदेश सुनी स्रोतापन्न फल साक्षात्कार गरेकी थिइन्[1] ।

यिनले श्रद्धा, भक्ति तथा सम बुद्धि भएका सुप्रिय भन्ने पति पाएकी थिइन् । यिनीहरू दुवैका विचारधारा एकै भएकोले दुवै स्त्री पुरुष—बुद्ध, धर्म तथा सङ्घको सेवा गर्नमा निरन्तर व्यस्त थिए ।

एक दिन सुप्रिया उपासिका विशाखा महाउपासिकासँगै, बुद्धको उपदेश सुनिसकेपछि सँधै झैं यी दुवै उपासिकाहरू जेतवन विहार भित्र आगन्तुक, गमिक तथा अस्वस्थ भिक्षुहरूको हेरचाह गर्न गए ।

---

१. अं. नि. अ. क. I. पृ. २४५ : एतदग्ग, एककनिपातवण्णना ।

यिनीहरू विहारमा जाँदा विहारवासी नवक भिक्षु तथा श्रामणेरहरू - तिनीहरूसँग, समयानुकूल खाद्य, भोज्य अथवा घ्यू, तेल, मधू इत्यादि युक्त भैषज्यं वस्तुहरूको प्रतीक्षा गर्छन्। यिनीहरूले पनि सबैको आवश्यकता पुरा गरिदिन्छन्।

त्यो दिन विहार घुम्न जांदा सुप्रिया उपासिकाले एक अस्वस्थ भिक्षुलाई देखिन्। अनि सो भिक्षुको इच्छानुसार भोलिकोनिम्ति मासुको रस पठाइदिने वचन दिई उनी फर्किन्। तर त्यसदिन शहरमा योग्य मासु नपाएकोले सुप्रियाले आफ्नो तिघ्राको मासु काटी रस बनाई सो भिक्षुलाई दिन पठाएको कुरा तलको सूत्रमा नै उल्लेख भएको छ।

त्यसपछि भगवान् बुद्ध सुप्रियाको घरमा जानुभएको कुरा मूल सूत्रमा "सुप्रिय उपासकले निम्त्याएपछि भगवान् बुद्ध उनको घरमा जानु भएको कुरा" र अंगुत्तरनिकाय अर्थकथामा[1] भने "भगवान् बुद्ध भिक्षाटनकोनिम्ति जानु भएको बेलामा स्वयं उनको घरमा जानु भएको थियो" भन्ने कुरा उल्लेख भएको छ। यसबारेको मूल सूत्र तल उल्लेख भएकै छ।

सुप्रियाको तिघ्राको घाउ निको भएको सम्बन्धमा पनि मूल सूत्रमा "सुप्रियालाई भगवान्ले बोलाउन पठाउँदा, सुप्रिया आएको बेलामा बुद्धलाई देख्नेबित्तिकै उनको घाउ निकोभयो" भन्ने र

---

१. I. पृ २४५.

अर्थकथामा[१] भने सुप्रियालाई भगवान्ले बोलाउन पठाउँदा सुप्रियाले "अहो बुद्ध ! वहाँ महाकारुणिक सर्वज्ञ बुद्धले मलाई 'घाऊ भएको छ भन्ने कुरा बुझ्नु नभई त्यसै बोलाउन पठाएको हो ओइन होला' भन्दै हत्तरपत्त श्रद्धाको बलले खाट्बाट उठने बेलामै भगवान् बुद्धको महान ऋद्धिको प्रभावले घाऊ निको भएको थियो" भन्ने कुरा उल्लेख भएको छ । यस सम्बन्धी कुरा पनि तल मूल सूत्रमै समुल्लेख भएको छ ।

नागसेन महास्थविरले यसै जीवनमा पुरस्कार पाउने वा अरू कुनै प्रत्यक्ष फल पाउनेहरूको उदाहरण दिनुहुँदै मिलिन्दराजालाई वहाँले रानी गोपाल माता, सुप्रिया उपासिका, मल्लिकादेवी तथा सुमन मालाकारहरूका नामहरू उल्लेख गर्नु भएको छ[२] ।

सुप्रिया उपासिकाले महीनाको निश्चित दिनहरूमा अखण्डरूपले अष्टाङ्ग उपोसथ शील पालन गर्थिन्[३] । सङ्घोपस्थान गर्न पाउँदा उनी असाध्ये आनन्दित तथा सुखी हुन्थिन् । कुनै अस्वस्थ भिक्षु देख्दा उनको हृदय त्यसै पग्लेर आउँथ्यो । बिरामी भिक्षुहरूको सेवा टहल-गर्ने जस्तो कार्यमा निपुण मात्र होइन उनमा विशेषतः वात्सल्य गुण पनि थियो । त्यसैले, एकदिन, भगवान्ले उनलाई रोगी उपस्थान

---

१. अं. नि. अ. क. I. पृ. २४५

२. मि. प्र. (हि). पृ ३५७

३. अं नि.अ. क II. पृ. ७९१ : सामञ्ञवग्गो ।

गर्ने उपासिकाहरूमध्ये अग्रस्थानमा राख्ने घोषणा गर्नु भएको हो। तलको मूल सूत्रमा पनि यही कुरा उल्लेख भएको छ। सुप्रिया उपासिकाको नाम विशिष्ट उपासिकाहरूका नामावलीमा पनि समावेश भएको पाइन्छ[1]।

+ + +

भिन्ना भिन्नै सुप्रिय र सुप्रियाहरू

१. सुप्रिय (परिव्राजक) - यिनी एक परिव्राजक हुन्। एक दिन भगवान् बुद्ध राजगृहबाट नालन्दा जाँदै हुनुहुन्थ्यो। त्यससमय सञ्जय परिव्राजकको शिष्य सुप्रिय परिव्राजक आफ्नो शिष्य ब्रह्मदत्त माणवकसँगै भगवान्को पछि पछि जाँदै थिए। त्यसवखत यिनले भगवान्को निन्दा गर्दै थिए। दी. नि. I. पृ ३ : ब्रह्मजालसुत्तं, अ. क. I. पृ, २७; चुल्ल. व पृ. ४०९ : धम्मसङ्गायनं, पञ्चसतिकक्खन्धकं।

२. सुप्रिय (थेर)— यिनी श्रावस्तीवासी एक श्मशानरक्षक

---

१. अं. नि. ८. पृ. ४२८ : सामञ्ञवग्गो।

कुलका पुत्र हुन् । सोपाक[१] स्थविरसँग यिनको बालककालदेखि नै मित्रता थियो । सोपाक स्थविर भिक्षु भएर गएपछि यिनी पनि सोपाक स्थविरकहाँ प्रव्रजित भएका थिए । थेर. गा. अ क. I. पृ. ९२ : सुप्पियत्थेरगाथा ।

३. सुप्रिय— यिनी सिद्धार्थ बुद्धका युगल अग्र उपस्याक-हरूमध्येका एक हुन् । बु. वं पृ ३५८ : सिद्धत्थबुद्धवंसो, अ. क, पृ, १८५.

४. सुप्रिय— यिनी वाराणशी देशका हुन् । यिनी सुप्रिया उपासिकाका पति हुन् ।

१. सुप्रिया— यी मानिसहरूका नाम हुन् । भगवान् राज-गृहमा बस्नु भएको बेलामा, वहाँले राज-गृहको वैपुल्य पहाडको सम्बन्धमा कुरा सुनाइरहनु भएको समयमा धेरै धेरै अघि 'वैपुल्य पहाड' को नाम सुप्पसो' भन्ने थियो र त्यस बखतमा मानिसहरूलाई 'सुप्रिया' भन्दये भनी भन्नु भएको हो ।

---

१. थेर. गा. अ. क. I. पृ. ९४ : सोपाकत्थेरगाथा ।

सं. नि. II. पृ. १६१ : वेपुल्लपब्बतसुत्तं,
अ. क. II. पृ. १२०

२. सुप्रिया— यिनी ओक्काक राजाकी महिषी हुन्।
दी. नि. अ. क. I. पृ. ८० : अम्बट्ठसुत्तं;
बु. रा. पृ. ११८.

३. सुप्रिया— यिनी वाराणशीवासी सुप्रिय उपासककी पत्नी हुन्। यिनकै चरित्र कथा यहाँ प्रस्तुत भएको छ।

\+ \+ \+

मूल पालि—

१– स्व-मांस दान

राजगृहमा इच्छानुसार बस्नु भएपछि भगवान् जहाँ वाराणशी हो त्यहाँ चारिकार्थ जानु भयो।[1] । क्रमशः चारिका गर्नु हुँदै जहाँ वाराणशी हो त्यहाँ पुग्नु भयो । त्यसपछि भगवान् वाराणशी-स्थित ऋषिपतन मृगदावनमा बस्नु भयो ।

त्यस समय वाराणशीमा सुप्पिय (सुप्रिय) उपासक र सुप्पिया (सुप्रिया) उपासिका (पति र पत्नी दुवै बुद्ध-धर्ममा) अति प्रसन्न थिए । यिनीहरू दायक, कारक तथा सङ्घोपस्थाक पनि थिए ।

एकदिन, सुप्रिया उपासिका आराममा गइन् । अनि उनले एक विहारबाट अर्को विहार (=कोठा) तथा एक परिवेणबाट अर्को परिवेणमा गई भिक्षुहरूसँग सोधिन्—

---

१. महा. व. पृ. २३३ : मनुस्समंसपटिक्खेपकथा, भेसज्जक्खन्धकं, अ. क. पृ. ८१२

"भन्ते ! को सन्चो छैन ? कसलाई के ल्याउनु पर्छ ?"

त्यस बखत एक भिक्षुले विरेचन पिएका थिए । अनि सो भिक्षुले सुप्रिया उपासिकासँग यस्तो भने—

"भगिनी ! मैले विरेचन पिएको छु । मलाई मासुको रस आवश्यक छ ।"

"हुन्छ, आर्य ! ल्याइने छ" भनी घरमा गई सुप्रिया उपासिकाले अन्तेवासिक (=नोकर) लाई अह्राइन्—

"भणे ! जाऊ, प्रवर्तित मांस जान (खोज) अर्थात् शहरमा कहीं प्रवर्तित मांस पाइन्छ कि खोज ।"

"हवस्, आर्या !" भनी सारा वाराणशी शहर घुम्दा पनि सो पुरुषले कहीं पनि मासु देखेन । अनि सो पुरुष जहाँ सुप्रिया उपासिका थिइन् त्यहाँ गयो । त्यहाँ पुगेपछि उसले सुप्रियालाई भन्यो –

"आर्या ! आज घात गर्ननहुने भएकोले कहीं पनि मासु पाइएन ।"

अनि सुप्रिया उपासिकाको मनमा यस्तो लाग्यो— "सो रोगी भिक्षुले मासुको रस न पाएमा शायद उनको रोग पनि बढ्न सक्छ अथवा उनको मृत्यु पनि हुन सक्छ । 'ल्याइने छ' भनी भनेर नलगिदिनु मेरोलागि उचित हुने छैन ।"

त्यस पछि सुप्रिया उपासिकाले चूपीलिई तिघ्राको मासु काटी दाशिलाई दिई— "जे ! यो मासु पकाई अमुक विहारमा रोगी भिक्षु हुनुहुन्छ, वहाँलाई पुऱ्याई देऊ । यदि कसैले मेरोबारेमा सोधेमा 'सञ्चो छैन' भनी भन" भनी भनिन् । यति भनी उत्तरासङ्गले तिघ्रामा बेरी, कोठाभित्र गई खाट्मा सुतिन् ।

सुप्रिय उपासक घरमा आई दाशीसँग सोधे--

"सुप्रिया कहाँ छे ?"

"आर्य ! वहाँ कोठामा सुत्नु भएको छ ।"

अनि सुप्रिय उपासक सुप्रिया उपासिकाकहाँ गए । त्यहाँ पुगेपछि सुप्रिया उपासिकासँग सोधे—

"किन सुति रहेकी ?"

"सञ्चो छैन ।"

"के भयो त ?"

त्यसपछि सुप्रिया उपासिकाले सुप्रिय उपासकलाई सबै वृतान्त बताइन् ।

"अहो आश्चर्य, अहो अद्भुत ! कति श्रद्धालु, कति प्रसन्न छिन् यी सुप्रिया ! जहाँ कि आफ्नो मासु नै दिन सक्छिन् भने, यिनले अरू

के चीज दिन नसक्लिन् !" भन्दै सुप्रिय उपासक गद् गद् भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका सुप्रिय उपासकले भगवान्-सँग प्रार्थना गरे —

"भन्ते ! भोलिकोनिम्ति भगवान्ले भिक्षुसङ्घसहित मेरो भोजन स्वीकार गर्नुहोस ।"

तूष्णीभावद्वारा भगवान्ले स्वीकार गर्नु भयो ।

त्यसपछि, भगवान्ले भोजन स्वीकार गर्नु भएको बुझी सुप्रिय उपासक आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए । अनि त्यस रात बितिसकेपछि, सुप्रिय उपासकले प्रणीत खाद्य-भोज्य प्रतिपादन गरी भगवान्लाई समयको सूचना दिन पठाए—

"भन्ते ! भोजनको समय भयो, भोजन तयार छ ।"

अनि पूर्वाण्ह समयमा चीवर पहिरो, पात्र-चीवर ग्रहण गरी भगवान् जहाँ सुप्रिय उपासकको निवासस्थान हो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि बिच्छ्याई राखेको आसनमा भगवान्, भिक्षुसङ्घ सहित बस्नु भयो ।

सुप्रिय उपासक पनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका सुप्रिय उपासकसँग भगवान्ले सोध्नु भयो —

"सुप्रिया खोइत ?"

"भन्ते ! सञ्चो छैन ।"

"त्यसो भए बोलाऊ ।"

"भन्ते ! आउन सक्दिन ।"

"त्यसो भए, समातेर ल्याऊ ।"

अनि सुप्रिय उपासकले सुप्रिया उपासिकालाई समातेर ल्याए । भगवान्‌लाई देख्ने बित्तिकै सुप्रिया उपासिकाको त्यत्रो ठूलो घाऊ निको भई घाऊमा मासु पुरियो र छाला पलाई रौं समेत निस्क्यो । त्यसपछि सुप्रिय उपासक र सुप्रिया उपासिका दुवै– "अहो आश्चर्य ! अहो अद्भुत ! धन्य ! धन्य !! भगवान्‌को महान ऋद्धिशक्ति तथा महान प्रभाव !! जहाँ कि भगवान्‌को दर्शन हुने बित्तिकै त्यत्रो ठूलो घाऊ पनि निको भई, छाला पलाई, रौं समेत निस्क्यो !!" भन्दै हर्षले गद् गद् भई बुद्ध सहित भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्यहरू आफ्नै हातले सन्तर्पित गरी, सन्तृप्त गराए । अनि भोजनोपरान्त भगवान्‌ले पात्रबाट हात हटाई, पात्र एक छेउमा राख्नु भयो । त्यसपछि उनीहरू दुवै एक छेउमा बसे । भगवान्‌ले सुप्रिय उपासक र सुप्रिया उपासिकालाई धार्मिककथाद्वारा सन्दर्शित सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पार्नु भई भगवान् आसनबाट उठी फर्केर जानु भयो ।

त्यसपछि यसै निदानमा, यसै प्रकरणमा भगवान्‌ले भिक्षुसङ्घलाई एकत्रित पार्नु भई भिक्षुहरूसंग सोध्नु भयो–

"भिक्षुहो ! कसले सुप्रिया उपासिकासँग मासु माग्यो ?"
यसरी सोध्नु हुँदा सो भिक्षुले भगवान्सँग बिन्तिगरे—

"भन्ते ! मैले सुप्रिया उपासिकासँग मासु मागेको हुँ ।"

"भिक्षु ! के, ल्याइन् त ?"

"भगवान् ! ल्याइन् ।"

"भिक्षु ! खायौ त ?"

"भगवान् ! खाएँ ।"

"भिक्षु ! के, तिमीले सोध्यौत, के को मासु थियो भनी ?"

"भगवान् सोधिन ।"

अनि भगवान् बुद्धले निन्दा गर्नु भई···कसरी तिमी मोघपुरुषले न सोधिकन मासु खाएको ? मोघपुरुष ! तिमीले मानिसको मासु खायौ । मोघपुरुष ! तिम्रो यस कार्यद्वारा न अप्रसन्नहुने प्रसन्नहुन सक्छ, न त प्रसन्नहुने नै बढी प्रसन्न हुनसक्छ बल्कि यस कार्यद्वारा अप्रसन्नहुनेलाई झन् अप्रसन्न पार्नु कातायैं प्रसन्नहुने कुनै कुनैको प्रसन्नतालाई समेत अन्यथा पार्न सक्छ भन्नु हुँदै धार्मिककथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो—

'भिक्षुहो ! श्रद्धालु तथा अत्यन्त प्रसन्नहुने मानिसहरू पनि छन् । उनीहरूले आफ्नै मासु पनि दिन सक्छन् । भिक्षुहो ! मनु-

ष्यको मासु[1] खान हुन्न । जसले खान्छ उसलाई थुल्लच्चय[2] आपत्ति लाग्नेछ । भिक्षुहो ! नसोधिकन मासु खान हुन्न । जसले खान्छ उसलाई दुष्कृत्य[3] आपत्ति लाग्नेछ ।"

× × ×

---

१. दश प्रकारका मासुखान निषेध गरिएको छ— (१) मनुष्यको मांस, (२) हात्तीको मांस, (३) घोडाको मांस, (४) कुकुरको मांस, (५) सर्पको मांस, (६) सिंहको मांस, (७) बागको मांस, (८) चितुवाको मांस, (९) भालुको मांस, तथा तरक्षु (hyena) को मांस । महा. व. पृ. २३५ : हत्थिमंसादिपटिक्खेपकथा, भेसज्जक्खन्धक ; अ. क. पृ. ८१३.

२. सङ्घादिशेष भन्ने दोषभन्दा तल्लो र पाचित्तिय भन्ने दोषभन्दा माथिल्लो दोषलाई, 'थुल्लच्चय' भन्दछन् ।

३. पाचित्तिय भन्दा तल्लो दोष ।

मूल सूत्र –

२– अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं गिलानुपट्ठाकीनं यदिदं सुप्पिया उपासिका[1]।"

अर्थ –

"भिक्षुहो ! रोगीको सेवागर्ने मेरा श्राविका उपासिकाहरूमध्येमा सुप्पिया (सुप्रिया) उपासिका अग्रछिन् ।"

---

१. अं. नि-१, पृ. २७ : एतदग्गसुत्तं, अ. क. I. पृ. २४४.

८. कात्यायनी उपासिका

परिचय

कसैको हृदयको प्रसन्नता वा श्रद्धालाई तौलनु गहारै पर्छ। संसारमा सर्वप्रथम धनको आवश्यकता पर्ने झैं मोक्षमार्गकोनिम्ति पनि सर्वप्रथम श्रद्धारूपी धनकै आवश्यकता पर्छ। श्रद्धा हुनेले गर्न नसक्ने त्याग, तपस्या अथवा बलिदान कुनै पनि छैन। संसार सागरबाट उत्तीर्णहुन सर्वप्रथम श्रद्धानै चाहिन्छ। श्रद्धाको अन्तिम फल नै स्रोतापन्न हो।

श्रद्धाबलद्वारा नै संसारको बाढीरूपी विभिन्न गलत दृष्टि-हरूबाट पारहुन सकिन्छ।

जस्तै संसारमा कुनै उब्जनी गर्न सर्वप्रथम बिउको आवश्यकता हुन्छ उस्तै धर्मक्षेत्रमा पनि सर्वप्रथम श्रद्धारूपी बिउकै आवश्यकता पर्छ। बिउ न रोपिकन कुनै वस्तुको उत्पादन हुन सक्दैन। त्यस्तै श्रद्धा नभइकन कुनै कुशल कार्य सफल हुन सक्दैन। त्यसैले कसिभारद्वाज ब्राह्मणले सोधेको प्रश्नको जवाफमा भगवान् बुद्धले "श्रद्धानै बिउ हो" भनी उल्लेख गर्नु-

भएको हो[१] । त्यस्तैगरी आलवक यक्षले "केलाई धन भन्दछन् ?" भनी सोधेको उत्तरमा भगवान्ले 'श्रद्धा नै श्रेष्ठ धन हो' भनी भन्नुभएको हो[२] ।

कात्यायानी (कातियानी) उपासिकाको श्रद्धा तथा प्रसन्नता अति उत्कृष्ट थियो । त्यसैले भगवान्ले उनलाई प्रसन्नताहुने उपासिकाहरूमध्ये अग्रस्थानमा राख्नु भएको हो[३] ।

बुद्धको समयमा उनी अवन्ती देशको कुररघर भन्ने नगरमा जन्मेको थिइन्[४] । गोत्रकै नामले उनलाई "कात्यायनी" भनिएको हो ।

कुररघरवासी काली[५] भन्ने उपासिकासंग उनको घनिष्ट मित्रता तथा विश्वास थियो । यीनी राजगृहकी हुन्[६] । कुर-

---

१. सं. नि. I. पृ. १७१; अ. क. I. पृ. १८८; सुत्त नि. पृ. २८०: कसिभारद्वाजसुत्तं, अ. क. पृ. ९०

२. सुत्त. नि. पृ. २९५: आलवकसुत्तं, अ. क. पृ. १६१.

३. अं. नि–१ पृ. २७: एतदग्गपालि ।

४. अं. नि. अ. क. I. पृ. २४५: एककनिपातवण्णना ।

५. काली उपासिकाको चरित्रथका तल उल्लेख भएको छ ।

६. अं. नि. अ. क. I. १३४: सोणकुटिकण्ण, एतदग्गपालि ।

रघरको एक प्रतिष्ठित खान्दानको कुलपुत्रसँग यिनको विवाह भएको थियो ।

एकदिन, यिनको छोरा सोणकुटिकण्ण[1] भन्ने स्थविर श्रावस्तीमा बुद्ध भगवान्‌लाई भेटी कुररघरमै फर्केर आएपछि, वहाँको आमा कालि उपासिकाले, बुद्धलाई सुनाई आएको उपदेश आफूलाई पनि सुनाउन अनुरोध गरेपछि सोणकुटिकण्ण स्थविरले काली उपासिकालाई उपदेश सुनाउनु भएको थियो ।

त्यसबेला कात्यायनी उपासिका पनि आफ्नी घनिष्ट संगीनी कुररघरकी काली उपासिकासँगै धर्मोपदेश सुन्न, धर्मसभामा उपस्थित भएकी थिइन् । त्यसबखत धर्मोपदेश गर्ने कार्यक्रम प्रायः रात्री समयमा हुन्थ्यो ।

त्यसैबेला नौशय (९००) चोरहरू, कात्यायनीको घरमा चोर्नजान दिनमै चिन्हो लाए अनुसार सुरूंग खनी धनाढ्य कात्यायनीको घरमा पस्न लागेका थिए । त्यसरात नगरमा विशाल मानिसहरू भेलाभइरहेका देखी चोरमण्डलका नाइके

---

१. उदा. पा. पृ. १२९: सोणसुत्तं, अ. क. पृ. २१५; महा. व. पृ. २१३: सोणकुटिकण्णवत्थु, अ. क. पृ. ८०८; थेर. गा. पृ. २९७: सोणकुटिकण्णत्थेरगाथा, अ. क. पृ ४२९.

"यहाँ केको भीड रहेछ" भन्दै धर्मसभामा गई कात्यायनी उपासिकाको पछिल्तिर बसिरहेको थियो ।

कात्यायनीले आफ्नी एक दाशीलाई बोलाई अन्हाइन्—

"हे ! तिमी घरमा गई तेल लिएर आऊ । काली उपासिकाको प्रदीपपूजामा सहभागिनीभई हामीले पनि कुशल कार्य गरौं ।"

कात्यायनीको आज्ञा सुनी दाशी घरमा जाँदा, घरभित्र चोरहरू पसिरहेका देखी, तेल नलिईकनै हत्तरपत्त फर्केर आई धर्मसभामा उपदेश सुनीरहेकी कात्यायनीलाई आत्तिदै भनी—

"आर्ये ! घरमा त चोरहरू पसिरहेका छन् ।"

कात्यायनीको पछिल्तिर बसिरहेको चोरको नाइकेले यो कुरा सुनी यस्तो मनमा सोच्यो—

"यदि दाशीको कुरासुनी यिनी उठेर गइन् भने यिनलाई त्यहींनै तरवारले दुइटुक्रा पार्नेछु । तर अहिले जस्तै एकचित गरी धर्मोपदेश नै सुनिरहेको खण्डमा यिनको सम्पत्ति जम्मै फिर्तागराइ दिनेछु ।"

दाशीको कुरासुनी कात्यायनीले उसलाई भनिन्—

"अम्मे ! धेरै न कराऊ, हल्ला नगर । यदि चोरहरूले लैजान्छन् भने लैजान देऊ । उनीहरूले आफूले देखेका वस्तुहरू मात्र लैजाने छन् । किन्तु मेरो श्रद्धालाई लैजान सक्ने छैनन् । आज मैले कहिल्यै सुन्न नपाएको अपूर्व धर्मसम्बन्धी कुराहरू सुन्दैछु । धर्मश्रवणमा विघ्न-बाधा न गर, चूपलाग ।"

कात्यायनीको यो कुरा सुनी, पछाडि बसिरहेको चोर-नाइकेको आँग तातेर आयो । अनि उसको मनमा "अहो ! आश्चर्य ! यस्तो दृढताकासाथ धर्मश्रवणगर्ने जस्ता श्रद्धालुको धन चोर्नु त जानाजान पाताल पुग्ने काम गरेको जस्तै हुनेछ" भन्ने लागि उत्तिखेरै नगरभित्रगई कात्यायनीको घरबाट लिएका सम्पत्तिहरू जम्मै फिर्ता राख्नलगाई उ, सबै चोरहरूसँग फर्की पुनः धर्मसभामै आई एक छेउमा बस्यो ।

सोणकुटिकण्ण स्थविरको मधुर धर्मोपदेश सुनी कात्य-यनी उपासिकाले स्रोतापन्न-फल साक्षात्कार गरिन्[१] । अरूणोदय हुनुभन्दा अघि धर्मोपदेश सिद्धिएपछि चोरमण्डलको नाइके कात्यायनी उपासिकाको चरणमापरी— "आर्य ! हामीहरू सबैलाई क्षमा गर्नुहोस् !" भन्यो ।

"तिमीहरूले मलाई के गरेकाछौ र मैले तिमीहरूलाई

---

१. अं. नि. अ. क. I. पृ. २४६

क्षमागरूँ ?" भनी उपासिकाले सोधेपछि चोर नाइकेले आफूले गरेका, चिताएका कुराहरू जम्मै बताएपछि कात्यायनीले "त्यसो भए क्षमा छ" भनी जवाफ दिइन् ।

चोरनाइकेले "यस्तो क्षमाद्वारा हामीहरूलाई क्षमा गरेको हुन्न । हामीहरू सबैलाई सोणकुटिकण्ण स्थविरकहाँ लगी प्रव्रजित गराई दिनुहोस् । अनिमात्र हामीले क्षमा पाएको हुनेछ" भनी प्रार्थना गरे । अनि उपासिकाले सबै चोरहरूलाई सोणकुटिकण्ण स्थविर-कहाँ लगी प्रव्रजित गराइदिइन । पछि उनीहरू सबै अरहन्त भए[1] ।

यदि हामीहरू जस्ताका घरमा 'चोर पस्यो' भन्ने खबर सुन्न परेमा, के हामीहरूको चित्त अकम्पितभई रहन सक्ला ? त्यसैले श्रद्धालाई नापतौल गर्न नसकिने हुनाले नै यसको शक्ति अनौठो छ भनी भनेको हो । शुद्ध तथा दृढ श्रद्धा हुनेको हृदयमा मोक्ष वा निर्वाणकोनिम्ति चाहिने सबै गुणहरू क्रमैसँग प्रादुर्भाव हुन्छन् । श्रद्धा नै निर्वाणरूपी प्रासादको पहिलो खुट्किलो हो ।

\+ \+ \+

---

१. अं नि. अ क. I. पृ. २४६: एतदग्गपालि, एककनिपात-वण्णना ।

कात्यायनी नामहरू

१. कात्यायनी— (कातियानी वा कच्चायनी) । यिनी अवन्ती देशको, कुररघर नगरकी हुन् । यिनकै चरित्र-कथा यहाँ प्रस्तुत गरिएको छ ।

२. कात्यायनी— (जातक)— कच्चानि जातक । जा. पा. I, पृ. १६७, अ. क. III. पृ. ३०३, नं ४१७

× × ×

मूल सूत्र —

१-- अग्रस्थान

"एतदग्गं भिक्खवे, मम साविकानं उपासिकानं अवेच्च-प्पसन्नानं यदिदं कातियानी[१]।"

अर्थ —

"भिक्षुहो ! अचल प्रसन्नहुने मेरा श्राविका उपासिका-हरूमध्येमा कातियानी (कात्यायनी) उपासिका अग्रछिन्।"

---

१. अं. नि–१. पृ. २७: एतदग्गसुत्तं, अ. क. I. पृ. २४५.

६. नकुलमाता गृहपत्नी

परिचय

शुद्ध गृहीजीवन र सुखमय दाम्पत्य जीवन बिताई, धर्मावबोध गरी मोक्षमार्ग पहिल्याउन सकिन्छ भन्ने कुरा नकुलमाता उपासिकाको जीवनीबाट देखिन्छ ।

गृहीसुखको मुख्य अङ्गनै स्त्री-पुरुष दुवैको समान बिचार, समान आचरण, समान बंश तथा समान श्रद्धा र बुद्धि आदि हुन् । प्राय: व्यवहारमा भने स्त्रीलाई मात्र सिकाउन चाहन्छन् परन्तु पुरुषले सिक्नुपर्ने गुणलाई भने वास्ता राख्दैनन् । यदि हाम्रो आर्य संस्कृति अनुसार स्त्रीलाई "अर्धाङ्गिणी" भन्ने हो भने अर्को अर्धाङ्ग हुनेको पनि स्मरण राख्न सक्नु पर्छ। केवल अर्धाङ्गिणी हुने स्त्री मात्र सुशिक्षिता, सुविनीता, शीलवती, आज्ञाकारिणी तथा पतिव्रता भई; अर्धाङ्ग हुने पुरुष भने अशिक्षित, अविनीत, अशीलवान् अज्ञाराकारी तथा पत्नीव्रत न भएमा गृही जीवनको कुनै मतलब निस्कन सक्दैन तथा त्यस्तो दाम्पत्य जीवन सुखमय पनि हुन सक्दैन ।

स्त्री-पुरुष दुवैका बीच समान विचार, समान गुण तथा समान श्रद्धा भएमा मात्र सुखमय दाम्पत्य जीवनि बत्न सक्छ भनी भगवान्‌ले पठमसंवास सूत्रमा[१] बताउनु भएको छ ।

त्यस्तैगरी स्त्रीले पुरुष प्रति र पुरुषले स्त्री प्रति गर्नुपर्ने कर्तव्यबारेमा सिङ्गालसूत्रमा[२] उल्लेख भएको छ भने असूरसूत्र[३] अनुसार परिवारहरू पनि अनुकूल रहनुपर्ने कुरा भगवान्‌ले प्रष्ट गर्नु भएको छ ।

सुखमय दाम्पत्य जीवनको पूर्ण आदर्श नकुलमाता र नकुलपिताहरूका जीवनमा पाइन्छ । यिनीहरूको जीवन बडो उदात्त चरित्रको थियो । जस्तो स्त्री उस्तै पुरुष, जस्तो पुरुष उस्तै स्त्रीभई एउटाको शरीरभए उएटाको मन; एउटाको मनभए एउटाको शरीरभई--यिनीहरू दुवै समान विचार, समान श्रद्धाका थिए। दूधमा पानी जस्तै भई यिनीहरूले आफ्ना जीवन बिताएका थिए ।

नकुलपिताकोबारेमा "बुद्धकालीन गृहस्थीहरू" (पृ. ४१२)

---

१. अं. नि-४ पृ. ३०, अ. क. II. पृ. ५१४

२. दी. नि. III. पृ. १३८, अ. क. II. पृ. ६८६; स्याममा: 'सिगालकसुत्तं', सिंहलमा: 'सिगालसुत्तं' तथा रोमनमा: 'सिगालवादसुत्तं' भन्ने उल्लेख भएको छ ।

३. अं. नि- ४ पृ. ९६, अ. क. II. पृ. ५२६

मा पनि उल्लेख भइसकेको छ । यहाँ, नकुलमाता सम्बन्धी केही कारणहरू बटुली परिचयको रूपदिने प्रयास गरेको छु ।

नकुलमाताको विवाह

नकुलमाताको विवाह बालिका अवस्थामै नकुलपितासँग सुसम्पन्न भएको कुरा मूल सूत्र तथा अर्थकथाहरूबाट[1] पनि प्रष्ट बुझिन्छ।

नकुलमाताको जन्म कुन देश वा गाउँमा भएको हो तथा यिनी कस्की छोरी हुन् भन्ने कुरा भने पालि साहित्यमा कतै उल्लेख भएको देखिदैन ।

यिनको कहानीको प्रारम्भनै "भर्ग (भग्ग) देशस्थित सुंसुमारगिरी नगरको नकुलपिताकी पत्नी—नकुलामाता" भन्ने बाट भएको छ । "नकुल" भन्ने पुत्रको आमा-बाबुभएका हुनाले यिनीहरू दुवैलाई 'नकुलमाता" र 'नकुलपिता" भनिएको हो भन्ने कुरा संयुक्तनिकायअर्थकथामा[2] समुल्लेख भएको छ । तर "नकुलपुत्र" को बारेमा भने अरू कुनै कारण बताइएको छैन ।

यिनको पति नकुलपिता गृहपति, भर्गदेशस्थित सुंसुमार भन्ने

---

१. अं. नि. अ. क. I. पृ, २१७: एतदग्गपालि, एककनिपात-वण्णना ।

२. II. पृ. १८१: नकुलपितुसुत्तं ।

नगरको एक श्रेष्ठी पुत्र हुन्[१] ।

भगवान्सँग पहिलो भेट्

भगवान् सर्वप्रथम सुंसुमारगिरी नगरमा पाल्नुहुंदा नकुलमाता गृहपत्नीले, आफ्नो पतिसँगै सर्वप्रथम वहाँको दर्शन गरेकी थिइन् । मूल सूत्रमा, नकुलमाता आफ्नो पतिसँगै भगवान् कहाँ गएको कुरा प्रष्ट न भएतापनि अर्थकथामा प्रष्ट गरिएको छ[२] ।

भगवान्सँग पहिलो पटक दर्शन भेटहुंदा यिनको मनमा–भवान्तरमा बुद्धलाई लालन-पालन गरिसकेको हेतुले गर्दा–भगवान्प्रति स्वतः पुत्र-स्नेह उत्पन्न भएकोले यिनी बाच्छादेखदा गाई दगुरे झैं[३] दगुरी बुद्ध भगवान्लाई पुत्रसंज्ञाले सम्बोधन गर्दै वहाँको चरणकमलमा ढोग्न गएकी थिइन्[४] ।

जब यिनले भगवान्लाई देखिन् तब त्यहाँ भेलाभइ रहेका भिक्षु-परिषद्लाई चकित पार्दै "प्रियपुत्र ! बुढी भएकी आमालाई

---

१. अ. नि. अ. क. I. पृ २१७

२. सं. नि. अ. क. II पृ. १८२: नकुलपितुसुत्तं; अं नि. अ. क I. पृ. २१७

३. अं. नि. अ. क. II पृ. ५१४: पठमसमजीविसुत्तं ।

४. अं. नि. अ. क. I. पृ. २१७; सं. नि. अ. क. II पृ. १८२

हेरविचार नगरी, तिमी यत्तिका दिनसम्म कहाँ थियौ ?" भनी भनिन् । त्यस बखत भगवान्ले यिनको कुरालाई नसुनेझैं गर्नु भएको थियो । यसै कारणद्वारा उनी खसंग भइन् र अनिमात्र होस्मा आई उनले मध्यस्थभावले भगवानसँग कुरागर्न थालिन् । अनि भगवान्ले पनि नकुलमाताको मध्यस्थभावको कुरा सुनी उनलाई मैत्रीपूर्वक धर्मोपदेश गर्नुभयो । करुणाभरित वहाँको उपदेश सुनी, बुद्धसँगको प्रथम भेटमै नकुलमाता स्रोतापन्न भइन्[1] ।

उपरोक्त आश्चर्यजनक घटनादेखी, बडो विश्मितभई भगवान्सँग भिक्षुहरूले त्यसको हेतु सोधे—

"कोनुखो भगवा हेतु, एकच्चे इध पुग्गले ।
अती'व हदयं निब्बाति, चित्त'चा'पिपसीदती'ति[2] ?"

अर्थ--

"भगवान् ! यहाँ कुनै पुरुषलाई देख्नेबित्तिकै कसैको हृदय शीतल भई चित्त पनि प्रसन्न हुनाको के हेतु होला ?"

---

१. अं. नि. अ. क. I. पृ २१७; अं. नि. अ. क. II. पृ. ५१४
२. जा. पा I. पृ. ६१: साकेतजातकं, अ, क. I पृ. ५३७, नं २३७

त्यसपछि भिक्षुहरूलाई सम्बोधन गर्नुभई भगवान्‌ले "भिक्षुहो ! ओल्लो र पल्लो छेऊ नदेखिने[1] यो भवसंसारको आवागमनलाई पूर्वानुस्मृति-ज्ञानले हेर्नेहो भने, यस संसारमा कुनैन कुनै प्रकारले सम्बन्ध नभएका प्राणीहरू भेट्टाउन गाह्रै हुनेछ" भन्नुहुँदै "यी नकुलमाता गृहपत्नी भवान्तरमा पाँचशय (५००) जन्महरूसम्म निरन्तर मेरी माताको रूपमा, पाँचशय जन्महरूसम्म बज्यैको रूपमा तथा पाँचशय जन्महरूसम्म स्यानी आमाको रूपमा थिइन्[2] र जन्मजन्मान्तर यिनले मलाई आफ्नो काखमा लिई, दूध खुवाई, लालन पालन गरी मलाई हुर्काइसकेको हुँदा सोही संस्कारको बलियो प्रभावलेगर्दा, अहिले मलाई यिनले देख्ने बित्तिकै यिनको मनमा कमलको फूलझैं स्नेह उत्पन्न भई ममाथि दृढ विश्वास उत्पन्न हुन गएको हो" भनी अतीतको कुरा प्रकाश पार्नुभयो ।

त्यसैले जातकपालिमा "यस्मि मनो निविसति[3]..." र "पुब्बेव सन्निवासेन[4]..." अर्थात् देख्नेबित्तिकै जसमा मन बस्छ---

---

१. सं. नि. II. पृ. १५१: अनमतग्गसंयुत्तं, अ. क. II. पृ. ११७

२. स. नि. अ. क. II. पृ. १८२: नकुलपितुसुत्तं ।

३. जा. पा. I. पृ. १७: साकेतजातकं, नं ६८, अ. क. I. पृ. २२७

४. जा. पा. I. पृ. ६१: साकेतजातकं, न. २३७, अ. क. II. पृ. ५३६

र पूर्वजन्ममा एकै साथ बसेको ... हुँदा प्रेम उत्पन्न हुन्छ" भन्ने आदि कुरा भगवान्ले भन्नु भएको हो । यस्तैगरी भगवान्-लाई पुत्रस्नेह देखाएको अर्को घटनाको कुरा धर्मपदार्थकथामा[१] उल्लेख भएको पाइन्छ ।

सुखमय दाम्पत्य जीवन

नकुलमाता र नकुलपिताको बीचमा कत्तिको स्नेह, समझदारिपन, सहिष्णुता, विश्वास तथा भक्ति रहेछ भन्ने कुरा उनीहरूले आफ्नै मुखबाट परस्पर प्रकट गरेका सन्तोषजनक कुराहरूबाटै प्रष्ट बुझ्न सकिन्छ ।

उनीहरू दुवै बुढा र बुढी भइसकेपछि[२] भगवान् बुद्ध एकदिन, सुंसुमारगिरी नगरमा जानु भएको थियो ।

भनिन्छ कि उनीहरूलाई सँग्रह गर्ने हेतुले नै भगवान् त्यस नगरमा जानुहुन्छ[३] । भगवान् त्यस नगरमा आइपुग्ने खबर सुन्नासाथ उनीहरूले पनि वहाँलाई निम्त्याउँदथे ।

---

१. पृ. ४८८: साकेतब्राह्मणवत्थु, वर्ग १७.

२. अं. नि. अ. क. I. पृ. २१७

३. अं. नि. क. II. पृ. ५१४: पठमसमजीविसुत्तं ।

अतः त्यसदिन पनि भगवान् बुद्ध आइपुग्नु भएको खबर पाउनासाथ उनीहरूले भगवान्लाई भोलिकोनिम्ति भोजनद्वारा निम्त्याए । भोलिपल्ट वहाँ उनीहरूको घरमा जानुभयो । उनीहरूको घरमा सँधै पाँचशय (५००) भिक्षुहरूकानिम्ति आसन लगाई राखेको हुन्थ्यो[१] । बुद्धमाथि यिनीहरूको मनमा अगाध बिश्वास थियो । बुद्धको अगाडि आफ्नो भित्री हृदयका कुराहरू विश्वासपूर्वक पोख्न पाउँदा यिनीहरू सारै खुशी हुन्थे ।

त्यसदिन, भगवान्ले भोजन सिध्याइसकेपछि, एक छेउमा बसेका यिनीहरूले—बुद्धका अगाडि आफ्ना भित्री हृदयका कुराहरू विश्वासपूर्वक पोख्दै, आफ्ना बितेका जीवनका कुराहरू अनुस्मरण गर्दै, अत्यन्त प्रसन्नताकासाथ नकुलपिताले नकुलमाता प्रति आफू पूर्णसन्तोष रहेको कुरा सुनाए । अनि नकुलमाताले पनि आफू कुमारीका अवस्थामै नकुलपितासँग विवाहभई आएदेखि आफू पनि नकुलपिता प्रति सदा सन्तुष्ट रहेको मात्र होइन उनीप्रति कुनै कुभावना समेत मनमा उत्पन्न नभएका कुरा प्रकट गरिन् । यसको साथै यस जन्ममा मात्र नभई परजन्ममा समेत उनीसँगै एकसाथ बस्नपाए हुन्थ्यो भन्ने कुरा पनि दृढताकासाथ प्रकट गरिन्[२] ।

---

१. अं. नि. अ. क. II. पृ. ५१४

२. अं. नि. अ. क. I. पृ. २१७

उनीहरूका मनसाय बुझी भगवान्ले "परलोकमा पनि एकसाथ बस्न चाहनेले— समान चर्या, समान विचार, समान श्रद्धा तथा समान बुद्धि र गुणहरू हुनुपर्छ" भन्नुहुँदै उनीहरूलाई सन्तुष्टपारी तल उल्लिखित "सुखमय दाम्पत्यजीवन" भन्ने सूत्रको उपदेश सुनाउनु भयो ।

त्रिकालदर्शी भगवान् बुद्ध जस्ताका अगाडि बसी, अकम्पित भई, निर्धक्कपूर्वक आफ्नो परिशुद्ध जीवन सम्बन्धी कुरा सुनाउन सकेबाटै उनीहरूका जीवन कति उत्कृष्ट रहेछ भन्ने कुरा स्वतः सिद्ध छ । यस्तै दाम्पत्य जीवनलाईनै भगवान्ले "सुखमय दिव्य-गृहीजीवन" भनी भन्नुभएको हो ।

बुद्धोपदेश

एकदिन, बुद्ध भगवान् संसुमारगिरी नगरमा पाल्नुभएको बेलामा नकुलमाता उपासिका भगवान्कहाँ जाँदा उनलाई भगवान्ले, नारीमा हुनुपर्ने आठगुणहरूबारे, दिनुभएको उपदेश सम्बन्धी कुरा तल उल्लिखित मूल सूत्रको "नारीगुण" भन्ने शीर्षकमा प्रष्ट भएको छ । ती आठगुणहरू नकुलमाताले शतप्रतिशत पालन गरेकीथिइन् ।

भगवान् बुद्धले नारीलाई, आफ्नो स्वामी प्रति गर्नुपर्ने कर्तब्य सम्बन्धी आठ उपदेश दिनुभए जस्तै, नारी प्रति स्वामीले गर्नु-

पर्ने कर्तव्यबारेमा पनि पाँच उपदेश दिनुभएको छ । यदि आठ कारणहरूद्वारा पत्नीले पति प्रतिको कर्तव्य पालन गर्नुपर्छ भने; पतिले पनि पत्नी प्रति सम्मान राखी, अपमान नगरी, अनाचार नगरी, सुख ऐस्वर्य दिई तथा उचित समयमा अलंकार आभूषणादि दिने पाँच कारणहरूद्वारा कर्तव्य पालन गर्नुपर्छ भन्ने कुरा सिङ्गाल-सूत्रमा[१] प्रष्ट शब्दमा बताउनु भएको छ । यसरी परस्परमा गर्नुपर्ने कर्तव्यमा सजग भई बस्नेको गृहीजीवन सुखमय हुन सक्छ अन्यथा देव र छवो (=राक्षस वा शव), छवो र देवी, अथवा छवो (=राक्षस) र छवो जस्तै हुने सिवाय देव र देवी बसेको घर जस्तो हुन सक्दैन[२] । पति र पत्नीमा मात्र सीमित भई अरू जहानहरूमा अनुरूप गुणहरू नरहेमा पनि साँच्चैकै सुखमय गृहीजीवन हुन सक्दैन भन्ने कुरा पनि भगवानले असुरसूत्रमा[३] प्रष्ट गर्नुभएको छ ।

पालिसाहित्यमा पत्नीलाई पश्चिम दिशाको[४] संज्ञा दिइएको

---

१. दी. नि. III. पृ. १४७, अ. क. II. पृ· ६९७

२. अं. नि–४. पृ. ६०: पठमसंवाससुत्तं, अ. क. II. पृ. ५१४

३. अं. नि-४. पृ. ९६, अ. क. II. पृ. ५२६

४. पालिसाहित्यमा उल्लिखित छ–दिशा यसप्रकार हुन्— (१) आमाबाबु पूर्वदिशा, (२) आचार्य गुरुजन दक्षिणदिशा, (३) स्त्री-पुत्रहरू पश्चिम दिशा, (४) मित्रसाथीहरू उत्तरदिशा, (५) नोकर·चाकरहरू अधोदिशा र (६) श्रमणहरू उर्द्धदिशा । दी नि.III.पृ. १४८: सिङ्गालसुत्तं ।

छ । पत्नी पतिको अनुगामिनी हो भनी भनिएको छ । पत्नी अनुगामिनी प्राणी भएकी हुँदा, पत्नीलाई अनुगमन गराउन सक्ने क्षमता तथा गुणहरू पतिमा हुनु नितान्त आवश्यक छ। पत्नीमा-भन्दा पतिमा निकृष्ट गुण भएमा पत्नीले पतिलाई अपमानगरो हेलागर्न पनि सक्छे[१] ।

अतएव माथि उल्लेख गरेझैं नारीलाई "अर्धाङ्गिणी" ठान्नेले आफूलाई पनि अर्को अर्धाङ्ग ठान्नु पर्छ । दुवै अर्धाङ्गहरू समानरूपभई मिलेमा मात्र पूर्णाङ्ग हुने छ र गृहजीवन पनि सुखमय हुनसक्ने छ, अन्यथा एकपाँग्रे रथ जस्तै हुन जान्छ ।

नकुलमाता र नकुलपिताको[२] जीवन हेर्ने हो भने, उनीहरू दुवैमा परस्पर हुनुपर्ने आवश्यक गुणहरू परिपूर्ण थियो र उनीहरूको जीवन दुइपांग्रे रथ जस्तै थियो ।

---

१. आठकारणले पतिलाई पत्नीले हेलागर्छें— (१) दरिद्रताको कारणले (२) रोग्याहाको कारणले, (३) वृद्धताको कारणले (४) मतवालाको कारणले (५) मूर्खताको कारणले, (६) अल्सिपनको कारणले (७) सबै काममा स्त्रीको अनुगामिनी हुनाकोकारणले र (८) सबै धन दिनाको कारणले ।
जा. अ. VI पृ- २६७: कुणालजातकं ।

२. नकुलपिताकोबारेमा बु. ग. पृ ४१२ देखि हेर्नु योग्य छ ।

सत्यक्रिया

एकदिन, नकुलपिता गृहपति बिरामी भए । नकुलमाता गृहपत्नीले अनेक वैदयहरू बोलाई औषधी गराइन् । किन्तु रोग निकोपार्न सकिनन् । वैदयहरूले औषधीगर्न छाडिदिए । अनि पति-भक्तिनी नकुलमाताले "रोग व्याधी न हुने प्राणी यो संसारमा कुनै पनि छैन । यिनलाई वैदयको औषधीले रोग निकोपार्न सकिएन । वैदयले पनि त्यागी सक्यो । यिनी व्याधीग्रस्तछन् । यस्तो अवस्थामा मैले आफ्नो सत्यक्रियाद्वारा यिनको रोग निकोपार्न सक्नुपर्छ" भनी विचारगरी उनी आफ्नो पतिको अगाडि गई उनको हृदयमा प्रीति उत्पन्न हुनेगरी नकुलमाताले जुनरूपले आफ्नो पतिलाई सत्यकुराहरू सुनाइन्—ती साह्रै मर्मस्पर्शी तथा आश्चर्यजनक छन् । यी कुराहरू तलको "बिरामी पतिलाई आश्वासन' भन्ने शीर्षकले प्रष्ट गरेको छ ।

मानिसहरू प्राय: मृत्युदेखि डराउँछन् र मृत्युकोबारेमा कुरा-गर्न चाहन्नन् अथवा भयभीत हुन्छन् । किन्तु बुद्धधर्ममा मानिसहरूलाई मृत्युकोबारेमा प्रष्टरूपले, निर्भीकभई, सफासफ कुरागर्ने बानि सिकाई दिएको छ । क्षणक्षणमा मृत्युको सम्झना दिलाई, अप्रमादीभई जीवन बिताउनेतिर प्रेरणा दिइएको छ, न कि प्रमादी भई हतोत्साही बनाउन । यदि मृत्युपछि दु:ख चाहन्न भने जिउदै छँदा त्यसको तयारी गर्नुपर्छ, नकि मृत्युपछि ।

त्यसैले इहलौकिक जीवनलाई नै राम्रो बनाउन सक्नुपर्छ । राम्रो जीवन बिताउन सकेमा मृत्युपछि मात्र नभई इहलोकमै पनि धेरै सन्तोष पाउन सकिने छ र त्यस्तो पुरुष मृत्युदेखि डराउनेछैन । पुण्यमयी जीवन बिताउनेको मनमा "मैले कसैलाई हिंसा तथा व्यभिचार गरेको छैन, असत्यवादी पनि भएको छैन; चोरी, डकैती, फूट-कपट-चुक्ली-धोकाबाजी तथा कुनै पनि अनैतिक काम गरेको छैन । मेरो जीवनकालमा मैले अहिंसा, सत्य तथा प्राणी प्रति दया र करुणानै राखेको छु । कसैको कुभलो चिताएको छैन, बरु भलो नै चिताएको छु, भलो नै गरेको छु" भन्ने आत्म-विश्वास लिई मृत्युदेखि न हडबडाई "मृत्यु नै भएपनि, मबाट कुनै अपराधपूर्ण काम नभएकोले सुगतिमै जानेछु" भनी उ निर्धक्क भई सन्तोष लिन्छ ।

कस्तो जीवन बिताउने पुरुष मृत्युदेखि डराउन्न भन्ने बारेमा "बुद्धकालीन गृहस्थीहरू" अन्तरगत विशेष गरेर 'जीर्मल जीवन[1]", "भद्राभद्र मरण[2]" "चार गृहीसुख[3]" तथा "दृश-कामभोगीहरू[4]" आदि शीर्षकका कुराहरू हेर्नु उचित छ ।

---

१. बु. गृ. पृ. १०६

२ बु. गृ. पृ. ७५

३. बु. गृ. पृ. ५५

४. बु. गृ. पृ. ७७.

उपरोक्त कुराको परिपुष्टि तल उल्लिखित "बिरामीपतिलाई आश्वासन" भन्ने शीर्षकमा समुल्लेख भएको छ । बिरामी भइरहेको आफ्नो वृद्धपतिको अगाडि बसी नकुलमाता उपासिकाले आफ्नो आत्मलाई साक्षीराखी तीन कारणहरू र आफ्नो शील समाधिबारे बुद्धलाई साक्षीराखी तीन कारणहरू बताउँदै, पतिको हृदयलाई शान्त्वना दिई, प्रफुल्लितपारी नकुलपिताको रोग निको पारि दिइन्[1] ।

यस्तै बुद्धिमानी तथा शीलवती नारीलाई लक्षगरी भगवान् बुद्धले वत्थुसूत्रमा[2] "आर्या नै परम मित्र हो" भनी भन्नु भएको हो । यतिमात्र होइन यिनले आफ्नो पतिको ध्यानाकर्षण गर्दै आफूहरूले गृहस्थ-ब्रह्मचर्यशील पालन गरेको सोन्हवर्ष भइसकेको कुरातिर पनि औंल्याइको थिइन् ।

भगवान् बुद्ध भेट्नुभन्दा अगाडिदेखिनै यिनीहरूका जीवन-चरित्र अत्यन्त परिशुद्ध भएको कुरापनि सूत्रबाटै प्रष्ट बुझिन्छ । बुद्ध भेट् भएपछि त सुनमाथि सुगन्ध भने जस्तै स्रोतापन्न फल प्राप्तगरी दुवै निर्वाण परायण भए । यिनीहरूका जीवन उहिलेका गृहस्थीहरूकानिम्ति मात्र नभई अहिलेका गृहस्थीहरूकानिम्ति पनि प्रेरणादायी नै भएको छ ।

---

१. अं. नि. अ. क. II पृ. ६५८: नकुलपितुसुत्तं ।

२. सं. नि. I. पृ. ३५

नकुलापितालाई झैं नकुलमातालाई पनि भगवान्‌ले विश्वासी उपासिकाहरूमध्ये अग्रस्थानमा राख्नु भएको कुरा तलको "अग्रस्थान" भन्ने शीर्षकले बताएको छ । अरू कुराहरू तलका सूत्रहरूबाटैं अवबोध गर्नसकिने छ ।

नकुलमाताको नाम विशिष्ट उपासिकाहरूका नामावलीमा पनि उल्लेख भएको छ[१] ।

+　　+　　+

नकुल नामहरू

१. नकुल (पिता)— नकुलमाताको पति। बु. गृ. पृ. ४१९

२. नकुल (माता)— नकुलपिताकी पत्नी। यिनकैं चरित्रकथा यहाँ समुल्लेख भएको छ।

३. नकुल (जातकं)—'जा. पा. I. पृ. ३९, अ. क. I. पृ. ४१४, नं १६५.

×　　×　　×

---

१. अं. नि–८. पृ. ४२८: सामञ्‍ञवग्गो, अ. क. II. पृ ७९१

मूल सूत्र –

१– नारी-गुण

एक समय भगवान् भर्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला-मृगदावनमा वस्नुभएको थियो[१]।

अनि नकुलमाता गृहपत्नी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी नकुलमाता गृहपत्नीलाई भगवान्ले निम्न उपदेश गर्नु भयो –

"नकुलमाते ! आठगुणहरूले युक्तहुने नारी शरीर छाडी, मरण भएपछि मनापकायिका देवताहरूकहाँ उत्पन्न हुनसक्छे। कुन आठ भने ? –

(१) "नकुलमाते ! यहाँ, जुन नारीको आमा बाबुहरूले उसको अर्थकामना, हितकामना र अनुकम्पाराखी जुन पुरुषलाई दिन्छन्– उ (आफ्नो पतिभन्दा) अगाडि उठ्छे, पछि सुत्छे, के कामकाज गर्नु पर्छ भनी खोज तलास गर्छे, मनलगाई काम गर्छे, तथा प्रियवादिनी पनि हुन्छे।

१. अं. नि-८. पृ. ३६२ : नकुलमातासुत्तं ।

(२) "आफ्नो पतिको जो ती पूजनीय, माननीय माता-पिता श्रमण-ब्राह्मणहरू हुन्--तिनीहरूको सत्कार, सम्मान, गौरव तथा पूजा गर्छे र अभ्यागतहरूलाई पनि आसन तथा पानी दिई पूजा सत्कार गर्छे।

(३) "आफ्नो पतिका जो ती आभ्यन्तरिक कामहरू— ऊनहरू वा कपासहरू छुट्याउने तथा बुन्ने—हुन् त्यसमा दक्ष हुन्छे, निरालसी हुन्छे; त्यस त्यस काममा विचार पुऱ्याई काम गर्न सिपालु तथा काम-काजको संविधान र प्रबन्ध मिलाउन पनि सिपालु हुन्छे।

(४) "आफ्नो पतिको जो ती आभ्यन्तरिक मानिसहरू— दास, प्रेष्य वा कामदारहरू—हुन् उनीहरूले गरेको कामलाई 'गरे' भनी जान्दछे, नगरेको कामलाई 'गरेनन्' भनी जान्दछे; रोगी हुँदा उनीहरूको बलाबल पनि जान्दछे; उनीहरूलाई जे जति खादनीय र भोजनीय पदार्थहरू दिनपर्ने हो त्यो पनि दिन्छे।

(५) "जो धन-धान्य अथवा रुपैयाँ-पैसाहरू पतिले ल्याउँछ, त्यसको सुसंविधानगरी, गोप्यतरीकाले जतनगरी रक्षा गर्छे। अनि आफू पनि अधूर्तिनी, अचोरिनी, अमद्यपायिनी तथा अविनाशिनी भई बस्छे।

(६) "बुद्ध, धर्म तथा सङ्घको शरणमा गई उपासिका भई बस्छे।

(७) "प्राणीहिंसाबाट विरत भई, अदिन्नादान (=चोरी) बाट विरत भई, काममिथ्याचारबाट विरत भई, मृषावादबाट विरत भई तथा सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत भई, शीलवती भई बस्छे।

(८) "त्यागवान हुन्छे। मात्सर्यमलरूपी चेतनालाई दूरगरी घरमा बस्छे। त्यागिनी भई – दानद्वारा हात शुद्ध गरी, दिनेकार्यमा अग्रसर भई, याचकहरूलाई दान दिनेमा मनलगाई बस्छे।

"नकुलमाते ! यीनै आठगुणहरूले युक्तहुने नारी शरीर छाडी, मरण भएपछि मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन्छे।"

१– "यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको।
तं सब्बकामदं पोसं, भत्तारं नातिमञ्ञति॥

२– "न चापि सोत्थि भत्तारं, इस्सावादेन रोसये।
भत्तु च गरुनो सब्बे, पतिपूजेति पण्डिता॥

३– "उट्ठाहिका अनलसा, सङ्गहितपरिज्जना।
भत्तु मनापं चरति सम्भतं अनुरक्खति॥

४– "या एवं वत्तति नारी, भत्तु छन्दवसानुगा।
मनापा नाम ते देवा, यत्थ सा उपपज्जती' ति॥"

अर्थ—

१– "स्त्रीको मनोकामना पूरा गर्नकोनिम्ति सँधैंभरी आतप्त तथा उत्सुक्तापूर्वक भरण-पोषण गर्ने पतिको अपमान नगर्नू ।

२– "स्वस्ती कामना गर्ने पतिलाई ईर्ष्यायुक्त वचनले प्रहार नगर्नू र बुद्धिमती स्त्रीले पतिको पूज्य आमा-बाबुहरू समेतलाई गौरव र सम्मान गर्नू ।

३– "वीर्यवान्, निरालसी स्वभावकी स्त्रीले परिजनहरूलाई संग्रहित गरी, आफ्नो स्वामीलाई मन पर्नेगरी व्यवहार गर्छे र ल्याएको सम्पत्ति पनि सुरक्षित गर्छे ।

४– "जो स्त्री पतिको इच्छाधीन भई उपर्युक्त गुणहरूलाई व्यवहारगरी घरमा बस्छे, उ मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन्छे ।"

+ + +

मूल सूत्र--

२– सुखमय दाम्पत्य जीवन

यस्तो मैले सुने[1] ।

एक समय भगवान् भर्गदेशको सुसुंमारगिरी नगरस्थित भेसकला-मृगदावनमा बस्नुभएको थियो ।

त्यस समय पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भगवान् जहाँ नकुलपिता गृहपतिको घर हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छचाइ राखेको आसनमा बस्नुभयो ।

अनि नकुलपिता गृहपति र नकुलमाता गृहपत्नी भगवान् भएको ठाउँमा गई, भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका नकुलपिता गृहपतिले भगवान्लाई यस्तो बिन्ति गरे —

"भन्ते ! जहिलेदेखि नकुलमाता गृहपत्नीलाई कुमारी अवस्था मै मैले ल्याएँ, उसबेलादेखि नकुलमाता गृहपत्नी प्रति मेरो मनले

---

१. अं. नि-४. पृ. ६५ : पठमसमजीविसुत्तं, अ. क. II. पृ. ५१४.

पनि व्यभिचार गरेको (मनले पाप चिताएको) मलाई थाहा छैन भने शरीरद्वारा व्यभिचार गर्ने त सवालै उठ्दैन । भन्ते ! हामी (दुवै) यस जन्ममा पनि परजन्ममा पनि परस्पर हेर्न र देख्न चाहन्छौं ।"

नकुलमाता गृहपत्नीले पनि भगवान्‌लाई त्यस्तै बिन्ति गरिन्—

"भन्ते ! जहिलेदेखि नकुलपिता गृहपतिले मलाई कुमारी अवस्थामै ल्याए, उसैबेलादेखि नकुलपिता गृहपति प्रति मेरो मनले पनि व्यभिचार गरेको (मनले पाप चिताएको) मलाई थाहा छैन भने शरीरद्वारा व्यभिचार गर्ने त सवालै उठ्दैन । भन्ते ! हामी (दुवै) यस जन्ममा पनि परजन्ममा पनि परस्पर हेर्न र देख्न चाहन्छौं ।"

"हे गृहपति ! यदि दुवै दम्पत्तिले यस जन्ममा पनि परजन्ममा पनि परस्पर (दुवैले) हेर्न र देख्न चाहन्छौ भने--सम-श्रद्धा, सम-शील, सम-त्याग, र सम-प्रज्ञा हुनुपर्छ । यस्तो भएमा उनीहरूले यस जन्ममा पनि परजन्ममा पनि परस्पर हेर्न र देख्न सक्ने छन् ।"

यस पछि पुनः निम्न गाथा सुनाउनु भयो—

१- 'उभो सद्धा वदञ्ञू च, सञ्ञता धम्मजीविनो ।
ते होन्ति जानिपतयो, अञ्ञमञ्ञं पियंवदा ॥

२– "अत्थासं पचुरा होन्ति, फासुकं[1] उपजायति ।
अमित्ता दुम्मना होन्ति, उभिन्नं समसीलिनं ॥

३– "इध धम्मं चरित्वान, समसीलब्बता उभो ।
नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो'ति ॥"

अर्थ––

१– "दुवै श्रद्धालु, परस्पर बुझ्न सक्ने र संयमी, धर्मजीवि तथा परस्पर प्रियवादी हुने दम्पत्तिहरूको––

२– "समान शीलको कारणले प्रचूर मात्रामा धन हुन्छ, आरामसाथ घर बस्छन् र अमित्र (शत्रु) हरूको मुख पनि अँध्यारो हुन्छ ।

३– "यस लोकमा धर्मचारी भई, समान शील पालन गर्ने दुवै–कामना गरेको पाउने–देवलोकमा पनि सुख प्राप्तगरी नन्दित हुन्छन् ।"

× × ×

---

१. रोमनमा: 'वा'' हुं' ।

मूल सूत्र--

३- बिरामी पतिलाई आश्वासन

एक समय भगवान् भर्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला मृगादावनमा बस्नुभएको थियो[1]।

त्यस समय नकुलपिता गृहपति रोगी थिए, सारै बिरामी भई दुःखी थिए। अनि नकुलमाता गृहपत्नीले नकुलपिता गृहपतिलाई यस्तो कुरा भनिन्--

१- "हे स्वामी! सापेक्षी भएर मृत्युको हातमा नपर्नु होस्, सापेक्षी भएर मृत्युको हातमा पर्दा दुःख हुन्छ। सापेक्षी भएर मृत्यु हुनेलाई बुद्धले पनि प्रशंसा गर्नु भएको छैन। हे स्वामी! शायद तपाइको मनमा यस्तो लाग्नसक्छ कि--'यी नकुलमाता गृहपत्नीले मेरो मृत्युपछि वालकहरूको भरण-पोषण गर्न सक्नेछैन, घरबार पनि धान्न सक्नेछैन।' स्वामी! तपाइले यस्तो सोच्नु पर्दैन। म कपासको धागो कात्न सिपालु छु। तपाइको मृत्युपछि वालकहरूको भरण-पोषण पनि गर्न सक्छु र घरबार पनि धान्न सक्छु। स्वामी!

१. अं. नि-६. पृ. १७: नकुलपितुसुत्तं, अ क. II. पृ. ६५७

त्यसकारण तपाइको मृत्यु सापेक्षी नहोस्। सापेक्षीभएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षीभएर मृत्यु हुनेलाई प्रशंसा गर्नु भएको छैन ।

२– "हे स्वामी ! शायद तपाइको मनमा यस्तो लाग्नसक्छ कि— 'यी नकुलमाता गृहपत्नी मेरो मृत्युपछि अर्काको घरमा (अर्को पुरुषसँग) जानेछ ।' स्वामी तपाइले यस्तो संझनु पर्दैन । तपाइलाई पनि थाहा छ, मलाई पनि थाहा छ कि हामी दुवैले सोऱ्हवर्षसम्म गृहस्थ-ब्रह्मचर्य-[१] शील पालन गरेका कुरा । स्वामी ! त्यसैले तपाइको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नु भएको छैन ।

३– "हे स्वामी ! शायद तपाइको मनमा यस्तो लाग्नसक्छ कि– 'मेरो मृत्युपछि यी नकुलमाता गृहपत्नीले भगवान्को दर्शनगर्न चाहने छैन, भिक्षुसङ्घको पनि दर्शन गर्न चाहने छैन ।' स्वामी ! तपाइले यस्तो चिताउनु पर्दैन । तपाइको मृत्युपछि म झन् भगवानको दर्शनगर्न चाहनेछु तथा भिक्षु संघको पनि दर्शनगर्न चाहनेछु । स्वामी ! तपाइको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नु भएको छैन ।

---

१. 'गृहस्थ ब्रह्मचर्य शील, भन्नाले गृहस्थी जीवनमै मैथुन रहित ब्रह्मचर्य पालन गरेको हो ।

४– "हे स्वामी ? शायद तपाइको मनमा यस्तो लाग्नसक्छ कि– 'यी नकुलमाता गृहपत्नीले मेरो मृत्यु पछि राम्ररी शील पालन गर्ने छैन ।' स्वामी ! तपाइले यस्तो सोच्नु पर्दैन । जति भगवान्का गृही श्राविकाहरू छन्–निर्मल शुद्धजीवी, राम्ररी शील पालन गर्ने– तिनीहरूमध्येमा म पनि एक हुँ । जसलाई यसबारे शंका-सन्देह हुनेछ, उसले भगवान् बुद्धकहाँ गई सोधोस् । अहिले भगवान् अरहत् सम्यक् सम्बुद्ध भर्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला- मृगदावनमा बस्नुभएको छ । स्वामी ! त्यसैले तपाइको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नु भएको छैन ।

५– "हे स्वामी ! शायद तपाइको मनमा यस्तो लाग्न सक्छ कि– 'यी नकुलमाता गृहपत्नी आध्यात्मिक समाधि-चित्त लाभिनी छैन ।' स्वामी ! तपाइले यस्तो सोच्नु पर्दैन । भगवान्का जति गृही श्राविकाहरू छन्–निर्मल शुद्धजीवी, आध्यात्मिक समाधि-चित्त लाभिनी- तिनीहरू मध्येमा म पनि एक हुँ । जसलाई यसबारे शंकासन्देह हुनेछ, उसले भगवान् बुद्ध कहाँ गई सोधोस् । अहिले भगवान् अरहत् सम्यक सम्बुद्ध भर्ग देशको…मृगदावनमा बस्नु भएको छ । स्वामी ! त्यसंले तपाइको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन ।

६– "हे स्वामी ! शायद तपाइको मनमा यस्तो लाग्न सक्छ

कि-'यी नकुलमाता गृहपत्नी यो धर्म-विनयमा (=बुद्धधर्ममा) गम्भीरता प्राप्त, अति गम्भीरता प्राप्त, आश्वासन प्राप्त, शंकासन्देह लिई कुरागर्नु नपर्ने भई, वैशारद्य प्राप्तगरी कसैको भरमा (धर्माव-बोध गर्नकानिम्ति) पर्नु पर्नेगरी बस्नेछैन।' स्वामी! तपाइले यस्तो संझनु पर्दैन। भगवान् बुद्धका जति गृही श्राविकाहरू छन्- निर्मल शुद्धजीवी तथा यो धर्म विनयमा गम्भीरता प्राप्त,... वैशारद्य प्राप्त गरी कसैको भर लिनु नपर्ने गरी बस्छन्- तिनीहरूमध्येमा म पनि एक हुँ। जसलाई यसबारे शंकासन्देह हुन्छ, उसले भगवान्कहाँ गई सोधोस्। अहिले भगवान् सम्यक् सम्बुद्ध भर्ग देशको... मृग-दावनमा बस्नु भएको छ। स्वामी! त्यसैले तपाइको मृत्यु सापेक्षी नहोस्। सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो। भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नु भएको छैन।"

नकुलपिता गृहपतिलाई नकुलमाता गृहपत्नीले यसप्रकार अववाद (=संझाई बुझाई प्रेमपूर्वक कुरा सुनाउनु) गर्दा उनको सो रोग निको भयो। नकुलपिता गृहपतिको सो रोग दूर भई नकुलपिता गृहपति त्यस रोगासनबाट उठे। रोगासनबाट उठेको केही दिन पछि नकुलपिता गृहपति लौरो टेकी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि नकुलपिता गृहपतिले भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका नकुलपिता गृहपतिलाई भगवान्ले यस्तो भन्नु भयो—

"हे गृहपति! तिम्रोनिम्ति लाभ हो, तिम्रोनिम्ति सुलाभ

हो !! जसको नकुलमाता गृहपत्नी जस्ती अनुकम्पिका, अर्थकामिनी, अववादिका तथा अनुशासिका (= प्रेम पूर्वक संझाउने) स्त्री छे । (१) गृहपति ! जति मेरा निर्मल शुद्धजीवी, राम्ररी शील पालनगर्ने गृही श्राविकाहरू छन्, तिनीहरूमध्येमा नकुलमाता गृहपत्नी पनि एक हुन् । (२) गृहपति ! जति मेरा निर्मल शुद्धजीवी, आध्यात्मिक समाधिचित्त लाभिनी गृही श्राविकाहरू छन्, तिनीहरूमध्येमा नकुलमाता गृहपत्नी पनि एक हुन् । (३) गृहपति ! जति मेरा निर्मल शुद्धजीवी, यो धर्म-विनयता गम्भीरता प्राप्त, अति गम्भीरता प्राप्त, आश्वासन प्राप्त, शंकासन्देह लिई कुरा गर्नु नपर्ने, वैशारद्य प्राप्त, कसैको भरमा पर्नु नपर्ने, गृही श्राविकाहरू छन्, तिनीहरूमध्येमा नकुलमाता गृहपत्नी पनि एक हुन् ।

"हे गृहपति ! अतएव तिम्रोनिम्ति यो लाभ हो ! तिम्रोनिम्ति सुलाभ हो !! जसको नकुलमाता गृहपत्नी जस्ती अनुकम्पिका, अर्थकामिनी, अववादिका तथा अनुशासिका स्त्री छे ।"

[यी कुराहरू सुनी नकुलपिता गृहपति अत्यन्त प्रसन्न भए ।]

× × ×

मूल सूत्र—

४– अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं विस्सासिकानं यदिदं नकुलमाता गहपतानी[1]।"

अर्थ—

"भिक्षुहो ! मेरा विश्वासिनी उपासिका श्राविकाहरूमध्येमा नकुलमाता गृहपत्नी अग्रछिन्।"

---

१. अं. नि-१. पृ. २७ : एतदग्गसुत्तं, अ. क. I. पृ. २४६.

१०. कुररघरको काली उपासिका

परिचय

मगध राज्यको राजगृह नगरमा एक ठूला सेठ थिए। यिनकी एउटी काली नामक छोरी थिइन्[1]। अवन्ती[2] देशको कुरर-

---

१. अं. नि. अ. क. I. पृ. २४७: एतदग्ग, कालीउपासिका कुररघरिका।

२ अवन्ती देशको राजधानी उज्जैन हो (धम्म. अ. क. पृ. ६०७, वर्ग २५)। महागोविन्द सूत्रमा (दी. नि. II. पृ. १७५) अवन्तीको राजधानी 'महिस्सती' भन्ने उल्लेख भएको छ। दक्षिण अवन्ती र उत्तर अवन्ती गरी अवन्ती दुइ खण्ड-मा विभाजित थियो भन्ने कुराको पुष्टयाइँ महाभारतमा 'महिष्मति' भन्ने उल्लेख भएबाट पनि हुन्छ भनी डा. मलल-सेकरले उल्लेख गरेका छन्। (D. P. P. I. पृ- १९३)।

महावग्गपालिको चम्मक्खन्धकं पृ. २१६ मा 'अवन्ति दक्खिणा पथो' भन्ने उल्लेख भएबाट पनि अवन्ती दुइ भागमा विभाजित भएको रहेछ भन्ने कुरा बुझिन्छ। अवन्तीबारे, G. D. पृ. १३ मा पनि हेर्नु योग्य छ।

घर नगरको एक महाधनी सेठको छोरासँग[१] उनको विवाह भयो। केही समय पछि काली उपासिका गर्भिणी भइन् र प्रसव हुने समय नजिक आएपछि उनी आफ्नो माइतीघर राजगृहमा गइन्[२]।

पुत्र लाभ

त्यस बखत भगवान् बुद्ध बुद्धत्व प्राप्त गरी क्रमशः बुद्धगयाबाट वाराणशीस्थित मृगदावनमा[३] पुगी आषाढ पूर्णिमाको दिन पञ्च-भद्रवर्गीय भिक्षुहरूलाई वहाँले धर्मचक्रप्रवर्तन[४] गर्नु भएको थियो।

---

१ थेर. गा. अ. क. पृ. ४२९ : सोणकुटिकण्णत्थेरगाथा।

२. अं. नि. अ. क. I. पृ. २४७; अं. नि अ. क. I. पृ. १३४: एतदग्ग, सोणकोटिकण्णो।

३. वर्तमान भारतको वाराणशी नगरबाट उत्तरतिरस्थित सार-नाथ हो। महा. व. पृ. ११: पञ्चवग्गियकथा, महाखन्धकं; म. नि. पृ. २२० : अरियपरियेसनसुत्तं वा पासारासियसुत्तं, अ. क. II. पृ. १३६; म. नि. II. पृ. ३३७ : बोधिराज-कुमारसुत्तं, अ क. III. पृ २२१

४. महा. व. पृ. १३ : धम्मचक्ककथा, अ क. पृ ४४३; सं. नि. IV. पृ. ३६० : धम्मचक्कपवत्तनसुत्तं, अ. क. III. २२६; म. नि. III. पृ ३३४ : सच्चविभङ्गसुत्तं, अ. क. III. पृ. १९५

सूर्यास्त हुने बेलासम्म पनि उपदेश सिद्धिएको थिएन[१] ।

त्यस समय सातागिरी भन्ने यक्षदेवपुत्र त्यस धर्मचक्रप्रवर्तन भएको बेलामा त्यहाँ उपस्थित भई भगवान् बुद्धको उपदेश सुनिरहेका थिए । अनि उनले आफ्नो मित्र हेमवत भन्ने यक्षदेवपुत्र त्यस सभामा उपस्थित छन् कि छैनन् भनी हेर्दा, त्यस सभामा नदेखी हेमवतलाई बोलाउन आफ्ना दूतहरूलाई हेमवत पर्वततिर पठाए ।

उता हेमवत हिमालयमा पनि त्यसै समय अकाल पुष्पहरू फूलेको देखी, आश्चर्यमानी हेमवत यक्षदेवपुत्रले आफ्नो मित्र सातागिरी यक्षदेवपुत्रलाई देखाउन आफ्ना दूतहरूलाई मध्यजनपदतिर पठाए ।

कुररघरकी काली उपासिकाको माइतीघरको माथितिर आकाशमा यी दुवै दूतहरूको भेट भयो । त्यसबेला तिनीहरूका बीच परस्पर कुरा हुँदा, उनीहरू परस्पर सातागिरी र हेमवत यक्षदेवहरूका दूतहरू रहेछौं भन्ने थाहापाएपछि उनीहरूले तुरन्तै आ-आफ्ना मालिकहरूलाई खबर पठाए । खबर सुन्नासाथ उनीहरू दुवै तुरन्तै त्यहाँ आइपुगे । अनि सातागिरि यक्षले हेमवत यक्षलाई[२]

---

१. सुत्त. नि. अ. क. पृ. १४९ : हेमवतसुत्तं ।

२. हेमवत र सातागिरि देवपुत्रहरू को थिए र यिनीहरूका बीच बुद्ध सम्बन्धी कस्तो कुरा चलेको थियो भन्ने बारेमा सुत्त.नि. पृ. २९२ : हेमवतसुत्तं, अ. क. पृ १४६ हेर्नू ।

भगवान् बुद्धले बुद्धत्व प्राप्तगरी दशशहस्र लोकधातु कम्पित गरी धर्मचक्रप्रवर्तन गर्नु भएको कुरा सुनाउँदै बुद्धको बयान गरे ।

आषाढपूर्णिमाको दिनमा राजगृह नगरवासीहरूले ठूलो उत्सव मनाउँदथे । राजगृह नगर देवलोक झैं सिंगारिएको थियो । देवनगरमा बस्ने देवाङ्गना झैं अलंकृत भई उक्त उत्सवमा भाग लिई त्यसवेला गर्भिणी काली उपासिका पनि आफ्नो माइती घरको प्रासादमाथि कौसीमा बसिरहेकी थिइन्[१] ।

सातागिरि यक्षदेवले हेमवत यक्षदेवलाई बुद्धका गुणहरू सुनाउँदै बुद्धको बयान बताइरहेको कुरा सुनी, काली उपासिकाको मनमा अपार प्रामोद्य उत्पन्न भई बुद्धालम्बन प्रीतिद्वारा उनको हृदय भरिएर आयो । बुद्धलाई न देखिकनै, कुनै भिक्षुलाई नदेखिकनै तथा कसैबाट धर्मोपदेश पनि न सुनिकनै केवल यक्षदेवताले बुद्धको बयान गरिरहेको कुरा मात्र सुनी, अनुश्रुतिद्वारा नै चित्त प्रसन्नगरी, एक-जनालाई पस्केको भात अर्कोले खाए झैं गरी काली उपासिका स्रोतापन्न भइन[२] ।

बुद्धधर्मको इतिहासमा सर्वप्रथम स्रोतापन्न हुने महिला यिनै हुन्[१] ।

---

१. सुत्त नि-अ. क. पृ. १५६ : हेमवतसुत्तं ।

२. सुत्त नि. अ. क. पृ. १५६; अं. नि. अ. क. I. पृ. १३४-३५.

२ अं. नि. अ. क. I पृ. १३५, २४७

यसै घटनालाई ध्यानमा राखी भगवान् बुद्धले यिनलाई पछि अनुश्रुतिद्वारा प्रसन्नहुने महिलाहरूमध्ये अग्रस्थानमा राख्नु भएको कुरा तल उल्लिखित मूल सूत्रमा नै प्रष्ट छ।

यसरी अनुश्रुतिद्वारा मात्रै बुद्ध, धर्म तथा सङ्घ प्रति अति प्रसन्न भई स्रोतापन्न भइसकेपछि सोही रातमै अर्थात् आषाढपूर्णिमाको रातमै उनले 'सोण' (श्रोण) भन्ने पुत्र जन्माइन्। यसपछि उनी आफ्नो पतिकुल कुररघर नगरमै फर्केर गइन्[१]।

पुत्र श्रोणको प्रव्रज्या

बालककालमा यिनले एककोटी जाने मुन्द्री कानमा लगाएको हुनाले 'सोण कोटि कण्ण > सोण कुटि कण्ण' (= श्रोण कुटिकर्ण) नाम रहन गएको हो। यस शब्दको अर्थ हो—कोटी मूल्यपर्ने मुन्द्री कानमा लगाउने[२]।

कुररघरको एक पर्वतमा बस्नु हुने महाकात्यायन महास्थविरलाई काली उपासिकाले नित्य उपस्थान गर्थिन्। समय समयमा महास्थविर पनि काली उपासिकाको घरमा भिक्षार्थ जानु हुन्थ्यो।

---

१. अं. नि. अ. क. I. पृ. १३५, १४७.

२. उदा. अ. क. पृ. २१५ : सोणसुत्तं; थेर. गा. अ. क. पृ. ४२९ : सोणत्थेरगाथा; सम. पा. पृ. ८०८.

काली उपासिकाको पुत्र श्रोण वालकले पनि महाकात्यायन महास्थविरको सत्संगत तथा आश्रय वालककालदेखि लिएका थिए। ठूलो भएपछि महास्थविरलाई रिझाई बडो मुश्किलले उनी प्रव्रजित भए[१]।

प्रव्रजित भएको तीनवर्षपछि वहांले उपसम्पदा[२] प्राप्त गर्नु भयो[३]। उपसम्पदात्वले एक वर्ष बितिसकेपछि श्रोण भिक्षुको मनमा भगवान् बुद्धको दर्शनगर्न जाने इच्छा भयो। अनि आफ्नो उपाध्यायसँग अनुमति लिई[४] श्रोण भिक्षु १२० योजनको बाटो भ्रमणगरी

---

१. अं. नि. अ. क. I. पृ. १३५; थेर. गा. अ. क. पृ. ४२९; धम्म. अ. क. पृ. ६०७ : सम्बहुलानं भिक्खुनंवत्थु, वर्ग २५; उदा पा. पृ. १३० : सोणसुत्तं, अ. क. पृ. २१५; महा. व. पृ. २१३ : सोणकुटिकण्णवत्थु, चम्मक्खन्धकं, अ. क. पृ. ८०८.

२. पूर्ण भिक्षुत्वलाई 'उपसम्पदा' भन्दछन्। घटीमा दश जना भिक्षुहरू भएको सभाद्वारा मात्र पूर्ण भिक्षुत्व प्रदानगर्न सकिन्छ।

३. महा. व. पृ. २१४, अ. क. पृ. ८०८; उदा. पा. पृ. १३१, अ. क. पृ. २१८; अं. नि. अ. क. I. पृ. १३५; थेर. गा. अ. क. पृ. ४२९

४. महा. व. पृ. २१४; उदा. पा. पृ. १३१; अं. नि. अ. क. I. पृ. १३५; थेर गा. अ. क. पृ. ४२९.

श्रावस्ती पुग्नु भयो[१]। आफ्नो आमा काली उपासिकाकहाँ गई आफू श्रावस्ती जेतवन विहारमा गई बुद्धको दर्शनगर्नजाने कुरा श्रोण भिक्षुले भनेपछि काली उपासिका अत्यन्त प्रसन्न भई — "त्यसो भए एक कम्बल भगवान् वस्ने गन्धकुटीमा[२] बिच्छ्याई दिनुहोस् र मेरो वचनले शास्ताको चरणकमलमा वन्दना पनि गरिदिनुहोस्" भन्दै उनले एक ठूलो कम्बल दिएर पठाइन्[३]।

श्रोण भिक्षु बुद्धसँग

श्रावस्ती जेतवन विहारमा पुगी श्रोण (सोण) भिक्षुले शास्तालाई अभिवादन गरिसकेपछि भगवान्ले उनीसँग "कहाँबाट आएको ?" भनी सोध्नु भयो। त्यसपछि वहाँले कुररघरबाट आएको कुरा बताउनु भयो। भगवान्ले आनन्द महास्थविरलाई अह्राई श्रोण भिक्षुलाई आफू वस्ने विहारमै वस्ने ठाउँ मिलाउन लगाउनु भयो[४]। भगवान् बुद्धले कुनै आगन्तुक भिक्षुलाई आफू बसेकै विहारमा बसाल्न लगाउनु भएको यही पहिलो घटना हुनुपर्छ। भगवान्को यस प्रकारको विशेष

१. धम्म. अ. क. पृ. ६०८; वर्ग २५.

२. भगवान् बुद्ध वस्ने जुनसुकै कोठालाई पनि 'गन्धकुटी' भन्दछन्।

३. अं. नि. अ. क. I. पृ. १३५

४. महा: व. पृ. २१५; उदा. पा. पृ. १३२; थेर. गा. अ. पृ. ४२९; अं. नि. अ. क. I. पृ. १३५.

व्यवहारबाट लेखकलाई यसमा केही विशेष कारण हुनुपर्छ भन्ने अनुभव भएको छ।

यो भन्दा पनि आश्चर्यको कुरा यो होकि श्रोण भिक्षु भगवान्सँगसँगै रातको धेरै बेरसम्म खुला ठाउँमा बसी, जुन जुन ध्यानमा भगवान् समाधिष्ठ हुनु भयो उही उही ध्यानमै वहाँ पनि समाधिष्ठ हुनु भएको कुरा उदान अर्थकथामा[१] समुल्लेख भएको पाइन्छ।

रातको मध्याह्न समय बितिसकेपछि भगवान् बुद्ध पाउ पखाली गन्धकुटी भित्र पस्नुभएपछि श्रोण भिक्षु पनि पस्नु भयो। अनि प्रत्यूष समय हुनलाग्दा भगवान्ले श्रोण भिक्षुलाई धर्मको कुरा सुनाउने आज्ञादिनु भयो। भगवान्को आज्ञा शिरोपरगरी श्रोण भिक्षुले आफ्नो उपाध्याय महाकात्यायन महास्थविरसँग सिकि राखेका अट्ठकवग्ग[२] (=अष्टकवर्ग) सूत्रहरूका कुरा जम्मै सुनाउनु भयो। वहाँले सुनाउनु भएका सूत्रका कुराहरू सुनी अत्यन्त प्रसन्नभई भगवान्ले उनलाई साधुकार दिनु भयो। त्यसपछि भगवान्ले वहाँसँग उपसम्पदा भएको कतिवर्ष भयो भन्ने कुरा पनि सोध्नु भयो[३]।

---

१ पृ. २१९

२. सुत्त. नि. पृ ३८८, अ. क. पृ. ४३३.

३. महा. व. पृ. २१५; उदा. पा. पृ, १३२; अं. नि. अ. क. I. पृ. १३६

यही मौकाछोपी श्रोण भिक्षुले भगवान्‌लाई आफ्नो उपाध्यायले पठाएको मौखिक समाचार सुनाई वहाँसँग प्रत्यन्त देशको निम्ति पाँच वरहरू पनि मागे[१]। त्यसपछि आफ्नी आमाले पठाएको कम्बल चढाउँदै श्रोण भिक्षुले भगवान्‌सँग "भन्ते ! यो कम्बल मेरी आमा काली उपासिकाले तपाइको गन्धकुटीमा बिच्छ्याइ देऊ भनी पठाएको हो" भनी बिन्तिगरी अभिवादन गर्नु भयो[२]।

भगवान्‌ले श्रोणभिक्षुलाई दिनु भएको साधुवादको गुञ्जायमान शब्द सुनी कुररघरकी काली उपासिकाको घरमा बस्ने एक देवताले सुनी उनले पनि साधुवाद दिए। देवताले दिएको "साधु ! साधु !!" भन्ने आवाज सुनी काली उपासिकाले सो देवतासँग "को हो यो साधुवाद दिने ?" भनी सोध्दा गृहमा बस्ने देवताले "म तपाइकै घरमा बस्ने देवता हुँ" भनी उत्तर दिएको सुनेपछि उपासिकाले "केकोलागि साधुवाद दिएको त ?" भनी सोधिन्। देवताले "श्रोण भिक्षु भगवान्‌सँगै गन्धकुटीमा बसी भगवान्‌को आज्ञा बमोजिम भगवान्‌लाई धर्मसूत्रका कुराहरू सुनाउँदा भगवान् बुद्धले श्रोण भिक्षुलाई साधुवाद दिनुभएको आवाज सुनी मैले पनि साधुवाद दिएको हुँ" भनी भने।

अनि काली उपासिकाले उनीसँग सोधिन्—

---

१. महा. व. पृ. २१५ : महाकच्चानस्स पञ्चवरपरिदस्सना, चम्मवखन्धकं, अ. क. पृ. ८०८.

२. अं. नि. अ. क. पृ. १३६.

"होइन, हे देव ! भगवान् बुद्धले मेरो छोरालाई धर्मका कुरा सुनाउनु भएको हो कि ? मेरो छोराले भगवान् बुद्धलाई धर्मका सूत्रहरू सुनाएको हो ?"

"तपाइँकं छोरा श्रोण भिक्षुले भगवान् बुद्धलाई धर्मका कुराहरू सुनाएको हो" भन्ने देवताको कुरा सुन्दासुन्दै उपासिकाको शरीरमा पाँचवर्ण प्रीति[1] फैलिएर गयो[2] र उनले मनमा सोचिन् —

---

१. पाँचवर्ण प्रीति वा पाँचप्रकारका प्रीति भनेको यी हुन्— (१) खुद्दिकाप्रीति (=क्षुद्रिका प्रीति), (२) खणिकाप्रीति (=क्षणिकाप्रीति), (३) ओक्कन्तिक प्रीति (=अवक्रान्तिक प्रीति), (४) उब्वेगा प्रीति (=उद्वेगा प्रीति), तथा (५) फरणा प्रीति (=स्फरणा प्रीति)। पटि. म. अ. क. पृ १२८ : मग्गसच्चनिद्देसो; विसु. म. पृ. १०६ : परिच्छेद ४, पठविकसिणनिद्देसो ।

लोमहर्षणसम्म गराउन सक्ने प्रीतिलाई 'क्षुद्रिकाप्रीति' विद्युत्पाद जस्तै गरी क्षण क्षणमा उत्पन्न हुने प्रीतिलाई 'क्षणिकाप्रीति', समुद्रतटमा आउने तरङ्ग जस्तैगरी आँगभरी प्रीति फैलिएर गई अन्तहुने प्रीतिलाई 'अवक्रान्तिकप्रीति', ज्यू हलुङ्गो भई भुइँबाट उचाली आकाशतिर लैजानसक्ने प्रीतिलाई 'उद्वेगाप्रीति' तथा मुसलधारा वर्षाद्को पानीले पृथ्वीको जम्मै भाग र जमीनहरू समेत भिजेको जस्तोगरी आँगभरी फैलिएर बस्ने प्रीतिलाई 'स्फरणाप्रीति' भन्दछन् ।

२. धम्म. अ. क. पृ. ६०८

"यदि तथागतसँग सँगै एकै गन्धकुटीमा बसी मेरो छोरा श्रोण भिक्षुले तथागतलाई धर्मसूत्रका कुराहरू सुनाउन सक्छन् भने मलाई पनि उपदेश सुनाउन सक्लान् । अतएव मेरो छोरा आएपछि उनलाई भनी बुद्धलाई जस्तै धर्मदेशना गराउन लगाउने छु[1] ।"

पुत्रबाट धर्मश्रवण

श्रोण भिक्षु केही दिनसम्म भगवान्कहाँ बसी वहाँसँग बिदा-लिई जेतवन विहारबाट आफ्नो उपाध्याय बस्नुभएको कुररघरमै फर्केर आउनुभयो[2] ।

कुररघरमा आइपुगेको भोलिपल्ट आफ्नी आमा काली उपासिकाको घरद्वारमा भिक्षार्थ जानुभयो । वहाँलाई देखी हर्षपूर्वक वहाँको हातबाट भिक्षा-पात्र मागी घरभित्र लगी वन्दना गरी भोजन गराइसकेपछि उनले सोधिन्—

"तपाइले तथागतलाई देख्नु भयो त ?"

"उपासिका ! देखें ।"

"के मेरो वचनबाट वन्दनागरी भगवान्लाई मैले दिएर पठाएको कम्बल चढाइ दिनु भयोत ?"

---

१. धम्म अ. क. पृ. ६०८

२. अं. नि. अ. क. I. पृ. १३६.

"उपासिके ! चढाइ दिएँ[1] ।"

"भगवान्‌सँगै एकै गन्धकुटीमा वसी के तपाइले भगवान्‌लाई धर्मका सूत्रहरू सुनाउनु भएको कुरा साँच्चै हो ?"

"उपासिके ! यो कुरा कसले सुनायो ?"

"तात ! यही घरमावस्ने देवताले तपाइले भगवान्‌लाई धर्म सूत्रका कुराहरू सुनाउँदा तपाइलाई भगवान्‌ले साधुवाद आदि दिएका कुराहरू जम्मै मलाई सुनाए ।"

देवताको यी कुराहरू सुनी मेरो मनमा यस्तो लागेकोथियो कि "तपाइ यहाँ फर्कनु भएपछि तपाइद्वारा धर्मोपदेश सुन्ने छु ।" तपाइले बुद्धलाई धर्मका कुराहरू सुनाउन सक्नुहुन्छ भने अवश्यमेव मलाई पनि धर्मोपदेश सुनाउन सक्नुहुनेछ । त्यसैले अमुक दिनमा तपाइद्वारा धर्मोपदेश गराउन चाहन्छु । म तपाइको धर्मोपदेश सुन्न चाहन्छु ।

श्रोण भिक्षुले पनि आमाको कुरालाई स्वीकार गर्नुभयो ।

अनि निश्चित गरेको दिनमा काली उपासिकाले भिक्षुसङ्घलाई सङ्घदान दिई साँझपख, घरकुरुवाकोनिम्ति एकजना दाशीलाई राखी परिषद्‌सँग अलंकृत धर्मासनमा बस्नुभएको आफ्नो पुत्र श्रोण भिक्षुको अमृतोपदेश सुन्न नगरको सुसज्जित धर्मसभामा गइन् ।

चोरहरू

त्यस समय नौशय चोरहरूका बथानले प्रत्येक पर्खालमा एक एक ओटा ढोका भएका, सातवटा पर्खालले घेरिएका काली उपा-

१. अं. नि. अ. क. I. पृ. २३६

सिकाको घरमा चोर्ने मौका धेरै दिनदेखी हेर्दै थिए। त्यस त्यस ठाउँमा चण्ड स्वभावका कुक्कुरहरू बाँधिराखेका थिए। बलेसीमा ढलखनी सीसा भरेको थियो। सो ढलको सीसा सूर्यको तापले दिनमा पग्लिएको जस्तो र रातमा जमेको जस्तो देखिन्थ्यो। त्यस ढलको संगसँगै ठूला ठूला फलामे सिक्रीहरू ठाउँ ठाउँमा वच्छ्याइ राखेका थिए[1]।

उपरोक्त आकारले घरको सुरक्षा गरिराखेको र फेरि काली उपासिका पनि घरबाट उस्तो बाहिर न निस्कने हुनाले चोरहरू त्यस घरमा पस्न सकेका थिएनन्। त्यसदिन चोरहरूले "काली उपासिका घरका सबै परिवारहरूकासाथ नगरभित्र गई धर्मोपदेश सुन्न जानेछन्" भन्ने कुराको सुराक पाइसकेका थिए। त्यसैले दिनमै चिह्नो लगाए अनुसार उनीहरूले काली उपासिकाको घरभित्र पस्न सीसा भएको ढल मनीबाट सुरूंग खनी, काली नभएको मौका पारी चोरहरू घरभित्र पसे। चोरहरूको नाइकेचाहिं धर्मसभामा गई काली उपासिकाको चेवा लिंदै थियो। उसले यस्तो मनमा सोच्यो—

"घरमा चोरहरू आए भन्ने खबर सुनी यदि काली उपासिका घर फर्किन् भने उनलाई बाटोमै दुइ टुक्रा पार्ने छु।"

चोरहरू सुरूङ्गद्वारा धमाधम घरभित्रपसी, बत्ती बाली उनीहरूले सर्वप्रथम रुपैयाँ पैसा भएको कोठा खोलन थाले। अनि एकलै

१. धम्म. अ. क. पृ. ६०९

घरमा बसिरहेकी दाशीले चोरहरू घरभित्र पसेको देखी शीघ्रातिशीघ्र नगरभित्र धर्मसभामा पुगी काली उपासिकालाई घरमा चोरहरू आई रुपैयाँ पैसा भएको कोठा खोल्न लागेको कुरा सुनाई । यस्तो कुरा सुनी आत्तिनुकोसट्टा बडो शान्तपूर्वक काली उपासिकाले दाशी-लाई भनिन्—

"हे दाशी ! मलाई यसबेला त्यस्तो कुनै पनि कुराहरू न सुनाऊ । मेरो धर्म श्रवणमा बिघ्नबाधा न देऊ । चोरहरूले आफूले देखेको धनहरू लगे लैजान देऊ । मलाई धर्म सुन्नदेऊ । तिमी जाऊ, घरफर्क ।"

अनि दाशी चुपलागेर घरमा फर्की ।

चोरहरूले रुपैयाँ पैसा भएको कोठा खालि पारिसकेपछि चाँदीहरू भएको कोठा खोल्नथाले । दाशी पुनः हतारोगर्दै धर्म-सभामा गई काली उपासिकालाई "चोरहरूले रुपैयां पैसाको कोठा खालिपारी अब चाँदीहरू भएको कोठा उघार्नलागेका छन्" भनी सुनाई ।

यो कुरा सुनी काली उपासिकाले फेरि उसलाई भनिन्—

"अरे दाशी ! धर्मश्रवणमा बिघ्नबाधा नगर । चोरहरूले जे चाहन्छन् ती लैजाउन् । मलाई धर्म सुन्नदेऊ । मलाई बिघ्न नदेऊ । तिमी घर फर्क ।"

दाशी फेरि पनि लुरुक्कपरि घर फर्की। चोरहरूले चाँदी भएको कोठा खालिगरी सुनहरू भएको कोठा खोल्नथाले। अनि दाशी फेरि पनि धर्मसभामा गएर काली उपासिकालाई चोरहरूले चाँदीको कोठा खालीगरी सुनहरू भएको कोठा खोल्नलागिरहेको कुरा सुनाई। अनि काली उपासिकाले उसलाई फेरि भनिन्—

"हे दाशी! तिमीलाई मैले अघि पनि भनीसकें कि मेरो धर्मश्रवणमा बिघ्नबाधा नदेऊ। किन्तु तिमी बराबर आई मलाई बिघ्न गर्छ्यौ। चोरहरूले जे लगे पनि लैजान देउन् भनी मैले अघि पनि तिमीलाई भनिसकेको छु! जाऊ। फेरि पनि भन्न आयौ भने म सहने छैन।"

दाशी लुरुक्कपरी घरफर्की। यी कुराहरू सुनिरहेको चोरको नाइकेको मनमा— "अहो आश्चर्य! तीन तीन पटक घरमा चोरहरू आएको कुरा सुनाउन आउँदा पनि यिनको मन कम्पित भएन। कस्ती निर्लोभिनी होलिन्! कस्ती त्यागिनी होलिन्! यस्ती उपासिकाको धन चोर्नु त महाअपराध मात्र नभई मानो आफैले आफ्नो शीरमा बज्रपात गराउनु जस्तै हो" भन्ने लागेपछि उ तुरन्तै गई चोरहरूलाई भनी चोरिसकेको जम्मै धन-सम्पत्तिहरू जस्ताको तस्तैगरी उपासिकाको घरमा राख्न लगायो।

त्यसपछि उ सबै चोरहरूसँगै आई धर्मसभामा बस्यो। भोरहुने बेलामा धर्मोपदेशको कार्यक्रम सिद्धिएपछि चोरको नाइके सबै चोरहरूसँगै उपासिकाको पाउमा परी क्षमामाग्नथाल्यो। उपासिकाले

"किन क्षमा मागेका ह्वौ ?" भनी सोध्दा उसले जम्मैकुरा बताउँदै उनलाई मार्ने समेत विचार गरी धर्मसभामा कुरिरहेको कुराहरू बतायो। यति कुराहरू सुनी उपासिकाले क्षमा दिएपछि चोरको नाइकेले— "उपासिके ! यदि हामीहरूलाई क्षमादिनेहो भने, हामीहरू सबैलाई तपाइको पुत्र श्रोणभिक्षुकहाँ प्रव्रजित गराई दिनुहोस्" भनी निवेदन गरेपछि उपासिकाले पनि त्यस्तै गराइदिइन्[1]।

यहाँनिर ध्यानमा राख्नुपर्ने कुरा यो छ कि काली उपासिकाकी घनिष्ठ साथिनी कात्यायनी उपासिका पनि त्यस धर्मसभामा उपउपस्थित भएको कुरा माथि (पृ०३३८) मा कात्यायनीको कथामा समुल्लेख भइसकेको छ। जस्तो कात्यायनीको घरमा चोरहरू पसे त्यस्तैगरी काली उपासिकाको घरमा पनि, उही रातमै चोरहरू पसेकाथिए। धर्मसभामा चोरहरूले दुवैसँग क्षमामागेको कुरा पनि स्मरणीय छ।

× × ×

मार-पुत्रीहरू

कुररघरकी काली उपासिका अनुश्रुतिद्वारा प्रसन्न भएको कुरा माथि उल्लेख भइसकेको छ। यस्तै अनुश्रुतिको कुरा सम्बन्धी उनले महाकात्यायन महास्थविरसँग सोधेको प्रश्नबारे तल "आयुष्मान् महाकात्यायनसँग" भन्ने शीर्षकको सूत्रमा समुल्लेख भएको छ।

---

१. धम्म. अ. क. पृ. ६१०

त्यस सूत्रमा उनले, भगवान् बुद्धले मारको छोरीहरू तृष्णा, अरति, तथा रागा भन्नेलाई दिनुभएको प्रश्नको उत्तरमध्ये तृष्णालाई दिनुभएको उत्तर सम्बन्धीको अर्थ के हो भनी सोधेकी हुन् ।

भगवान् बुद्धले बुद्धगयामा बोधिवृक्षमनी नमुचि मारलाई[1]

---

१. "मार" शब्दको अर्थ मृत्यु, विघ्न बाधा, पाप तथा सबै अकुशल कर्महरू हुन् । 'मार' भन्नाले उक्त गुणहरू मात्र नभई कुनै विशेष पुरुष वा देववर्गलाई पनि लक्षित गरिएको हुन्छ ।

पालि साहित्यमा पाँच प्रकारका मारहरू भएको कुरा अर्थकथाहरूबाट थाहा पाइन्छ । जस्तै—(१) क्लेश मार, (२) स्कन्ध (=पञ्चस्कन्ध) मार, (३) अभिसस्कार मार, (४) देवपुत्र मार तथा (५) मृत्यु मार । विसु. म.पृ. १५५: परिच्छेद ७, छ अनुस्सतिनिद्देसो; थेर. गा. अ. क. II. पृ. ४६: सेलत्थेरगाथा । यी विभाजनहरू एक, दुइ, तीन तथा चार प्रकारका पनि पाइन्छन् ।

त्रिपिटकको मूल सूत्रहरूमा मार सम्बन्धी कुराहरू ठाउँ ठाउँमा उल्लेख भएको पाइन्छ । विशेष जानकारीको-निम्ति निम्न ग्रन्थहरू हेर्नु योग्य छ ।

सं. नि. I. पृ. १०३ देखि १२७ मारसंयुत्तं । सं. नि. II. पृ. ४०२ : मारसुत्तं, पृ. ४०७ : मारसुत्तं, पृ. ३०१ :

पराजित गरिसकेपछि उनी चूपलागी शीर झुकाई एक काठको टुक्रा लिई भुईंमा कोर्दै बसेका थिए । त्यसबेला अधोमुख गरी बसिरहेको मारलाई देखी उनकी तीन छोरीहरू आई "किन शीर झुकाईः अधोमुख गरी बसिरहेको ?" भनी सोद्धा मारले भगवान् बुद्ध उनको बन्धनबाट मुक्त

उपादियमानसुत्तं, पृ. ३०२ : मञ्ञमानसुत्तं; सं. नि. III. पृ. ३४ ः पठमसमिद्धिमारपञ्हसुत्तं, पृ. ८४ : पठममारपाससुत्तं, पृ. १८० : यमकलापियसुत्तं; सं. नि. IV. पृ. ९० : मारसुत्तं, पृ. २२३ : चेतियसुत्तं ।

अं. नि-४. पृ. १९ : पञ्ञत्तिसुतं; अं. नि-८. पृ. ३९५ : परिसासुतं ।

म. नि. I. पृ. १०१, १०२ : महासीहनादसुत्तं, पृ, ४०७ : मारतज्जनीयसुत्तं, पृ. ४०० : ब्रह्मनिमन्तनिकसुत्तं पृ. २०३ : निवापसुत्तं; म. नि. III. पृ. १२९ : बहुधातुकसुत्तं, पृ. ५६ : आनेञ्जसप्पायसुत्तं, पृ. १३३ : इसिगिलिसुत्तं ।

दी. नि. II.पृ. ८२, ८६, ८७, ८८: महापरिनिब्बानसुत्तं, पृ. १३३ : इसिगिलिसुत्तं; दी. नि III. पृ. ४६, ६२ : चक्कवत्तिसुत्तं, पृ. ११३ : लक्खणसुत्तं ।

सुत्त. नि. पृ. ३५८ : सेलसुत्तं, पृ. २७४ : धनियसुत्तं, पृ ३३१ : पधानसुत्तं, पृ. ४३५ : भद्रावुधमाणवपुच्छा, पृ.

भएको कुरा बताउँदा तिनीहरूले "पिताज्यू ! धन्दा न मान्नुहोस् हामीहरूले आपना मायाजालद्वारा बुद्धलाई बशमा ल्याउने छौं" भनिन् । त्यसपछि तिनीहरू भगवान्को छेउमा गई सर्वप्रथम तृष्णा मारपुत्रीले बुद्धसँग सोधी—

"किन तिमी जनतासँग संसर्ग र मित्रता नराखी एक्लै शोकमा डुबी जङ्गलमा झोक्री रहेको ? कसैले तिम्रो धन जितेर लियो कि क्या हो ? अथवा कुनै धन पाउनाको आशा गरिरहेको हो कि क्याहो ?

---

३८२ : द्वयतानुपस्सनासुत्तं, पृ ३५२ : सभियसुत्तं, पृ. ४३४ कप्पमाणवपुच्छा । उदा. पा. पृ ११६ : सारिपुत्तउपसमसुत्तं, पृ. ६५ : ततियबोधिसुत्तं, प. १३७ : आयुसङ्खारोस्सज्जनसुत्तं, पृ. १०१ : लोकसुत्तं, पृ. १०६ : उद्धतसुत्तं । इति. वु, पृ. १०९ : सिक्खानिसंससुत्तं, पृ. २२१: पठमरागसुत्तं, पृ. २१६ : दुतियआसवसुत्तं, पृ, २३४ : पञ्चपुब्बनिमित्तसुत्तं । धम्म. प. पा. पृ. २१ : गा. ४०, वर्ग ३; पृ. २२ : गा. ५७, वर्ग ४; पृ. २७ : गा. १०५, वर्ग ८; पृ ४८ : गा. ३३७, वर्ग २४; पृ ४२ : गा. २७४, २७६, वर्ग २०; प. २० : गा. ३४, ३७, वर्ग ३; पृ. ५० : गा. ३५०, वर्ग २४

महा. व. पृ. ४ : बोधिकथा, पृ. २३ : मारकथा, महाखन्धकं । पारा. पा. पृ. ८५ : ततियपाराजिकं ।

अथवा कुनै गाउँघरमा तिमीले गुप्तरूपले ठूलो पाप गन्यौ कि क्याहो ? जसले गर्दा यहाँ तिमी झोक्रेर बसिरहे छौ ? तिम्रो कसैसँग मित्रता वा संसर्ग वा सम्पर्क पनि छैन[१] ।"

यसैको उत्तरमा भगवान् बुद्धले "तिमीले सोधे अनुसार मैले कुनै पापकर्म गरेको छैन । बल्कि तिमीहरूको प्रिय तथा आस्वादरूपी सेनालाई परास्त गरी, प्राप्त गर्नुपर्ने अर्थ प्राप्तगरी, हृदय शान्तगरी म एक्लै समाधिष्ठ भई बसेको छु । मेरो कसैसँग संसर्ग युक्त मित्रता छैन, न त मलाई त्यस्तो मित्रतानै राख्नुपर्ने कारण छ" भनी भन्नु भयो। यही कुरालाई उद्धृतगरी तल उल्लिखित सूत्रमा काली उपासिकाले प्रश्न सोधेकी हुन् ।

मारकी छोरी तृष्णालाई उत्तर दिनुभएको यी कुराहरू काली उपासिकाले सुनेकी थिइन् र त्यसैको अर्थ सोध्दै उनले महाकात्यायन महास्थविरसँग "अत्थस्सपत्ति···" आदि भनी प्रश्न सोधेकी हुन् । महाकात्यायन महास्थविरले त्यसको अर्थ व्याख्यान गर्नुहुँदै दश

---

१. सोकावतिण्णो नु वनम्ही झायसि,
वित्तं नु जीनो उद पत्थयमानो ।
आगुं नु गामस्मिमकासि किञ्चि,
कस्मा जनेन न करोसि सक्खि ?
सक्खी न सम्पज्जसि के न चि ते' ति ।।"
सं. नि. I. पृ. १२३ : मारधीतुसुत्तं, अ. क. I. पृ. १४६.

कसिण[१] ध्यानद्वारा क्लेशलाई निरोध गरी अरहत्व प्राप्ति गर्नु नैं

१. "कसिण" को शब्दार्थ पालि साहित्यमा निश्चितरूपले उल्लेख भएको न पाइएता पनि 'कसिण' ध्यानले गर्ने प्रक्रियालाई ध्यानमा राख्दा 'कसिण' को शब्दार्थ बाँध्ने भन्ने अर्थ लाग्छ। यो शब्द 'सि—बन्धने' भन्ने धातुबाट बनिएको हो। विक्षिप्त चित्तलाई एक ठाउँमा राख्ने, निश्चलगर्ने, चित्तलाई एकठाउँमा बाँधिराख्ने र जमाउने भन्ने इत्यादि यसको भाव अर्थ हो। यो कसिण दशप्रकारका छन् भन्ने कुरा सूत्रबाटै प्रष्ट देखिन्छ।

यस कसिणको ध्यान गर्नचाहनेले दशकसिण विषयहरूमध्ये आफूले रुचाएको कुनै वर्ण, चन्द्र वा सूर्य-जत्रै मण्डल बनाई आरामपूर्वक हेर्न सक्ने ठाउँमा मण्डललाई राखी सो मण्डलमा हेरेर बस्छ। समय समयमा आँखा चिम्लेर सो मण्डललाई प्रतिबिम्बित गर्ने प्रयास गर्छ। आँखा चिम्लिदा प्रतिबिम्बित नहुनेजेलसम्म मण्डलमा नै हेर्ने अभ्यासलाई 'परिकम्मनिमित्त' (=परि·कर्म निमित्त) भन्द-छन्। यसै अभ्यासलाई बढाउँदै लैजाँदा आँखा चिम्लेर बस्दा सो मण्डल प्रतिबिम्बित हुने अवस्थालाई 'उग्गहनिमित' (=उद् ग्रह निमित) भन्दछन्। यसलाई पनि अभ्यास गर्दै जाँदा सो मण्डल सबै अवस्थामा प्रतिबिम्बित नै भइ रह्यो भने यसलाई 'पटि-भाग' (=प्रतिभाग) निमित्त भन्दछन्।

परम अर्थ प्राप्ति हो भनी उत्तर दिनु भयो ।

अरू कुरा तलको सूत्रबाटै प्रष्ट भएको छ ।

× × ×

भिन्नाभिन्नै कालीहरू

१. काली— यिनी ककचूपमसूत्रमा उल्लिखित वैदेहिका भन्ने गृहपत्नीकी एक दाशी हुन् । मोलियफग्गुन भन्ने भिक्षु, भिक्षुणीहरूसंग संसर्गयुक्तभई विहार गरिरहेको प्रसंगमा अववाद (=अतिबुद्धि) को रूपमा उक्त सूत्रद्वारा भगवान् बुद्धले उपदेश गर्नुभएको थियो । उपदेशको शीलशिलामा उक्त काली दाशीको उदाहरण दिनुभएको हो । वैदेहिका गृहपत्नी काली प्रति रिसाउँदैन थिइन् । अनि काली दाशी आफ्नी मालिक्नी रिस भएर पनि न रि-

---

यस प्रकार तीनै तहमा पुगेपछि चित्त निश्चलभई जमेको पानी जस्तै हुन्छ । यसपछि चित प्रभास्वर हुन्छ । यसबारे विशेष कुरा जान्नकोलागि विशुद्धिमार्ग (विशुद्धिमग्गो) भन्ने ग्रन्थको चतुर्थपरिच्छेद हेर्नुपर्छ ।

साएकीहुन् कि अथवा मनमा रिसनै नभएकी हुन् भन्ने परीक्षा गरेकी थिइन् । म. नि. I. पृ. १६७:ककचूपमसुत्तं, अ. क. II. पृ. ७८

× × ×

(२) काली— यिनी मारतज्जनीयसुत्तंमा उल्लिखित दूसी भन्ने मारकी बहिनी हुन् । महामौद्गल्यायन महास्थविर भर्गदेशको सुंसुमारगिरी नगरको भेसकलामृगदावनमा बस्नुभएको बेलामा, वहाँको पेटमा मार पसेको थियो । महास्थविरले पेटभित्र पसेको मारलाई सम्झाउनुहुँदै क्रकुच्छन्द बुद्धको पालामा आफू दूसी नामक मार भएको र उसको काली भन्ने बहिनी थियो भन्ने कुरा बताउनु भयो । सोही काली भन्नेको छोरा तिमी हौ भनी मारलाई भन्नु भयो र दूसी भन्ने मारभई बसेको बेलामा आफूले गरेको दुष्कर्मको प्रभावले आफू नर्कलोकमा जानपरेको कुरा सुनाई उनलाई दुष्कर्म नगर्न अर्ति दिनुभयो । म. नि. I. पृ. ४०७, मारतज्जनीयसुत्तं, अ. क. II. पृ. ३४६:

(३) काली (यक्षिणी)— यिनी धम्मपदअर्थकथा, कालीयक्षिणी कथामा (पृ. २४) उल्लिखित काली यक्षणी हुन् । यिनले एक स्त्रीमाथि ईर्ष्याको कारणले

उसकौ सन्तान खाने गर्थिन् । एकदिन सो स्त्री वालकलिई जेतवन विहार नजिकको पोखरीमा नुहाइ रहेको देखी, उसको वालक लिनजाँदा सो स्त्री जेतवन विहारभित्रपसी भगवान्को चरण-कमलमा आपनो वालक राखो शरण मागी । त्यसबेला काली यक्षिणीलाई भगवान्ले उपदेश गर्नुभयो । धम्म. अ. क. पृ. २४: कालियक्ख-नियावत्थु ।

(४) काली— यिनले सेतब्यनगरका महाकाल महास्थविर श्मशानमा बसी ध्यानगर्नेबेलामा वहाँको हेरचाह गरेकी थिइन् । यिनी श्मशान रक्षिका हुन् । धम्म. अ.क. पृ.३३: चूलकालमहाकालवत्थु; थेर. गा. पृ. १६७: महाकालत्थेरगाथा, अ. क. I. २७१

(५) काली— यिनी अजित राष्ट्रवासी कौतुहलिककी स्त्री हुन् । यिनीहरू आपनो एक स्यानो वालकलिई कौशम्बी नगर जाँदा बीच बाटोमा एक गौपालकको घरमा बास बसे । गौपालकले दिएको क्षीर-भोजन खाई कौतुहलिकको मृत्युभएपछि काली सोही गौपा-लकको घरमा नोकरी गरी जीविका गरिन् । धम्म. अ. क. पृ. ८५: घोसकवत्थु ।

(६) काली— यिनी कौशम्बिक सेठकी दाशी हुन् । यिनलाई अऱ्हाई कोशम्बकसेठले घोषक वालकलाई अनेकबार मार्ने षड्यन्त्र गरेको थियो । यो घटनाको कुरा माथि खुज्जुत्तराको परिचयमा 'घोषकोत्पत्ति' भन्ने शीर्षकमा (पृ.१८५) उल्लेख भएको छ। धम्म. अ. क. पृ. ८८: घोसकवत्थु । यिनलाई पछि घोषक सेठले मातृस्थानमा राखे ।ऐ. पृ. ९४

(७) काली (गोधा साकियानी)— यिनी कपिलवस्तुकी शाक्यनी हुन् । यिनको भद्दिय[१] भन्ने पुत्र थियो । यिनको नाम 'गोधा' हो । काली भएकोले यिनलाई 'कालीगोधा' भनिएको हो[२] ।

(८) काली— यिनी जातकअर्थकथाकी गणिका हुन् । यस जातकको कुरा भगवान्‌ले कोकालिक भिक्षुहरूको कारणमा बताउनु भएको हो । भगवान् बुद्ध त्यसवखत तक्कारिय भन्ने मानव हुनुहुन्थ्यो । काली गणिकाको कुरा वहाँले सुनाउनु भएको हो । जा. अ. क. IV. पृ. २२७, नं. ४८० काली

१. अं. नि.क.अ. I. पृ. १०९: एतदग्ग. (भद्दिय); उदा. अ. क. पृ. १११: भद्दियसुत्तं; थेर. गा. अ. क. II. पृ. ५५: भद्दियत्थेरगाथा ।

२. सं. अं. नि.IV. पृ. ३३८ कालिगोधसुत्तं ।

गणिकाको तुण्डिल भन्ने एक भाइ पनि थियो।

जा. अ. क. III. पृ. २०१, नं. ३८८

(९) काली (गोतमी)— यिनी वेस्सभू बुद्धका युगल अग्रउपस्थायिकाहरूमध्येकी एक हुन्। बु. वं. अ. क. पृ. २०८: वेस्सभूबुद्धवंसो। किन्तु बुद्धवंश पालिमा केवल 'गोतमि' भन्ने मात्र उल्लेख भएको पाइन्छ। बु. वं. पृ. ३७०

(१०) काली (कुररघरकी उपासिका)— यिनी अवन्ती देशका, कुररघर भन्ने नगरकी एक महाधनी हुन्। यिनका सोण (=श्रोण) भन्ने एक पुत्र थियो। यिनकी सोही नगरकी कातियानी भन्ने सहायिका पनि थिइन्। यिनकै कथा यहाँ समुल्लेख भएको छ।

(११) कालि (सुत्तं)— अं. नि–१०, पृ. १३५

(१२) कालि (गोधसुत्तं)— सं. नि. IV. पृ. ३३८

× × ×

मूल सूत्र –

१–आयुष्मान् महाकात्यायनसँग

एक समय आयुष्मान् महाकात्यायन अवन्ती जनपदको कुररघर[1] भन्ने गाउँसमीपको एक पर्वतमा बस्नु भएको थियो[2]।

अनि कुररघरकी काली उपासिका जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि आयुष्मान् महाकात्यायनलाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी कुररघरकी काली उपासिकाले आयुष्मान् महाकात्यायनसँग यस्तो प्रश्न सोधिन्—

"भन्ते ! कुमारी प्रश्नमा[3] भगवान्ले जुन (कुरा) यस्तो भन्नु भएको छ—

"अत्थस्स पत्ति[4] हदयस्स सन्ति,
जेत्वान सेनं पियसातरूपं।
एकोहं झायं[5] सुखमनुबोधिं[6],

१. नालन्दा पालिमाः 'कुलघर'।

२. अं. नि–१०. पृ. १३५: कालीसुत्तं, अ. क. II पृ. ८२८

३. सं. नि. I. पृ. १२५: मारधीतुसुत्तं, अ. क. I. पृ. १४६

४. स्याममाः 'पत्ति हदयस्स सन्ति'।

५. स्याममाः 'एकोह झायी', रोमनमाः 'एकोहं झायी'।

६. स्याममाः 'सुखमानुबोधिं'।

तस्मा जनेन न करोमि सखि[1] ।
सखी[2] न सम्पज्जति केन चि मे'ति ॥"

अर्थ —

"प्रिय र आस्वादरूपी (मारको) सेनालाई विजयगरी, आफ्नो हृदय शान्तगरी, म एक्लै समाधिष्ठभई सुखानुबोध गरी बसेको छु । त्यसैले मेरो कसैसँग माया वा संसर्गयुक्त साथीपन छैन; न त मैले कसैसँग त्यस्तो मित्रता नै राख्नुपर्ने कारण छ ।"

"भन्ते ! भगवान्ले संक्षेपरूपमा दिनुभएको यस उपदेशको विस्तृत अर्थ कसरी बुझ्न पर्ला ?"

दश कसिण-भावना

(१) "बहिनी ! यहाँ, केही श्रमण-ब्राह्मणहरूले पृथ्वी-कसिण-समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी सम्झी, त्यसलाई प्राप्तिगर्छन् । बहिनी ! पृथ्वी-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ । त्यसलाई साक्षात्कार मात्र गर्नुभएको होइन, त्यसको आस्वाद

१. सि. स्या. रोमनमा: 'सक्खि' ।
२. सि. स्या. रोमनमा: 'सक्खी' ।

(अस्साद)लाई पनि देख्नु भएको छ । त्यसको दुष्परिणाम (आदिनवो)लाई पनि देख्नु भएको छ। त्यसबाट हुनुपर्ने विमुक्ति-लाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नुभएको छ । जसलाई, आस्वाद-दर्शनद्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ती हुन्छ, उहीनै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार भर्नुभएको छ।

(२) "बहिनी ! यहाँ, केही श्रमण-ब्राह्मणहरूले आप्-कसिण समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्तीगर्छन् । बहिनी ! आप्-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ । त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वाद (अस्साद)लाई पनि देख्नु भएको छ । त्यसको दुष्परिणाम (आदिनवो) लाई पनि देख्नु भएको छ । त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गा-मार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ । जसलाई, आस्वाद-दर्शनद्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उहीनै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ ।

(३) "बहिनी ! यहाँ, केही श्रमण-ब्राह्मणहरूले तेज-कसिण-समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्तिगर्छन् । बहिनी ! तेज-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्‌ले साक्षात्कार गर्नु भएको छ । त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वादलाई पनि देख्नु भएको छ । त्यसको दुष्परिणाम-लाई पनि देख्नु भएको छ । त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ । जसलाई आस्वाद-दर्शन-द्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्‌ले साक्षात्कार गर्नु भएको छ ।

(४) "बहिनी ! यहाँ, केही श्रमण-ब्राह्मणहरूले वायु-कसिण-समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्ति गर्छन् । बहिनी ! वायु-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्‌ले साक्षात्कार गर्नु भएको छ । त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वादलाई पनि देख्नु भएको छ । त्यसको दुष्परिणामलाई पनि देख्नु भएको छ । त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ । जसलाई, आस्वाद-

दर्शनद्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ।

(५) "बहिनी ! यहाँ, केही श्रमण-ब्राह्मणहरूले नील-कसिण-समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्ति गर्छन्। बहिनी ! नील-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ। त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वादलाई पनि देख्नु भएको छ। त्यसको दुष्परिणामलाई पनि देख्नु भएको छ। त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ। जसलाई, आस्वाद-दर्शनद्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शन-द्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ।

(६) "बहिनी ! यहाँ, केही श्रमण-ब्राह्मणहरूले पीत-कसिण समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी सँझी, त्यसलाई प्राप्ति गर्छन्। बहिनी ! पीत-कसिण-समापत्तिको जुन परम उत्तम

अर्थहो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ। त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वाद-लाई पनि देख्नु भएको छ। त्यसको दुष्परिणामलाई पनि देख्नु भएको छ। त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ। जसलाई, आस्वाद-दर्शनद्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथात्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ।

(७) "बहिनी ! यहाँ, केही श्रमण-ब्राह्मणहरूले लोहित-कसिण-समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्ति गर्छन्। बहिनी ! लोहित-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ। त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वा-दलाई पनि देख्नु भएको छ। त्यसको दुष्परिणामलाई पनि देख्नु भएको छ। त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ। तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ। जसलाई, आश्वाद-दर्शनद्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ।

(८) "बहिनी ! यहाँ, केही श्रमण-ब्राम्हणहरूले ओदात (= सेतो) कसिण समाप्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्ति गर्छन् । बहिनी ! सेतो-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ। त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वादलाई पनि देख्नु भएको छ । त्यसको दुष्परिणामलाई पनि देख्नु भएको छ। त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ । जसलाई आस्वाद-दर्शनद्वारा, दुष्परिगाम-दर्शन-द्वारा त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ ।

(९) "बहिनी ! यहाँ, केही श्रमण-ब्राम्हणहरूले आकाश-कसिण-समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्ति गर्छन् । बहिनी ! आकाश-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ । त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वादलाई पनि देख्नु भएको छ। त्यसको दुष्परिणामलाई पनि देख्नु भएको छ। त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि

देख्नु भएको छ । जसलाई, आस्वाद-दर्शनद्वारा, दुष्परिणाम-दर्शन-द्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ ।

(१०) "बहिनी ! यहाँ, केही श्रमण-ब्राम्हणहरूले विज्ञान-कसिण-समापत्तिलाई नै परम उत्तम अर्थ हो भनी संझी, त्यसलाई प्राप्त गर्छन् । बहिनी ! विज्ञान-कसिण-समापत्तिको जुन परम उत्तम अर्थ हो, त्यसलाई पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ । त्यसलाई साक्षात्कार मात्र गर्नु भएको होइन, त्यसको आस्वाद्लाई पनि देख्नु भएको छ । त्यसको दुष्परिणामलाई पनि देख्नु भएको छ। त्यसबाट हुनुपर्ने विमुक्तिलाई पनि देख्नु भएको छ तथा विमुक्तिको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनलाई पनि देख्नु भएको छ । जसलाई, आस्वाद-दर्शनद्वारा, दुष्परिणाम-दर्शनद्वारा, त्यसबाट हुनुपर्ने विमुक्ति-दर्शनद्वारा तथा त्यसको उपाय, मार्गामार्ग-ज्ञान-दर्शनद्वारा परम उत्तम अर्थ प्राप्ति हुन्छ, उही नै हृदयको परम शान्ति हो भन्ने पनि भगवान्ले साक्षात्कार गर्नु भएको छ ।

"बहिनी ! कुमारी-प्रश्नमा 'प्रिय र आस्वादरूपी (मारको) सेनालाई विजयगरी, आफ्नो हृदय शान्तगरी, एकलै समाधिष्ठ भई सुखानुबोध गरी बसेको छु । त्यसँले मेरो कसैसँग माया वा

संसर्गयुक्त सायीपन छैन; न त मैले कसैसँग त्यस्तो मित्रता नै राख्नु पर्ने कारण छ' भनी जुन कुरा भगवान्ले भन्नुभएको हो— त्यस संक्षिप्तरूपमा भन्नु भएको भगवान्को यस कुराको विस्तृत अर्थ यस-प्रकार (उपरोक्त प्रकार) म जान्दछु ।”

× × ×

मूल सूत्र—

२-अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं अनुस्सवप्पसन्नानं यदिदं काली उपासिका कुलघरिका[1]।"

अर्थ—

"भिक्षुहो ! अनुश्रवणद्वारा प्रसन्न हुने मेरा श्राविका उपासिकाहरूमध्ये मा कुलघरकी काली उपासिका अग्रछिन्[2]।"

---

१. सि. स्या. रोमनमा: 'कुररघटिका'

२. अं. नि-१. पृ. २७: एतदग्गसुत्तं, अ. क. I. पृ. २४७

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित
"बुद्धकालीन महिलाहरू" भाग-१, संग्रह-४:

नामावली

को

कौ

ख खा

खु, खे

ध

न

वे, वै

ह, क्ष, ज्ञ

शब्दावली

चु

चो

छ

दा

दि

म

मा

मि

व

वा, वि

सा

सि

सु

—०—

गाथा (श्लोक) सूची

लेखकको पुस्तकहरू–

१-संक्षिप्त बुद्ध जीवनी १/–
२–धम्मपद १/४०
३–गृही-विनय १/–
४–अग्रश्रावक (अप्राप्य)
५–कसको कुरा सत्य हो ?
६–बुद्धकालीन ब्राह्मण (पृ. ४८५) ७/–
७–बुद्धकालीन गृहस्थीहरू (पृ. ५८१) ८/–
८–बुद्धकालीन राजपरिवार (पृ ६४७) १०/–
९–बुद्धकालीन महिलाहरू (पृ.५००) ८/–

प्रतिक्षामा—

बुद्धकालीन परिव्राजकहरू
बुद्धकालीन श्रावकहरू
बुद्धकालीन श्राविकाहरू

पुस्तक पाइने ठेगाना–

१. रत्न पुस्तक भण्डार,
   भोटाहिटी, काठमाडौं नेपाल ।

२, श्रीघः विहार,
   नघलटोल, काठमाडौं, नेपाल ।

३. हाम्रो पसल, भैरहवा, नेपाल ।

४. दयाशंकर प्रदीपशंकर, पोखरा, नेपाल ।

५. श्रेष्ठ बुकडिपो, धरान, नेपाल ।

६. जानुका पुस्तक भण्डार, विरातनगर, नेपाल ।

MAHABODHI SOCIETY
P. O. Sarnath, Varanasi, India.